राजर्षि

# जनक दर्शन

## अध्ययन प्रतिवेदन

२०८१

मधेशी आयोग, नेपाल
ज्वागल, ललितपुर

| | | |
|---|---|---|
| **पुस्तक** | : | राजर्षि जनक दर्शन : अध्ययन प्रतिवेदन |
| **प्रकाशक** | : | मधेशी आयोग, नेपाल |
| **सम्पर्क** | : | फोन/फ्याक्स : ०१५२६९१८५ |
| **इमेल** | : | madheshicommission@gmail.com |
| **वेभसाईट** | : | www.madheshicommission.gov.np |
| **सर्वाधिकार©** | : | प्रकाशकमा |
| **प्रकाशन मिति** | : | माघ, २०८१ |
| **प्राविधिक सहयोग** | : | दीप किरण प्रिन्टिङ्ग एण्ड ट्रेडर्स, काठमाडौं |

# आयोगका पदाधिकारी




डा. विजय कुमार दत्त
मा. अध्यक्ष
मो. ९८५४०२२८८२



जीवछ साह
मा. सदस्य
मो. ९८५२८३३३४४



रेणु देवी साह
मा. सदस्य
मो. ९८४२८२०३२७



विजय कुमार गुप्ता
मा. सदस्य
मो. ९८४८०२४३५३



आभा कुमारी सिंह
मा. सदस्य
मो. ९८५२८२०७७९



नरेश राज खरेल
सचिव
मो. ९८४१८१३१०२

# मन्तव्य

## लौकिक-अलौकिक पथको अनमोल रत्न - जनक दर्शन !

ॐ विदेह राज तनयां राघवानन्दकारिणीम्।
पतिव्रताधुरीणां त्वां नमामि जनकात्मजाम्॥
अनुग्रहपरामृद्धिमनघां हरिवल्लभाम्।
नमामि चन्द्रभगिनीं सीतां सर्वाङ्गसुन्दरीम्॥
ॐ नमो भगवते वासुदेवाय॥
ॐ ऐहि सूर्य सहस्त्रांशों तेजो राशे जगत्पते।
अनुकंपय भक्त्या, गृहाणार्घय दिवाकरः॥
ॐ ह्रीं घृणिः सूर्य आदित्यः क्लीं ॐ॥
ॐ ह्रीं ह्रीं सूर्याय नमः॥
ॐ घृणि सूर्याय नमः॥

तस्बिर लगाउँ ईश्वरको मानव मन्दिरको कक्षमा।
निर्णय हुने न्यायालयमा सर्वत्र देवत्वको पक्षमा। ।

मधेशी आयोगको ऐन, २०७४ को प्रस्तावना अनुसार "इतिहास र संस्कृतिको पहिचान गरी त्यसलाई संरक्षण, सम्वर्द्धन र सशक्तीकरण गर्नु" रहेको छ । सो वैधानिक जिम्मेवारी अनुसार आयोगले जनक दर्शनको अध्ययनलाई प्राथमिकता दिई सो अध्ययन कार्य सम्पादन गरेको छ । यसबाट पूर्वीय दर्शनका आधार-स्तम्भको झन् सशक्तीकरण गर्ने कार्य हुनेछ ।

अध्ययनको क्रमानुक्रम हेर्दा - सभ्यताहरूको कठिन संघर्ष - माझ र समुहमा मानव जातिको उदय र उदगम् भएको देखिन्छ । विभिन्न विचार र धर्मावलम्बीहरूले मानव जातिको सम्वन्धमा आ-आफ्ना विचार राखेता पनि सिन्धु/हिन्दु सभ्यताको वैज्ञानिक दस्तावेजीकरण भएको प्रमाणिकता देखिन्छ । अनेकानेक सभ्यताहरूसँग संघर्ष गर्दै सिन्धु नदीदेखि व्रम्हपुत्र र भगिरथी-गंगा उत्तरमा हिमालयसम्म एउटा सभ्यताले सुदृढ अस्तित्व कायम गरे जसलाई आर्य भनिएको

देखिन्छ । यो आर्य सभ्यताका सामाजिक, सांस्कृतिक र राजनीतिक नेतृत्वकर्ता "मनु" थिए । मनु लाई मनुष्य वा मानवको संक्षिप्त शब्दरुप मानिन्छ । सम्भवतः मनुवाट नै अंग्रेजीको Man शब्द आएको भान हुन्छ । मनुलाई मानव जातिको प्रथम सन्देशवाहक पनि भनिन्छ । मनु सृष्टिकर्ता व्रम्हाका सृष्टि अंश थिए र उनी सतरुपाका पति थिए । भनिन्छ, मनुको जन्म १९७०० वर्ष पहिले नै भएको थियो । उनको १० रुप थियो वा सृष्टिकर्ताले दसवटा मनुको सृजना गरे । प्रथम मनु-सतरुपाका पाँच सन्तान भए । जसमा दुई छोरा र तीन छोरी भइन् । छोराहरूमा प्रियव्रत र उत्तानपादु भए र छोरीहरूमा आकृति, देवभुमि र प्रसुति भईन् । कपिलमुनि देवभुमिका भए । मनुले राज्यकाज सुन्दरतम् जिम्मेवारीका साथ पूरा गरे । राजा भएर गरेका कामहरू सुनौलो अक्षरमा अक्षरांकित भएको थियो तैपनि केही सामाजिक विवादहरू अर्थको अनर्थ लगाए पछि देखिन्छ । मनुले जीवनको उत्तरार्द्धमा मुनि मनु भए पछि उहाँ द्वारा ऋषि-मुनिहरूलाई दिएका वा प्रदान गरिएका वचनहरूमा "मनुसंहिता" प्रतिपादन भए जसको सवल अस्तित्व अझै रहेको देखिन्छ । उहाँको श्लोक "जन्मनाजायते शुद्रः, कर्मणाद्विज भवेत्" ले वैज्ञानिक आधार प्रस्तुत गरेको छ । जन्मले सवै शुद्र तुच्छकर्मी हुन्छन् तर कर्मले उच्चकर्मी वा व्राम्हण हुन्छन् ।

वाल्मीकि रामायण अनुसार, मनुका वंशजहरू जसलाई सीतायन-रामायण पूर्वका वंशज मानिन्छन्, यस प्रकार रहेका छन् :-

१. मनु २.ऋषभ/ इक्ष्वाकु ३.निमि ४.मिथि ५.जनक ६.उदावसु ७.नन्दिवर्धन ८.सुकेतु ९.देवरात १०.बृहद्रथ ११.महावीर १२.सुधृति १३.धृष्टिकेतु १४.हर्यरब १५.मरु १६.प्रतिन्धक १७.किर्तिरथ १८.देवमीठ १९.विवुध २०.महिध्रक २१.किर्तिरात २२.महोरमा २३.स्वर्णरोमा २४.हर्षरोमा २५.सीरध्वज जनक (सीताका पिता)

माथिबाट गणना गर्दा सीरध्वज जनक विदेह सभ्यताका बाइसौं राजा भए । यस्ता ऐतिहासिक अध्ययन कार्यमा समेत आयोग प्रतिवद्ध रहेको छ ।

सीरध्वज जनकपछि बत्तीस राजा भए जसमा १.भानुमान २.शतधुम्न ३.शुचि ४.उर्जनामा ५.शतध्वज ६.कृति ७.अंजन ८.कुरुजीत ९.अरिष्टनेमी १०.श्रुतायु ११. सुपाश्व १२.सृंजय १३.क्षेमावी १४.अनेना १५. भौमरथ १६.सत्यरथ १७.उपगु १८.उपगुप्त १९.स्वागत २०.स्वानन्द २१.सुवर्चा २२.सुपाश्व २३. सुभाष २४. सुश्रुत २५. जय २६. विजय २७. ऋत २८.सुनय २९.वीतहव्य ३०.धृति ३१.वहुलाश्व ३२.कृति/कराल राजाहरूले शासन गरेका थिए । तर,राजा करालको मृत्युपछि मिथिलाको राज्य व्यवस्था गणतन्त्रमा परिवर्तित भएको देखिन्छ ।

विदेह राजा सीरध्वजको शासन व्यवस्था संसारको अत्युत्तम व्यवस्था मानिन्छ ।

यो अध्ययनले जनककालिन शासन-सत्ताका कालजयी विविध पक्षहरूको सम्बन्धमा विस्तृतीकरण गरेको देखिन्छ । यस अध्ययनका अध्येता श्री वसन्त भट्टराईबाट भएको छ र अध्येताज्यूलाई हृदयदेखि आभार अर्पण गर्दछु । यसका साथै उहाँबाट केहि मर्मस्पर्सी वाक्यांशहरू देहाय बमोजीम रहेका छन्-

“जीवन र जगत्को चिन्तन मनन मानव जाति तथा सम्पूर्ण मानव सभ्यताको ती सबैभन्दा उच्चस्तरीय चिन्तन मनन हुन् जसले यो सृष्टि, यसको वास्तविकता र अन्तिम सत्यबारे ज्ञानको खोजी गरी समष्टिगत बुझाइ प्रदान गर्ने प्रयास गर्दछ । नेपाली धर्ती मिथिलामा राज गरेका राजर्षि जनकले आजीवन जीवन र जगत्कै चिन्तन, मनन, बहस, छलफल, शास्त्रार्थ गरेर पौरस्त्य सभ्यताको सम्पूर्ण प्राचीन इतिहासमा एउटा उज्ज्वल नक्षत्रको रुपमा आफ्नो नाम स्थापित गरेका छन् । वेद, उपनिषद्, पुराण, रामायण, महाभारत, अष्टावक्र गीता, त्रिपुरा रहस्यलगायत अनेकौं प्राचीन ग्रन्थहरूमा यी राजर्षि तथा मिथिलाका बारेमा अनेक सन्दर्भहरू उल्लेख गरिएका पाइन्छन् । जीवन रहँदै र अझ त्यसमाथि राजकाज चलाउँदा-चलाउँदै जीवनमुक्त हुन यी राजर्षि जनकले जीवन र जगत्प्रतिको निरन्तर चिन्तन मनन, ज्ञान र मुमुक्षाका कारण ब्रह्मज्ञान प्राप्त गरेका थिए । यद्यपि यिनले आफ्नो ज्ञानलाई समेटेर कुनै पुस्तक लेखेको भने हालसम्म भेटिएको छैन । यसर्थ, विभिन्न प्राचीन ग्रन्थहरूको अध्ययन, अन्वेषण गरी तिनै ग्रन्थहरूमा आधारित रही जीवन र जगत्का विभिन्न आयाममा उनै ब्रह्मज्ञानी राजर्षि जनकको ज्ञान, दृष्टिकोण र बुझाइलाई समेटेर यो राजर्षि जनक दर्शनको अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

यस ग्रन्थलाई पाँच अध्यायमा विभक्त गरिएको छ । यसको पहिलो अध्यायमा ग्रन्थ परिचय छ जहाँ कुन पृष्ठभूमिमा यो ग्रन्थ लेखियो, के उद्देश्यले लेखियो, यसका औचित्य के छन्, यो कुन अध्ययन विधिमा आधारित छ, यसको तयारीमा कुन-कुन अध्ययन सामग्रीहरू प्रयोग गरिए र यसको सीमितताहरू के-के छन् भन्ने विषयमा प्रकाश पारिएको छ । दोस्रो अध्यायमा यस अध्ययनको उद्देश्यअनुसार दर्शनशास्त्रको पृष्ठभूमि नभएका पाठक वर्गलाई समेत जनक दर्शनको बोध गर्न सहज होस् भन्ने उद्देश्यले दर्शनको परिचय तथा आधारभूत विषयवस्तु सहित प्रमुख पौरस्त्य दर्शनहरूको व्याख्या गरिएको छ। तेस्रो र चौथो अध्याय जनक दर्शन नेपाली भूमिकै दर्शन हुन् भन्ने विषयलाई प्रष्ट्याउने उद्देश्यमा आधारित छन् । तेस्रो अध्यायमा राजर्षि जनक र उनको वंशको बारेमा चर्चा

गरिएको छ । चौथो अध्यायमा तत्कालिक मिथिलाको स्थापना, सिमाना तथा भौगोलिक, आर्थिक, आध्यात्मिक अवस्थाको जानकारी गराइएको छ । पाँचौं अध्यायमा जनक दर्शनका व्यावहारिक आधार, सैद्धान्तिक आधार तथा जनक दर्शनका बारेमा प्रकाश पारिएको छ भने छैठौं अध्यायमा जनक दर्शनको उपादेयताका बारेमा प्रकाश पारिएको छ।

राजर्षि जनकको दर्शनलाई प्रकाशमा ल्याउँदा पौरस्त्य दर्शनका क्षेत्रमा सिङ्गो नेपालको उचा गर्न योगदान पुग्ने अपेक्षा गरिएको छ । यस महत्वपूर्ण कार्यलाई मधेशी आयोगले निकै न्यून स्रोत साधनमा सम्पन्न गरेको छ । यस जटिल कार्यमा विश्वासका साथ अध्ययन, अन्वेषण र प्रतिवेदन तयारीको जिम्मेवारी प्रदान गरेकोमा मधेशी आयोगका माननीय अध्यक्ष डा. विजय कुमार दत्त तथा सम्पूर्ण मधेशी आयोगको परिवारप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । साथै, अध्ययननका क्रममा आवश्यक सल्लाह, सुझाव र अमूल्य मार्गदर्शन सहितको हौसला प्रदान गर्ने इतिहासकार एवम् विद्वान् प्रा.डा. दिनेशराज पन्त तथा वरिष्ठ साहित्यकार डा. राजेन्द्र विमलप्रति हृदयदेखि आभारी छु । उहाँहरूको अमूल्य मार्गदर्शन र प्रेरणाले मलाई सधैं सत्कार्यतर्फ प्रेरित गरिरहनेछ । यसैगरी, यस ग्रन्थमा सुधारका क्षेत्र पहिल्याई सहयोग गर्नुहुने प्रा.डा. कृष्ण शर्मा एवम् प्रा.डा. जगत् उपाध्याय 'प्रेक्षित'प्रति पनि हार्दिक आभार व्यक्त गर्न चाहन्छु। संस्कृत भाषाको गहन अध्ययनमा पं. टेकनाथ भट्टराई (साहित्याचार्य, एम. ए.) तथा पं. कृष्ण प्रसाद निरौला (इतिहास पुराणाचार्य) को योगदान अविस्मरणीय छ । उहाँहरूको मार्गदर्शनले मलाई संस्कृत भाषा तथा नेपालको प्राचीन इतिहासको गहिराइमा पुग्न सघाएको छ ।"

यी कालजयी अध्ययनमा सहयोग गर्ने आयोगका माननीय सदस्यहरु, कर्मचारीहरु तथा शुभचिन्तकहरुमा पुनः हार्दिक कृतज्ञता अर्पण ।विश्वास छ यो अध्ययन कार्य सर्वजन हिताय र सर्वजन सुखाय को रुपमा प्रस्तुत हुने नै छ ।

डा. विजयकुमार दत्त
अध्यक्ष
मधेशी आयोग
drvijaydutta@hotmail.com
vijay.dutta2011@gmail.com

# विषय सूची

प्रथम अध्याय : परिचय १
१.१ पृष्ठभूमि १
१.२ उद्देश्य ३
१.३ औचित्य ४
१.४ अध्ययन विधि ५
१.५ सन्दर्भ सामग्री अध्ययन ७
१.६ सीमितता एवम् प्रष्टीकरण १२
द्वितीय अध्याय : दर्शनभित्र पौरस्त्य दर्शनको व्याख्या १३
२.१ परिचय १३
२.२ दर्शन १५
२.३ पौरस्त्य दर्शनहरू २०
२.३.१ सांख्य दर्शन २१
२.३.२ योग दर्शन २५
२.३.३ न्याय दर्शन २९
२.३.४ वैशेषिक दर्शन ३२
२.३.५ वेदान्त दर्शन ३६
२.३.६ मीमांसा दर्शन ३८
२.३.७ बौद्ध दर्शन ४१
२.३.८ जैन दर्शन ४५
२.३.९ चार्वाक दर्शन ४८
तृतीय अध्याय : राजर्षि जनक र उनको वंश ५१
३.१ राजर्षि जनकको वंश ५१
३.२ राजर्षि जनक ५३

चतुर्थ अध्याय : मिथिलाको उद्‌भव र विकास ७५
४.१ मिथिला स्थापना ७५
४.२ मिथिलाको सिमाना र अवस्थिति ७७
४.३ मिथिलाको भूगोल ७८
४.४ मिथिलाको संरचना ८०
४.५ मिथिलाको आध्यात्मिक विकास ८१
४.६ मिथिलाको आर्थिक अवस्था ८६
४.७ प्राचीन कालपछि मिथिलाको अवस्था ८७
पञ्चम अध्याय : राजर्षि जनक दर्शन ८९
५.१ परिचय ८९
५.२ जनक दर्शनको व्यावहारिक आधार ८९
५.३ जनक दर्शनका सैद्धान्तिक आधार ९५
५.४ पौरस्त्य दर्शनका मूल विषयवस्तुमा जनक दर्शन ९७
५.४.१ पदार्थ ९८
५.४.२ जगत् १००
५.४.३ जीव १०२
५.४.४ मन १०३
५.४.५ बन्धन १०५
५.४.६ आत्मा १०६
५.४.७ माया ११०
५.४.८ ईश्वर ११२
५.४.९ ब्रह्म ११३
५.४.१० ब्रह्मज्ञान ११४
५.४.११ वैराग्य ११९

५.४.१२ कर्मयोग १२१
५.४.१३ मुमुक्षा १२३
५.४.१४ मोक्ष १२५
षाष्ठ अध्याय : जनक दर्शनको उपादेयता १२७
६.१ ईश्वरीय चिन्तन १२७
६.२ ज्ञानको खोजी १२८
६.३ निष्काम कर्म १२८
६.४ शान्ति, सहिष्णुता र अहिंसाको प्रवर्द्धन १२८
६.५ मोक्षका उपायहरूको प्रस्तुति १२९
६.६ नेपालको आध्यात्मिक पहिचान वृद्धि १२९
६.७ नैतिक मूल्य मान्यतामा वृद्धि १२९
६.८ अन्य महत्व १३०
सन्दर्भ सामग्री सूची १३१

# प्रथम अध्याय : परिचय

## १.१ पृष्ठभूमि

प्राचीनकालमा मिथिलामा परमधर्मात्मा, महापुरुषहरूमा श्रेष्ठ तथा आफ्नो पराक्रमले तीनै लोकमा विख्यात् निमि नामका राजाले राज्य गरे । उनका मिथि नामका पुत्र भए र उनै मिथिको नामबाट त्यस वंशका सबै राजाको नाम जनक रहन गयो (शर्मा-चतुर्वेदी, १९२७ : पृ.२०५)। विशेषगरी राजाहरूमा श्रेष्ठ जनक नामका राजा भए जहाँ निमिवंशलाई उज्जवल बनाउने जानकी (सीता) उत्पन्न भइन् (ठक्करेण एवं शर्मणा, १९८० : पृ.३१)। प्राचीन ग्रन्थहरूले ब्रह्मज्ञानी मानेका राजा जनकले राजकाज र अध्यात्मलाई एकैसाथ डोहोऱ्याएर नेपालको प्राचीन इतिहासमा एउटा अनुपम उदाहरण प्रस्तुत गरे। उनै राजर्षि जनकको नगरी जनकपुर मिथिलाको राजधानी एवम् जानकीको जन्मभूमिका रुपमा जानिन्छ (मल्लिक, २०७९ : पृ.१११)। आफैंमा आध्यात्मिक चिन्तन, ज्ञान र जागरणका अनुपम नमुनाका रूपमा रहेका राजर्षि जनकले जीवनभर याज्ञवल्क्य, अष्टावक्र, पञ्चशीख र सुलभालगायत अनेकौं तत्कालीन विद्वान्, विदुषीसँग जीवन, जगत्का बारेमा सङ्गत गरे, कहिले उनीहरूसँग सिके, कहिले उनीहरूलाई नै सिकाए । जीवनभर जीवन तथा जगत्को चिन्तन गरे, यसबारेमा उनीहरूसँग बहस गरे । उनीहरूका सही तर्कलाई सहजताका साथ स्वीकार गरे।

पौरस्त्य सभ्यताका उनै विख्यात राजा जनकको राज्य मिथिलाको राजधानी हालको जनकपुरमा उनले आजीवन जीवन जगत्प्रतिको चिन्तन गुञ्जाइरहे, यसबारेमा शास्त्रार्थ र बहसहरू चलाइरहे। पौरस्त्य सभ्यताका प्रकाण्ड विद्वान् योगी नरहरिनाथले मिथिलालाई उल्लेख गर्दै "जानकीको जन्मभूमि, गार्गीको कर्मभूमी र ऋषिहरूको तपोभूमि मिथिला कुनै समयमा विश्व चेतनाको केन्द्र थियो" भनेका छन् । योगी नरहरिनाथको यस भनाइले मिथिलाको यसै गौरवपूर्ण इतिहासलाई चित्रण गर्दछ । मिथिलाको गौरवपूर्ण सभ्यता र राजर्षि जनकको उपस्थितिले मिथिलाको मात्र नभई सिङ्गो नेपाललगायत समग्र पौरस्त्य सभ्यताको इतिहासलाई गौरवान्वित बनाएको छ ।

रामायण, महाभारत, वृहदारण्यकोपनिषद्, मिथिला माहात्म्य लगायत धेरै प्राचीन ग्रन्थहरूमा राजर्षि जनकलाई एक ज्ञानी, तपस्वी र दार्शनिक राजाका रूपमा चित्रित गरिएको छ। उनी ब्रह्मज्ञानी भइकन पनि राजकाजमा पनि पारङ्गत थिए । यसैले उनलाई राज-ऋषि अर्थात् राजर्षि उपनाम पनि दिइएको पाइन्छ । राजा र ऋषिको एकसाथ सम्मान प्राप्त गरेका, देहधारी भएर पनि विदेह कहलिएका तथा जीवन अवधिमै जीवन्मुक्त (आत्रेय, १९५७ : पृ.१००) हुन सकेका ब्रह्मज्ञानी यी राजाले मिथिलामा राज्य गरे, उनले आफ्नो राज्य मिथिलालाई ज्ञानको केन्द्रका रूपमा विश्व विख्यात बनाए । प्राचीन ग्रन्थहरूमा राजर्षि जनकको चर्चा यत्रतत्र पाइन्छ, धेरै ठाउँमा उनको ज्ञानको प्रशंसा गरिएको छ यद्यपि उनले आफ्नो दर्शनलाई पुस्तकाकार रूप दिएको प्रमाण हालसम्म उपलब्ध हुन सकेको छैन । उनी आफैंले लेखेको कुनै ग्रन्थ भेटिएको छैन । त्यसैले, सिङ्गो पौरस्त्य सभ्यताका उनै उज्ज्वल नक्षत्र राजर्षि जनकको पौरस्त्य वाङ्मयभरि छरिएर रहेको आध्यात्मिक दर्शनलाई टिपन-टापन गरेर एकीकृत र ठोस रुपमा दर्शन शास्त्रीय दृष्टिकोणबाट प्रस्तुत गर्ने प्रयास गरिएको छ, यस ग्रन्थमा ।

जनक दर्शनको पुस्तकाकार रूप आधुनिक समयमा उपलब्ध नभइरहेको उल्लिखित परिवेशमा डा. स्वामी रामानन्द गिरिले आफ्नो विद्यावारिधिको शोधग्रन्थका रूपमा वि.सं. २०५० मा जनक दर्शनम् (राजर्षेर्जनकस्य विदेहसिद्धान्तस्य समीक्षात्मकमध्ययनम्) नामक ग्रन्थ र वि.सं. २०५५ मा सो ग्रन्थको नेपाली अनुवाद समेत प्रकाशन गर्नुभएको देखिन्छ । यसभन्दा पहिले महेन्द्र संस्कृत विश्वविद्यालयबाट वि.सं. २०५० मा सुरभारती जनकदर्शनम् प्रकाशित भएको कुरा सोही ग्रन्थमा उल्लेख भएको पाइन्छ । विभिन्न प्राचीन ग्रन्थहरूमा छरिएर रहेको राजर्षि जनकको जीवन दर्शनलाई बुझ्न उक्त ग्रन्थ निकै महत्वपूर्ण स्रोत भए पनि मूल ग्रन्थ संस्कृत भाषामा रहेको र नेपाली भाषाको संस्करण समेत बजारमा उपलब्ध नभएकाले नेपाली धर्तीका प्राचीन इतिहासका यी उज्ज्वल नक्षत्र राजर्षि जनकको दर्शनबारेमा हालको समयमा कुनै सहज र विषयवस्तुपूर्ण ग्रन्थ उपलब्ध नभएको अवस्था विद्यमान छ । साथै, उपर्युक्त ग्रन्थ दर्शनमा केन्द्रित भएको सन्दर्भमा राजर्षि जनकको दर्शनका अतिरिक्त मिथिलाको समाज, शासन व्यवस्था, अर्थव्यवस्था, भूगोलजस्ता विषयहरूसमेत जिज्ञासाका विषयहरू भएकाले उक्त विषयहरूमा समेत अन्वेषण

गरी जनक दर्शन तथा चिन्तनलाई सप्रसङ्ग छर्लङ्ग्याउन मधेशी आयोगले यो कठिन कार्यमा सत्प्रयास सुरु गरेको हो।

उपर्युक्त पृष्ठभूमिमा नेपालको दर्शन क्षेत्रको इतिहासलाई नै गौरवपूर्ण बनाउने उनै राजर्षि जनकको जीवन र जगत्प्रतिको ज्ञान, बुझाइ, दृष्टिकोण, मूल्य, मान्यता, तर्क तथा जीवन दर्शन र चिन्तनलाई उपलब्ध प्राचीन एवम् मान्यताप्राप्त ग्रन्थहरूबाट अन्वेषण र पश्चात् सम्बद्ध क्षेत्रका विद्वान् व्यक्तिहरूसँग छलफलसमेत गरी सेन्टर फर रिजिलयन्स एण्ड डिभेलपमेन्टले मधेशी आयोगका लागि यो अध्ययन प्रतिवेदन तयार गरेको छ । यस प्रतिवेदनले राजर्षि जनकको जीवन जगत्प्रतिको दृष्टिकोणलाई साङ्गोपाङ्ग रूपमा बुझ्न र सम्पूर्ण जीव जगत्मा मानव मात्रले गर्न सक्ने ईश्वरीय चिन्तन गरी ज्ञानको भोक जगाउन पनि थप मद्दत पुग्ने विश्वास गरिएको छ ।

नेपाली धर्तीमा जन्मिएका तथा यहीँ योग साधना गरेका अनेकौं ऋषिमुनि तथा साधक, साधिकाहरूको योगदान पौरस्त्य दर्शनमा एउटा ठूलो हिस्साको रुपमा रहेको भए पनि विश्वमा पौरस्त्य दर्शन साहित्यको अध्ययन गर्दा नेपालको नाम ओझेलमा परेको देखिन्छ । यस किसिमका अध्ययन तथा तिनको प्रचार प्रसारले यस क्षेत्रमा नेपालको नाम पुनर्स्थापित गर्दै जाने पनि अपेक्षा गर्न सकिन्छ।

## १.२ उद्देश्य

यस अध्ययनको मूल उद्देश्य राजर्षि जनकको जीवन दर्शन तथा दृष्टिकोणबारे विभिन्न प्राचीन ग्रन्थहरूलगायतमा छरिएर रहेका सूचना सामग्री तथा विषयवस्तुहरू सङ्कलन, अध्ययन, संश्लेषण, विश्लेषण गरी जनक दर्शन प्रतिवेदन तयार गर्नु हो । यसका विशिष्ट उद्देश्यहरू देहायअनुसार रहेका छन् :

- पूर्वीय दर्शनको वृहत् अध्ययन गरी विविध पूर्वीय दर्शनहरूको सारभूत विवरण प्रस्तुत गर्नु
- राजर्षि जनकको पारिवारिक पृष्ठभूमि र वंशावलीको अध्ययन गर्नु
- राजर्षि जनकको शासन व्यवस्था र समाजको बारेमा खोजी गर्नु
- राजर्षि जनकको जीवनका विभिन्न घटनाक्रम तथा बौद्धिक बहसका विषयहरू अध्ययन गर्नु

- जीवन तथा जगत्बारे राजर्षि जनकका छरिएर रहेका ज्ञान, दृष्टिकोण, विचार, विश्वास तथा मूल्यमान्यतालाई सूत्रबद्ध गरी जनक दर्शनको प्रतिवेदन प्रस्तुत गर्नु

## १.३ औचित्य

यस अध्ययनको औचित्य मधेशी आयोगलाई नेपालको संविधान तथा मधेशी आयोग ऐनले प्रदान गरेका काम, कर्तव्य तथा नेपालमा यस दर्शनको महत्व र उपादेयतामा निसृत छ । नेपालको संविधानको धारा २६२ ले नेपालमा एक मधेशी आयोग रहनेछ र त्यसको काम, कर्तव्य, अधिकार सम्बन्धी व्यवस्था सङ्घीय कानुन बमोजिम हुनेछ भन्ने व्यवस्था गरेको छ । यस व्यवस्थाका आधारमा मधेशी आयोग ऐन, २०७४ को परिच्छेद-३ ले आयोगको काम कर्तव्य अधिकार निर्दिष्ट गरेको छ । यस आधारमा ऐनले मधेशी आयोगलाई मधेशी समुदायभित्रका विभिन्न भाषा, लिपि, संस्कृती, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने कार्य सुम्पिएको छ ।

जनक दर्शन मिथिला सभ्यताको उपज हो भने मिथिला सभ्यता पूर्वमा कोशीदेखि पश्चिममा गण्डकी र दक्षिणमा गङ्गादेखि उत्तरमा हिमालय अर्थात् मधेशी समुदायको इतिहास र संस्कृतिसँग प्रत्यक्ष जोडिएको विषय हो । यसरी जनक दर्शनको अध्ययन मधेशी आयोगका लागि संवैधानिक र कानुनी दायित्वसँग सम्बन्धित विषय हो ।

विश्वको दर्शन साहित्यमा पौरस्त्य दर्शनको स्थान उच्च रहेको छ । अधिकांश पौरस्त्य दर्शनहरू मोक्षमार्ग केन्द्रित छन् । राजर्षि जनकले अष्टावक्र, याज्ञवल्क्य, गार्गी, पञ्चशीख, सुलभालगायत अनेकन् विद्वान्, विदुषीहरूसँगको निरन्तर संवादबाट स्पष्ट दृष्टिकोण तय गरेका थिए। यद्यपि जीवन र जगत् बुझ्न सहयोग गरी मोक्षमार्गतर्फ प्रेरित गर्ने जनकको दर्शन एउटै ग्रन्थमा र सहज ढङ्गमा उपलब्ध भइसकेको अवस्था छैन । आयोगको यस प्रयासले यो अभाव पूर्ति गर्न महत्वपूर्ण योगदान गर्ने अपेक्षा गरिएको छ । यसले डा.रामानन्द गिरिको जनक दर्शनम्लाई थप बल पुऱ्याई मोक्ष मार्ग अर्थात् वैदिक दर्शनहरूको लहरमा एउटा छुट्टै दर्शनलाई मूर्त रुप दिन महत्वपूर्ण योगदान गर्ने अपेक्षा गरिएको छ ।

पौरस्त्य दर्शनको उत्थानमा नेपाली भूमिका विद्वान्, विदुषी, ऋषि, दार्शनिकहरूको भूमिका अहम् रहेको छ । यद्यपि पौरस्त्य दर्शनको वर्तमान विश्व साहित्य अध्ययन गर्दा नेपालको नाम छायामा परेको देखिन्छ । यस राजर्षि जनक दर्शनमा अद्वैतवादका मर्महरूलाई गहिराइका साथ विश्लेषण गरी राजर्षि जनक दर्शनका सिद्धान्तहरूलाई व्यावहारिक जीवनमा कसरी लागू गर्न सकिन्छ भनी स्पष्ट मार्गदर्शनसमेत गरेको हुँदा यसले पौरस्त्य दर्शनमा नेपालको स्थान सुदृढ गर्न पनि महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

यस ग्रन्थमा जनक दर्शनका अतिरिक्त तत्कालिक मिथिला राज्य, यसको सिमाना, भूगोल, आर्थिक तथा आध्यात्मिक अवस्था लगायतका विभिन्न सम्बद्ध विषयहरूमा पनि अध्ययन गरिएकोले त्यसबेलाको अवस्था अध्ययन गर्न सहज हुने अपेक्षा गरिएको छ । यसका अतिरिक्त, जनक दर्शनले समाजलाई ईश्वरीय चिन्तन, ज्ञानको खोजी, निष्काम कर्म, सहिष्णुतातर्फ प्रेरित गर्ने हुनाले जनक दर्शनको औचित्य निकै उच्च रहेको छ ।

## १.४ अध्ययन विधि

जनक दर्शन जस्तो प्राचीन र गहन दर्शनको अध्ययनका लागि प्रारम्भमा विभिन्न समयमा विभिन्न स्थानमा विभिन्न स्रोतहरूको सङ्कलन, सम्बद्ध विज्ञहरूसँग छलफल र यसको तयारीका लागि दिइएको कार्यादेश तथा कार्यक्षेत्रगत शर्त समेतका आधारमा जनक दर्शन तयारीका लागि स्पष्ट धारणा तयार पारियो । यसलाई व्यावहारिक रुपमा अध्ययन गर्न प्राथमिक तथ्याङ्क स्रोतका रुपमा नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व विज्ञ, यस विषयका अन्य विद्वान् तथा जानकार व्यक्तिहरूसँगको छलफलका आधारमा सूचना सङ्कलनका सम्भाव्य क्षेत्रहरू पहिचान गरियो ।

द्वितीय स्रोतको सूचना संकलनका लागि आवश्यक सूचना एवम् जानकारी वेद, उपनिषद्, पुराण, रामायण, महाभारतलगायतका प्राचीन ग्रन्थहरूबाट लिइयो । कार्यक्षेत्रगत शर्त अनुरुप राजर्षि जनकको दर्शनका अतिरिक्त यस ग्रन्थमा पौरस्त्य दर्शन, मिथिला, राजर्षि जनकको वंशको पनि अध्ययन गरियो र यी विषयहरूलाई जनक दर्शन, यसको उद्गम भूगोल, समकालीन समाज, दर्शनका प्रणेता सम्बद्ध विषयवस्तुका रुपमा प्रस्तुत गरियो ।

यसरी सङ्कलित सूचनाहरूलाई गुणात्मक व्याख्यामूलक (Qualitative Interpretative) विधिद्वारा विश्लेषण गरी मस्यौदा तयार पारियो । प्राप्त विषयवस्तुहरूको अध्ययनका लागि गुणात्मक विधि अवलम्बन गरी दर्शन शास्त्रीय दृष्टिकोणले ती विषयवस्तुहरूको विश्लेषण गरियो । यस क्रममा पदार्थ, जगत्, जीव, मन, बन्धन, आत्मा, माया, ब्रह्म, वैराग्य, कर्मयोग, मन, ज्ञान जस्ता पौरस्त्य दर्शनका मूलभूत विषयवस्तुमा राजर्षि जनकको दृष्टिकोण सन्दर्भ सामग्रीहरूको अध्ययन विश्लेषणको नतिजाका आधारमा स्पष्टताका साथ प्रस्तुत गरियो ।

जनक दर्शनजस्तो प्राचीन विषयवस्तु भएको र हाल यसका बारेमा उपलब्ध सूचना एवम् जानकारी प्राचीन ग्रन्थहरू नै भएकाले उक्त ग्रन्थहरूमा रहेका राजर्षि जनकसँग सम्बन्धित विषयवस्तुहरू खोजी गरी तिनलाई गुणात्मक एवम् व्याख्यात्मक रुपमा अध्ययन गरियो । छोटो समयमा पौरस्त्य प्राचीन ग्रन्थहरूको विशाल भण्डारको सही स्थानमा पुग्नका लागि डा. रामानन्द गिरिको जनक दर्शनम्, विभिन्न पत्रपत्रिकामा प्रकाशित जनकसँग सम्बद्ध लेख रचना र दर्शनसँग सम्बन्धित विभिन्न पुस्तकहरूको सहारा लिइयो । पौरस्त्य दर्शन, मिथिला, राजर्षि जनकको वंश र सम्बद्ध अन्य विषयवस्तुहरूलाई यथारुप प्रस्तुत गरियो । जनक दर्शनको विषयवस्तु प्रस्तुतिका लागि प्रारम्भमा पौरस्त्य र पाश्चात्य जगत्का विद्वान्हरूले प्रस्तुत गरेका विभिन्न परिभाषाहरू तथा दर्शनका विषयवस्तुहरू अध्ययन गरियो । यसपश्चात् यस अध्ययनका लागि दर्शनको परिभाषा तथा विषयवस्तुहरू स्थापित गर्दै दर्शनका विभिन्न क्षेत्रमा राजर्षि जनकका दृष्टिकोणहरू आधिकारिक ग्रन्थहरूबाट खोजी गरी तिनको अध्ययन विश्लेषण गरियो । यस कार्यले प्राचीन ग्रन्थहरू र शास्त्रहरूमा रहेका सूचना, भाषा, शैली, तिनमा छिपेको मर्म र प्रयोग भएका अवधारणाहरूको गहिरो विश्लेषणका साथ जनक दर्शनका मूल सिद्धान्तहरू, तिनको ऐतिहासिक विकास र सैद्धान्तिक एवम् व्यावहारिक पक्षहरूलाई दर्शन शास्त्रीय विषयवस्तु (Theme) मा आबद्ध गरी भावसहितको अर्थ विश्लेषण गर्न सघाउन पुऱ्यायो । साथै, जनक दर्शनका सिद्धान्तहरूको सांस्कृतिक र ऐतिहासिक सन्दर्भमा अध्ययन गरी जनक दर्शनको प्रासङ्गिकता र प्रभावलाई व्यापक रुपमा विश्लेषण गरियो। यसका अतिरिक्त नेपालमा रहेका दर्शन शास्त्रका विज्ञहरू, संस्कृत भाषाका विद्वान्हरू, इतिहासकारहरू समक्ष यसको मस्यौदा प्रस्तुत गरेर तथा उनीहरूसँग सम्बन्धित विषयवस्तुमा छलफल गरी मस्यौदालाई थप सुधार गरियो ।

अवलम्बन गरिएको यस विधिले जनक दर्शनका विभिन्न आयामहरू, तिनको सैद्धान्तिक मर्म तथा व्यावहारिक पक्ष र अन्य सम्बद्ध विषयलाई सरल, बोधगम्य एवम् विषयवस्तु केन्द्रित भई प्रस्तुत गर्न सहयोग गरेको महसुस गरियो ।

## १.५ सन्दर्भ सामग्री अध्ययन

वैदिक साहित्यमा जीवन र जगत्को वर्णन र विश्लेषणको अथाह भण्डार रहेको छ । यहाँ वेद, उपनिषद्, संहिता, ब्राह्मण, आरण्यक, पुराण, रामायण, महाभारत, अष्टावक्र गीता, त्रिपुरारहस्य लगायतका अनेकौं ग्रन्थहरूमा संवाद, व्याख्या, उदाहरण, रुपकलगायतका माध्यमले आध्यात्मिक खोजका उन्नत उदाहरण प्रस्तुत गरिएको पाइन्छ । प्राचीन ग्रन्थहरूमा संस्कृत भाषामा छरिएर रहेका जीवन तथा जगत् सम्बन्धी पौरस्त्य दर्शनलाई समय क्रममा विभिन्न विद्वान् एवम् निकायहरूले हिन्दी, अङ्ग्रेजी, नेपालीलगायत अन्य विभिन्न भाषाहरूमा अनुवाद गरेका हुँदा यस्तो ज्ञानमा पहुँचको दायरा हालको समयमा निकै वृद्धि हुँदै आएको छ ।

विभिन्न समयमा प्रकाशित भएका विभिन्न शोधपत्र र पुस्तकहरूले पौरस्त्य दर्शनका विभिन्न आयामहरूलाई थप उजागर गरेका छन्। पौरस्त्य दर्शनमा अनेकौं ग्रन्थ तथा रचनाहरू रहेका छन् तर जनक दर्शन सम्बन्धमा न त जनक स्वयम्ले कुनै ग्रन्थ लेखेका न त वर्तमान समयसम्म आउँदा पनि यस सम्बन्धमा कुनै ग्रन्थ तथा रचनाहरू भेटिएको यस परिवेशमा डा. रामानन्द गिरीले राजर्षेर्जनकस्य विदेहसिद्धान्तस्य समीक्षात्मकमध्ययनम् शीर्षकमा विद्यावारिधिका लागि तयार गर्नुभएको शोधपत्र जनक दर्शन सम्बन्धमा उपलब्ध सबैभन्दा वृहत्तर अध्ययन देखिन्छ । तत्पश्चात् यही शोधग्रन्थलाई जनकशिक्षा सामग्री केन्द्र लिमिटेडले रामहरि तिमल्सिनाको अनुवादमा डा. गिरिकै प्रयासमा प्रकाशन गरेको देखिन्छ । डा. गिरिले जनक दर्शनमा पदार्थको विश्लेषण, विदेह सिद्धान्तको तत्त्वदर्शन, विदेह सिद्धान्तको आचार दर्शन, तत्त्वहरूको विश्लेषण मार्फत् जनक दर्शन प्रस्तुत गर्नु भएको छ र अन्तिममा साधनाका विषयवस्तुहरू विवेचन गर्नुभएको छ ।

यस ग्रन्थको रचनाका क्रममा पौरस्त्य दर्शनका आधारभूत ग्रन्थहरू र जनक दर्शन सम्बन्धमा उपलब्ध भएसम्मका ग्रन्थहरूको अध्ययन गरिएको छ । अध्ययन गरिएका ग्रन्थहरूको सूची पुस्तकको अन्तिममा सन्दर्भ ग्रन्थ सूचमीमा प्रस्तुत गरिएको छ भने यहाँ

जनकदर्शनसँग सम्बद्ध ग्रन्थहरूमा रहेका जनकसँग सम्बद्ध प्रस्तुतिहरूलाई समीक्षात्मक विवरणका रुपमा प्रस्तुत गरिएको छ ।

प्राचीन ग्रन्थहरूमध्येमा राजर्षि जनकका दृष्टिकोणहरू धेरै मात्रामा पाइने ग्रन्थहरूमा बृहदारण्यक उपनिषद् एउटा मुख्य ग्रन्थका रुपमा रहेको छ । यसले ब्रह्म (परमात्मा) र आत्माको एकत्वको दर्शन प्रस्तुत गर्दछ। यस उपनिषद्ले प्राचीन भारतीय दर्शनमा ब्रह्मवादको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। शुक्ल यजुर्वेदसँग सम्बद्ध यो ग्रन्थमा अन्य उपनिषद्हरूमा जस्तै संवादमूलक विधि प्रयोग गरी याज्ञवल्क्य र मैत्रेयीबीचको संवाद (राजाराम, १९७०) मार्फत् चतुर्थ ब्राह्मणमा आध्यात्मिक ज्ञानको गहिरो चिन्तन प्रस्तुत गरिएको छ । यहाँ याज्ञवल्क्य आफ्नी जेठी पत्नी मैत्रेयीलाई कान्छी पत्नी कात्यायनीसँग सम्पत्ति भागवण्डा गरी आफू गृहस्थाश्रमबाट सन्याश्राममा प्रवेश गर्ने इच्छा सुनाएपछि मैत्रेयीले "यदि धनधान्यले सम्पन्न सारा पृथ्वी नै मेरो भएमा के म त्यसबाट अमर हुन सक्छु ?" भन्ने प्रश्न र "जसलाई लिएर म अमर हुन सक्दिन भने त्यस्तो सम्पत्ति लिएर म के गरुँ ?" भन्दै बरु "अमृत तत्त्वको के साधन हो त्यही मलाई बताउनुहोस् श्रीमान्" भन्ने मैत्रेयीको वैराग्यभावपूर्ण दोस्रो प्रश्न एवम् जिज्ञासापश्चात् त्यसका लागि याज्ञवल्क्यले दिएका उत्तरहरूले सम्पूर्ण ब्राह्मण तथा उपनिषद्समेतमा ओज थपेको छ । यहाँ जसरी गार्गीको चिन्तन अमरत्वतर्फ छ, जनक दर्शनले पनि अमरत्व (मोक्ष) कै लागि ज्ञान एवम् वैराग्य बढाउन प्रेरित गर्दछ । याज्ञवल्क्यको शिक्षामा आत्मालाई साक्षात्कारयोग्य, श्रवण मननयोग्य सबैभन्दा महत्वपूर्ण तत्त्व मानिएको छ । यसैगरी जनक दर्शनले पनि आत्मालाई ब्रह्मको एक अंश मान्दै आत्मसाक्षात्कार नै जीवनको लक्ष्य हो भन्दछ ।

बृहदारण्यकको तृतीय अध्याय प्रथम ब्राह्मण याज्ञवल्कीय काण्डका रुपमा रहेको छ र यहाँ जनकको याज्ञवल्क्यसँगको संवादमार्फत् गहन आध्यात्मिक विषयवस्तुमाथिको विमर्श प्रस्तुत गरिएको छ । यहाँ राजर्षि जनकले सर्वश्रेष्ठ ब्रह्मबेत्तालाई सुनले सिङ मरेका एक हजार गाई दान दिने घोषणा गर्दछन् । यसपश्चात् याज्ञवल्क्यले आफ्ना शिष्यलाई उक्त गाई लैजाने आज्ञा दिन्छन्। यसपछि कुरु तथा पाञ्चालगायत विभिन्न देशबाट आएका विद्वान् एवम् ब्राह्मणहरू उनलाई आफू ब्रह्मबेत्ता भएको प्रमाणित गर्न चुनौती दिन्छन् । यस क्रममा अश्वल नामका ऋषिले याज्ञवल्क्यलाई मृत्यु, दिन तथा रात्रीबाट मुक्ति, स्वर्गलोक

जाने माध्यम, यज्ञ सम्बन्धी विषयहरूमा प्रश्नहरू सोधे । यसपश्चात् आर्तभाग नामका ऋषिले ग्रहका संख्या तथा नामावली, मृत्युले सबैलाई खान्छ भने मृत्युलाई खाने देवता कुन हुन्, मृत्युको समयमा प्राणको विषय, प्राणि मरेपछि पञ्चमहाभूत आ-आफ्नो ठाउँमा मिल्छन् भने त्यस अवस्थामा पुरुष (आत्मा) कहाँ रहन्छ भन्ने प्रश्न गरे। यसपश्चात् भुज्यु, उषस्त, कहोल, गार्गी, उद्दालक, शाकल्य र अन्तमा जनक आफैंले पनि याज्ञवल्क्यलाई विभिन्न प्रश्नहरू सोधे । उक्त सबै प्रश्नहरूको याज्ञवल्क्यले सन्तोषजनक उत्तर दिए । याज्ञवल्क्यको चित्तबुझ्दो जवाफपछि नै जनकले उनलाई मुल गुरु बनाएका थिए । जनकको जीवन जगत् सम्बन्धी दृष्टिकोण निर्माणमा याज्ञवल्क्यसँगका विभिन्न संवादहरूको महत्वपूर्ण प्रभाव रह्यो ।

राजर्षि जनकको दर्शनमा याज्ञवल्क्यका साथै अष्टावक्रको पनि ठूलो प्रभाव रहेको छ । अष्टावक्र र जनकबीचको संवाद पौरस्त्य वाङ्मयमा अष्टावक्र गीताका नामले प्रख्यात छ । अष्टावक्र गीतालाई विभिन्न भाषामा अनुवाद गरी प्रकाशन गरेको पाइन्छ । साधना पब्लिकेशन्सले आचार्य मानिकको व्याख्यामा अष्टावक्र महागीता (मानिक, सन् २००४) प्रकाशन गरेको छ । यस्तै, श्रीमद् राजचन्द्र मिसनले पनि अष्टावक्र गीता प्रकाशन गरेको छ । अष्टावक्र गीता राजर्षि जनकका ज्ञान कसरी प्राप्त हुन्छ? मुक्ति कसरी प्राप्त हुन्छ? वैराग्य कसरी प्राप्त हुन्छ? भन्ने अष्टावक्र ऋषिसँगका जिज्ञासा तथा त्यसपश्चात् जनकका आत्मसाक्षात्कार सम्बन्धी अनुभवहरू समेटिएको छ ।

पौरस्त्य साहित्यमा तन्त्र साहित्यको पनि ठूलो भण्डार रहेको छ र कतिपय त्यस्ता साहित्यमा त्यहाँ पूर्वीय दर्शनका गहन चिन्तनहरू रहेका पाइन्छन् । यस्तैमध्येको एउटा प्रमुख ग्रन्थ हो- त्रिपुरा रहस्य । चौखम्बा संस्कृत सेरिज अफिस, वाराणासिले स्वामि श्री सनातनानन्ददेवजी महाराजको सम्पादनमा त्रिपुरा रहस्यको ज्ञान खण्ड (१९६७) प्रकाशित गरेको छ । ब्रह्मस्वरुपको आनन्द प्रदान गर्ने तथा जगत् दर्पण प्रतिबिम्बित गर्ने देवीका रुपमा त्रिपुरासुन्दरीको स्वरूप र महिमाको वर्णन गर्दै त्रिपुरा रहस्यको ज्ञान खण्डको प्रथम अध्याय सुरुआत गरिएको छ । हारितायन ऋषि र नारदमुनिको संवाद रहेको यस अध्यायमा त्रिपुरादेवीको माहात्म्यलाई मुक्तिको साधनको रुपमा वर्णन गरिएको छ । दर्शनको प्रमुख उद्देश्य पनि मुक्तिको माध्यम प्रस्तुत गर्नु नै हो । त्रिपुरा रहस्यको सोह्रौं अध्यायमा भगवान् दत्तात्रेयसँग परशुरामले राखेका जिज्ञासाहरूमार्फत् जनक तथा

अष्टावक्रबीचको संवादलाई प्रस्तुत गरिएको छ । यहाँ अष्टावक्रले जनकसँग अज्ञेय तत्त्वका बारेमा सम्झाउन अनुरोध गरेका छन् भने जनकले यो विषयलाई जान्न बाह्य विषयबाट बिमुख भई अन्तरमुखी भएकालाई सजिलो र बहिर्मुखी (सांसारिक विषय नै ध्येय भएका) लाई भने निकै कठिन भएको बताएका छन् र त्यसलाई अनिर्वचनीय बताउँदै त्यसको ज्ञानका लागि विभिन्न विषयहरूमा छलफल गरिएको छ । यही सन्दर्भमा यहाँ ज्ञान, ज्ञेयतत्त्व, चेतनतत्त्व लगायतका विषयमा भएका संवादहरूका बारेमा चर्चा गरिएको छ ।

नेपाल प्रज्ञा प्रतिष्ठानले दर्शन सम्बद्ध विभिन्न कृतिहरू प्रकाशन गरेको छ । उक्त कृतिहरूमध्येमा चूडानाथ भट्टरायका पौरस्त्य दार्शनिक कृतिहरू, नेपाली दर्शन, दर्शनावली १ देखि १२ सम्म, द्वन्द्ववाद र पौरस्त्य दर्शन केही प्रमुख हुन् । प्रा. जगत् उपाध्याय "प्रेक्षित"को सम्पादनमा प्रकाशित चूडानाथ भट्टरायका पौरस्त्य दार्शनिक कृतिहरूमा भट्टरायका २०२८ देखि २०३४ सम्मका युगप्रवोध, साङ्ख्यविवेक, न्यायदीप, विशेषार्थसिद्धि, अद्वैतचूडामणि, मीमांसा-मयूख, दर्शन समुच्चय र दर्शन कौस्तुभ गरी आठवटा कृतिहरूलाई एकमुष्ट प्रकाशन गरिएको छ । यसमा पूर्वीय षड्दर्शन अन्तर्गत जीव, आत्मा, मोक्षजस्ता विषयहरूको वृहद् विवचेन गरिएको छ तर जनक दर्शनकै बारेमा छुट्टै कुनै विषय अध्ययन गरिएको छैन ।

नेपाल प्रज्ञा प्रतिष्ठानले वि.सं. २०७६ मा नारायण प्रसाद आचार्यको द्वन्द्ववाद र पौरस्त्य दर्शन नामक कृति प्रकाशन गरेको छ । यसमा आचार्यकै शब्दमा परिचयात्मक अध्यायपछि प्रकृति-जगत्मा द्वन्द्वात्मकताको व्याप्ति र परिवर्तनमा त्यसको भूमिका एवम् द्वन्द्ववादका विकासको इतिहास र वर्तमान रुपको खोज गर्दै पौरस्त्य दर्शनहरूमा रहेको द्वन्द्ववादी विचार र दृष्टिकोणको उपस्थितिसम्म पुग्ने र त्यसलाई छाम्ने कोसिस गरिएको छ ।

प्रज्ञा प्रतिष्ठानले दर्शनावली (१) देखि (१२) सम्म प्रकाशन गरेको छ । यसमध्ये दर्शनावली (९) मा प्रा.डा. शैलेन्द्रनारायण मल्लिकको पावन भूमि मिथिला-जनकपुरको सङ्क्षिप्त सर्वेक्षण नामक लेख रहेको छ । यस लेखमा मल्लिकले त्रेतायुगमा मिथिलाका राजा जनककी छोरी सीताको अयोध्याका राजा दशरथका पुत्र रामसँग विवाह भएदेखि नै राजर्षि जनक, उनको राज्य मिथिला र राजधानी जनकपुरको ख्याति बढेको उल्लेख गरेका छन् । यसमा मल्लिकले महाभारत युद्धभन्दा करिब १५००-२००० वर्ष पहिले अर्थात्

आजभन्दा ४५००-५००० वर्ष पहिले ताम्रयुगदेखि मिथिलाको प्राचीन इतिहास सुरु भएको देखिन्छ भन्ने शिवराज श्रेष्ठ[1]को लेखन उद्धृत गर्नुभएको छ । दर्शनावली-९ मा रोशन जनकपुरीको मिथिलामा आध्यात्मिक र भौतिकवादी चिन्तन परम्परा नामक आलेख छ । यसमा जनकपुरीले मिथिलामा षड्दर्शनको बीज जन्मेको र वेदान्तको मुख्य विषय ब्रह्मको आविष्कार मिथिलाकै ऋषि याज्ञवल्क्यले गरेका र त्यसलाई पछि वादरायणले सूत्रवद्ध गरेको उल्लेख गरेका छन् । जनक दर्शन पनि ब्रह्मवादी दर्शन हो ।

दर्शनावली (११) मा भाष्कर नेपालको ब्रह्म दर्शन र महर्षि याज्ञवल्क्य नामक आलेख छ । यसमा नेपालले महर्षि याज्ञवल्क्यको आश्रम वर्तमान जनकपुरबाट १५-२० माइल उत्तरपूर्वमा रहेको कुरा गोपाल शिवाकोटीलाई उद्धृत गर्दै उल्लेख गरेका छन् । यसमा याज्ञवल्क्यको व्यक्तित्व, उनको चिन्तन दृष्टि र ब्रह्म दर्शनबारे विवेचन गरिएको छ ।

रोहिणीराज तिमिल्सिनाले प्रज्ञा प्रतिष्ठानको नेपाली दर्शन नामक ग्रन्थमा अद्वैत वेदान्तको दार्शनिक परम्परामा महर्षि याज्ञवल्क्यको चिन्तनशैलीको सेरोफेरोमा नेपालमा याज्ञवल्क्यको दर्शन नामको आलेख छ (तिमिल्सिना, २०७९) । यसमा तिमल्सिनाले याज्ञवल्क्यलाई अद्वैत वेदान्त परम्पराको विशिष्ठ अग्रणी आचार्य एवम् तत्त्वपदेष्टा भन्दै महर्षि वशिष्ठ, याज्ञवल्क्य तथा अष्टावक्रको सिद्धान्त एउटै भएको बताएका छन् । आलेखमा तिमिल्सिनाले महर्षि याज्ञवल्क्य र उनको दार्शनिक चिन्तनको उद्गम भूमि, उनको दार्शनिक दृष्टि, उनको दार्शनिक विचारधाराको समचीन समीक्षा र परवर्ती दर्शनाचार्य एवम् नेपालमा उनको दार्शनिक प्रभावका बारेमा विवेचन गरेका छन् ।

तिमिल्सिनाले याज्ञवल्क्य मिथिलाकै भएको विभिन्न प्रमाणहरू प्रस्तुत गर्दै उनको जन्मस्थल मिथिलाको राजधानी वर्तमान नेपालको जनकपुर आसपास नै कतै भएको निचोड प्रस्तुत गरेका छन्। साथै यहाँ, याज्ञवल्क्य तथा गार्गी र याज्ञवल्क्य तथा जनकबीचको संवाद प्रस्तुत गरिएको छ ।

सन्दर्भ सामग्रीहरू संस्कृतलगायत हिन्दी, नेपाली तथा अंग्रेजी भाषामा अनुवाद, व्याख्या, भाषाटीका लगायतका स्वरुपमा उपलब्ध भएकाले तिनले जनक दर्शनका विषयवस्तुलाई सहज रुपमा बुझ्न, विषय वस्तुको गहिराइमा पुग्न, आधुनिक समयमा

---

[1] मल्ल, शिवराज श्रेष्ठ (सन् २००४), मिथिलाका कर्नाटकवंशीहरू र नेपालमण्डलमा उनीहरूको प्रभाव, भाग १, ललितपुर : शैलेन्द्रराज श्रेष्ठ

तिनको उपादेयता थाहा पाउन र तयार गरिएको प्रारम्भिक ढाँचामा र समुचित विषयवस्तु सहितको ग्रन्थ तयार गर्न सहयोग गऱ्यो ।

## १.६ सीमितता एवम् प्रष्टीकरण

यो दस्तावेज छोटो समय तथा न्यून स्रोतमा सम्पन्न गरिएको गहन अध्ययनको प्रतिफल हो । उक्त छोटो अवधिमा पाँच दर्जनभन्दा बढी सन्दर्भ सामग्रीहरूको अध्ययन गरी जनकसँग सम्बन्धित विषयवस्तुहरू खोज गरिएको छ तर समयाभावका कारण सङ्कलित सन्दर्भ सामग्रीहरूको पूर्णरुपमा अध्ययन हुन सकेन । विद्यावारिधिका लागि तयार गरिएको एउटा शोध ग्रन्थ र सोही ग्रन्थको नेपाली भाषामा संक्षिप्त अनुवाद बाहेक जनक दर्शनमा केन्द्रित कुनै विशिष्ठ ग्रन्थको अभाव भएको वर्तमान परिवेशमा यो दस्तावेजले नेपाली भाषामा यस प्रकारको अग्रणि ग्रन्थका रुपमा स्थान प्राप्त गर्दै जनक दर्शनमा विविध आयाममा थप अध्ययन, अन्वेषणका लागि उत्प्रेरणा र आधार प्रदान गर्ने विश्वास गरिएको छ ।

अध्ययनका क्रममा विद्वान्हरूबीच राजर्षि जनक निमि वंशका ५४ राजामध्ये कुन चाहिँ थिए भन्नेमा मतमतान्तर पाइएको छ । डा.रामानन्द गिरिको जनकदर्शनम्को अनुवादित कृतिमा अनुवादक रामहरि तिमल्सिना तथा प्रकाशक जनक शिक्षा सामग्री कम्पनी लिमिटेडले राष्ट्रिय विभूति सिरध्वज जनकलाई राजर्षि जनक भनी उल्लेख गरेको पाइन्छ भने सोही पुस्तकको पत्रं पुष्पम् नामक मन्तव्यमा जगन्नाथ शर्मा त्रिपाठीले बृहदारण्यकोपनिषद् तथा याज्ञवल्क्य बहुलाश्व जनकको समकालीन भएकाले स्वामी रामानन्द गिरिज्यूले प्रतिपादन गर्नु भएको जनकदर्शन बहुलाश्व जनकदर्शन नै हो भनी ठोकुवा गर्नुभएको छ । तर, मिथिला माहात्म्यको "विशेषतो राजरत्नं जनकोनामनामतः। जानकीयत्रचोत्पन्ना निमिवंश प्रकाशिनी॥" भन्ने वर्णनले चाहिँ सीरध्वज नै राजर्षि जनक थिए भन्ने सङ्केत गर्दछ । समय स्रोतको कमीका कारण यो विषय अझ थप अन्वेषणको विषय हुन गएको छ ।

# द्वितीय अध्याय :
# दर्शनभित्र पौरस्त्य दर्शनको व्याख्या

## २.१ परिचय

सृष्टिको प्रत्यक्ष अवलोकन, उपभोग र जीवनयापनका लागि सृष्टिकर्ताले मानिसलाई पञ्च ज्ञानेन्द्रीय र पञ्च कर्मेन्द्रिय दिएको छ । यसबाहेक मन, बुद्धि, अहंकार र चित्त समेत दिएको छ। दृश्य जगत्लाई पञ्च ज्ञानेन्द्रीय, पञ्च कर्मेन्द्रियले प्रत्यक्ष महसुस गर्न सकिने भएकाले सर्वसाधारण सबैका लागि दृश्य जगत्लाई विश्वास गर्न सहज छ । तर, सृष्टिमा जति धेरै दृश्य कुराहरू छन् त्यति नै धेरै अदृश्य कुराहरू पनि छन् । अदृश्य कुराहरूको अवलोकन ज्ञानेन्द्रीयहरूको क्षमता बाहिर भएकाले तिनलाई विश्वास गर्न कठिन रहेको छ । जति कठिन भए पनि दृश्य तथा अदृश्य, विशाल, जटिल अनि विविध विशेषतायुक्त यो भौतिक जगत्को सिर्जना के कसरी भयो ? आफैं भयो वा यसको कुनै कारण छ ? अर्थात् यस सृष्टिका सृष्टिकर्ता पनि छन् कि ? जीवको वास्तविक स्वरूप के हो ? मृत्युपश्चात् के हुन्छ ? भन्नेजस्ता अनेकन् अहम् सवालहरूमा मानव जातिले अनादिकालदेखि नै विभिन्न चिन्तन-मनन गर्दै आएको छ । वास्तविकताको खोजीमा सिङ्गो मानव सभ्यता निरन्तर यत्नशील हुँदै आएको छ। विज्ञानले प्रमाण र मापनयोग्य कुराहरूका आधारमा यी जिज्ञासाहरूको सम्बोधनका लागि निरन्तर प्रयास गर्दै आएको छ । तर, प्रत्यक्ष मापन वा अध्ययन, अवलोकन गर्न नसकिने प्रेम, भावना, आत्मज्ञान र आध्यात्मिकता जस्ता अमापनीय विषयवस्तुहरू विज्ञानको दायराभन्दा बाहिर रहेका हुँदा मानव जातिले दर्शनशास्त्र, समाजशास्त्र, साहित्यलगायतका विधाबाट यस्ता विषयको अध्ययन, विश्लेषण गर्दै आएको छ। यस सन्दर्भमा चूडानाथ भट्टराय भन्छन्- यस विश्वमा हामीले दुई मुख्य पदार्थ फेला पारेका छौं । ती हुन्- जड र जीव । यी विषयमा जडकै अन्वेषण र विश्लेषण गर्नेलाई भौतिक शास्त्र र जीव (चेतना) को विचार गर्नेलाई अध्यात्म विद्या भन्दछन् ("प्रेक्षित", २०७९ख)। अर्को एक सन्दर्भमा उनी भन्छन्- दर्शनशास्त्रले आत्मज्ञानलाई नै मुख्य विषय मानेको हुन्छ ।

उपर्युक्त अनुसारका निहित जिज्ञासा सम्बोधन हेतु कालक्रममा विभिन्न दार्शनिक तथा विद्वान्हरूले आ-आफ्नै दर्शन तथा मत प्रस्तुत गरेका छन्। यस क्रममा पौरस्त्य सभ्यतामा साङ्ख्य दर्शन, योगदर्शन, न्यायदर्शन, वैशेषिक दर्शन, मीमांसा दर्शन, वेदान्त दर्शन, रामानुज दर्शन, निम्बार्क दर्शन, बल्लभदर्शन, चैतन्य दर्शन, पाशुपत दर्शन, चार्वाक दर्शन, शाक्त दर्शन, जैन दर्शन, बौद्ध दर्शनलगायत अन्य थुप्रै दर्शनहरूको उदय भएको छ र यिनले समग्रमा पौरस्त्य दर्शनको वाङ्मयलाई विराट, विस्तृत र समृद्ध बनाउन योगदान गरेका छन् । यी सबै दर्शनहरूले आ-आफ्नै ढङ्गले जीवन जगत्को व्याख्या गरेका छन् ।

कालान्तरमा भारत वर्षमा विकास भएका दर्शनहरूलाई वेदप्रतिको ती दर्शनहरूका दृष्टिकोणका आधारमा वर्गीकरण गरिएको पाइन्छ । जुन दर्शनहरूले वेदलाई प्रामाणिक, आधारिक मानी वेदलाई स्वीकार गरे ती दर्शनलाई आस्तिक र वेदलाई प्रामाणिक, आधारिक नमान्ने तथा वेदलाई स्वीकार नगर्ने दर्शनहरूलाई नास्तिक दर्शन भनिएको पाइन्छ (श्रीईश्वरकृष्ण. १९९८)।

वैदिक/आस्तिक दर्शनले ईश्वरीय अस्तित्वमा विश्वास गर्दछ । यसले जीवन जगत्को मूल आधार र कारण ईश्वर हुन्, उनले नै सारा जगत्को सृष्टि गरेका हुन् भन्ने विश्वास गर्दछ । अवैदिक/नास्तिक दर्शनले ईश्वरीय सत्तामा विश्वास गर्दैन। यस्तैगरी, वैदिक दर्शनहरू वेदमा आधारित छन् र तिनले वेदलाई सत्य एवम् प्रामाणिक ग्रन्थका रूपमा मान्दछन् भने अवैदिक दर्शनहरूले वेदलाई सत्य एवम् प्रामाणिक मान्दैनन् ।

वैदिक दर्शनले ईश्वर नै सम्पूर्ण कारणका कारण र जगत्का अन्तिम एक मात्र सत्य हुन् भन्ने विश्वास गर्दछ । छान्दोग्य उपनिषद्को "सर्वं खल्विदं ब्रह्म, तज्जलानिति शान्त उपासीत" (यो सम्पूर्ण जगत् निश्चय नै ब्रह्म नै हो) भन्ने सन्देश वा "तत्त्वमसि" (तिमी त्यो हौ), अथवा श्वेताश्वतरोपनिषद्को "एको देवः सर्वभूतेषु गूढः" (एक मात्र देवता सम्पूर्ण प्राणीहरूमा गूढ रूपमा छन्) भन्ने सन्देश वा भगवद्गीताको "सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति। भ्रामयन्सर्वभूतानि यन्त्रारूढानि मायया॥" (हे अर्जुन, ईश्वर सबै प्राणीहरूको हृदयमा स्थित छन्। उनी आफ्नी मायाले सबै प्राणीहरूलाई यन्त्रमा राखेजस्तो गरी घुमाइरहेका छन्) भन्ने जस्ता अनेकौं श्लोकहरूमार्फत् वैदिक ग्रन्थहरूले ईश्वरलाई नै जगत्को अन्तिम कारण मान्दछन् ।

अवैदिक दर्शन ईश्वरीय अस्तित्वमा विश्वास गर्दैन । चार्वाक दर्शन, जैन दर्शन, बौद्ध दर्शन केही प्रमुख नास्तिक दर्शनहरू हुन् । चार्वाक दर्शन नास्तिक दर्शनको एक प्रतिनिधि दर्शन हो । यसले इन्द्रियगत अनुभवलाई प्राथमिकता दिन्छ र भौतिक संसारलाई नै सबै कुराको स्रोत मान्छ। यस दर्शनले आत्मा, ईश्वर, परमेश्वर, पुनर्जन्म, मोक्ष जस्ता विषयहरूलाई अविश्वास गर्दछ। यस दर्शनले वेदलाई प्रामाणिक र विश्वसनीय ग्रन्थका रुपमा लिँदैन । चार्वाक दर्शनको निम्न दुई पङ्तिहरूले यस दर्शन जीवन जगत्प्रतिका धारणा बुझ्न निकै सहयोग गर्दछन् ।

यावत्जीवेत् सुखम्जीवेत्, ऋणंकृत्वा घृतम्पिवेत्
भस्मीभूतस्य देहस्य पुनरागमनं कुतः ॥

अर्थात्, "जति जीउँछौं सुखपूर्वक जीउँ । ऋण लिएर भए पनि घिउ पिउँ । खरानी भएर जाने यो शरीर फेरि फेरि *आउँदैन* ।" यसरी चार्वाक दर्शनले जति बाँचिन्छ, जीवनलाई सुख-सयलपूर्वक बिताउन प्रेरित गरेको छ र यो पूर्णतः भौतिकवादी छ । यो चार्वाक दर्शन बाहेक अन्य दर्शनहरूले भने जीवनलाई दुःखै दुःखको सागरका रूपमा व्याख्या गरेका छन् र यिनीहरू सुखभोगलाई जीवनको लक्ष्य ठान्दैनन् । बरु, बारम्बार जन्मनु तथा मर्नुपर्ने र हरेक जन्ममा अनेकन् दुःख कष्ट झेल्नुपर्ने भएकाले यस अनन्त श्रृङ्खलाबाट मुक्ति पाउनु आवश्यक रहेको छ र मोक्षले त्यो अवस्था प्रदान गर्छ भन्ने मत अन्य दर्शनशास्त्रीहरूको रहेको छ ।

## २.२ दर्शन

नेपाल प्रज्ञा-प्रतिष्ठानको प्रज्ञा नेपाली वृहत् शब्दकोषले "दर्शन" शब्दलाई "प्रकृति, ईश्वर, ज्ञान, विज्ञान, वस्तु, जीवन र चेतनाको विवेचन र विश्लेषण गरिने विद्या अथवा तत्सम्बन्धी विषयमा यथार्थको खोजी गर्ने शास्त्र" भनी अर्थ्याएको छ । यसका अतिरिक्त उक्त शब्दकोषले दर्शन शब्दलाई आध्यात्मिक चिन्तन वा कुनै पनि विषयको मूलभूत सैद्धान्तिक अवधारणा अथवा वस्तुलाई हेर्ने काम, नजर गराइ, हेराइ, दृष्टि भनेर पनि व्याख्या गरेको छ ।

*ए डिक्सनरी अफ फिलोसफी* (Lacey, 1996) मा फिलोसफी शब्दलाई व्याख्या गर्दै भनिएको छ- 'ज्ञानको प्रेम' भन्ने शाब्दिक अर्थ बोक्ने 'दर्शन' शब्द मानव र ब्रह्माण्डको

सामान्य ज्ञानलाई बुझाउन प्रयोग गरिन थाल्यो। धेरैले यसको विषयलाई कुनै न कुनै रूपमा 'परम सत्य' भनेका छन्, चाहे त्यो सम्पूर्ण ब्रह्माण्डको बारेमा होस् वा मानवको भाग्य र आचरणलाई सबैभन्दा आधारभूत रूपमा प्रभाव पार्ने विषयहरूको बारेमा होस्। उक्त *डिक्सनरी*मा पछिल्ला एक-दुई शताब्दीमा दर्शन शास्त्र छुट्टै विषयको रुपमा विकास भएको उल्लेख गर्दै यसलाई विषयवस्तु वा विधिका माध्यमले छुट्याउन सकिने उल्लेख गरिएको छ । यसमा थपिएको छ- धेरैले यसको विषयलाई कुनै न कुनै रूपमा 'परम सत्य' भनेका छन्, चाहे त्यो सम्पूर्ण ब्रह्माण्डको बारेमा होस् वा मानवको भाग्य र आचरणलाई सबैभन्दा आधारभूत रूपमा प्रभाव पार्ने विषयहरूको बारेमा होस्।

दर्शनलाई बुझाउन अङ्ग्रेजी भाषामा ल्याटिन भाषाबाट आयातीत शब्द फिलसोफिया (Philosophia) बाट बनेको फिलसफी (philosophy) शब्दको प्रयोग गरिन्छ । फिलसोफिया शब्दको अर्थ ज्ञानप्रतिको प्रेम अर्थात् ज्ञानानुराग भन्ने हुन्छ । *फिलसफी*लाई अक्सफोर्ड एडभान्स लर्नर्स डिक्सनरीमा विश्व ब्रह्माण्ड र मानव जीवनको प्रकृति/स्वभाव र अर्थ (the study of nature and meaning of the universe and human life) भनी व्याख्या गरिएको पाइन्छ । ब्रिटानिकाले फिलसफि शब्दलाई मानव अस्तित्व र अनुभवको समग्र वा आधारभूत आयामहरूको रूपमा वास्तविकताको तर्कसंगत, अमूर्त, र पद्धतिगत विचार (the rational, abstract, and methodical consideration of reality as a whole or of fundamental dimensions of human existence and experience ) भनी व्याख्या गरेको छ । समग्रतामा दर्शनले मिहिन विश्लेषण तथा आलोचनात्मक विचारहरूका माध्यमबाट विश्व ब्रह्माण्ड र यसमा हाम्रो स्थितिका बारेमा अन्तिम सत्यको खोजी गर्दछ ।

संस्कृत भाषामा दर्शन शब्द "दृशिर्" धातुबाट बनेको छ, जसको सामान्य अर्थ देख्नु, हेर्नु भन्ने हुन्छ ।[2] अर्थात्, कुनै पनि विषय वा वस्तुको वास्तविकतालाई पूर्ण रूपमा बुझ्ने कोसिस नै दर्शन हो । सामान्य अर्थमा, कुनै पनि विषयवस्तुप्रतिको बुझाइ तथा दृष्टिकोण दर्शन हो। भनिएको छ- "दृश्यते अनेन इति दर्शनम्" । यसको अर्थ जसबाट

[2] अङ्ग्रेजी "फिलसफी" शब्दलाई संस्कृत भाषामा पनि "दर्शन" शब्दबाट नै बुझिने गरेको भए पनि प्रारम्भमा दर्शनको स्थानमा "मीमांसा" शब्दको प्रचलन थियो । यद्यपि यी दुबै शब्दको अर्थ भने उही लाग्दछ (शास्त्री, १९५३)

देखिन्छ अर्थात् अन्तर्दृष्टिले जुन कुरा जानिन्छ, त्यो दर्शन हो । यस सम्बन्धमा डा. जगमान गुरुङको वर्णन छ- जे देखिन्छ, त्यो दर्शन होइन, देखिएको वस्तुप्रतिको अनुभूत दृष्टिकोण दर्शन हो ।(गुरुङ, दर्शनावली-२)। अर्थात्, जीव तथा जगत्को अस्तित्व र यसको वास्तविकता सम्बन्धमा अन्तर्दृष्टिको विश्लेषण र बोध हो- दर्शन। समष्टिमा दर्शनको अर्थ हुन्छ- सृष्टि, ईश्वर, अस्तित्व, ज्ञान जस्ता सृष्टिका आधारभूत प्रश्न एवम् जिज्ञासाहरूलाई पद्धतिबद्ध ढङ्गले सम्बोधन गरी तार्किक निष्कर्षमा पुऱ्याउनु। यस आधारमा दर्शन शब्दले दर्शन शास्त्रलाई पनि बुझाउँदछ । नेपाल प्रज्ञा-प्रतिष्ठानको प्रज्ञा नेपाली वृहत् शब्दकोषले दर्शन शास्त्रलाई "ज्ञान र विज्ञानको वा अध्यात्म र भौतिक पक्ष तथा पक्षान्तरको व्याख्या र विवेचना गरिने शास्त्र; जीवन र प्रकृतिका आन्तरिक तथा बाह्य तत्त्व र सम्बन्धका बारेमा चिन्तन, अध्ययन गरिने शास्त्र" भनी व्याख्या गरेको छ । यसैगरी के.एन्. स्वामीको संस्कृत-नेपाली शब्दकोषले दर्शनशास्त्रलाई "आत्मा, परमात्मा, प्रकृति, पुरुष, धर्म, जीवनको अन्तिम लक्ष्य आदिको विवेचन र विश्लेषण गर्ने शास्त्र" भनी व्याख्या गरिएको छ ।

इतिहासका केही प्रसिद्ध विद्वान्हरूमध्ये पाइथागोरसले दर्शनको लक्ष्य मुक्ति हो भनेका छन् । सुकरातले दर्शनको कार्य धारणालाई स्पष्ट बनाउनु हो भनेका छन् भने प्लेटोले तथ्य वा परम सत्यको प्राप्तिलाई दर्शनको परिभाषाका रूपमा अर्थ्याएका छन् । एरिस्टोटल भन्छन् दर्शनको प्रयोजन ज्ञानको पूर्णता वा कार्यकारणको ज्ञान हो।

जीवन, जगत् तथा अस्तित्वका धेरै कुराहरू दृश्यमान नभएका र मानिसको ज्ञानको भण्डार सीमित भएकाले विभिन्न विद्वान् तथा दार्शनिकहरूले ईश्वर, यसको अस्तित्व, यसको स्वरूप, आत्मा, परमात्मा, मुक्ति, परलोक जस्ता विभिन्न अदृश्य, अज्ञात विषयहरू तथा तिनको साक्षात्कार वा प्राप्तिका लागि आ-आफ्नै दर्शन प्रस्तुत गरेका छन् । जीवन जगत्लाई आफूले देखे, हेरे, बुझेअनुसार अर्थ्याएका छन् । संस्कृतमा दर्शनलाई यही लयमा व्याख्या गरिएको पाइन्छ । भनिएको छ- दृश्यते चिदचित्सूक्ष्मतत्त्वमनेनेति दर्शनम्। अर्थात्, दर्शन त्यो हो जसद्वारा जड र चेतनको सूक्ष्मभन्दा पनि सूक्ष्म तत्त्वलाई केलाएर देखाइन्छ । समग्रमा विषयवस्तुलाई गहिराइमा गएर हेर्नु, बुझ्नु तथा विश्लेषण गर्नु दर्शनको विशेषता हो । दृश्य वस्तुहरूलाई बुझ्नुका तुलनामा अदृश्य विषय वस्तुहरू बुझ्नु कठिन छ। तर सृष्टिमा दृश्य र अदृश्यका साथै मापन गर्न सकिने र मापन गर्न नसकिने विषयवस्तुहरू पनि अनगिन्ती एवम् अथाह छन् । सामान्यतया दर्शन शास्त्रले ईश्वर, स्वरूप,

आत्मा, परमात्मा, मोक्ष जस्ता अदृश्य, अमापनीय र गहन विषयवस्तुलाई गहिराईपूर्वक विश्लेषण गरी सरल र स्पष्ट रूपमा बुझ्नका लागि सहयोग गर्दछ ।

दर्शन भनेको कुनै एउटा दृष्टिकोणबाट हेरिएको जीवन र जगत्प्रतिको एक किसिमको निष्कर्ष भएकाले दर्शनका विषय र विचार अनेक छन् । दर्शनले दृश्यमान् बाह्य जगत् र अदृश्य अन्तर जगत् दुवैको अध्ययन गर्दछ । समग्रमा दर्शन शास्त्र अध्ययनका केही प्रमुख विषयवस्तु देहायअनुसार रहेका छन्-

- तत्त्वमीमांसा (Metaphysics)
    - वास्तविकताको प्रकृति (Nature of reality): अस्तित्वको आधारभूत प्रकृति के हो ? दिमाग र पदार्थ बीचको सम्बन्ध के हो?
    - सत्तामीमांसा (Ontology) : जीव र अस्तित्वको अध्ययन। आत्मासम्बन्धी तत्त्वज्ञान (Metaphysics of soul)
    - ब्रह्माण्ड विज्ञान (Cosmology) : ब्रह्माण्डको उत्पत्ति, प्रकृति र भाग्यको अध्ययन।
- ज्ञानमीमांसा (Epistemology)
    - ज्ञानविज्ञान ज्ञानको प्रकृति (Nature of knowledge): ज्ञान के हो ? हामीले ज्ञान कसरी प्राप्त गर्ने ? मानव ज्ञानको सीमा के हो ?
    - औचित्यको सिद्धान्त (Theory of justification): हामीले हाम्रो विश्वासलाई कसरी न्याय गर्न सक्छौं ? सत्यको मापदण्ड के हो ?
- तर्क (Logic)
    - वैध तर्क (Valid reasoning): वैध तर्क भनेको के हो? हामी कसरी राम्रो र नराम्रो तर्कहरू छुट्याउन सक्छौं ?
    - औपचारिक तर्क (Formal logic): प्रतीक र नियमहरू प्रयोग गरेर तर्कहरूको संरचना र वैधताको अध्ययन।
    - अनौपचारिक तर्क (Informal logic): दैनिक तर्क र तर्कको अध्ययन।
- नैतिकता (Ethics)
    - नैतिक आचारहरू (Moral principles) : मानव कार्यलाई मार्गदर्शन गर्ने आधारभूत नैतिक सिद्धान्तहरू के हुन् ?

- नैतिक सिद्धान्तहरू (Moral principles): विभिन्न नैतिक सिद्धान्तहरू के हुन् (जस्तै, उपयोगितावाद, डिओन्टोलजी, सद्‌गुण नैतिकता) ?
- सामाजिक र राजनैतिक दर्शन (Social and political philosophy): समाज कसरी संगठित हुनुपर्छ ? व्यक्ति र सरकारको अधिकार र कर्तव्य के हो ?

उपर्युक्त बाहेक दर्शनशास्त्रमा सौन्दर्यशास्त्र, धर्म दर्शन, विज्ञानको दर्शनलगायतका विषयवस्तु समेत अध्ययन गरिन्छ । दर्शनशास्त्र ज्ञानको अध्ययन र पहिचान गर्ने विषय भएकाले दर्शनले मानवीय चिन्तनको स्तर, स्वभाव र प्रकृतिको झल्को दिन्छ । भूगोलका आधारमा, पूर्वीय गोलार्द्ध, विशेषगरी भारतीय उपमहाद्वीप क्षेत्रमा विकास भएका दर्शनहरूलाई पौरस्त्य दर्शन भनिन्छ।

उदाहरणका लागि हिन्दू, बौद्ध र जैन धर्मका दर्शनहरूले मुख्यतया आत्मा, मोक्ष, र ध्यान जस्ता विषयवस्तुहरूलाई केन्द्रित गर्छन्। यी दर्शनहरूले अन्तर जगत्‌को अध्ययनमा जोड दिँदै व्यक्ति आत्मज्ञान र आध्यात्मिक जागरणतर्फ लाग्नुपर्छ भन्ने मान्यता राख्छन्। यस्ता दर्शनहरूले मानव जीवनको वास्तविकता के हो, र बोध कसरी प्राप्त गर्न सकिन्छ भन्ने कुरामा ध्यान केन्द्रित गरेका छन् ।

अर्कोतर्फ, पश्चिमी गोलार्द्धमा विकास भएका दर्शनहरूलाई पाश्चात्त्य दर्शन भनिन्छ । उदाहरणका लागि, युनानी दर्शनले तर्कशास्त्र, विज्ञान, र भौतिक संसारको अध्ययनमा जोड दिन्छ । प्लेटो, एरिस्टोटल, र सुकरातका विचारहरूले मानव जीवनका भौतिक पक्षहरूमा जोड दिए । पाश्चात्त्य दर्शनले मुख्यतया बाह्य भौतिक संसारको अध्ययनमा केन्द्रित भएर भौतिक वस्तुहरू, प्राकृतिक विज्ञान, र सांसारिक जीवनका प्रश्नहरूलाई सम्बोधन गर्छ । यी दर्शनहरूले प्रायः वैज्ञानिक अनुसन्धान र तर्कमा आधारित विधिहरू प्रयोग गर्छन् ।

यसरी, पौरस्त्य दर्शन र पाश्चात्त्य दर्शनको प्राथमिकता र अध्ययनको मूल विषय फरक रहेको छ । पौरस्त्य दर्शन मूलतः आध्यात्मिक उन्नति र जागरणलगायतका माध्यमबाट जन्मजन्मातरमा हुने दुःखबाट पूर्णरुपमा मुक्त हुने कुरामा केन्द्रित रहेको पाइन्छ भने पाश्चात्त्य दर्शन मूलतः तर्क, विज्ञान र भौतिक संसारमा केन्द्रित भई प्राप्त जीवनलाई सुखी, समृद्ध बनाउने कुरामा ध्यान केन्द्रित गरेको पाइन्छ । यद्यपि ज्ञान दुवै दर्शनको मूल चासोको विषय हो । प्राथमिकतामा फरक भए पनि दुवै दर्शनको अन्तिम लक्ष्य मानिसलाई सुखी बनाउनु र ज्ञानको खोजी गर्नु नै हो।

## २.३ पौरस्त्य दर्शनहरू

"पौरस्त्य दर्शन" भन्नाले संस्कृत वाङ्मयमा विकसित दर्शन परम्परालाई बुझाउने दर्शन भन्ने बुझिन्छ । वेद, ब्राह्मण, आख्यान, उपनिषद्, रामायण, महाभारत, सूत्रग्रन्थ, भाष्यग्रन्थ, पुराण, स्मृतिलगायतका वाङ्मयमा छरिएर वा समेटिएर रहेका जीवन-जगत् सम्बन्धी सूक्ष्म चिन्तन नै पौरस्त्य दर्शन हो (घिमिरे, सन् २०२१) । पूर्वीय दर्शन भन्नाले विशेष गरेर आर्यावर्त अर्थात् दक्षिण एसिया क्षेत्रका दर्शनलाई बुझाउँछ । पूर्वीय दर्शनको मूल आधार भनेको वैदिक साहित्य हो (गौतम, २०८०, पृ.१५)। पौरस्त्य दर्शन भन्नाले सामान्यतया हिन्दु धर्मदर्शनको वैदिक वाङ्मयमा विकसित वेद, उपनिषद्, वेदान्त, मीमांसा, सांख्य आदि; बौद्ध धर्मका विविध निकायहरू; जैन धर्मका विविध सम्प्रदायहरू; सिख धर्म तथा चिनियाँ र जापानी परम्परामा विकसित कन्फ्युसियस, ताओ, सिन्तो आदि चिन्तन बुझिन्छ (जनकपुरी, २०७९) ।

प्रचलित परम्परा अनुसार पौरस्त्य दर्शनमा छ वटा आस्तिक र तीनवटा नास्तिक दर्शन मानिन्छन् । साधारण अर्थमा आस्तिक भन्नाले ईश्वरको अस्तित्वलाई स्वीकार गर्ने र नास्तिक भन्नाले ईश्वरको अस्तित्वलाई स्वीकार नगर्ने भन्ने बुझिए पनि पौरस्त्य दर्शनका क्षेत्रमा वेदलाई सर्वोपरि प्रमाण मान्नेलाई आस्तिक र वेदलाई सर्वोपरि प्रमाण नमान्नेलाई नास्तिक दर्शन भनिन्छ (शास्त्री, १९५३, पृ. २६) । वेदद्वारा प्रतिपादित सिद्धान्तहरूलाई प्रामाणिक र सत्य मान्ने दर्शनजतिलाई वैदिक दर्शन र यसको विपरित वेदलाई सत्य तथा प्रामाणिक नमान्ने दर्शनहरूलाई अवैदिक दर्शन पनि भन्ने गरिएको छ ।


पौरस्त्य दर्शनहरूको अध्ययन मूलतः अस्तित्वको स्वभाव/प्रकृति, चेतन तत्त्व, जड तत्त्व, आत्मा, परमात्मा, जन्म, पुनर्जन्म, धर्म (कर्तव्य), दुःख, आन्तरिक शान्ति, मुक्ति, आध्यात्मिक जागरण, मानवीय अनुभव, दृश्य, द्रष्टा तथा कारणजस्ता विषयहरूमा केन्द्रित छ भने यिनको शिक्षण उपर्युक्त सबै विषयहरू एकापसमा सम्बन्धित छन्, सही मानवीय कर्तव्य पहिचान गर्दै सृष्टि तथा सृष्टिकर्ताप्रति मुमुक्षा राखी अनन्त दुःखको भव सागरबाट मुक्ति पाएर अन्ततोगत्वा सत् चित् आनन्द प्राप्त गर्ने प्रयत्न गरिरहनु पर्दछ भन्नेछ । माध्यमगत दृष्टिकोण, मूल्य, मान्यता फरक-फरक भए पनि अधिकांश पौरस्त्य दर्शनको मूल उद्देश्य आत्मसाक्षात्कार वा मोक्ष प्राप्तिमा केन्द्रित रहेको छ ।

पौरस्त्य दर्शनमा जड र चेतन अर्थात् सृष्टि र सृष्टिकर्तालाई हेर्ने दृष्टिकोणमा धेरै मतमतान्तरहरू रहेका छन् । कतिपय दर्शनहरू अद्वैत छन् अर्थात् तिनले सृष्टि र सृष्टिकर्तामा कुनै भेद देख्दैनन्, सारा सृष्टि तथा चराचर जगत्लाई सृष्टिकर्ताकै एक अंशको रूपमा मान्दछन् । यस्ता दर्शनलाई अद्वैतवादी दर्शन भनिन्छ । कतिपय दर्शनहरू जड र चेतन तत्त्व छुट्टाछुट्टै हो अर्थात् सृष्टि र सृष्टिकर्ता एउटै होइनन् भनी मान्दछन् । यस्ता दर्शनलाई द्वैतवादी दर्शन भनिन्छ । केही दर्शनहरूमा जड र चेतन तत्त्व फरक पनि हो एउटै पनि हो भनी मान्दछन् । यस्ता दर्शनलाई द्वैताद्वैतवादी दर्शन भनिन्छ। यसरी सबै पौरस्त्य दर्शनहरू जीवन र जगत् बुझ्नमा केन्द्रित छन् ।

प्रमुख वैदिक दर्शनहरू अन्तर्गत साङ्ख्य दर्शन, योगदर्शन, न्यायदर्शन, वैशेषिक दर्शन, मीमांसादर्शन तथा वेदान्त दर्शन रहेका छन् भने वेदलाई स्वीकार नगर्ने दर्शनहरूमा चार्वाक दर्शन, जैन दर्शन र बौद्ध दर्शन रहेका छन् । यस्तैगरी, ईश्वरको स्वीकार गर्ने (आस्तिक) वा नगर्ने (नास्तिक) आधारमा पौरस्त्य दर्शनहरूको वर्गीकरण गर्दा आस्तिक दर्शनहरूमा योगदर्शन, न्यायदर्शन, वैशेषिक दर्शन र वेदान्त दर्शन रहेका छन् भने अनिश्वरवादी दर्शनअन्तर्गत चार्वाक दर्शन, जैनदर्शन, बौद्ध दर्शन, सांख्य दर्शन र मीमांसा दर्शन रहेका छन् ।

यस क्रममा राजर्षि जनकको जीवन र जगत्लाई बुझ्ने दृष्टिकोण के कस्तो थियो अर्थात् जनक दर्शन के हो भन्ने जान्नु बुझ्नु अगाडि अन्य प्रमुख पौरस्त्य दर्शनहरूको चिन्तन, शिक्षण तथा तिनको स्वरूपका बारेमा स्पष्ट बोध नभएमा जनक दर्शन बुझ्न पनि कठिन हुने भएकाले यहाँ प्रमुख पौरस्त्य दर्शनहरूको सङ्क्षिप्त तर स्पष्ट वर्णन गरिएको छ।

## २.३.१ सांख्य दर्शन



यो दर्शन पौरस्त्य सभ्यताका प्राचीनतम दर्शनहरूमध्येको एक हो । यस दर्शनका प्रणेता महर्षि कपिल हुन् । श्रीमद्भागवतको तेश्रो स्कन्धमा सुत्केरी अवस्थामा आफ्ना पतिले छाडेर तप गर्न गएकाले शोकग्रस्त आफ्नी आमा देवहूतीलाई यिनले सांख्ययोगको उपदेश दिएका थिए भन्ने वर्णन पाइन्छ ।

सांख्य शब्द सम् र ख्या मिलेर बनेको छ जहाँ *सम्*को अर्थ सम्यक र *ख्या*को अर्थ ज्ञान भन्ने हुन्छ । यस दर्शन अनुसार ब्रह्माण्डमा आधारभूत रुपमा दुई अविनाशी तत्त्व छन्- प्रकृति र पुरुष । यस दर्शनले पुरुष र प्रकृतिको विवेचन गरेर सृष्टि उत्पत्तिको वर्णन गर्दछ । यस दर्शनअनुसार प्रकृति निरन्तर परिवर्तनशील छ भने पुरुष स्थिर। यस दर्शनको ठम्याइमा पुरुष र प्रकृति फरक हुन् भन्ने ज्ञान नै सम्यक ज्ञान हो । पुरुष अर्थात् चेतन तत्त्व नित्य, अविनाशी, अपरिवर्तनशील रहेको छ । साथै यो द्रष्टा पनि हो तर कर्ता भने होइन । यस दर्शनमा प्रकृतिलाई नै सृष्टिको मूल कारण मानिएको छ । संपूर्ण ब्रह्मांडको उत्पत्ति तथा सञ्चालन प्रकृति नामक यही मूल तत्त्वबाट नै भएको मानिएको छ। यस दर्शनको मतानुसार यो ब्रह्माण्डलाई कसैले सृष्टि गरेको होइन यो त नित्य छ, निरन्तर परिवर्तनशील रूपमा रहिरहेको छ, सदासर्वदा विद्यमान छ, यसर्थ प्रकृति नै पालन र संहारको मूल आधार हो यद्यपि यो अचेत र जड छ भन्ने दृष्टिकोण राखिएको छ । यस दर्शनको मतमा प्रकृति र पुरुषबीचको भेद ज्ञानद्वारा मोक्ष प्राप्त हुन्छ । प्रकृति, पुरुष र मोक्ष सम्बन्धमा सांख्य दर्शनको शिक्षण देहायअनुसार रहेको छ :

**प्रकृति** : सत्व, रज र तम प्रकृतिको सारभूत गुण हो । प्रकृतिको यिनै तीन गुणको फरक फरक संयोजनबाट सृष्टिका विभिन्न तत्त्व तथा रूपहरूको रचना भएको छ । अर्थात्, यही त्रिगुणात्मिका प्रकृतिबाट विविधतापूर्ण जगत्को सृष्टि भएको छ ।यहाँ जसले अन्य तत्त्वको उत्पन्न गर्छ त्यसलाई प्रकृति र जुन अरुबाट उत्पन्न हुन्छ त्यसलाई विकृति भनिएको छ । प्रकृतिको आफ्नो कुनै कारण छैन तर सम्पूर्ण भौतिक जगत्को कारण हो।

सांख्य दर्शनअनुसार प्रकृतिबाट कुल २४ तत्त्व निर्माण भई क्रमशः ब्रह्माण्डको संरचना तयार हुन्छ, जस अनुसार प्रकृति (जुन पहिल्यैदेखि थियो) बाट महत्तत्व (बुद्धि), महत्तत्वबाट अहंकार, अहंकारबाट पञ्चतन्मात्रा (रूप, रस, गन्ध, स्पर्श र शब्द) तथा एघार इन्द्रिय (पञ्च ज्ञानेन्द्रीय, पञ्च कर्मेन्द्रिय र मन), पञ्चतन्मात्राबाट पञ्चमहाभूतका परमाणु र परमाणुबाट सम्पूर्ण जगत्को सृष्टि भएको हुन्छ । सृष्टिक्रममा अव्यक्त प्रकृति क्रमशः व्यक्त हुँदै जान्छ अर्थात् क्रमशः दृश्यमान हुँदै जान्छ र विनाशक्रममा दृश्यमान प्रकृति क्रमशः अदृश्य, अव्यक्त बन्दै जान्छ । प्रकृतिलाई कपिलले सर्वगर्भा अर्थात् सबै कुरा उत्पन्न गर्न सक्ने गुणका रूपमा व्याख्या गरेका छन्। सांख्यकारिका (श्रीईश्वरकृष्ण, १९९८) मा प्रकृति सम्बद्ध तत्त्वहरूलाई निम्नअनुसार व्याख्या गरिएको छ-

मूलप्रकृतिरविकृतिर्महदाद्याः प्रकृतिविकृतयः सप्त

षोडशकश्च विकारो न प्रकृतिर्न विकृतिः पुरुषः ।३।

अर्थात्, मूल प्रकृति (प्रकृति) अविकृत हुन्छ, अर्थात् त्यसमा कुनै परिवर्तन हुँदैन। महत् आदि सात तत्वहरू (महत्, अहङ्कार तथा तन्मात्राहरू) भने प्रकृति/कारण र विकृति दुवै हुन् । पुरुष भने न त प्रकृति हो, न त विकृति हो, ऊ त शुद्ध चेतन हो ।

यस दर्शनले समग्र सृष्टिमा आधारभूत रूपमा दुई तत्त्व रहेको मान्दछ- क) पुरुष (आत्मा) ख) प्रकृति (तत्त्व) । यी दुईमध्ये प्रकृति अन्तर्गत कुल २४ तत्त्व हुने मानिएको छ । प्रकृतिबाट विकृति हुँदै समग्रमा देहायअनुसार तत्त्वहरूबाट सृष्टि निर्माण भएको धारणा राखिएको छ-

- प्रकृति (तत्त्व)
- अंतःकरण (३) : मन, बुद्धि, अहंकार
- ज्ञानेन्द्रिय (५) : नाक, जिब्रो, आँखा, छाला, कान
- कर्मेन्द्रिय (५) : हात, गोडा, उपस्थ, पायु, वाक्
- तन्मात्रा (५) : गन्ध, रस, रूप, स्पर्श, शब्द
- महाभूत (५) : पृथ्वी, जल, अग्नि, वायु, आकाश

**पुरुष** : यस दर्शनले आत्मालाई पुरुषको रूपमा व्याख्या गरेको छ । यस दर्शनअनुसार प्रकृति सत्व, रज तथा तम गुणयुक्त रहेको छ भने पुरुष यी गुणहरूबाट मुक्त छ । यस दर्शनमा पुरुषलाई ज्ञाता तथा निष्क्रिय तर प्रकृतिलाई ज्ञेय, क्रियाशील र अविवेकी मानिएको छ । पुरुषलाई कारण र कार्य दुवै होइन भनिएको छ भने प्रकृतिलाई कारण मानिएको छ । यस दर्शन अनुसार चराचर जगत् ईश्वरको सृष्टि नभई क्रमिक विकासको प्रतिफल हो । दर्शन शास्त्रको नियम अनुसार कुनै अनुभव हुनुका पछाडि अवश्य केही कारण हुन्छ । यही सन्दर्भमा सांख्य दर्शनमा भनिएको छ-

संघातपरार्थत्वात् त्रिगुणादिविपर्ययात् अधिष्ठानात् |

पुरुषोऽस्ति भोक्तृत्वभावात् के वल्यार्थप्रवृत्तेश्च |

**मोक्ष** : अन्य धेरै पौरस्त्य दर्शनले जस्तै यस दर्शनले पनि यस संसारलाई दुःखपूर्ण मानेको छ। यस दर्शनको प्रथम अध्यायमा मनुष्य जीवनको मुख्य उद्देश्य के हो भन्ने

प्रश्नमा जीवनमा अध्यात्मिक, आधिभैतिक र आधिदैविक गरी तीन किसिमका दुःख[3] हुन्छन् र यी तीनै किसिमका दुःखबाट पूर्ण मुक्त हुनु नै जीवनको मुख्य उद्देश्य हो भनिएको छ । दुःखबाट नित्य मुक्ति संसारका दृश्य पदार्थहरूबाट नहुने तर्क छ, यस दर्शनको । यस दर्शनले भन्छ-

सर्वासम्भवात् सम्भवेऽपि सत्वासम्भवाद्धेयः प्रमाण कुशलैः ।

अर्थात्, दृश्य पदार्थबाट हरेक दुःखबाट छुटकारा पाउन सकिन्न किनकि एक त सबै वस्तु सबै स्थान र समयमा उपलब्ध हुन सक्दैन, यदि उपलब्ध भइहाले पनि यो क्षणिक हुन्छ। यसर्थ, बुद्धिमान् मानिसले दुःखबाट समूल मुक्तिका लागि प्रयत्न गर्नुपर्दछ भन्दै निम्नानुसार प्रेरित गरिएको छ-

उत्कर्षादपिमोक्षस्य सर्वोत्कर्षश्रुतेः ।

अर्थात्, मोक्ष सबै सुखभन्दा उन्नत छ । सबै मानिसहरू सबैभन्दा उन्नत कुराकै चाहना गर्दछन्, यसर्थ, दृश्यजगत्का भौतिक विषयहरूलाई छोडेर मोक्षका लागि प्रयत्नशील रहनुपर्दछ र प्राणीमात्रको उद्देश्य पनि यही हो ।

सांख्य दर्शनअनुसार मोक्ष अर्थात् मुक्ति दुई प्रकारका छन् । एक जीवन्मुक्ति र अर्को विदेहमुक्ति । जीवनकालमा सम्यक ज्ञानपश्चात्को अवस्थालाई जीवन्मुक्ति भनिन्छ भने मृत्युपश्चात् स्थूल र सूक्ष्म दुवै शरीरबाट मुक्त भई त्रिगुणातीत अवस्थामा पुग्नुलाई विदेहमुक्ति भनिन्छ । यसरी प्रकृति, पुरुष र मोक्ष सांख्य दर्शनका मुख्य विषयवस्तुका रूपमा रहेका छन् । यस दर्शनले समस्त विश्वलाई प्रकृति र त्यसको निरन्तर विकास तथा परिवतर्नको परिणाम मान्ने भएकाले यस दर्शनलाई परिणामवादी दर्शन पनि भनिन्छ । यस दर्शनले पुरुष र प्रकृति दुवै सत्तालाई स्वीकार गर्ने भएकाले यो एउटा द्वैतवादी दर्शन हो । सैद्धान्तिक विषयमा केन्द्रित भएकाले सांख्य दर्शन एउटा सैद्धान्तिक दर्शन पनि हो । यस दर्शनले तत्त्वलाई मूल महत्व दिने भएकाले सांख्यलाई अनिश्वरवादी दर्शन मान्ने विद्वान्हरू पनि रहेका छन् ।

---

[3] आध्यात्मिक दुःख- निराशा, मानसिक तनाव, डर, ईर्ष्या जस्ता मस्तिष्क र मनको स्थितिजन्य, आधिभौतिक दुःख- शारीरिक पीडा, दुर्घटना, रोग आदि जस्ता बाह्य भौतिक संसारमा भइरहेका घटनाहरूजन्य र आधिदैविक- प्राकृतिक प्रकोपहरू, मौसम परिवर्तन, भूकम्प, बाढी आदि जस्ता प्राकृतिक वा दैविक कारणजन्य ।

## २.३.२ योग दर्शन

योगको सुरुआत कसले कहिले गरे भन्ने यकिन गर्नु निकै कठिन छ । यद्यपि पाणिनिले (ईशापूर्व चौथो शताव्दी) युज् धातुको प्रयोग समाधिको अर्थमा व्याख्या गरेका छन् तर उनले यसमा थप व्याख्या भने गरेका छैनन् । पतञ्जलिले पहिलेदेखि प्रचलित योग क्रियाहरूलाई १९४ सूत्रहरूमार्फत् प्रस्तुत गरे (सांस्कृत्यायन, १९४७, पृ. ६४८) । पतञ्जलि संस्कृत भाषाका महान् व्याकरणाचार्य पाणिनीका शिष्य थिए । योग शब्द "युज्" धातुमा "धञ्" प्रत्यय लागेर बनेको छ र यसको सामान्य अर्थ हुन्छ, जोड्नु । योग दर्शनले आत्मालाई परमात्मासँग जोड्ने अर्थात् व्यक्तिलाई आफ्नो वास्तविक स्वरूपको ज्ञात गराउने हेतुसहित सिलसिलेवार रूपमा यसका प्रक्रियाहरूलाई आठ अङ्गहरूमा व्याख्या गरेको छ। यी आठ अङ्गहरूलाई योग दर्शनमा समाधिपाद (५१ सूत्र), साधनपाद (५५ सूत्र), विभूतिपाद (५४ सूत्र) तथा कैवल्यपाद (३४ सूत्र) गरी कुल चार पाद अन्तर्गत १९४ सूत्रहरू मार्फत् प्रष्ट पारिएको छ। समाधिपादमा योगको स्वरूप, चित्तवृत्ति, समाधि तथा त्यसका प्रकारहरूको व्याख्या गरिएको छ । साधनपादमा साधना मार्गमा आउने अविद्या, अस्मिता, राग, द्वेश, अभिनिवेश, क्लेश जस्ता बाधाहरूको व्याख्या गरी क्रियायोगलगायत तिनको निराकरणका उपायहरू समेटिएको छ । विभूतिपादमा धारणा, ध्यान, समाधिहरूको व्याख्या गरिएको छ भने कैवल्यपादमा समाधिसिद्धि, चित्त निर्माण, आत्मभाव, भावना निवृत्तिलगायतका विषयहरूको वर्णन गरिएको छ। योग दर्शनका आठ अङ्गहरू देहाय अनुसार रहेका छन्-

- **यम** : योगका लागि सर्वप्रथम सामाजिक नियममा बाँधिनु पर्दछ । उक्त सामाजिक नियमहरू अहिंसा, सत्य, अस्तेय, अपरिग्रह र ब्रह्मचर्य हुन् ।
  - अहिंसा- मन, वचन तथा कर्मले कसैप्रति हिंसा नगर्नु, जानी वा नजानी कुनै जीवको प्राणाघात गर्नु हिंसा हो ।
  - सत्य- विषयवस्तु वा घटनाको वर्णन गर्दा आफ्नो व्यक्तिगत विचार समावेश नगरिकन आफ्ना इन्द्रिय, मन र भावनाले देखेको कुरा जस्ताको तस्तै बताउनु सत्यको पालना हो ।
  - अस्तेय- चोरी नगर्नु, अरुको सामान उनको आज्ञाविना अनुचित तरिकाले नलिनु अस्तेय हो ।

- अपरिग्रह- प्राण रक्षाको आवश्यकताभन्दा बढी सामग्रीहरूको सङ्ग्रह नगर्नु अपरिग्रह हो ।
- ब्रह्मचर्य- "मनसा, वाचा, कर्मणा" हुने मैथुनबाट बचेर वीर्यको रक्षा गर्दै ब्रह्मज्ञानका लागि प्रयत्नशील रहनु ब्रह्मचर्य हो । (मनसा कर्मणा वाचा सर्वावस्थानु सर्वदा, सर्वत्र मैथुनत्यागो ब्रह्मचर्ये प्रचक्षते) । ब्रह्मचर्य पालन नगर्नेलाई आत्मसाक्षात्कार हुँदैन (आरण्य, १९६४, पृ. २४८) भनिएकाले योग दर्शनले बताएअनुसार कैवल्य प्राप्तिका लागि ब्रह्मचर्य एउटा अपरिहार्य खुट्किलो हो ।

यमको अनुष्ठान सबैसँग, सबै स्थानमा र सदासर्वदा समान भावले गरिन्छ भने त्यसलाई महाव्रत भनिन्छ ।

- **नियम** : योगका लागि सामाजिक नियमसँगै व्यक्तिगत अनुशासनमा पनि बाँधिनुपर्दछ । उक्त अनुशासनहरू हुन्- शौच, सन्तोष, तप, स्वाध्याय र ईश्वर प्राणिधान ।
  - शौच- बाह्य एवम् भित्री शारीरिक स्वच्छता र सरसफाइ कायम राख्नु तथा स्वच्छ वस्त्र धारण गर्नु शौच हो । सत्य वचन, विद्याभ्यास, सत्सङ्ग, जप र शुद्ध विचारको प्रवर्द्धन गर्नु पनि शौच हो ।
  - सन्तोष- प्राण रक्षाका लागि जति आवश्यक छ, त्यसभन्दा बढी खाद्यान्न, वस्त्र, धनको इच्छा नगर्नु, आफू जुन अवस्थामा रहने संयोग प्राप्त हुन्छ, त्यसमा सन्तुष्ट हुनु सन्तोष हो । लालसा असीमित हुने भएकाले यसलाई कायम राख्दा मानिस सदैव दुःखी भइरहन्छ भन्ने भावलाई आत्मसात् गर्दै कर्म गर्नु तथा त्यसबाट प्राप्त उपलब्धिहरूमा सन्तोष लिन सक्दा मानिस अनावश्यक तनाव चिन्ताहरूबाट बच्न सक्छ । यसर्थ, "सन्तोष" सुखको मूल पनि हो ।
  - तप- भोक-तिर्खा तथा जाडो-गर्मीको सहन, मान-अपमान तथा स्तुति-निन्दाको सहन तपका केही उदाहरण हुन् । यिनले साधकमा कठिनाइको सामना गर्ने, सहिष्णुता तथा दृढताको वृद्धि गर्नेजस्ता क्षमताको वृद्धि गरी चित्तलाई शुद्ध बनाउँदछ । शरीर, इन्द्रीय र मनको संयमिततामा वृद्धि गरी जन्मजन्मान्तरदेखि जम्मा हुँदै आएका क्लेश, द्वेष, वासनाबाट चित्तलाई शुद्ध निर्मल बनाउनु तपको

उद्देश्य हो । योग सिद्धिका लागि तप आवश्यक छ । यसैले भनिएको छ- नातपस्विनो योगः सिध्यति। अर्थात्, तपविना योग सिद्धि हुँदैन ।

- स्वाध्याय- सत्सङ्ग तथा मोक्ष प्रदायक ग्रन्थहरूको अध्ययन गरी धर्मका तत्त्वहरू बुझ्नु, बुद्धि तथा विवेकलाई सूक्ष्म बनाउनु स्वाध्याय हो ।
- ईश्वरप्राणिधान- आफ्ना सम्पूर्ण कार्यहरू तथा कर्मको फल ईश्वरप्रति समर्पण गर्नु अर्थात् निष्काम कर्म गर्नु ईश्वर प्राणिधान हो ।

यम, नियमले व्यक्तिको मानसिक अशुद्धता, कलुष हटाई अष्टाङ्ग योग साधनाका लागि पात्रता उत्पन्न गराउँछ । यम, नियमको पालनाले आत्मिक विकासको उच्चस्तरमा पुऱ्याउँदै साधकलाई कर्मबन्धनबाट समेत मुक्त गराउँदछ । यसपश्चात् चित्त शुद्ध भई आसन सिद्धि हुँदै जान्छ । तर, जबसम्म चित्त शुद्ध हुँदैन तबसम्म योगका अन्य क्रियाहरूबाट प्राप्त हुने विशेष फल पनि मिल्दैन भनिएको छ। यसर्थ, योगदर्शनले बताए अनुसारको समाधि र कैवल्यको अवस्थामा पुग्नका लागि यम अन्तर्गतका पाँच सामाजिक नियम र नियम अन्तर्गतका पाँच व्यक्तिगत अनुशासनको पालना योग दर्शनका पूर्वशर्तहरू हुन् । यम, नियम वास्तवमा व्यक्तिका लागि मात्र नभई सारा मनुष्य जातिको शान्ति र स्थिरताका लागि आवश्यक मार्गदर्शन हुन् ।

योग दर्शनमा यम, नियमपश्चात् आसन तथा प्राणायाम जस्ता अभ्यासहरू उल्लेख गरिएको छ, जसले साधकलाई मलरहित, रोग-व्याधरहित र शक्तिसम्पन्न बनाई त्यसपश्चात्का क्रियायोगलाई स्वस्थ र निरोगी भई सम्पन्न गर्न सक्छ ।

- **आसन** : ध्यानमा प्रवेश गर्ने उद्देश्यले शरीरमा स्थिरता र सन्तुलन ल्याई स्थिर र आनन्दपूर्वक लामो समयसम्म कुनै स्थितिमा बस्नु आसन हो । योगदर्शनको ४६औं सूत्रमा भनिएको छ- स्थिरसुखम् आसनम् । अर्थात्, आसन त्यो हो जुन स्थिर र आरामदायी हुन्छ ।
- **प्राणायाम** : योग दर्शनअनुसार आसन सिद्धि भएपछि श्वास प्रश्वासको नियमित गति विच्छेद भई व्यक्ति प्राणायामको अवस्था प्रवेश गर्छ । योगदर्शनको ४७औं सूत्रमा भनिएको छ- तस्मिन् सति श्वासप्रश्वासयोर्गतिविच्छेदः प्राणायामः । अर्थात्, श्वास लिने र छोड्ने प्रक्रियालाई नियन्त्रित गर्नु प्राणायाम हो ।

आसन, प्राणायामबाट शरीरलाई व्यवस्थित र योग्य बनाइसकेपछि साधक प्रत्याहारद्वारा इन्द्रिय तथा मनलाई संयमित गर्न सक्षम हुन्छ ।

- **प्रत्याहार** : प्राणायामपश्चात् प्रत्याहार घटित हुन्छ । यस अवस्थामा इन्द्रियहरू आफ्नो विषयको सम्पर्कबाट विच्छेद भई चित्तवृत्ति निरुद्ध हुन्छ । अर्को शब्दमा, इन्द्रियहरूलाई बाह्य विषयबाट खिचेर ल्याई आफ्नो वशमा राख्नु प्रत्याहार हो । प्रत्याहारको अवस्था पार गर्न सकेपछि साधकले योग साधनाका बाँकी चरणहरू (धारणा, ध्यान, समाधि) को सफलतापूर्वक साधना गर्न सक्छ ।
- **धारणा** : चित्तलाई कुनै स्थान विशेष जस्तो कि भृकुटी, नाकको माथिल्लो भाग, नाभी, हृदय, इष्टदेव वा मातापिता आदिमा टिकाइरहनु धारणा हो । अर्थात्, आफूले चाहेको कुनै विषय वस्तुमा चित्त केन्द्रित गर्नुलाई धारणा भनिन्छ ।
- **ध्यान** : कुनै स्थान वा विषयमा प्रवेश गरेपछि चित्तवृत्ति रोकिनु र सम्पूर्ण चित्त कुनै एउटा मात्र विषयवस्तुमा लामो समयसम्म केन्द्रित हुनुलाई ध्यान भनिन्छ ।
- **समाधि** : जसको ध्यान गरिरहेको हुन्छ, त्यसको स्वरूप शून्य भएर केवल ध्येय मात्रको प्रतीत हुने हुने अवस्थालाई ध्यान भनिन्छ । यो योगबाट प्राप्त हुने अन्तिम अवस्था हो र ध्यानको पूर्ण गहिरो अवस्था हो । यस अवस्थामा चित्तका सम्पूर्ण वृत्तिहरू समूल नष्ट भई बाह्य जगत्सँगको सम्बन्ध विच्छेद भई व्यक्तिलाई आफ्नो वास्तविक स्वरूपको ज्ञात हुन्छ भनिएको छ ।

योग दर्शनको मूल उद्देश्य मानिसलाई सुख दुःखरुपी कर्मबन्धन तथा तिनका परिणामस्वरूप प्राप्त हुने आवागमन (विभिन्न प्रकारका पुनर्जन्मका श्रृङ्खला)बाट मुक्त गरी आत्मकल्याणको सीधा, सच्चा तथा क्रियात्मक मार्गदर्शन गर्नु हो ।[4]

वर्तमान सामाजिक परिवेशमा यस दर्शनको उपादेयता हेर्ने हो भने अन्य दर्शनहरूभन्दा फरक यस दर्शनले ज्ञानका कुराहरू मात्र नगरी ईश्वर प्राप्तिको व्यावहारिक क्रियात्मक उपायहरू प्रस्तुत गरेको छ । यसले यम, नियम मार्फत् व्यक्तिगत तथा सामाजिक अनुशासन सिकाउँदछ, जसले सामाजिक सहिष्णुता बढाउन मद्दत गर्दछ । यम,

---

[4] योग दर्शन, महर्षि पतञ्जलि, चतुर्थ संस्करण १९७१, सम्पादक पं श्रीराम शर्मा आचार्य, संस्कृति संस्थान, ख्वाजा कुतुब (वेदनगर), बरेली, उत्तरप्रदेश

नियमको पालनाले समाजलाई उच्च मानवतामा आधारित बनाउँदछ । आसन, ध्यान प्राणायामले शारीरिक एवम् मानसिक स्वास्थ्य कायम राख्न सिकाउँदछ।

## २.३.३ न्याय दर्शन

न्यायसूत्रका रचियता महर्षि गौतम प्रणित न्यायदर्शनको पौरस्त्य आस्तिक दर्शनहरूमा महत्वपूर्ण स्थान रहेको छ। गौतम ऋषिलाई अक्षपाद पनि भनिने भएकाले न्यायदर्शनलाई अक्षपाददर्शन पनि भन्ने चलन छ । यसबाहेक न्याय दर्शनलाई आन्विक्षिकी दर्शन, हेतु विद्या, तर्क विद्या, न्यायविद्या, न्यायशास्त्र, प्रमाणशास्त्र जस्ता नामले पनि चिनिन्छ । यस दर्शनले तर्क र प्रमाणलाई उच्च महत्व दिन्छ, प्रमाणका आधारमा कुनै पनि विषयवस्तुको समीक्षा/मूल्याङ्कन गरी निर्णय गर्दछ । यस सन्दर्भमा वात्स्यायनले भनेका छन्- प्रमाणैः अर्थपरीक्षणं न्यायः । जसले प्रतिपादन गर्नुपर्ने विषयलाई प्रमाणित गर्न सक्दछ त्यसलाई न्याय दर्शनमा न्याय भनिन्छ। अर्थात्, प्रमाणबाट कुनै वस्तुको निर्णय गर्नुलाई न्याय भनिन्छ । यस दर्शनको मुख्य लक्ष्य कुनै विषय वस्तुलाई तर्कद्वारा सत्य वा असत्य सावित गर्नु हो । आचार्य वात्यायनले प्रमाणबाट प्रमेय[5]को परीक्षण गर्ने कार्य न्याय हो भनी अर्थ्याएका छन् । न्याय शब्दलाई यसरी पनि अर्थ्याइएको छ- नीयते विवक्षितार्थः अनेन इति न्यायः । अर्थात्, जुन साधनबाट मूल तत्त्व (अर्थ) को ज्ञान हुन्छ, त्यही साधन नै न्याय हो ।

महर्षि गौतमले मनुष्यलाई समस्त दुःख तथा बन्धनहरूबाट छुटकारा पाई मोक्ष प्राप्त गर्नका लागि विभिन्न सोह्र तत्त्वको यथार्थ ज्ञान हुनुपर्ने बताएका छन् । उक्त सोह्र तत्त्वहरूलाई न्याय दर्शनको पहिलो सूत्रमा यसअनुसार प्रस्तुत गरिएको छ- प्रमाण-प्रमेय-संशय-प्रयोजन-दृष्टान्त-अवयव-तर्क-निर्णय-वाद-जल्प-वितण्डा-हेत्वाभास-छल-जाति-निग्रहस्थानानां ।[6] यी सोह्र विषयहरूको संक्षिप्त व्याख्या देहायअनुसार रहेको छ :

[5] संस्कृत भाषामा "प्रमाण" शब्दको अर्थ त्यो साधन जसद्वारा कुनै विषयको ज्ञान प्राप्त हुन्छ । "प्रमाता" त्यो व्यक्ति हो जसले ज्ञान प्राप्त गर्दछ । प्रमाणबाट प्राप्त हुने सत्यज्ञानलाई "प्रमा" भनिन्छ । यथार्थ ज्ञानको विषयलाई "प्रमेय" भनिन्छ । यस्तैगरी, "प्रामाण्य" शब्दले प्राप्त ज्ञानले वैधता प्राप्त गरेको अवस्थालाई बुझाउँदछ ।

[6] आचार्य, पं. श्रीराम शर्मा (सम्पादक). न्याय दर्शन. संस्कृति संस्थान, बरेली, उत्तर प्रदेश, १९६४।

i. प्रमाण- यथार्थ ज्ञान प्राप्त गराउने साधन हो प्रमाण । यस दर्शनमा चार किसिमका प्रमाण हुने मानिएको छ- प्रत्यक्ष (इन्द्रियद्वारा प्राप्त ज्ञान), अनुमान (तर्कद्वारा प्राप्त ज्ञान), उपमान (उदाहरणद्वारा प्राप्त ज्ञान) र शब्द (शास्त्र वा वेदद्वारा प्राप्त ज्ञान) ।

ii. प्रमेय- प्रमेय भनेको प्रमाणद्वारा जानिने वस्तु हो, यसलाई ज्ञानको विषय मानिन्छ न्याय दर्शनमा। जसलाई प्रमाणित गरिन्छ वा जसलाई जानिन्छ त्यही प्रमेय हो । आत्मा, शरीर, इन्द्रिय, बौद्धिकता, पदार्थ, कर्म, दोष, प्रारब्ध, फल, दुःख, मोक्ष आदि प्रमेयका उदाहरण हुन् ।

iii. संशय- मनको अनिश्चित अवस्था । संशय भनेको कुनै वस्तुमा हुने शंका हो, जुन सही निर्णयमा पुग्न मद्दत गर्छ।

iv. प्रयोजन- कुनै वस्तुको प्राप्तिका लागि गरिने कर्म हो यो, यसले मानिसलाई काम गर्न प्रेरित गर्छ।

v. दृष्टान्त- ज्ञानका लागि अनुभव गरिएका उदाहरणहरू । दृष्टान्त भनेको उदाहरण हो, जुन तर्क र प्रमाणलाई पुष्टि गर्न प्रयोग गरिन्छ।

vi. सिद्धान्त- स्थापित सिद्धान्तलाई स्वीकार गरी ज्ञानको क्षेत्रमा अघि बढ्नु सिद्धान्त हो। यसले तर्क/शास्त्रलाई बलियो बनाउँदछ ।

vii. अवयव- अनुमानको अवयव । तर्कको विभिन्न हिस्सा अवयव हुन्, जसमा प्रतिज्ञा, हेतुवर्णन, दृष्टान्त, उपसंहार, निगमन आदि छन् । उदाहरणका लागि प्रतिज्ञा (Proposition) तर्कको मुख्य दावी हो । हेतु (Reason) प्रतिज्ञालाई समर्थन गर्ने कारण हो । उदाहरण (Example) तर्कलाई पुष्टि गर्ने दृष्टान्त हो । उपनय (Application) तर्कको विशिष्ट उदाहरणमा प्रयोग हुने कुरा हो भने निगमन (Conclusion) तर्कको निष्कर्ष हो ।

viii. तर्क- कुनै कुरालाई अप्रामाणिक देखाउने कार्य तर्क हो। तर्क भनेको कुनै विषयमा विवाद गर्न प्रयोग गरिने विधि हो।

ix. निर्णय- निश्चित ज्ञान । निर्णय भनेको विवादमा साँचो समाधान प्राप्त गर्ने विधि हो।

x. वाद- प्रमाण तथा तर्कको सहायताबाट विपक्षीको निष्कर्षलाई गलत तुल्याउने प्रयास । वाद भनेको दुई पक्षबीच हुने तर्कशास्त्रीय संवाद हो, जसमा सत्यको खोज हुन्छ।

xi. जल्प- जित हासिल गर्ने अभिलासासहित तर्क गर्नु । जल्प भनेको तर्कशास्त्रमा वादविवाद गर्ने एउटा तरिका हो, जुन प्रायः विवादास्पद तर्क हुन्छ ।

xii. वितण्डा- प्रतिवादीको विचारलाई खण्डन गर्नु । जित हासिल गर्ने उद्देश्य राखी कार्य गर्नु वितण्डा हो ।

xiii. हेत्वाभास- हेतुको दोष । आफ्नो पक्षको कुनै तर्क, सिद्धान्त नराखी केवल दोस्रो पक्षको सिद्धान्तको खण्डन गर्नु । हेत्वाभास भनेको त्रुटिपूर्ण तर्क हो, जसले मिथ्या निष्कर्ष निकाल्दछ।

xiv. छल- धोका । कसैले भनेको कुराको अर्थ बदलेर त्यो त्रुटीपूर्ण रहेको सङ्केत गर्नु छल हो ।

xv. जाति- दुष्ट उत्तर । समानता तथा असमानताका आधारमा देखाइने त्रुटि । जाति भनेको तर्कशास्त्रमा त्रुटिपूर्ण उपमा हो।

xvi. निग्रह स्थान- पराजयको अवस्था वा स्थान । निग्रह स्थान भनेको तर्कशास्त्रमा वार्ताको समाप्तिको स्थान हो, यो कुनै पक्षले हार मानेको अवस्था हो ।

उपर्युक्त विषयहरूमध्ये ज्ञान सदा प्रमेयको लिइन्छ । तत्त्वज्ञान भएपछि तदनुरूपको आचारण विकास हुँदैजान्छ र दुःख, जन्म, प्रवृत्ति, दोष तथा मिथ्याज्ञान नाश हुन्छ । मिथ्याज्ञानको नाश र तदनुरूप आचारण भएपछि मोक्षको द्वार पनि खुल्दछ ।

अन्य धेरै पौरस्त्य दर्शनले जस्तै न्याय दर्शनले पनि संसारलाई दुःखमय मान्दछ र यस दुःखबाट सदाका लागि मुक्ति पाउनुलाई नै जीवनको परम लक्ष्य ठान्दछ । वास्तवमा आत्मा शरीर, इन्द्रिय र मनभन्दा भिन्दै पदार्थ हो । अज्ञानवश मान्छे आत्मा, शरीर, इन्द्रिय र मनलाई एउटै ठान्दछ । यही अज्ञान हो र यही बन्धन हो । म शरीर र मन हुँ भन्ने मिथ्याज्ञान जबसम्म हट्दैन तबसम्म मान्छे संसाररुपी बन्धनमा फसिरहन्छ, जन्म र मृत्युको चक्रमा घुमिरहन्छ । यो मिथ्याज्ञानबाट छुट्नका लागि न्यायदर्शनमा श्रवण, मनन र निदिध्यासनको मार्गनिर्देश गरिएको छ ।

न्याय दर्शनको पहिलो सूत्रमा प्रस्तुत विभिन्न सोह्र तत्त्वहरूले कसरी मोक्ष मार्गतर्फ प्रवृत्त गराउँदछन् भनी दोस्रो सूत्रमा प्रस्तुत गरिएको छ । उक्त सूत्र देहाय अनुसार रहेको छ[7]-

"दुःखजन्मप्रवृत्तिदोषमिथ्याज्ञानानामुत्तरोत्तरापाये तदनन्तराभावादपवर्गः"

अर्थात्, तत्त्व साक्षात्कारपश्चात् मिथ्याज्ञानको निवृत्ति हुन्छ, मिथ्याज्ञानको निवृत्तिबाट रिस, राग, द्वेष, मोहजस्ता दोषहरूको निवृत्ति हुन्छ, दोषहरूको निवृत्तिबाट धर्म एवम् अधर्मरुपी प्रवृत्तिको निवृत्ति हुन्छ, यस निवृत्तिबाट पुनर्जन्मको निवृत्ति हुन्छ, पुनर्जन्म चक्रको निवृत्तिबाट समस्त दुःखको निवृत्ति हुन्छ र अन्तत मोक्ष प्राप्ति हुन्छ ।

## २.३.४ वैशेषिक दर्शन

पौरस्त्य आस्तिक दर्शनहरूमध्येको यो दर्शनका प्रणेता महर्षि कणाद हुन् । यिनको समय कहिले थियो भन्ने बारेमा विभिन्न मतहरू रहेका (आचार्य, नारायणप्रसाद, २०७६, पृ. १५३) हुँदा यकिन भन्न सकिने अवस्था रहेको छैन । यिनी पौरस्त्य दर्शनमा "कणभुक्", "कणभक्ष", औलुक्य तथा "काश्यप" नामले पनि प्रसिद्ध छन् । यसै भएर यस दर्शनलाई औलुक्य दर्शन अथवा काश्यपीय दर्शनका नामले पनि चिनिन्छ । यस दर्शनमा वैशेषिकको नामकरणका सन्दर्भमा न्यायकोषमा यसो भनिएको छ- "विशेषं पदार्थमधिकृत्य कृतं शास्त्रं वैशेषिकम्" अर्थात्, "विशेष" नामको पदार्थलाई मूल मानेर यसकै विवेचनामा बढीमा केन्द्रित भएकाले यस दर्शनलाई वैशेषिक दर्शन भनिएको हो ।

यस दर्शनअनुसार जीवनको लक्ष्य मोक्ष हो, मोक्षको प्राप्ति तत्त्वज्ञानबाट नै सम्भव हुन्छ, तत्त्वज्ञानका लागि पदार्थको विवेचना गर्नु आवश्यक छ। पदार्थलाई प्रष्टयाउँदै यस दर्शनमा भनिएको छ- जसलाई कुनै नामबाट जान्न सकिन्छ अर्थात् जुन ज्ञानको विषय बन्न सक्दछ, त्यही नै पदार्थ हो ।

वैशेषिक दर्शन ईश्वरको अस्तित्वमा विश्वास गर्दछ र वेदलाई ईश्वरको रचना मान्छ । यस दर्शन अनुसार यस सृष्टिको मूल पदार्थ परमाणु हो र यसको स्वभाव निष्क्रिय हुन्छ । ईश्वरले परमाणुको गतिको नियन्त्रण गर्दछन्, अदृश्य नियमका सञ्चालक हुन्,

---

[7] आचार्य, पं. श्रीराम शर्मा (सम्पादक). न्याय दर्शन. संस्कृति संस्थान, बरेली, उत्तर प्रदेश, १९६४।

कर्मफलदाता हुन् । ईश्वरले आफ्नो इच्छाले विश्वको सृष्टि तथा विनाश गर्दछन् र यसका लागि ईश्वरले परमाणुको गतिको नियन्त्रण गर्दछन् । यो दर्शन पदार्थको विवेचनमा बढी मात्रामा केन्द्रित भएकाले यसलाई पदार्थवादी दर्शन मानिन्छ । पदार्थलाई वैशेषिक सूत्र (१/१/५) मा निम्न अनुसार वर्गीकरण गरिएको छ-

पृथिव्यापस्तेजो वायुराकाशं कालो दिगात्मा मन इति द्रव्याणि ।

अर्थात्, पृथ्वी, अप (जल), तेज (अग्नि), वायु, आकाश, काल, दिक् (दिशा), आत्मा र मन द्रव्यहरू हुन् । वैशेषिकमा पदार्थ भन्नाले जसलाई शब्दले जानिन्छ त्यसलाई पदार्थ भनिएको छ । पदार्थलाई वैशेषिक सूत्रमा भाव पदार्थ र अभाव पदार्थ गरी दुई प्रकारमा वर्गीकरण गरिएको छ । जसलाई देखिन्छ त्यसलाई भाव पदार्थ भनिएको छ र यस्ता भाव पदार्थलाई यसअनुसार पुनः छ प्रकारमा वर्गीकरण गरिएको छ- द्रव्य, गुण, कर्म, सामान्य, विशेष, समवाय । वैशेषिक दर्शनमा यी छ पदार्थको मात्र उल्ले भएकोमा पछिका ग्रन्थकारहरूले अभाव नामक सातौं पदार्थ थप गरेकाले वैशेषिक दर्शनमा कुल सात प्रकारका पदार्थ मानिन्छ (कुमार, प्रकाश, र मिश्र (२०२३)) ।

अभाव अन्तर्गत ती पदार्थहरू पर्दछन् जसलाई हामी प्रत्यक्ष रूपमा अनुभव गर्न सक्दैनौं तर यिनको अस्तित्वलाई अस्वीकार पनि गर्न सकिँदैन । यी पदार्थहरूलाई 'नभएको' अवस्था वा 'अभाव' को रूपमा परिभाषित गरिएको छ । अभाव भनेको कुनै चीजको अनुपस्थिति हो । यो कुनै निश्चित स्थान वा समयमा कुनै वस्तु, गुण वा क्रियाको नहुनु हो। वैशेषिक दर्शनमा 'अभाव' भन्ने अवधारणाले हामीलाई संसारलाई एक व्यापक दृष्टिकोणबाट हेर्न मद्दत गर्दछ । यसले हामीलाई सकारात्मक र नकारात्मक दुवै पक्षहरूलाई बुझ्न सिकाउँछ। यस दर्शनमा विभिन्न प्रकारका अभावलाई एउटा गुणको रूपमा व्याख्या गरिएको छ । अभावको अवस्थालाई यसरी पनि प्रस्तुत गरिएको छ- सिर्जनाभन्दा पहिलेको अभाव, संहारपछिको अभाव, फरक द्रव्यहरूबीचको अभाव, पूर्णत अभाव ।

वैशेषिक दर्शनले भौतिक विश्वका सम्पूर्ण वस्तुहरू पदार्थबाट बनेको सिद्धान्त प्रस्तुत गरेको छ । कणादले पदार्थहरूलाई निम्न अनुसार छ प्रकारका रहेको बताएका छन् (झा, प्रो. हरिमोहन पृ.१९) :

- द्रव्य (Substance): सम्पूर्ण भौतिक जगत् द्रव्यबाट बनेको छ । नौ प्रकारका द्रव्यहरू रहेका छन्- भूमि, जल, अग्नि, वायु, आकास, समय, दिशा, मन र आत्मा
- गुण (Quality) : द्रव्यमा गुण हुन्छ । उक्त गुणहरू- रङ्ग, स्वाद, गन्ध, स्पर्श, सङ्ख्या, आकार हुन् । यसबाहेक द्रव्यमा छुट्टिने विशेषता (separateness), दुई वा दुईभन्दा बढी वस्तुहरूको संयोजन हुने विशेषता (conjunction), वस्तुहरू विभाजन हुने विशेषता (disjunction), अघिपछि हुने विशेषता (priority), समयको पछिल्लोपना (posteriority), र तरल पदार्थको बहने विशेषता (fluidity) हुन्छन् ।
- कर्म (Action) : द्रव्यमा हुने परिवर्तन वा गतिविधि
- सामान्य (Generality) : द्रव्यमा विश्वव्यापी वा आधारभूत विशेषताहरू हुन्छन् जसले तिनलाई एउटै वर्गमा वर्गीकृत गर्न सहयोग पुऱ्याउँदछ ।
- विशेष (Particularity) : द्रव्यमा विशेष विशेषताहरू हुन्छन् जसले एक द्रव्य र अर्को द्रव्यमा भेद गर्न सहज हुन्छ ।
- समवाय (Inherence) : द्रव्यमा केही अभेद्य गुणहरू हुन्छन् जसलाई तिनबाट छुट्याउन सकिँदैन । जस्तै दाउरामा बल्ने गुण, कुनै फूलको रङ आदि ।

यस दर्शनको मतअनुसार परमाणु संयुक्त हुँदा पदार्थको निर्माण हुन्छ र परमाणुबीच विच्छेद हुँदा पदार्थको नाश हुन्छ । यसका लागि गतिको आवश्यकता पर्दछ । परमाणुको स्वभाव निष्क्रिय हुने भएकाले यसमा गति दिन बाहिरी कारण आवश्यकता पर्दछ । यो दर्शनअनुसार यो गति प्रदान गर्ने शक्ति नै ईश्वर हो । अर्थात् परमाणुको गठन विघटन नियन्त्रित गरेर ईश्वरले सृष्टि र प्रलय गर्दछन् ।

यस दर्शनको अध्ययन गर्दा यो देहाय अनुसारका प्रमुख सिद्धान्तहरूमा आधारित रहेको देखिन्छ :

१. **परमाणुवाद** : यस दर्शनका अनुसार यो विश्व ब्रह्माण्ड थप विभक्त र विनाश गर्न नसकिने अणुहरूबाट बनेको छ । यी अणुहरूको विभिन्न किसिमको संयोजनबाट भौतिक विश्वको निर्माण भएको छ । वैशेषिक दर्शनमा परमाणु (अणु)लाई

जगत्‌को मूल उपादान मानिन्छ। यो विश्वास गरिन्छ कि प्रत्येक वस्तु दुई वा दुईभन्दा बढी परमाणुहरूको संयोगबाट बनेको हुन्छ । उदाहरणका लागि, दुई परमाणु मिलेर "द्वयणुक" बनाउँछन् र कतिपय द्वयणुकहरूको संयोगले "त्रसरेणु" उत्पन्न हुन्छ । यस प्रकार, सम्पूर्ण भौतिक संसार परमाणुको संयोजनबाट बनेको छ । यी द्रव्यहरू भूमि, जल, अग्नी र वायुसँग सम्बन्धित छन् ।

२. **असत्कार्यवाद** : वैशेषिक दर्शनमा यो विश्वास गरिन्छ कुनै पनि कार्यका पछाडि कारण रहेको हुन्छ । कारणहरू नित्य (सदा रहने) हुन्छन् जबकि कार्यहरू अनित्य (अस्थायी) हुन्छन् । यसले सृष्टि र विनाशको चक्रलाई स्पष्ट पार्न मद्दत गर्दछ साथै यस दर्शनको ईश्वरीय अस्तित्वमाथिको विश्वास पनि प्रतिविम्बित गर्दछ ।

३. **परमाणुनित्यतावाद** : यस दर्शनअनुसार परमाणुको अस्तित्व नित्य हुन्छ । परमाणुमा कुनै अवयव नहुने भएकाले यसको कहिल्यै विनाश पनि हुँदैन । परमाणुका साथै आत्मा, मन, दिशा, समय तथा आकाशलाई पनि अविनाशी र नित्य मानिएको छ ।

२. **अनेकात्मवाद** : यस सिद्धान्त अनुसार, जीवात्माहरू धेरै छन् र प्रत्येक जीवात्माले कर्मफल भोग गर्नका लागि अलग-अलग शरीर धारण गर्छ । यसले जीवनको विविधता र व्यक्तित्वको भिन्नतालाई स्पष्ट पार्छ ।

४. **मोक्षवाद** : यस दर्शनले जीवलाई ईश्वरले कर्मअनुसार फल दिन्छन् र जीवले कर्म अनुसार नै देह प्राप्त गर्दछ तथा कर्मको भोग नसकिएसम्म यस संसारमा उसको जन्मने मर्ने प्रक्रिया निरन्तर चलिरहन्छ भन्ने विश्वास गर्दछ । जीवात्माको परम लक्ष्य मोक्ष अर्थात् पुनर्जन्मको चक्रबाट मुक्त हुनुलाई मानिन्छ । यहाँ मिथ्या ज्ञानलाई दुःखको मुख्य कारण मानिन्छ, जसले जीवलाई सही मार्गमा जान्नबाट रोक्छ ।

वैशेषिक दर्शन मूलभूत रूपमा परमाणु तथा पदार्थको विवेचनमा बढी मात्रामा केन्द्रित भएको, यिनको अस्तित्वलाई नित्य मानी जगत्‌को मूल कारण मान्ने भएकाले यो एउटा भौतिकवादी दर्शन हो । यसैले यस दर्शनलाई वस्तुवादी दर्शन वा पदार्थशास्त्र नामले पनि चिनिन्छ ।

यसले ब्रह्माको सत्ता र स्वरूपको कुनै व्याख्या गर्दैन । यद्यपि यस दर्शनको मत अनुसार यति विशाल जगत् विद्यमान छ भने यसको कोही रचनाकार पनि हुनुपर्दछ र उही नै ब्रह्म हो । वेदको प्रामाणिकतालाई स्वीकार गर्ने भएकाले पौरस्त्य दर्शनमा यसलाई एउटा आस्तिक दर्शन मानिन्छ ।

## २.३.५ वेदान्त दर्शन

पौरस्त्य आस्तिक दर्शनहरूमध्ये वेदान्त दर्शनको स्थान उच्च रहेको छ । यो अद्वैतवादी दर्शन हो र यसले सारा ब्रह्माण्डलाई ब्रह्माकै अंशको रूपमा मान्दछ । कृष्ण द्वैपायन अर्थात् वेदव्यास रचित ब्रह्मसूत्र यसको मूल ग्रन्थ हो । ब्रह्म सूत्रको पहिलो पाद यसरी सुरु गरिएको छ- अथातो ब्रह्मजिज्ञासा ॥१॥ अर्थात् यस संसारको विभिन्न सुख दुःखको भोग गरिसकेपछि अब ब्रह्मालाई जान्ने बुझ्ने इच्छा हुनुपर्दछ । ब्रह्मालाई अर्थ्याउँदै दोस्रो सूत्रमा भनिएको छ- जन्माद्यस्य यतः ॥२॥ अर्थात्, देख्न सकिने, बुझ्न सकिने, अनुभव गर्न सकिने यस अद्भूत विश्वका रचयिता जुन परमात्माले सृष्टिको सिर्जना, पालन र अन्तमा संहार गरी आफैंमा लीन गराउनुहुन्छ, उनी नै ब्रह्म हुन् ।

वेदान्त दर्शनको मूल ग्रन्थ वादरायण रचित "ब्रह्मसूत्र" मूलतः वेद तथा उपनिषद्मा वर्णित मूल तत्त्वमा आधारित छ । उपनिषद् वैदिक साहित्यको अन्तिम भाग भएकाले यसलाई वेदान्त भनिएको हो । उपनिषद्मा आधारित यो वेदान्त दर्शन "उत्तर मीमांस" का नामले पनि चिन्ने गरिन्छ। यो मूलतः वेद तथा उपनिषद्को क्रमवद्ध सारांशका रूपमा देखिन्छ । पछि जैमिनि मुनिले पूर्वमीमांस सूत्रको प्रतिपादन गर्नुभयो। यसरी वेदान्त दर्शनका दुई भाग भए। यद्यपि वेदान्त दर्शन भन्नाले आदि शंकराचार्यको वेदान्त दर्शन नै बुझिन्छ ।

वेदान्त दर्शन उपनिषद्हरू प्रतिपादित तत्त्वज्ञानमा आधारित छ । यस दर्शनको सन्देश भनेको यो दृश्यवान् जे जति संसार छ, त्यसको मुख्य आधार ब्रह्म हो । यो अखण्ड, अद्वैत, नित्य, अनन्त रहेको छ र त्यो हामी प्रत्येकको अन्तरात्माका रुपमा विद्यमान छ (शास्त्री, १९५३) ।

वेदान्त दर्शनको मूल तत्त्व अद्वैतवाद हो । अर्थात्, प्राणी मात्रमा जो भिन्न भिन्न आत्मा देखिन्छ त्यो सबैं एउटै आत्मा हो । यो आत्मा मात्र शाश्वत हो र अन्य सबै मिथ्या

हो । यस दर्शनको मतअनुसार सिंगो संसार ब्रह्मा अर्थात् परमात्माकै विस्तारित रूप हो । अन्तिम सत्य, अविनाशी चैतन्य ब्रह्म मात्र हो । अन्य दृश्यमान् जगत् सबै मिथ्या हो, भ्रम हो। वेदान्त दर्शनको यस तर्कलाई निम्न सूत्रले प्रष्ट्याउँदछ-

ब्रह्मसत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नापरः ।
अनेन वेद्यं सच्छास्त्रमिति वेदान्तडिण्डिमः ॥

आदि शंकराचार्यका अनुसार ज्ञान नै मोक्षको साधन हो । ज्ञानको अर्थ आत्म साक्षात्कार प्राप्त गर्नु हो । ब्रह्मको ज्ञान नै एउटा यस्तो साधन हो जसले अमृततत्त्व प्राप्त हुन सक्दछ । यस दर्शनका मुख्य विषयवस्तु र तिनमा यस दर्शनको दृष्टिकोण देहायअनुसार रहेको छ :

**ब्रह्म** : आदि शंकराचार्यको वेदान्त दर्शनअनुसार ब्रह्मको प्रमुख विशेषता अनिर्वचनीयता हो। अर्थात्, अर्थात् ब्रह्म त्यस्तो वस्तु हो जसलाई शब्दले व्याख्या गरेर बुझ्न सकिँदैन । ब्रह्म सत् छ, ब्रह्म चेतन छ, ब्रह्म सच्चिदानन्द (सत्+चित्+आनन्द) स्वरूप छ । ब्रह्म दिशा र कालको सीमाभन्दा माथि छ। ब्रह्म भेदरहित छ, ब्रह्म निर्गुण भए पनि शून्य होइन । ब्रह्ममा आत्मा र अनात्माको भेद रहँदैन । माया ब्रह्ममा नै रहन्छ दृश्य जगत् मायाको प्रभावमा भए पनि ब्रह्मा मायाबाट प्रभावित हुँदैन ।

**जीव** : शरीर, इन्द्रीय र मनरुपी आवरणले ढाकिएको आत्मालाई जीव भनिन्छ । सबै आत्माहरू एउटै आत्माको विस्तारित रूप भए पनि एउटा घडाको पानी अर्को घडाको पानी घडाभित्र हुनाका कारण फरक देखिएको छ, त्यसैगरी आत्मा पनि शरीर, इन्द्रीय र मनरुपी आवरणले ढाकिएको हुँदा फरक फरक देखिएका हुन् । जसरी दुई घडा फुटेपछि दुवै घडाका पानी एक हुन्छन् त्यसैगरी शरीर, इन्द्रीय र मनरुपी आवरणबाट मुक्त भएपछि जीव भन्ने बुझाइ र व्यवहार समाप्त भई ब्रह्मसत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नापरःको अनुभूति हुन्छ ।

**माया** : जीव र आत्मा अर्थात् ब्रह्मबीच बाक्लो पर्दाको काम गर्नु मायाको काम हो। अर्थात् सत् चित् आनन्द स्वरूप अविनाशी आत्मालाई मायारुपी नाशवान् जगत् र बाह्यमुखी इन्द्रियपूर्ण क्षणभंगुर शरीरले ढाकेको हुनाले मिथ्या संसार नै सनातन प्रतीत भइरहेको हुन्छ । यद्यपि जब ज्ञानरुपी दिव्य चक्षुबाट नित्य निरञ्जन स्वरूपको बोध हुन्छ जब मायाको पर्दा उघ्रिएर यथार्थताको बोध हुन्छ । मोक्षका लागि यो बोध हुनु आवश्यक

छ । सांख्य दर्शनले प्रकृतिलाई जगत्को कारण मानेजस्तै शंकराचार्यको वेदान्त दर्शनअनुसार माया नै जगत्को कारण हो ।

**मोक्ष** : शरीर, इन्द्रीय र मनरुपी आवरणमा लपेटिएको आत्मा ज्ञान प्राप्ति र ब्रह्ममा एकाकार हुनुलाई मोक्ष भनिन्छ । वेदान्त दर्शनअनुसार आत्माको वास्तविक स्वरूप शुद्ध, मुक्त, नित्य, चैतन्य र अविनाशी भए पनि अविद्या र मायाभेदका कारण आफ्नो वास्तविक स्वरूप बिर्सिएको हुन्छ । अविद्या समाप्त भएपछि अर्थात् ज्ञान प्राप्तिपश्चात् मायाभेद समाप्त भई मोक्षको द्वार खुल्दछ । यसर्थ, जीवनकालमा नै जीवले मोक्ष प्राप्त गर्न सक्दछ । यसलाई जीवन्मुक्ति भनिन्छ । जीवन्मुक्त जीवले आफ्नो स्थूल र सूक्ष्म शरीरलाई त्यागेपछि विदेहमुक्त हुन्छ । यसरी जीवनकालमा जीवन्मुक्त र जीवनपश्चात् विदेहमुक्ति प्राप्त हुन सक्छ ।

वेदान्त दर्शनमा केही फरक मत राख्दै एघारौं शताव्दीमा रामानुजाचार्यले जीव तथा जगत्लाई ईश्वरबाटै निष्पन्न भए पनि जीव तथा जगत् पनि सत्य हो, मिथ्या हैन भन्ने तर्कसहित बहुत्वबाट अद्वैतको प्रतिपादन गरे । यसकारण उनको सिद्धान्तलाई विशिष्टाद्वैत भनिन्छ । उनको विशिष्टाद्वैत दर्शनअनुसार जसरी जीवको शरीर असत्य होइन भने जीव तथा जगत् पनि ईश्वरको शरीरको समान भएकाले यी पनि असत्य होइनन् । साथै, जीव तथा जगत् ब्रह्मबाटै निष्पन्न भए पनि जसरी जीवात्माको शरीरलाई आत्मा मान्न सकिँदैन त्यसैगरी जीव तथा जगत्लाई ब्रह्म मान्न सकिँदैन भन्ने मत राख्दै उनले ब्रह्मसत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नापरः भन्ने मान्यतामा आधारित वेदान्त दर्शनको खण्डन गरेका छन् ।

## २.३.६ मीमांसा दर्शन

मीमांसको सामान्य अर्थ जिज्ञासा, विश्लेषण वा वस्तुको यथार्थ स्वरूपको वर्णन भन्ने हुन्छ । ऋषि जैमिनी मीमांस दर्शनका प्रणेता हुन् । जैमिनीले प्रतिपादन गरेको २५ सय श्लोकहरू रहेको मीमांससूत्रलाई नै यस दर्शनको सर्वाङ्गपूर्ण ग्रन्थ मानिन्छ । "अथातो धर्मजिज्ञासा" वाक्यबाट यस सूत्रको प्रारम्भ गरिएको छ । यस ग्रन्थका सूत्रहरूमा वेदका कर्मकाण्ड सम्बन्धी व्याख्याहरूलाई सूत्रबद्ध ढङ्गले प्रस्तुत गरिएको छ । वेदका दुई भाग (पूर्वभाग र उत्तरभाग)मध्ये कर्मसम्बन्धी चर्चा रहेको वेदको पूर्व भागमा आधारित रहेको

यस दर्शनलाई पूर्वमीमांसा पनि भनिन्छ । यसका अतिरिक्त वेदका शब्द र अर्थहरूको व्याख्या भएकाले यस दर्शनलाई वाक्यशास्त्र पनि भन्ने गरिएको पाइन्छ ।

भारतवर्षमा बौद्ध धर्मको विस्तार उत्कर्षमा पुग्दा वेद तथा वैदिक धर्ममाथि विभिन्न किसिमले आक्षेप लागेको सन्दर्भमा यस दर्शनको विकास विस्तार भएको हो । साथै, त्यसबेला मौखिक रूपमा शिक्षा प्राप्त गर्ने स्मृति परम्परा रहिआएकोमा कालान्तरमा कर्मकाण्ड तथा यसका विधिहरू सम्बन्धमा विभिन्न विवाद तथा शंका उपशंका बढ्दै गएर आ-आफ्नै विद्या बुद्धि अनुसार यज्ञ तथा कार्मकाण्डको परम्पराको व्याख्या र निर्देशन गर्ने चलन बढ्दै गएको परिवेशमा वेदमा उल्लिखित विधिहरूलाई वेदोक्त ढङ्गमा मीमांस गर्दै सम्बद्ध सबैलाई उचित मार्गदर्शन गर्न मीमांस दर्शनको सूत्रपात भएको हो । पूर्वमीमांसको एउटा मुख्य उद्देश्य वैदिक कर्मकाण्डलाई पुष्टि गरी जनमानसलाई यसतर्फ आकर्षित गर्नु हो ।

मीमांसा दर्शन कर्मकाण्डमा केन्द्रित छ र यसले कर्मफल सिद्धान्तलाई मान्छ । यस अनुसार, मानिसले गरेका कर्मको फल उसैले भोग्छ । राम्रा कर्मले स्वर्ग र नराम्रा कर्मले नर्क प्राप्त हुन्छ भन्ने विश्वास गरिन्छ । यद्यपि, मीमांस दर्शनले स्वर्गलाई अस्थायी सुखको स्थान मान्छ। यहाँ मानिसले भौतिक सुख पाउँछन् तर यो सुख स्थायी हुँदैन । स्वर्ग प्राप्तिका लागि यज्ञ, दान, तपस्या जस्ता कर्मकाण्डको ठूलो महत्त्व छ किनकि यी कर्मकाण्डले देवताहरूलाई प्रसन्न पार्छन् । तर, मीमांस दर्शनले मोक्षलाई सर्वोच्च लक्ष्य मान्छ । यहाँ स्वर्ग प्राप्तिभन्दा मोक्ष प्राप्ति नै अधिक महत्त्वपूर्ण मानिन्छ ।

वेदमा उल्लिखित कर्मकाण्डका विषय बाहेक अन्य जान्ने बुझ्ने विषय अर्थात् "प्रमेय"को चिन्तन विश्लेषणलगायत दार्शनिक अवयवहरू नरहेको तर्क गर्दै कतिपय विद्वान्हरू मीमांसलाई दर्शनको मान्यता दिँदैनन् । यद्यपि ज्ञानको मूल स्रोतको रूपमा रहेको वेदकै विषयमा चर्चा, व्याख्या, विश्लेषण गर्ने भएकाले पौरस्त्य दर्शन साहित्यका छ वटा प्रमुख वैदिक दर्शनहरूमा यसलाई एउटा दर्शनका रूपमा मान्ने गरिएको छ । जैमिनिले मीमांसा दर्शनको बाह्रौं अध्यायमा मीमांसाको विषयमा चर्चा गरेका छन् । यसको पहिलो अध्यायलाई "तर्कपाद" भनिएको छ । यस अध्यायमा धर्म जिज्ञासा, धर्म लक्षण, धर्म प्रामाण्य, धर्ममा वेदको प्रामाण्य, शब्द नित्यता, वेदको अर्थ प्रत्यायकता तथा वेदको औपरुषेयकत्व सम्बन्धी विषयमा चर्चा गरिएको छ । मीमांसलाई बाह्रौं अध्याय व्याख्या

गरिएको र मीमांसका मूल विषय पनि बाह्र (धर्म जिज्ञासा, कर्मभेद, शेषत्व, प्रयोज्य-प्रयोजकभाव, कर्मको क्रम, अधिकार, सामान्य तथा विशेष, अतिदेश, ऊह, वाध, तन्त्र तथा आवाप) नै भएकाले कसैले यसलाई "द्वादशलक्षणी" पनि भन्ने गरेको पाइन्छ। मीमांस दर्शनका विशेषताहरू देहायअनुसार रहेका छन्-

- प्रामाणिकता : वेदहरूलाई प्रमाणको रूपमा मान्दछ ।
- अर्थ : वेदका पाठहरूको सही व्याख्या गर्दछ, अर्थ बुझ्न सहयोग गर्दछ ।
- उपदेश : जीवनका विभिन्न पक्षहरूका बारेमा वेदहरूले दिएक उपदेशहरू प्रस्तुत गर्दछ।
- सिद्धान्त : मीमांस सिद्धान्तहरूको विकासमा केन्द्रित छ ।
- अनुशासन : धार्मिक अनुशासनको पालन गर्न सघाउँछ, सुझाउँछ ।
- कर्म : कर्मको महत्त्व र तिनका परिणामहरूको व्याख्या गर्दछ ।
- धर्म : नैतिकता र धर्मको पालन गर्नुपर्ने आवश्यकतामा जोड दिन्छ ।
- संस्कार : संस्कारहरूको महत्व र तिनीहरूको प्रभावका बारेमा बताउँदछ ।
- वेदान्त : वेदान्तिक विचारधारासँग सम्बद्ध विषयहरू प्रस्तुत गर्दछ ।
- सत्यता : सत्यताको खोजी गर्नुपर्ने आवश्यकतामा जोड दिन्छ ।
- मोक्ष : मोक्ष प्राप्त गर्ने मार्गका बारेमा चर्चा गर्दछ ।
- अभ्यास : नियमित अभ्यास र साधना गर्न सुझाउँदछ ।

मीमांसा दर्शनअनुसार वेद निर्देशित यज्ञ, बलि, हवन आदि कर्मकाण्डको पालन गर्नु नै धर्म हो। यस दर्शनमा धर्म र कर्मलाई उच्च महत्व दिइएको छ । वेदमा वर्णित यज्ञ, कर्मकाण्डको व्याख्या र समग्रमा वेदको रक्षाका लागि प्रतिपादन गरिएको भए पनि कालान्तरमा वेदप्रतिको उपेक्षाभाव बढ्दै जाँदा यो दर्शन पनि छायामा परेको पाइन्छ ।

अन्य आस्तिक दर्शन जस्तै यस दर्शनले पनि वेदलाई अपौरुषेय मानेको छ । वेद अपौरुषेय भएकाले यसमा कुनै गल्ती हुँदैन भन्ने मान्यता भएकाले वेदमा उल्लेख गरेअनुसार कर्मकाण्डहरू गरेमा व्यक्तिले मोक्ष प्राप्त गर्दछ भन्ने यस दर्शनको दृष्टिकोण रहेको छ। मीमांशा दर्शनले प्रमाणहरूलाई ज्ञान प्राप्तिको आधार मान्दछ । इन्द्रीयबाट सीधा सम्पर्क भएर प्राप्त हुने ज्ञानलगायत अनुमान, उपमान, शब्द, घटनाहरूलाई पनि ज्ञान प्राप्तिको स्रोत मान्दछ । यस दर्शनले कहिल्यै नाश नहुने पदार्थहरूबाट सम्पूर्ण जगत् निर्माण भएको

मान्यता राख्दछ । यो भौतिकजगत् स्वचालित भएको हुनाले यसलाई सञ्चालन गर्न कुनै तत्त्वको आवश्यकता नपर्ने व्याख्या गर्दछ ।

## २.३.७ बौद्ध दर्शन

नेपालमा लुम्बिनीको कपिलवस्तुमा जन्मिएका सिद्धार्थ गौतमको आफ्नो वर्षौंको तपपश्चात्को अनुभव तथा उनले आफ्ना शिष्यहरूलाई गरेको उपदेशहरूमा आधारित छ- बौद्ध दर्शन । उनले २९ वर्षको उमेरदेखि ३५ वर्षको अवधिसम्म कठोर तप गरी यो ज्ञान प्राप्त गरेका थिए ।

यसक्रममा उनले प्रतिपादन गरेका चार आर्यसत्य यस दर्शनका मुख्य विषयवस्तु हुन्, जुन देहायअनुसार रहेका छन् :-

क) सर्वम् दुःखम्- संसार दुःखमय छ । संसार दुःखले भरिएको छ । जन्म, वृद्धावस्था, रोग, र मृत्यु जीवनका केही प्रमुख दुःख हुन्। दुःख नै अस्तित्वको पहिलो सत्य हो।

ख) दुःख समुदय- दुःखबाट पीडित भएर मानिसहरू दुःखबाट छुटकारा खोज्दछन् । दुःखको कारण हुन्छ । तृष्णा (इच्छा), लोभ, र आसक्तिका कारणले मानिस दुःख भोग्छ। तृष्णा नै दुःखको मूल कारण हो।

ग) दुःख निरोध- दुःख नाश हुन सक्छ । दुःखलाई निरोध गर्न, रोक्न सकिन्छ । तृष्णा, लोभ, र आसक्ति त्यागेपछि दुःखको अन्त्य हुन्छ । यसले निर्वाण (मुक्ति) प्राप्त गर्ने सम्भावनातर्फ अघि बढाउँछ।

घ) दुःखनिरोधगामिनी प्रतिपद- दुःखको नाश गर्ने उपाय पनि छ । अष्टाङ्गिक मार्ग (Eightfold Path) पालन गरेर दुःखको अन्त्य गर्न सकिन्छ । यसका लागि सही दृष्टि, सही संकल्प, सही वाणी, सही कर्म, सही आजीविका, सही प्रयास, सही स्मृति, र सही ध्यान आवश्यक हुन्छ ।

बुद्धले आत्मज्ञानबाट उपर्युक्त चार आर्यसत्यहरू प्रतिपादन गरेका हुन् । यी सत्यहरूले दुःखको कारण, प्रकृति र मुक्तिको मार्गलाई व्याख्या गर्छन् । बुद्धले आफ्नो अनुभवका आधारमा दुःखको कारण मनन गरेर मानिसहरूलाई दुःखको नाश गर्न सुझाएका छन् । बुद्धका विचारमा कायिक, वाचिक तथा मानसिक साधनाविना दुःखको नाश हुँदैन।

दुःखको नाश गर्न बुद्धले "अट्ठंगिकं मग्गम्" अर्थात् अष्टांगिक मार्ग (जगताप, २०१८)को उपदेश दिएका छन् जुन देहायअनुसार रहेका छन्ः-

१) "सम्मा-दिठ्ठि" (**सम्यक् दृष्टि**) अर्थात्, सही दृष्टि । यसको अर्थ संसारलाई ठीकसँग बुझ्न र चार आर्यसत्यको ज्ञान राख्न चार आर्यसत्यको ज्ञान हुनुपर्छ।

२) "सम्मा-संकल्प" (**सम्यक् सङ्कल्प**) अर्थात्, सही संकल्प । यसको अर्थ राग, द्वेष, हिंसा तथा सांसारिक विषयका परित्यागका लागि दृढ सङ्कल्प आवश्यक हुन्छ ।

३) "सम्मा वाचा" (**सम्यक् वाणी**) अर्थात्, सही वाणी । झूठ, अनुचित, दुर्वचनको परित्याय, सत्य वचनको पालना र हानी नगर्ने शब्दहरूको प्रयोग गर्नुपर्छ ।

४) "सम्मा-कम्मन्त" (**सम्यक् कर्म**) अर्थात्, सही कर्म । हिंसा, चोरी/अपरहरण, वासना पूर्तिको इच्छा त्याग गरी राम्रो कार्य गर्नुपर्छ । मेहनत र उद्यम गर्नुपर्छ ।

५) "सम्मा-आजीव" (**सम्यक् जीविका**) अर्थात्, सही आजीविका । ईमान्दारीपूर्ण, न्यायपूर्ण र नैतिक तरिकाले जीवन यापन गर्नुपर्छ ।

६) "सम्मा-वायाम" (**सम्यक् व्यायाम**) अर्थात्, सही प्रयास । खराब कुराहरू नाश गरी राम्रो कार्यका लागि उद्यत रहनुपर्छ । पापी विचारहरूलाई परित्याग गरी धर्मिक विचारहरूको पालना गर्नुपर्छ ।

७) "सम्मा-सति" (**सम्यक् स्मृति**) अर्थात् सही स्मृति । लोभ आदि छोडेर चित्त शुद्धि गर्नुपर्छ । शरीर, मन, भावनाहरू तथा विचारहरूको सही ढंगले परिचालित गर्नुपर्छ ।

८) "सम्मा-समाधि" (**सम्यक् समाधि**) अर्थात्, सही ध्यान । ध्यानमार्फत् मानसिक एकाग्रता र शान्ति प्राप्त गर्नुपर्छ ।

यी आठ मार्गहरूले दुःखको समाप्ति र निर्वाण प्राप्त गर्ने मार्ग देखाउँछन् । उपर्युक्त नियमहरू पालन गर्दै साधक क्रमशः आफ्नो लक्ष्य प्राप्तितर्फ अग्रसर हुँदै हरेक अवस्थामा दोषमुक्त भएर अगाडि बढ्नुपर्दछ भन्ने मान्यता छ । यसपश्चात् क्रमशः "श्रावक", "प्रत्येक बुद्ध" र "बोधिसत्व"को अवस्थाबाट गुज्रिएपछि साधकले बुद्धत्व प्राप्त गर्न सक्छ । यी अवस्थाहरूको सङ्क्षिप्त व्याख्या निम्नअनुसार छ-

१) **श्रावक-** यस अवस्थामा साधन विभिन्न दु:ख, क्लेश, अज्ञान तथा बाधाहरूले घेरिएको हुन्छ र भ्रान्तीयुक्त हुन्छ । तर, बुद्धत्व प्राप्तिका लागि उत्कट इच्छा भएकाले आचार्यसँग गएर उपदेश ग्रहण गर्दछ । वास्तवमा श्रावकहरू गौतम बुद्धका शिष्यहरू हुन्, जो बुद्धको शिक्षालाई सुनेर, सम्झेर र अभ्यास गरेर अर्हत (अरहन्त) अवस्थामा पुग्छन्। उनीहरूको उद्देश्य व्यक्तिगत मोक्ष (निर्वाण) प्राप्त गर्नु हो। उनीहरूले चार आर्यसत्य र अष्टाङ्गिक मार्गको अभ्यास गर्छन्। यसपश्चात् श्रावकले निर्माण प्राप्त गर्न निम्न अवस्थाहरूबाट गुज्रनु पर्दछ-

क) **स्रोतापन्न-** साधक संसारबाट विरक्त भई उसको चित्तवृत्ति पूर्णरूपमा निर्वाणप्राप्तितर्फ अग्रसर र दृढ भएको अवस्था । यस अवस्थामा साधकले चार आर्यसत्यलाई आत्मसात् गरेको हुन्छ । बौद्ध दर्शनअनुसार यस अवस्थाको साधकले संसारिक जीवनमा सातपटकसम्म मात्र पुनर्जन्म लिन्छ र आखिरमा निर्वाण प्राप्त गर्छ ।

ख) **सकृदागामी-** बौद्ध दर्शनमा सकृदागामी भन्नाले "एकपटक फर्कने" भन्ने अर्थमा बुझिन्छ । "सकृदागामी" दोस्रो स्तरको आर्य साधक हो । यस्तो साधक इन्द्रिय लोलुपता तथा अरुलाई हानी नोक्सानी गर्ने जस्ता दुईवटा प्रवृत्ति अर्थात् सांसारिक बन्धनबाट मुक्त भई आफ्नो लक्ष्यतर्फ उन्मुख हुन्छ । यस अवस्थामा "आस्रवों" अर्थात् क्लेशहरूको नाश गर्नु आवश्यक हुन्छ । यस अवस्थाको साधकले संसारिक जीवनमा केवल एकपटक मात्र पुनर्जन्म लिनेछ, त्यसपछि निर्वाण प्राप्त गर्नेछ ।

ग) **अनागामी-** यस अवस्थामा आइपुगेको साधक सकृदागामी अवस्थाका दुई बन्धनहरूबाट मुक्त भई निर्वाण प्राप्तितर्फ अग्रसर हुन्छ । यस अवस्थामा आइपुगेको साधक जन्म मरणको चक्रबाट मुक्त हुन्छ अर्थात् यस अवस्थामा आइपुगेको साधनले संसारिक जीवनमा पुनः जन्म लिने छैन, तर सूक्ष्म लोकमा जन्म लिएर निर्वाण प्राप्त गर्नेछ।

घ) **अर्हत्-** यस अवस्थामा साधक क्लेशलगायत रूपराग, अरूपराग, मान, औद्धत्य तथा अविद्याजस्ता बन्धनहरूबाट मुक्त हुन्छ । यस अवस्थामा साधकलाई तृष्णाबाट शान्ति मिल्छ । यस अवस्थामा आइपुगेको साधनले

पूर्ण निर्वाण प्राप्त गरेको हुन्छ र संसारिक जीवनको चक्रबाट मुक्त भएको भएको हुन्छ।

अर्हत्को अवस्थासम्म आइपुग्न साधकलाई उपर्युक्त चार अवस्थाबाट मुक्तिका लागि साधना गर्नुपर्दछ र अर्हत्को अवस्था प्राप्त भइसकेपछि साधन ज्ञाननिष्ठ हुन्छ । हीनयान बुद्धहरूको मुख्य लक्ष्य यस अवस्थासम्म आइपुग्नु हो ।

२) **प्रत्येक बुद्ध-** पूर्व जन्मका राम्रा संस्कारहरूका कारण जुन साधकलाई "प्रातिभ चक्षु" अर्थात् दिव्य दृष्टिको स्वतः प्राप्ति हुन्छ र उसलाई अन्यको उपदेशको सहारा लिनु आवश्यक हुँदैन भने त्यस्तो साधकलाई "प्रत्येक बुद्ध" भनिन्छ । यस्तो साधक अर्हत्स्तरभन्दा माथि उठिसकेको हुन्छ। ज्ञानी हुन्छ। तर यस्तो साधकले अरुको दुःख भने नाश गर्न सक्दैन ।

३) **बोधिसत्व-** यस अवस्थामा आइपुगेको साधक ज्ञान प्राप्त गर्न इच्छा राख्नुका साथै अरुका दुःखहरू नाश गर्न पनि तत्पर हुन्छ । आफ्नो कल्याण मात्र नहेरी अरूको दुःख नाश गर्न उद्यत् हुनु यस अवस्थाका साधकको विशेषता हो । महायान सम्प्रदायका बौद्धहरूको लक्ष्य यस अवस्थासम्म आइपुग्नु हो । यस अवस्थाका साधक करुणा र बोधिचित्त (ज्ञानप्राप्तिको भावना) का प्रतीक हुन् । बोधिसत्वहरूको मुख्य उद्देश्य सम्पूर्ण प्राणीहरूको दुःखको अन्त्य गर्नु हो।

बुद्धले आफ्ना शिष्यहरूका लागि "शिक्षा"का लागि "दश शील" (Ten Precepts) अर्थात् निम्नअनुसारका दश नियम बनाए- अहिंसा, अपरिग्रह, बह्मचर्य, सत्य, धर्मप्रति श्रद्धा, मध्यान्हपश्चात्को भोजन निषेध, विलासबाट वैराग्य, सुगन्धित द्रव्यहरूको निषेध, आरामदायी ओछ्यान तथा आसनको त्याग र सुनचाँदीजस्ता मूल्यवान् वस्तुहरूको अस्वीकार । बुद्धका शिष्यहरूलाई यी सबै नियम पालन गर्नु अनिवार्य थियो । उनी आफ्ना शिष्यहरूलाई यी सबै वस्तुहरू क्षणिक र नाशवान् भएकाले आफ्नो मुक्तिका लागि आफैं उद्यत् भइरहनु पर्दछ भन्ने बताउने गर्दथे । बुद्धका उपदेश तथा वाणीहरू मौखिक मात्र भएकाले कालान्तरमा बुद्ध धर्मभित्रै विभिन्न शाखा सम्प्रदायहरू विकास भए । उनका मुख्य तीन शिष्यहरू उपालि, आनन्द र महाकश्यपले धेरै समयसम्म बुद्धका उपदेशहरूलाई शिष्य परम्पराबाट सुरक्षित राखे । राजा अशोकको समय ईशापूर्व २४७ मा पाटलीपुत्रको तेस्रो

सभामा बुद्धका सबै उपदेशहरूलाई एकत्रित गरेर पश्चात् लंकामा लिपिबद्ध गरिएको मानिन्छ ।

## २.३.८ जैन दर्शन

आफ्ना इन्द्रियहरूलाई जित्ने भन्ने अर्थमा जिन् धातुबाट जैन शब्दको निर्माण भएको पाइन्छ । जैन शब्दले आध्यात्मिक विजेता वा इन्द्रिय विजेतालाई बुझाउँदछ ।[४] आफ्ना इन्द्रीयहरूको इच्छा आकांक्षाहरूमाथि पूर्ण नियन्त्रण गरेको, राग द्वेष, काम, क्रोध आदि बाधा विकारहरूबाट पूर्णतः मुक्त भएको व्यक्तिलाई बुझाउनलाई "जिन" शब्दको प्रयोग गरिन्छ । यस्ता व्यक्तिलाई तीर्थंकर भनिन्छ। जैन दर्शनका प्रणेता तथा पहिलो तीर्थंकर ऋषभदेव हुन् । उत्तर बिहारको वैशाली नजिक जन्मिएका वर्धमान महावीर तीर्थंकरहरूमध्येका चौबीसौं तथा हालसम्मका अन्तिम तीर्थंकर पनि हुन् । जैन मतमा तीर्थंकर त्यस्तो व्यक्ति हो जसले क्रोध, अभिमान, छल, वासना, कामना आदिलाई पूर्ण रूपमा जितेको हुन्छ र संसार सागर पार गर्ने तीर्थस्थल निर्माण गर्न सक्दछ ।

पौरस्त्य नास्तिक दर्शनहरूमध्ये यो एक प्रमुख दर्शन हो । यो दर्शन ईश्वरको अस्तित्वमा भन्दा आफ्नो कर्ममा ठूलो विश्वास राख्दछ । आफ्नो कर्म राम्रो भएमा मनुष्य "जिन" बन्न सक्ने धारणा रहेको छ, यस दर्शनमा । यसका लागि मानवको आचार र विचार अहिंसापूर्ण हुनुपर्छ भन्ने मान्यतामा केन्द्रित छ, यो दर्शन। यो दर्शनले आत्मा (जीव), पुनर्जन्म, कर्मवाद, आध्यात्मिक विचार, आचार, पञ्चव्रत, त्रिरत्न, मोक्षमा विश्वास गर्दछ । यसले ज्ञान वस्तुको गुण तथा धर्मको सापेक्ष हुन्छ भन्ने विश्वास गर्दछ । वस्तुको सत्तालाई ज्ञाताभन्दा पृथक् मान्ने भएकाले यो दर्शन एउटा वस्तुवादी दर्शन पनि हो । मूल तत्त्वलाई अनेक मान्ने भएकाले यस दर्शनलाई बहुत्ववादी दर्शन पनि मानिन्छ ।

जैन दर्शनले अहिंसा, अपरिग्रह र अनेकान्तवाद जस्ता मूल्यहरूमा जोड दिन्छ । जैन दर्शनका अनुसार, ब्रह्माण्डमा अनेक जीवहरू छन् र सबै जीवहरू मोक्ष प्राप्त गर्न चाहन्छन् । कर्मका कारण जीवहरूको पुनर्जन्म हुन्छ र तिनीहरू विभिन्न योनिमा जन्म लिन्छन् । जैन दर्शनले मोक्ष प्राप्त गर्नका लागि तपस्या, ध्यान र आत्म-अनुशासनलाई विशेष जोड दिन्छ । यस दर्शनले सत्य, अहिंसा, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह जस्ता पञ्च

---

[४] घिमिरे, २०२१

महाव्रतलाई आत्मसात् गर्न सिकाउँदछ। जैन दर्शनको अनेकान्तवाद अनुसार सत्य निरपेक्ष हुँदैन बरु यो सापेक्ष हुन्छ । यस दर्शनअनुसार कुनै पनि वस्तु वा घटनाको एकभन्दा बढी सत्य पक्षहरू हुन सक्छन् ।

जैन दर्शन अनिश्वरवादी दर्शन र वेदको प्रामाणिकतामा विश्वास नगर्ने दर्शन भए पनि यसले आत्माको अस्तित्वलाई स्वीकार गर्दछ । शारीरिक, मानसिक र वाणीमा नियन्त्रण गर्दै कठोर तपस्या, साधनाका माध्यमले अन्तः करणको शुद्ध गर्नु, आत्मसाक्षात्कार गर्नु तथा दुःख निवृत्ति गर्नु यस दर्शनको मूल लक्ष्य हो ।

जैनहरूले विश्वको प्राकृतिक तथा अप्राकृतिक स्वरूपहरूलाई मध्यनजर गरी सात प्रकारका मूल तत्त्वहरूको पहिचान गरेका छन् जुन देहायअनुसार रहेका छन्- जीव, अजीव, आस्रव, बन्ध, संवर, निर्जरा, तथा मोक्ष । यस दर्शनअनुसार यो ब्रह्माण्ड एवम् यसका पदार्थहरू शाश्वत हुन्, यिनीहरूको कुनै आदि र अन्त्य छैन । सबै पदार्थहरू निरन्तररूपमा आफ्नो स्वरूप बदलिरहन्छन् यी सबै ब्रह्माण्डीय नियमअनुसार आफ्नो हिसाबले चल्छन् ।

जैन दर्शनमा प्रतिबद्धताहरू, सिद्धान्तहरू, त्रिरत्न र ज्ञानका पाँच प्रकारको व्याख्या गरिएको छ, जुन देहायअनुसार छन्-

**जैन दर्शनका पाँच प्रमुख प्रतिवद्धताहरू**

- **अहिंसा-** मानिसले जस्तो सोच्छ (विचार), त्यस्तै गर्छ र जस्तो गर्छ (आचार) त्यस्तै विचार पनि गर्दछ। यसर्थ आचार र विचार दुवै पूर्णत अहिंसायुक्त हुनुपर्दछ । "अहिंसा परमो धर्मः" यस दर्शनको मुख्य पहिचान हो । हिंसालाई परिभाषित गर्दै आचार्य उमास्वातिले भनेका छन्- "प्रमत्तयोगात् प्राणव्यपरोपणं हिंसा"- अर्थात्, जानेर वा नजानेर (प्रमादवश) जुन प्राणघात हुन्छ त्यसलाई हिंसा भनिएको छ। हिंसालाई भावहिंसा र द्रव्यहिंसा गरी दुई किसिमले वर्गीकरण गरिएको छ । कसैप्रति रिस, द्वेषको भावना आउनुलाई भावहिंसा र अनायासै कसैको प्राणनाश गर्नुलाई द्रव्यहिंसा भनिन्छ । जैन दर्शनमा श्रोत्रेन्द्रीय प्राण, चक्षुरिनिन्द्रय प्राण, घ्राणेन्द्रीय प्राण, रसनेन्द्रीय प्राणलगायत दश किसिमका प्राणहरूले उल्लेख गरिएको छ, यीमध्ये कुनै पनि प्रकारको प्राणको हनन नगर्नुलाई अहिंसा भनिएको छ ।

- **अपरिग्रह-** सम्पत्ती ग्रहण नगर्नु । जीवन निर्वाहका लागि नभइ नहुने वस्तुबाहेक अरु सबै साधनको अस्वीकार गर्नुलाई अपरिग्रह भनिन्छ । आत्मशुद्धिका लागि बाह्य वस्तुको त्याग पनि अपरिग्रह हो।
- **सत्य-** झूठो नबोल्नु । साधकले क्रोधरहित भएर निर्भयका साथ सत्य बोल्नु पर्दछ ।
- **अस्तेय-** चोरी नगर्नु ।साधकले अरुको वस्तु लिनु हुँदैन । गलत ढङ्गले पैसा कमाउनु तथा विना अनुमति कसैको सामान यता उति लैजानु पनि अस्तेय नै हो ।
- **ब्रह्मचर्य-** अविवाहित जीवन । सबै प्रकारका विषयभोग (वासना) तथा कामवासनाबाट मुक्त हुनु ब्रह्मचर्य हो।ब्रह्मचर्य अन्तर्गत मन, वचन र कर्म तीनै किसिमले संयममा रहनु पर्दछ ।

### जैन दर्शनका तीन प्रमुख सिद्धान्तहरू

- **अहिंसा-** यस दर्शनको मूल उद्देश्य पनि मानिसलाई दुःखबाट मुक्ति दिनु हो । यस सन्दर्भमा यदि मानिसले कुनै पनि हिंसा नगरेको खण्डमा संसारमा दुःख पनि हुँदैन भन्ने दृष्टिकोण रहेको छ ।
- **अनेकान्तवाद-** यसको सामान्य अर्थ हो, "अनेक कोणबाट हेर्ने दृष्टिकोण"। कुनै पनि विषय वा वस्तुका अनेक आयाम हुने भएकाले विभिन्न कोण, समय, र परिवेशमा तिनको फरक फरक विशेषता हुन्छ जसले गर्दा कुनै पनि मानिसमा पूर्ण ज्ञान नभएको हुँदा एउटै दृष्टिकोणबाट मात्र विषयवस्तुलाई सिद्ध गर्न सकिँदैन । यसर्थ कुनै पनि विषयवस्तु वा घटनालाई अनेक कोणबाट हेरेर मात्र सत्य पहिचान गर्न सकिन्छ ।
- **अपरिग्रह-** यस दर्शनअनुसार बाँच्नका लागि न्यूनतमक आवश्यकताभन्दा बढी वस्तुहरूको संग्रह (परिग्रह) गर्नु हुँदैन ।भौतिक वस्तुहरूप्रति आशक्ति भाव हुँदा नभएको अवस्थामा दुःखको महसुस हुन्छ ।

### यस दर्शनका त्रिरत्नहरू

- सम्यक दर्शन- तीर्थंकरहरूप्रति पूर्ण विश्वास राखु
- सम्यक ज्ञान- जैन धर्म तथा मुक्तिका विषयमा सम्पूर्ण र सच्चा ज्ञान राखु
- सम्यक आचरण- तीर्थंकरहरू सरह आचरण एवम् व्यवहार गर्नु

**जैन दर्शनमा ज्ञानका पाँच प्रकार**

- **मति ज्ञान** : यो इन्द्रिय र मनबाट प्राप्त हुने ज्ञान हो । यो प्रत्यक्ष अनुभवमा आधारित हुन्छ । उदाहरणका लागि, हामी आँखाले देखेर, कानले सुनेर वा स्पर्श गरेर प्राप्त गर्ने ज्ञान हो ।
- **श्रुत ज्ञान**: यो शब्द, वाक्य वा लेखनबाट प्राप्त हुने ज्ञान हो । यो अरुबाट सिकिएको ज्ञान हो । उदाहरणका लागि, किताब पढेर, गुरुबाट सिकेर वा अरुसँग कुराकानी गरेर प्राप्त हुने ज्ञान ।
- **अवधि ज्ञान** : यो एक विशेष प्रकारको अतीन्द्रिय हो जसले साधकलाई भौतिक सीमाहरूबाट पर बस्तुहरू देख्न, सुन्न, वा बुझ्न सक्षम बनाउँछ । यो ज्ञान मानसिक शक्तिको माध्यमबाट प्राप्त गरिन्छ र यसलाई केवल आत्मिक परिपक्वता प्राप्त गरेका साधकहरूले अनुभव गर्न सक्छन् । यसका माध्यमबाट व्यक्तिले अतीत, वर्तमान र भविष्यका घटनाहरूलाई देख्न सक्छ ।
- **मनःपर्यव ज्ञान** : यो ज्ञानको माध्यमबाट व्यक्तिले अरुको मन पढ्न सक्छ । अर्थात्, अरुको विचार, भावना र इच्छाहरूलाई बुझ्न सक्छ ।
- **केवल ज्ञान :** यो सर्वज्ञताको अवस्था हो । यो ज्ञान प्राप्त गर्ने व्यक्तिले सबै कुरा जान्दछ । यो सबैभन्दा उच्च प्रकारको ज्ञान हो र केवल तीर्थंकरहरूले मात्र यो ज्ञान प्राप्त गर्न सक्छन् ।

सारांशमा भन्नु पर्दा जैन दर्शनले जीवनको अर्थ, कर्म, पुनर्जन्म, मोक्ष र सत्यको खोजी गर्दछ । यसले मानिसलाई एक नैतिक र आध्यात्मिक जीवन जिउन प्रेरित गर्दछ ।

## २.३.९ चार्वाक दर्शन

चार्वाक दर्शन, प्राचीन पौरस्त्य दर्शनहरूमध्येको एक चर्चित नास्तिक दर्शन हो । यो अवैदिक र भौतिकवादी दर्शन भएकाले यसले ईश्वर तथा आत्माको अस्तित्वलाई स्वीकार गर्दैन तथा ब्रह्म र मुक्तिमा पनि विश्वास गर्दैन । यस दर्शनलाई लोकायत पनि भनिन्छ । चार्वाक दर्शनको नाम "चारु" (सुन्दर) र "वाक्" (बोली) शब्दबाट आएको हो, जसले मिठो बोली बोल्ने व्यक्तिहरूलाई जनाउँछ । यस दर्शनले वैदिक धर्मका कर्मकाण्ड र धार्मिक

आस्थाहरूको आलोचना गर्दछ । यस दर्शनका अनुयायीहरू भौतिक संसारलाई नै सबैथोक मान्दछन् । यिनीहरू आत्मा, परमात्मा, स्वर्ग, नर्क, मोक्ष आदि कुनै पनि अलौकिक अवधारणामा विश्वास गर्दैनन् । प्रत्यक्ष प्रमाणमा मात्र विश्वास गर्नु यिनीहरूको एक प्रमुख विशेषता हो ।

यस दर्शनले स्वर्ग, नर्क, मोक्ष जस्ता अवधारणाहरूलाई अस्वीकार गर्दै केवल भौतिक संसार र यसका दृश्यमान कुराहरूमा विश्वास गर्दछ । चार्वाक मतका अनुसार, सत्य भनेको केवल त्यो कुरा हो जुन प्रत्यक्ष इन्द्रियहरूले अनुभव गर्न सकिन्छ । अनुमान वा अन्य कुनै तर्कलाई प्रमाण मानिँदैन ।

चार्वाक दर्शनले यस संसारलाई नै सबथोक मान्दछ । यस दर्शन अनुसार, सुख र दुःख दुवै यही संसारमा भोगिने कुरा हुन् । मानिसले जीवनभर सुखको खोजी गर्नुपर्छ भन्ने व्याख्या गर्दै यस दर्शनले दुखलाई एउटा भौतिक अवस्थाका रूपमा व्याख्या गर्दछ । यो दर्शनले इन्द्रिय सुखलाई जीवनको उद्देश्य मान्दछ ।

यस दर्शनले पृथ्वी, जल, तेज र वायुलाई चार प्रमुख तत्त्व मान्छ तर आकाशलाई अस्वीकार गर्दछ किनकि यो प्रत्यक्ष रूपमा देख्न सकिँदैन । चार्वाक दर्शनले आत्माको अस्तित्वलाई अस्वीकार गर्दै चेतनालाई शरीरको एउटा गुण मान्दछ । मृत्युपछि चेतनालगायत सबै समाप्त हुन्छ भन्ने यसको विश्वास छ । धर्म भनेको प्राकृतिक नियमहरूको पालन गर्नु हो भन्ने यसको धार्मिक दृष्टिकोण हो ।

ईश्वरको अस्तित्व तथा पुनर्जन्मलाई अस्वीकार गर्नु र केवल वर्तमान जीवनमा सुख भोग्नुपर्ने कुरामा जोड दिनु यो दर्शनको प्रमुख विशेषता हो । यो चरम भौतिकवादी दर्शन हो । यसले मानव जीवनको आध्यात्मिक पक्षलाई पूर्णतः बेवास्ता गरेको छ । निम्नअनुसारका संस्कृत श्लोकहरूले यस दर्शनको भौतिकवादी उझान प्रस्तुत गर्दछ :

- **यावत् जीवेत् सुखं जीवेत्, ऋणं कृत्वा घृतं पिबेत। भस्मीभूतस्य देहस्य पुनरागमनं कुतः** अर्थात्, जबसम्म बाँच्छौं, सुखले बाँचौं । ऋण गरेर पनि घ्यू पिउँ, अर्थात् मीठै खाउँ । जलेको शरीर फेरि कसरी फर्कन सक्छ ? यस श्लोकमा चार्वाकहरूको भौतिक सुखप्रतिको मोह र पुनर्जन्म तथा मोक्ष जस्ता विषयहरूलाई विश्वास नगर्ने दृष्टिकोणलाई स्पष्ट रूपमा प्रस्तुत गरिएको छ ।

- **नास्ति परलोकोऽस्ति, नास्ति स्वर्गो न नरकः** अर्थात्, परलोक छैन, स्वर्ग छैन, नर्क छैन । यस श्लोकले चार्वाकहरूको अलौकिक कुराहरूमा विश्वास नगर्ने दृष्टिकोणलाई स्पष्ट पार्छ ।
- **आत्मा नास्ति शरीरमेवः** अर्थात्, आत्मा छैन, शरीर नै सबै हो । यस श्लोकले पनि चार्वाकहरूको आत्माको अस्तित्वमा विश्वास नगर्ने दृष्टिकोणलाई प्रस्तुत गर्दछ ।

यस दर्शनका मूल ग्रन्थहरू हराइसकेका हुनाले अन्य दर्शनशास्त्रीहरूले लेखेका ग्रन्थहरूमा भर पर्नुपर्ने अवस्था रहेको छ ।

**चार्वाक दर्शनका मुख्य सिद्धान्तहरू**

- **भौतिकवादः** चार्वाकहरूका अनुसार, भौतिक संसार नै यथार्थ र सत्य हो । यसबाहेक अन्य सत्य कुरा छैन । आत्मा, परमात्मा जस्ता अदृश्य तत्त्वहरूको अस्तित्व हुँदैन ।
- **प्रत्यक्षवादः** चार्वाकहरू प्रत्यक्ष अनुभवलाई मात्र ज्ञानको स्रोत मान्दछन् ।
- **सुखवादः** चार्वाकहरू भौतिक सुखलाई जीवनको लक्ष्य मान्दछन् ।
- **अस्तित्ववादः** चार्वाकहरूका अनुसार, मृत्युपछि जीवको सबै कुरा सकिन्छ। शरीर नष्ट भएपछि सबै कुराको अन्त्य हुन्छ।

चार्वाक दर्शनले भारतीय दर्शनमा एक भिन्न दृष्टिकोण प्रस्तुत गर्दछ । यस दर्शनले भौतिक संसारको महत्वलाई जोड दिँदै आध्यात्मिक कुराहरूलाई अस्वीकार गर्दछ । यस दर्शनको आलोचना पनि उत्तिकै भएको भए पनि यो एउटा महत्वपूर्ण दार्शनिक धारणा हो जसले मानव जीवनका वास्तविकताहरूलाई प्राथमिकता दिन्छ । यसले धार्मिक आस्थाहरूलाई चुनौती दिँदै वैज्ञानिक सोचको विकासमा योगदान पुऱ्याएको मानिन्छ । ईश्वरीय अस्तित्वको चिन्तन नगर्ने तथा ईश्वरीय अस्तित्वको विश्वास नगर्ने धेरै मानिसहरूको सोच र स्वभावलाई यस दर्शनले धेरै हदसम्म प्रतिनिधित्व गर्दछ ।

# तृतीय अध्याय : राजर्षि जनक र उनको वंश

## ३.१ राजर्षि जनकको वंश

विद्वान्हरूले जनकवंशको पुर्ख्यौली ब्रह्मादेखि सुरु भएको देखाएका छन् । यस अनुसार, पद्कल्पको आरम्भमा बिष्णुरुप विराटको उत्पत्ति भयो । विष्णुका नाभिबाट कमल उत्पन्न भयो। त्यस कमलमा ब्रह्मा उत्पन्न भए । ब्रह्माका विभिन्न मानस पुत्रहरूमध्ये निमिबाट जनक वंशको आरम्भ भयो ।[9] प्रथम जनदेव जनकले राज्य गरेको कालदेखि महाभारतकालभन्दा केही शताव्दीपछिसम्म जति राजाहरूले मिथिलामा शासन गरे, ती सबै जनक नामले पुकारिन्थे । यसक्रममा त्यहाँ हजारौं राजाहरूले राज्य गरे, जसमध्ये ज्ञानी, पराक्रमी र नाम चलेका राजाहरू ५६ जना भए ।[10] यस वर्णनबाट ब्रह्माका मानसपुत्र निमि नै जनकवंशका प्रथम राजा भएको देखिन्छ ।

वाल्मीकि रामायणको एकहत्तरौं सर्गःमा श्रीराम तथा लक्ष्मणसँग क्रमशः सीता तथा उर्मिलाको विवाह गरिदिने सन्दर्भमा आफ्नो प्रतिज्ञाको वर्णन गर्दै सिरध्वज जनकले कुल/वंशको परिचय दिएका छन्। यस क्रममा उनले वर्णन गरेअनुसार प्राचीनकालमा निमि नामक एक परम धर्मात्मा राजा थिए। उनको पराक्रम तीनै लोकमा विख्यात थियो। निमिका पुत्र मिथि थिए र मिथिका पुत्रको नाम जनक थियो। उनै जनकको नामबाट

**बाल्मीकि रामायणमा जनक वंशको वर्णन**

राजाभूत् त्रिषु लोकेषु विश्रुतः स्वेन कर्मणा
निमिः परमधर्मात्मा सर्वसत्त्ववतां वरः ।३।
तस्य पुत्रो मिथर्नाम जनको मिथिपुत्रकः
प्रथमो जनको राजा जनकादप्युदावसुः ।४।
उदावसेस्तु धर्मात्मा जातो वै नन्दिवर्धनः ।
नन्दिवर्धसुतः शूरः सुकेतर्नाम नामतः ।५।
सुकेततोरपि धर्मात्मा देवरातो महाबलः
देवरातस्य राजर्षेर्बृहद्रथ इति स्मृतः ।६।
बृहद्रथस्य शूरोऽभून्माहावीरः प्रतापवान्
महावीरस्य धृतिमान् सुधृतिः सत्यविक्रमः ।७।
सुधृतेरपि धर्मात्मा धृष्टकेतुः सुधार्मिकः
धृष्टकेतोश्च राजर्षेर्हर्यश्व इति विश्रुतः ।८।
हर्यश्वसय मरुः पुत्रो मरोः पुत्रः प्रतीन्धकः
प्रतीन्धस्य धर्मात्मा राजाकीर्तीरथः सुतः ।९।
पुत्र कीर्तिरथस्यापि देवमीढ इति स्मृतः
देवमीढस्य विबुधो विबुधस्य महीध्रकः ।१०।
महीध्रकसुतो राजा कीर्तिरातो महाबलः
कीर्तिरातस्य राजर्षेर्महारोमा व्यजायत ।११।
महारोम्णस्तु धर्मात्मा सवर्णरोमा व्यजायत
स्वर्णरोम्णस्तु राजर्षेर्ह्रस्वरोमा व्यजायत ।१२।
तस्य पुत्रद्वयं राज्ञो धर्मज्ञस्य महात्मनः
ज्येष्ठोऽहमनुतो भ्राता मम वीरः कुशध्वजः ।१३।

---

[9] त्रिपाठी, जगन्नाथ शर्मा (पत्रं पुष्पम्), जनक दर्शन, रामहरि तिमल्सिना (अनु.), २०५५

[10] ऐ.

उनीपश्चात्का राजर्षि जनक वंशका प्रत्येक राजालाई "जनक" भनियो । साथै "मिथि" राजाले राज्य गरेको हुनाले उनको राज्यको नाम पनि मिथिला कहलियो । जनकबाट उदावसु र उनबाट धर्मात्मा नन्दीवर्धन उत्पन्न भए । नन्दीवर्धनबाट सुरवीर पुत्र सुकेतु र उनबाट देवरात नामक पुत्र जन्मिए। देवरात महान् बलवान् तथा उत्तिकै धर्मात्मा पनि थिए। देवरातका पुत्र वृहद्रथ नामले ख्यातिप्राप्त भए। वृहद्रथका पुत्र महावीर भए जो शूरवीर एवम् प्रतापी भए । महावीरबाट सुधृतिको जन्म भयो, उनी धैर्यवान् र सत्यपराक्रमी भए । सुधृतिबाट धृष्टकेतु जन्मिए जो परम धार्मिक थिए भने धृष्टकेतुका पुत्र हर्यश्व नामले विख्यात भए । यसैगरी, हर्यश्वका पुत्र मरु, मरुका पुत्र प्रतिन्ध तथा प्रतिन्धकका पुत्र कीर्तिरथ भए । कीर्तिरथबाट देवमीढ,उनीबाट विबुध र विबुधपछिका जनक महिध्रक भए । महिध्रकका पुत्र महाबली राजा कीर्तिरात र उनका पुत्र महारोमा भए । महारोमाबाट धर्मात्मा राजा स्वर्णरोमा जन्मिए र उनीपछिका जनक हर्षरोम भए । हर्षरोमका दुई पुत्र भए जसमध्ये जेठा सीरध्वज भए । यिनै मिथिला नरेशले यज्ञभूमिमा हलो जोत्दै गर्दा भूमिबाट सीता प्रकट भइन् । यी सिरध्वजभन्दा अघि उनका २५ पुस्ताले मिथिलामा राज गरेको देखिन्छ भने उनीभन्दा पछि भानुमानदेखि कृति/करालसम्म कुल ३२ पुस्ताहरू राजा भएको देखिन्छ । उक्त ३२ पुस्ताका राजाहरू देहाय अनुसार रहेका थिए[11] :

भानुमान ⇒ शतधुम्न ⇒ शुचि ⇒ शतध्वज ⇒ कृति ⇒ अंजन ⇒ कुरुजित ⇒ अरिष्टनेमी ⇒ श्रुतायु ⇒ सुपाश्व ⇒ संजय ⇒ क्षेमावी ⇒ अनेना ⇒ भौमरथ ⇒ सत्यरथ ⇒ उपगु ⇒ उपगुप्त ⇒ स्वागत ⇒ स्वानन्द ⇒ सुवर्चा ⇒ सुपाश्व ⇒ सुभाष ⇒ सुश्रुत ⇒ जय ⇒ विजय ⇒ ऋत ⇒ सुनय ⇒ वीतहव्य ⇒ धृति ⇒ बहुलाश्व ⇒ कृति/कराल

यसअनुसार कृति/करालसम्म ५४ पुस्ताको शासनकालपश्चात् जनकवंशको समाप्त हुन्छ।[12] डा. विजय दत्तको विदेह सभ्यता, प्राचीनदेखि अर्वाचीनसम्म नामक पुस्तकमा उल्लेख भए अनुसार विदेहका अन्तिम राजा कृति करालले पदीय दायित्व वहन नगरेकै कारण राजकीय पदबाट च्युत हुनु परेको थियो । बृहद् विष्णु पुराणका अनुसार कृति

[11] विजय दत्त, *विदेह सभ्यता : प्राचीनदेखि अर्वाचीनसम्म*, प्रकाशन सहयोग कामेश्वरी वासुदेव स्मृति प्रतिष्ठान, २०८०

[12] गुप्त, श्रीमुनिलाल (अनु.), श्रीविष्णुपुराण, गीताप्रेस गोरखपुर, सं. २०७६

दुराचारी भएर निस्किएकाले जनताले क्रान्ति गरेर उनलाई सत्त्याच्युत गरेका थिए । डा. दत्तले आफ्नो पुस्तकमा उल्लेख गर्नुभए अनुसार कृतिको शासन कालपछि मिथिलाले गणतान्त्रिक व्यवस्था अंगीकार गऱ्यो । ज्ञान र शास्त्रार्थमूलक परिपाटीहरू हराउँदै गए । प्रज्ञा प्रतिष्ठानको दर्शनावली (९) मा प्रा.डा. शैलेन्द्रनारायण मल्लिकले पनि पावन भूमि मिथिला-जनकपुरको सङ्क्षिप्त सर्वेक्षण नामक लेखमा पनि जनकहरूको शासनकालपछि मिथिलामा गणतान्त्रिक व्यवस्था सुरु भएको उल्लेख गरेका छन् । यहाँ भनिएको छ- कृतिको पतन भएपछि २८ मैथिल राजाहरूले जनकपुरमा शासन गरेको उल्लेख प्राचीन स्रोतमा पाइन्छ, तर त्यसपछिका विदेह वा मैथिलहरूले गणतन्त्र व्यवस्था मान्न थालेका थिए भनी मानिएको छ ।

प्रारम्भिक मध्ययुगीन कालमा आइपुग्दा मिथिलाको कृषिप्रधान समाजमा आमूल परिवर्तन भयो । गुप्ताकाल पश्चात्को कालमा मिथिला धेरै भारतीय उपमहाद्वीपका विभिन्न भागहरूबाट आएका राजपुत कुल र लडाकु जनजातिहरूको आश्रयस्थल बन्यो । यसले गर्दा यहाँ सामन्तवादीहरूको उदय भयो र अनगिन्ती साना राज्यहरूको गठन भयो ।[13]

मिथिला माहात्म्यमा ऋषि पराशरले जनकका कुलमा महर्षिजस्ता तेजवान्, मर्यादाले सुसम्पन्न एवम् विख्यात राजाहरू जन्मिएका र यसै क्रममा ज्ञान-विज्ञानले युक्त, आधि एवम् व्याधिले रहित पौरुषयुक्त हर्षरोम नामका राजा विख्यात भए भनिएको छ ।

## ३.२ राजर्षि जनक

राजर्षि जनक[14] पौरस्त्य वैदिक साहित्यमा प्रकाण्ड विद्वान् र ब्रह्मज्ञानी मानिन्छन् । भारतीय उपमहाद्वीप क्षेत्रभरिकै तत्कालीन प्रख्यात राज्यहरूमा मिथिलाको नाम अग्रपङ्क्तिमा

[13]. Shankar, J. K. Choudhary. *Early medieval agrarian formation of Mithila*. JETIR, August 2020, Volume 7, Issue 8.

[14] जनक वंशमा नाम चलेका ५४ राजाहरूमध्ये राजर्षि जनक कुन हुन् भन्ने सम्बन्धमा विद्वान्हरूबीच मतान्तर भएको पाइन्छ । डा.रामानन्द गिरिको जनकदर्शनम्को अनुवादित कृतिमा अनुवादक रामहरि तिमल्सिना तथा प्रकाशक जनक शिक्षा सामग्री कम्पनी लिमिटेडले राष्ट्रिय विभूति सिरध्वज जनकलाई राजर्षि जनक भनी उल्लेख गरेको पाइन्छ भने सोही पुस्तकको पत्रं पुष्पम् नामक मन्तव्यमा जगन्नाथ शर्मा त्रिपाठीले बृहदारण्यकोपनिषद् तथा याज्ञवल्क्य बहुलाश्व जनकको समकालीन भएकाले स्वामी रामानन्द गिरिज्यूले प्रतिपादन गर्नु भएको जनकदर्शन बहुलाश्व जनकदर्शन नै हो भनी ठोकुवा गर्नुभएको छ । पौराणिक ग्रन्थहरू हेर्दा विष्णु पुराण (गीता प्रेस, सं. २०७६) तथा बाल्मीकि रामायणमा पनि जनकवंशको उल्लेख पाइन्छ ।

आउँछ। यसैले व्यास, पाणिनि , अष्टावक्र लगायत त्यस बखतका ठूला ऋषिहरूसँग उनको नाम पनि आउने गर्दछ । उनी आफ्नो ज्ञानी, दार्शनिक र धार्मिक व्यक्तित्वका लागि पौरस्त्य प्राचीन इतिहासका चर्चित राजा हुन् ।

मिथिलाको राजधानी हालको जनकपुरधाम थियो । राजर्षि जनकको जन्ममिति यकिन छैन तर रामायण, उपनिषद् पुराणहरूमा उनको नाम यत्रयत्र पाइने भएकाले उनको शासनकाल वैदिक कालसँग नै सम्बन्धित भएको अनुमान गर्न सकिन्छ । मनुदेखि करालसम्म कुल ५४ पुस्ताले शासन गरेको मिथिलामा धेरैजना शूरवीर, पराक्रमी तथा विद्वान् एवम् पुण्यात्मा राजाहरू भए तर उनीहरू सबैमध्येमा राजर्षि जनकको नाम प्राचीन इतिहासमा सबैभन्दा उच्चस्थानमा रहेको पाइन्छ। रामायणको वर्णनअनुसार मिथिलाका राजाहरूमा उनी नै सबैभन्दा प्रसिद्ध राजा भए । इतिहासमा पौरस्त्य सभ्यताका एक आदर्श उच्चकोटिका राजाका रूपमा स्थान बनाएका जनकको बारेमा मिथिला माहात्म्यमा यसरी वर्णन गरिएको छ-

विशेषतो राजरत्नं जनकोनामनामतः ।
जानकीयत्रचोत्पन्ना निमिवंश प्रकाशिनी ।१७७।

अर्थात्, राजाहरूमा श्रेष्ठ जनक नामका राजा भए । त्यहाँ निमि वंशकी निमि वंशलाई उज्ज्वल बनाउने श्री जानकीजी (सीता) उत्पन्न भइन् ।

राजा जनक सत्य, न्याय र धर्मका प्रतीक थिए। उनी आफ्नो जीवनमा सत्यको पालना गर्थे। उनी एक अति नै पुण्यात्मा, ब्रह्मबेत्ता, ज्ञानी राजा थिए । आफ्नो जीवनकालमा सैयकडौं यज्ञ, दान, सामुहिक भोजन पुण्य कार्य गरेर निकै ठूलो पुण्य कमाएका थिए ।

राजा जनक गृहस्थ जीवनमा रहेर, राजकाज सम्हालेर पनि आध्यात्मिक ज्ञान र मोक्षको मार्गमा पूर्ण ज्ञानी थिए। उनी दुई परस्परविरोधी जीवनशैलीहरू'गृहस्थ जीवन (संसारिक जिम्मेवारी) र निवृत्ति मार्ग (आध्यात्मिक मुक्ति)'लाई सन्तुलित रूपमा पालन गरी प्राचीन इतिहासमै उनले अद्वितीय उदाहरण प्रस्तुत गरेका छन् । यसले उनको महत्त्व

---

यी ग्रन्थहरूमा जनक वंशको वर्णन छ तर राजर्षि जनक कुन चाहिँ जनक हुन् भन्ने चाहिँ खुल्दैन । तर, मिथिला माहात्म्यको "विशेषतो राजरत्नं जनकोनामनामतः।जानकीयत्रचोत्पन्ना निमिवंश प्रकाशिनी ।" भन्ने वर्णनले चाहिँ सीरध्वज नै राजर्षि जनक थिए भन्ने सङ्केत गर्दछ ।

दर्शाउनुका साथै जीवनका सबै आयामहरूमा सन्तुलन राखी, कर्तव्य पूरा गर्दै पनि आत्मज्ञानको प्राप्ति सम्भव छ भन्ने उदाहरण प्रस्तुत गरेको छ ।

सामान्यतया राजाले जति नै न्यायपूर्ण शासन गरे पनि, सबै नागरिकलाई आफ्नै सन्तान सरह समभावले व्यवहार गर्न खोजे पनि कोही न कोही दोषी देखिने, कोही न कोही अन्यायमा पर्न सक्ने सम्भावना रहिरहेकै हुन्छ । यही सम्भावनालाई पुष्टि गर्दै संस्कृतमा भनिएको पनि छ- "राज्यान्ते नरकं ध्रुवम् ।" अर्थात्, राज्य गरिसकेपछि नरक अवश्य प्राप्त हुन्छ । तर राजर्षि जनक यस कुरामा अपवाद बने । राज्य गर्ने क्रममा हुन सक्ने कुनै पनि पाप कर्मबाट मुक्त । राजकाजकै अवस्थामा धेरै मात्रामा पुण्य कार्यहरू गरी जीवनकालमा नै जीवन्मुक्त भई मोक्ष प्राप्त गरे । पद्म पुराण (अध्याय ३०,३१) मा वर्णन भएको निम्न कथाले उनले कति पुण्य कमाएका रहेछन् भन्ने झल्काउँदछ-

राजा जनकले धेरै पुण्य कार्य गरिसकेपछि एकपटक योग शक्तिद्वारा आफ्नो भौतिक देह त्याग गरे। यसपश्चात् उनको आत्मालाई स्वर्ग लैजान स्वर्गलोकबाट एउटा विमान आयो जसमा केही 'यमदूत' थिए। जब विमान नरक नजिकैबाट गुज्रिरहेको थियो; राजा जनकले धेरै आत्माहरूको चित्कार सुने । उनले विनम्रतापूर्वक यमदूतलाई यस ती चित्कारहरूका बारेमा जिज्ञासा राख्दै सोधे- तिनीहरू को हुन् ? अनि किन चिच्याइरहेका छन् ? यमदूतले त्यहाँ १२ करोड आत्माहरू मानव जीवनमा गरेका पापका कारण नरक भोगिरहेका कुरा बताए । राजा जनकले ती दुःखी आत्माहरूलाई त्यहाँबाट मुक्त गर्न आग्रह गरे। यमदूतहरूले धर्मराजको मात्र आदेश चल्ने भएकाले उनको आदेशले यो काम गर्न नसकिने बताए । यसपश्चात् जनकले धर्मराजलाई नै बोलाउन अनुरोध गरे । र, उनीसँग ती १२ करोड आत्माहरूलाई नरकबाट मुक्त गर्न आग्रह गरे, तर धर्मराजले मानेनन्।

राजा जनक एक पुण्यात्मा थिए । त्यसैले उनले पनि नरकमा परेका १२ करोड आत्मालाई त्यही पीडाको अवस्थामा छाडेर आफूचाहिँ स्वर्ग जान नसक्ने कुरा बताए । धर्मराजले राजा जनकलाई दैवको नियमको बारेमा व्याख्या गर्दै न त ती दुःखी आत्माहरूलाई मुक्त गर्न सक्ने न त जनकलाई नरकमा राख्न सक्ने बताए । तर जनक जिद्दी गरेर त्यही बसी रहे, स्वर्गतिर लाग्न मानेनन् ।

त्यसपछि धर्मराजले चतुर्याइँ गर्दै जनकलाई उनको आधा शुभकर्म नरक भोगिरहेका आत्माहरूलाई दिने प्रतिज्ञा गरे मात्रै ती पापीहरू मुक्त हुन सक्ने बताए । यसमा राजा जनकले खुसीसाथ सहमति जनाए । यसपश्चात् जनकको आधा शुभकर्म ती पापी १२ करोड दुःखी आत्माहरूमा सारियो र त्यसपछि तिनलाई नरकबाट मुक्त गरी अर्को विमानबाट स्वर्गमा सारियो। त्यहाँ तिनले राजा जनकसँग रही सुख प्राप्त गरे । यसपश्चात् नरक नै खाली भयो । (पद्म पुराण, अध्याय ३० र ३१) ।

राजा जनक एक उच्च कोटिका पुण्यात्मा मात्र नभई उच्चकोटिका विद्वान् र ब्रह्मज्ञानी समेत थिए। त्यस समयमा राजाले शासन गर्ने र ऋषिहरूले तप, ध्यान, अध्ययन, अध्यापनलगायतका विधिबाट ज्ञान आर्जन गर्ने परम्परा भए पनि राजा जनकले राजा र ऋषिले गर्ने दुवैथरी कार्यलाई एकैसाथ सफलतापूर्वक सञ्चालन गरी राजर्षिको उपाधि पाएका थिए । वेद, पुराण, उपनिषद्हरूमा उनको गहिरो दखखल थियो । सदैव उनी आफ्नो ज्ञानलाई तिखार्न चाहन्थे । यसैले थप ज्ञान प्राप्तिका लागि उनको दरबारमा त्यसबेलाका ठूलठूला विद्वान् विदुषीहरूको बीचमा शास्त्रार्थ भइरहन्थ्यो । यस कुराको जानकारी भएपछि धेरै टाढा-टाढाबाट विभिन्न विद्वान् विदुषीहरू ज्ञानको यस्तो बहस (शास्त्रार्थ)मा सहभागी हुन आइरहन्थे । राजा जनक स्वयम् पनि शास्त्रार्थमा सहभागी भइरहन्थे यस कार्यको नेतृत्व पनि गर्दथे । उनी कसैलाई ज्ञान दिन्थे भने अरु कसैको तर्क र प्रमाण बलियो वा सही भए त्यसलाई सहर्ष स्वीकार पनि गदर्थे । ऋते ज्ञानान्न मुक्तिः अर्थात् ज्ञानबिना मुक्ति छैन भन्ने कुरामा उनको दृढ विश्वास थियो । यसैले उनी निरन्तर विभिन्न विद्वान् विदुषीहरूबाट शिक्षा ग्रहण गरी आफ्नो ज्ञानलाई निखारिरहन्थे । उनका दरबारमा सयजना विद्वान् विदुषी शास्त्रार्थका लागि सदा सर्वदा रहने भए पनि उनले याज्ञवल्क्य, अष्टावक्र, पञ्चशीख, सुलभा लगायत अन्यबाट शिक्षा ग्रहण गरी ब्रह्मविद्यामा आफूलाई निखार्दै लगेका थिए ।

उनको दरबारमा पञ्चशीखको आगमन भई उनका तर्क सुनेपछि उनले पश्चशीखबाटै शिक्षा लिएका थिए । उनले पञ्चशीखकी शिष्य सुलभाबाट पनि शिक्षा ग्रहण गरेका थिए । महाभारतको शान्ति पर्वको मोक्षधर्म पर्वमा राजा जनकको देहमा सन्यासिनी सुलभाले प्रवेश गरी संवाद गरेको वर्णन छ । सुलभा र राजा जनकको उक्त संवादले यही कुराको पुष्टि गर्दछ, जुन संवाद र त्यससम्बन्धी विवरण देहायअनुसार छ-

राजर्षि जनकको समय कालमा योगधर्मको पालन गरी सिद्धि प्राप्त गरेकी सुलभा नाम गरेकी एक सन्यासिनी थिइन् । यस धर्तीको यत्रतत्र विचरण गर्ने क्रममा सुलभाले अनेक स्थानहरूमा त्यस समयका धेरै विद्वान् तथा ऋषिमुनिहरूबाट मिथिलापति राजा जनकले मोक्षतत्त्वको जानकारी प्राप्त गरेको सुनिन् । यो अत्यन्त सूक्ष्म अनि अत्यन्त गहन विषयमा अरूको मुखबाट मात्र सुनेको हुँदा सुलभाको मनमा यो कुरा सत्य हो कि होइन यकिन गर्ने संकल्प जागृत भयो ।

सुलभाले राजा जनकको धेरै प्रशंसा सुनेकी हुँदा भिक्षा लिने बहानामा उनको दरबारमा पुगिन् । उनी सन्न्यास धर्मको पालना गर्थिन् तर मिथिलापुरी महाराज जनककहाँ जानु पर्दा उनले सन्यासिनीको भेष छाडिदिइन् र योगशक्तिले आफ्नो शरीरलाई त्याग गरी एक परम सुन्दर देह धारण गरिन् । अब उनको सम्पूर्ण देह सौन्दर्यले जाज्वल्यमान भयो । सुन्दर आँखीभौं भएकी ती कमलनयनी सुन्दरी आफ्ना योगबलले पलभरिमा विदेह देशको राजधानी जनकपुर पुगिन् । त्यो रमणीय मिथिला नगरीमा पुगेर सन्यासिनीले भिक्षा लिने निहुँमा मिथिला नरेशको दर्शन मागिन् । उनको परम सुकुमारी देह तथा सौन्दर्यलाई देखेर राजा जनक आश्चर्यचकित भए र उनको मनमा जिज्ञासा भयो- यी को हुन्, कस्की हुन् अथवा कहाँबाट आएकी हुन् ? पश्चात्, स्वागत अभिनन्दन गरेर राजाले उनलाई यथोचित आसन ग्रहण गराए । उनको पाउ धोएर यथोचित पूजा गरेपश्चात् विभिन्न उत्तम-उत्तम भोजन दिएर उनलाई तृप्त पारे।

भोजन गरेर सन्तुष्ट भएकी सन्यासिनी सुलभाले सम्पूर्ण भाष्यवेत्ता विद्वान्हरूबीच मन्त्रीहरूबाट घेरिएर बसेका राजा जनकसँग केही प्रश्न गर्ने विचार गरी नेत्रहरूको किरणहरूद्वारा योगबलले राजा जनकको चित्तलाई बाँधेर आफूतर्फ आकृष्ट गरिन् । तब राजा जनकले सुलभाको अभिप्रायलाई थाहा पाएर उनको सम्मान गर्दै मुस्कुराउँदै उनको भावलाई सहर्ष ग्रहण गरे । अनि राजा जनकले छत्र आदि राजचिह्नहरू त्याग गरे । यसपश्चात्, राजचिन्हहरू रहित भएका राजा जनक र त्रिदण्डरूप सन्न्यास चिह्नबाट मुक्त भएकी सुलभाको एउटै देहमा रहेर संवाद भयो । उक्त संवाद यसअनुसारको थियो-

जनकले भने- म जीवनबाट मुक्त छु । तर तपाईंमा योगको प्रभाव देखेपछि तपाईंप्रति मेरो आस्था र सम्मान बढेको छ, तर पनि तपाईको रूप र सौन्दर्यलाई योग अभ्यासको लागि योग्य ठान्दिनँ । त्यसैले यस विषयमा म जे भन्छु, तपाई मेरो कुरा

सुन्नुहोस्। कोमलता, सौन्दर्य, सुन्दर शरीर र युवावस्था — यी सबै कुरा योगको विरुद्धमा छन् । साथै, यी सबै गुणसँगै यम र नियम पनि छ, यो कसरी सम्भव भयो ? मनमा यही जिज्ञासा छ । जनकले थप प्रश्न गरे, भगवती तपाईंलाई यो सन्न्यासको दीक्षा कहाँबाट प्राप्त भयो ? कहाँबाट तपाईंको यहाँ शुभागमन भयो र कहाँ जानुहुन्छ ? जनक भन्दै गए- कसैसँग उनको शास्त्रज्ञान, अवस्था र जातका बारेमा नसोधीकन साँचो कुरा थाहा हुँदैन । अतः जसरी तपाईं मेरो देहमा सूक्ष्म शरीर भई प्रवेश गर्नुभएको छ, यस अवसरमा यी सबै विषयमा जानकारी पाउनु आवश्यक छ । छत्र आदि जुन राजोचित विशेष चिह्नहरू हुन्, ती सबै अहिले मैले त्यागिसकेको छु । अतः तपाईंले मलाई अब यथार्थ कुराहरू भन्नुहोस् ।

सुलभाले भनिन्- प्रधान नामका राजाको नाम सुन्नु भएको होला । म उनीहरूको वंशमा जन्मिएकी क्षत्रिय हुँ । तपाईंलाई थाहा हुनुपर्छ मेरो नाम सुलभा हो । उद्देश्य र गुणका दृष्टिले आफ्ना लागि योग्य पति नपाएपछि मोक्षधर्मको उपदेश लिएँ र त्यागको व्रत लिएर एक्लै भौंतारिन्छु । मैले सन्यासिनीको पहिरन लगाएको छैन । तर मैले न कसैको केही चोरेकी छु न धार्मिक साम्प्रदायिकता फैलाएकी छु । म ब्रह्मचर्यको व्रतलाई दृढतापूर्वक पालन गर्छु र आफ्नो धर्ममा अटल रहन्छु । जनेश्वर! म मेरो प्रतिज्ञाबाट कहिल्यै विचलित छैन । म बिना सोचेर केही बोल्दिन र धेरै सोचेर मात्र यहाँसम्म आएकी छु । हे राजन्, तपाईं मोक्ष धर्ममा लागेको सुनेकी थिएँ, त्यसैले तपाईंको हितचिन्तक भएर तपाईंको मोक्षको ज्ञानको सार जान्न यहाँ आएको हुँ । यो कुरा मैले आफ्नो पक्ष र अर्को पक्षमा आधारित भएर पक्षपातपूर्ण ढंगले भनेको होइन, म तपाईंको हितलाई ध्यानमा राखेर बोल्दैछु; किनभने जसले वाणी प्रयोग गर्दैन र शान्तिमय परमात्मामा डुबेको हुन्छ, ऊ मुक्त हुन्छ । जसरी सन्यासी सहरमा पुग्दा कुनै एक परित्यक्त घरमा गएर रात बिताउँछ, त्यसरी नै म आजको रात तिम्रो यो शरीरमा बस्नेछु र भोलि बिहान विदा लिनेछु ।

सुलभाले थपिन्, पूर्वकालमा मलाई मोक्षदायक ज्ञान प्रदान गर्ने मेरा ज्ञानदाता गुरुको विषयमा पनि सुन्नुहोस् । पराशर गोत्री सन्न्यास धर्मावलम्बी वृद्ध महात्मा पञ्चशीख मेरो गुरु हुनुहुन्छ । उहाँ सांख्य शास्त्रको प्रमुख विद्वान् हुनुहुन्छ र सारा सिद्धान्त उहाँलाई यथावत् रूपले प्रत्यक्ष जस्तै ठीक-ठीक ज्ञात छ । म उनै गुरुको प्रिय शिष्य हुँ । मलाई गुरुदेवबाट सांख्य ज्ञान, योगविद्या तथा राजधर्म गरी तीन प्रकारको मोक्षधर्मको गन्तव्य मार्ग प्राप्त भइसकेको छ । यी विषयहरूमा मेरो सारा संशय दूर भइसकेको छ ।

उहाँले मलाई त्रिदण्ड मोक्षधर्म श्रवण गराउनुभएको छ, किन्तु राज्यबाट टाढा जाने आज्ञा दिनुभएन । यसरी उपदेश पाएर म विषयहरूको आसक्तिबाट मुक्त भई एक्लै परमपदमा स्थित छु । वैराग्य नै यो मुक्तिको प्रधान कारण हो र ज्ञानबाट नै यो वैराग्य प्राप्त हुन्छ, जसबाट मनुष्य मुक्त हुन्छ । मनुष्य ज्ञानद्वारा नै मुक्ति पाउने यत्न गर्छन् । त्यस यत्नबाट महान् आत्मज्ञानको प्राप्ति हुन्छ । यो महान् आत्मज्ञान नै सुखदुःख आदि द्वन्द्वहरूबाट मुक्त गर्ने साधन हो, यही नै सिद्धि हो, जसले काललाई पनि नाघ्न सक्छ । मेरो मोह दूर भइसकेको छ । मैले समस्त संसर्गहरूलाई त्याग गरिसकेको छु । बुद्धिको परम निर्द्वन्द्वता प्राप्त गरेको छु । जसरी कुनै खेतलाई जोतेर निकै कोमल बनाई यथासमय त्यसलाई पानीले सिंचित गरिएपश्चात् त्यहाँ रोपेको बीजले अंकुर उम्रिन्छ, त्यस्तै मनुष्यको शुभ-अशुभ कर्मले नै पुनर्जन्मको फल दिन्छ । जसरी माटो वा कुनै भाँडोमा भुटेको बीज बीजका रूपमा नरहनाका कारण खेतमा अंकुर उत्पन्न गर्न योग्य रहँदैन, यस प्रकार मेरो सन्यासी गुरु भगवान् पञ्चशिखले मलाई जुन ज्ञान प्रदान गर्नुभएको छ त्यो निर्वीज हो, त्यसले कुनै विषयभावहरू अंकुरित हुन दिँदैन ।

सुलभाको उत्तरपछि जनकले भने- म राजा हुँ । म राज्यको लागि काम गर्छु, तर मलाई राज्य र वैभवसँग कुनै लगाव छैन । मेरो अगाडि अग्नि र चन्दन बराबर छन् । मेरो अपमान होस् वा मेरो इज्जत होस्, म तिनीहरूलाई समान मान्छु । राजा जनक भन्छन्- न त अकिंचनता (दरिद्रता) मा मोक्ष छ र न त किंचनतामा (आवश्यक वस्तुहरूले सम्पन्न हुनुमा छ) । धन र निर्धनता दुबै अवस्थामा ज्ञानबाटै जीवले मोक्ष प्राप्ति गर्छ । त्यसैले धर्म, अर्थ, काम तथा राज्यपरिग्रह, यी बन्धनहरूको स्थानमा हुँदाहुँदै पनि मलाई बन्धनरहित ठान्नुस् ।

राजाको कुरा सुनेर ब्रह्मवादिनी सुलभा भन्छिन्- जसरी लाहासँग काठ र धूलोसँग पानीको थोपा मिस्सिएर एक हुन्छन्, त्यसरी नै जगत्मा प्राणीहरूको जन्म पनि कैयौं तत्त्वहरूको मेलले हुन्छ । शब्द, स्पर्श, रूप, रस र गन्ध तथा पाँचौं ज्ञानेन्द्रियहरू आत्माबाट पृथक त छन् परन्तु काष्ठमा सम्मिलित लाहाजस्तै आत्मासँग जोडिएका हुन्छन् । यसमा चेतना छैन । उनी थप्छिन्- राजन, तपाईंले नै भन्नुभयो म सबैसँग समभाव राख्छु तब बारम्बार किन सोधिरहनु भएको छ, तपाईं को हो, कहाँबाट आउनुभएको हो ?

सुलभाले वाणीका आठ गुण र आठ दुर्गुणहरू वर्णन गरेर अप्रत्यक्ष रूपमा जनकको अहंकारलाई नकार्न खोजिन् । उनले थपिन्- महाराज, जो यस पृथ्वीको एकछत्र शासन गर्छ, उनी एक मात्र सार्वभौम नरेश पनि एक मात्र नगरमै बास गर्छन्, त्यो नगरमा पनि उसका लागि एक मात्र महल हुन्छ, जसमा ऊ निवास गर्छ त्यो महलमा पनि उसका लागि एकमात्र शय्या हुन्छ जसमा ऊ शयन गर्छ । यसर्थ, मलाई लाग्छ, अझै तपाईंमा कमी छ, किनकि तपाईंलाई वादी-प्रतिवादी, विजय-पराजय, स्वपक्ष-परपक्षको राम्रो ज्ञान छ, जो जीवन्मुक्त ब्रह्मज्ञानीमा हुने गुण होइन । तपाईं शास्त्रार्थ पनि गर्नुहुन्छ, विजय प्राप्त गर्नु र पराजित गर्नुपर्छ भन्ने भावना पनि छँदैछ । तपाईंमा देखिएका यी भावनाहरूका आधारमा तपाईंलाई बन्धनरहित भन्न सकिँदैन । सुलभाका यी तर्कहरू सुनिसकेपछि राजालाई यस कुराको महसुस भयो र अन्त्यमा राजा जनकले सुलभाको विचारसँग सहमति जनाए ।

स्रोत : https://ehimalayatimes.com/2024/02/197994/

---

राजा जनक वेद र उपनिषद्का गहिरो ज्ञाता र ब्रह्मज्ञानी पनि थिए । ज्ञानार्जन गर्ने शिलशिलामा उनी कहिले शिष्य त कहिले गुरु बनिरहेका हुन्थे । तत्कालीन समयका ब्रह्मज्ञानी अष्टावक्रको ज्ञानका अगाडि उनी कहिले झुकेका छन् भने कहिले उनै अष्टावक्रलाई शिक्षा पनि दिइरहेका भेटिन्छन् । उनले पञ्चशीख र उनकै शिष्या सुलभासँग संवाद गरी शिक्षा ग्रहण गरेका छन् । उनी राजा भएर पनि ऋषि हुन सकेका छन् भने ऋषि भएर पनि राजकीय वैभवको बीचमा वैराग्यपूर्ण जीवन जिएको उदाहरण प्रस्तुत गर्न सकेका छन् । उनी सुनका सिक्काले सजिएका हजारौं गाई शास्त्रार्थमा विजेतालाई दान दिन सक्थे । यद्यपि उनी सदैव देहत्यागपश्चात् आत्माको अस्तित्वरुपी धर्मको चिन्तनमै लागिरहन्थे । उनका दरबारमा विभिन्न आश्रमका सयजना आचार्यहरू रहन्थे र उनीहरूले विभिन्न धर्मका उपदेश दिइरहन्थे । महाभारतको दुई सय अठारौं अध्याय, शान्तिपर्व अन्तर्गत मोक्षधर्म पर्वमा भीष्मपितामहले युधिष्ठिरलाई निम्न श्लोकहरूमार्फत् यिनै कुराहरू बताएका छन्-

जनको जनदेवस्तु मिथिलायां जनाधिपः
औध्र्वदेहिकधर्माणामासीद् युक्तो विचिन्तने ।३।
तस्य स्म शतमाचार्या वसन्ति सततं गृहे
दर्शयन्तः पृथग्धर्मान् नानाश्रमनिवासिनः ।४।

प्राचीन ग्रन्थहरूमा राजा जनक र शुकदेवबीचको संवाद आउँछ। जहाँ जनक शुकदेवका लागि गुरु बनेका छन् । पुराणहरू अनुसार शुकदेवले आफ्नी आमाको गर्भमै वेद, उपनिषद, दर्शन र पुराण जस्ता शास्त्रहरूको उचित ज्ञान प्राप्त गरेका थिए र जन्मदै उनले वैराग्यता हासिल गरिसकेका थिए । महर्षि वेदव्यासले गर्भैदेखिका यस्ता परम ज्ञानी शुकदेवलाई ज्ञान प्राप्तिको अभिलाषा पूर्ती गर्न सक्ने एक मात्र ब्रह्मज्ञानी व्यक्ति सम्झेर राजा जनक समक्ष पठाएको कुराले पनि जनकको विद्वत्ताको सङ्केत गर्दछ । जन्मैदेखिका ज्ञानी उनै शुकदेव र राजा जनकबीचको संवादको कथा देहायअनुसार रहेको छ-

शास्त्रमा उल्लिखित कथाहरू अनुसार भगवान् व्यासले पुत्र प्राप्तिको कामनाले भगवान् शंकरको पूजा गरेका थिए । फलस्वरूप उनले शुकदेवलाई पुत्रको रूपमा पाए। उमेर अनुसारका सबै कर्महरू पूरा गरिदिई व्यासले अध्ययनका लागि शुकदेवलाई गुरुकुल पठाए । गुरुकुलमा बसेर शुकदेवले चाँडै सम्पूर्ण वेद र सबै धार्मिक शास्त्रहरूमा अद्भुत गहिरो ज्ञान हासिल गरे ।

गुरुकुलबाट फर्किएपछि व्यासले छोरालाई आत्मियताकासाथ स्वागत गरे। उनले शुकदेवलाई भने, “पुत्र ! तिमी धेरै बुद्धिमान् छौ । तिमीले वेद र धर्मशास्त्र पढेका छौ । अब बिहे गरेर गृहस्थ बनेर देवता र पितृको सेवा गर ।” पिता वेदव्यासको बारम्बारको अनुरोधका बाबजुद पनि शुकदेवले गृहस्थी जीवनमा प्रवेश गर्न अस्वीकार गरीरहे । बरु शुकदेवले भने—“बाबा ! गृहस्थाश्रम सधैं पीडादायी हुन्छ। पत्नी, छोरा, नाति आदि सबै परिवारका सदस्यहरू दुःख तृप्त गर्ने साधन मात्र हुन्। यसमा सुखको कल्पना गर्नु भ्रम मात्र हो। हजुरको यस पुत्रलाई किन धकेल्न चाहनुहुन्छ यो अँध्यारो संसारमा ? बरु हजुरले यस पुत्रलाई मोक्ष मार्गको अमृत ज्ञान दिनुहोस् ।"

व्यासजीले भने, “छोरा ! तिमी धेरै भाग्यमानी छौ । म देवी भागवतको रचयिता हुँ । तिमी यसलाई अध्ययन गर । श्लोकको पूर्वार्द्धमा भगवती पराशक्तिले यस पुराणको ज्ञान भगवान् विष्णुलाई दिनुभएको छ र भन्नुभएको छ, "म सारा संसार हुँ, म बाहेक अन्य अविनाशी वस्तु छैन ।"

ब्रह्माजीले यो ज्ञान भगवान् विष्णुबाट पाएका थिए । यो कुरा ब्रह्माजीले नारदजीलाई भनेका थिए र मैले नारदजीबाट पाएको थिएँ । त्यसपछि मैले यसलाई १२

खण्डहरूमा व्याख्या गरें । महाभाग! तिमीले यो वेदसमान देवी भागवतको अध्ययन गर । यसबाट तिमी यस संसारमा रहँदा मायाबाट अप्रभावित रहनेछौ र मोक्षका लागि योग्य बन्नेछौ ।

शुकदेवलाई बाबुको कुराबाट अझै पनि शान्ति भएन । यो कुरा बुझेर व्यासले पुत्र शुकदेवलाई ज्ञान दिई आफ्नो कुरामा चित्त बुझाउन सक्ने एक मात्र ज्ञानी व्यक्ति राजा जनकलाई नै देखे । तब उनले शुकदेवलाई भने, "पुत्र ! तिमी मिथिलापुरीमा जनक राजाकहाँ जाउ । उहाँ जीवनमुक्त ब्रह्मज्ञानी हुनुहुन्छ । त्यहाँ तिम्रो अज्ञानता हट्नेछ । यसपछि तिमी यहाँ फर्केर मेरो आश्रममा खुसीसाथ बसौला ।"

व्यासजीको आदेशमा शुकदेव मिथिला पुगे । त्यहाँ उनलाई द्वारपालले रोके, त्यसपछि शुकदेव उभिइरहे । मान-अपमानले उसलाई कुनै असर गरेन । केही बेरपछि स्वागतकर्ताले उनलाई अतिथि गृह लगे। त्यहाँ शुकदेवलाई उचित सत्कार गरियो, तर त्यहाँ पनि शुकदेवलाई शान्ति मिलेन ।

अन्ततः उनलाई महाराज जनकसँग भेट गराइयो । शुकदेवलाई आतिथ्य गरिसकेपछि महाराज जनकले सोध्नुभयो, "महाभाग ! तिमी निःस्वार्थी महात्मा हौ । यहाँ के प्रयोजनका लागि आएका हौ भन?" शुकदेवले भने, "राजा ! मेरो बुबा व्यासजीले मलाई विवाह गरेर गृहस्थाश्रममा प्रवेश गर्ने सुझाउनु भएको थियो तर मैले यसलाई दुःखको साधन मानेर अस्वीकार गरें । म संसारको बन्धनबाट मुक्त हुन चाहन्छु । कृपया मलाई मार्गदर्शन गर्नुहोस् ।"

शुकदेवको कुरा सुनेर महाराज जनक भन्नुहुन्छ, "मानवलाई बन्धन र मुक्तिको एक मात्र कारण मन हो । व्यक्तिपरक मन बन्धनको प्रदायक हो भने निराकार मन मुक्तिको साधन हो । अज्ञानताले गर्दा जीव र ब्रह्ममा भिन्नता देखिन्छ । महाभाग ! विद्या अर्थात् ब्रह्मज्ञानले अज्ञानता शान्त हुन्छ ।" उनले थपे- "यो शरीर मेरो हो भन्ने भावना भयो, यो बन्धन हो र जब यो शरीर मेरो होइन भन्ने बोध भयो, त्यो मुक्ति हो। बन्धन शरीर र घरमा होइन, अहंकार र ममतामा हुन्छ ।" यसरी जनकले शुकदेवलाई विवाह गरेकै भरमा मोक्ष मार्ग नरोकिने उपदेश दिनुभयो ।

जनकको उपदेशले शुकदेवका सबै शंका नष्ट भए । उनी बुबाको आश्रममा फर्किए । यसपछि उनले सुन्दरी पिवरीसँग विवाह गरी गृहस्थ आश्रमको नियम पालन गरी रहे । पश्चात् सन्न्यास ग्रहण गरेर मोक्ष प्राप्त गरे ।

जनकका दरबारमा जनक आफैं सहभागी भएर वा नभएर पनि विद्वान् तथा विदुषीहरूबीच शास्त्रार्थ भइरहन्थ्यो । जनकका धेरै गुरुहरूमध्येमा याज्ञवल्क्य मूल थिए । त्यसैले उनी जनकको दरबारमा हुने शास्त्रार्थमा उनी भाग लिइरहन्थे । याज्ञवल्क्य र गार्गीबीच भएको प्रश्नोत्तर प्राचीन इतिहासमा प्रसिद्ध छ। याज्ञवल्क्य र गार्गी बीचको प्रश्नोत्तरले बृहदारण्यक उपनिषद्मा ऋचाको पनि निर्माण भयो । उनको दरबारमा विभिन्न तहका एक सय विद्वान्हरूले नियमित शास्त्रार्थ गर्ने भए पनि उनलाई तिनको निष्कर्षबाट चित्त बुझ्दैनथ्यो र भरपर्दो अर्को विद्वान् भेट्नासाथ आफ्ना जिज्ञासाहरू राखिहाल्थे । यसैक्रममा एकपटक त्यस समयमा पूर्ण ज्ञान प्राप्त गरी विश्वविचरण गरिररहेका पञ्चशीख उनको दरबारमा आए र उनका तर्कहरू सुनेपछि जनकको दरबारका विद्वान्हरूसमेत उनीप्रति आकर्षित भए । यसपश्चात् जनकले पञ्चशीखलाई सोधे-

भगवन् यदि न प्रेत्य संज्ञा भवति कस्यचित्
एवम् सति किमज्ञानं ज्ञानं वा किं करिष्यति ।२।
असंसर्गो हि भूतेषु संसर्गो वा विनाशिषु
कस्मै क्रियेत कल्प्येत निश्चयः कोऽत्र तत्त्वतः ।४।

स्रोत : महाभारत शान्तिपर्व, मोक्षधर्म, अध्याय २१९

अर्थात्, हे भगवन् यदि मृत्युपश्चात् कुनै केही बाँकी रहँदैन भने उक्त अवस्थामा उक्त अज्ञान वा ज्ञान भएर के हुन्छ ? मृत्युपश्चात् जीवात्माको पञ्चमहाभूतसँग कुनै संसर्ग हुन्छ वा हुँदैन ? यदि हुन्छ भने के का लागि हुन्छ ? यस विषयमा वास्तविकता कसरी निक्यौंल गर्न सकिन्छ ? जनकलाई यस प्रश्नबाट तत्त्वज्ञानका लागि व्याकुल देखेर पञ्चशीखले मधुर वचनमा जनकलाई भन्छन्-

उच्छेदनिष्ठा नेहास्ति भावनिष्ठा न विद्यते
अयं ह्यपि समाहारः शरीरेन्द्रियचेतसाम्
वर्तते पृथगन्योन्यमप्यपाश्रित्य कर्मसु ।६।
धातवः पञ्च भूतेषु खं वायुर्ज्योतिषो धरा

ते स्वभावेन तिष्ठन्ति वियुज्यन्ते स्वभावतः ।७।
आकाशोवायुरुष्मा च स्नेहो यश्चापि पार्थिवः
एष पञ्चसमाहारः शरीरमपि नैकधा ।८।
शब्दः स्पर्शो च रुपं च रसो गन्धश्च मूर्तयः
एते ह्यामरणात् पञ्च षड्गुणा ज्ञानसिद्धये ।१२।
तेषु कर्मविर्गश्च सर्वतत्त्वार्थनिश्चयः
तमाहुः परमं शुक्रं बुद्धिरित्यव्ययं महत् ।१३।

स्रोत : महाभारत शान्तिपर्व, मोक्षधर्म, अध्याय २१९

अर्थात्, हे राजन्, मृत्युपछि आत्मा न नाश हुन्छ न त कुनै विशेष आकारमा नै परिणत हुन्छ । प्रत्यक्ष देखिने स्थूल शरीर पनि मांसपिण्ड, इन्द्रिय र मनको समूह मात्र हो। यिनीहरू फरक-फरक भए पनि एकापसको सहयोगमा आ-आफ्नो कर्ममा प्रवृत्त हुन्छन्। प्राणीका शरीरमा उपादानका रूपमा आकाश, वायु, अग्नि, जल तथा पृथ्वी गरी पाँच धातु हुन्छन् । स्वभावैले यी धातुहरू एकत्र हुने र विलय हुने गर्दछन् । यिनै पाँच धातुको संयोजनबाट अनेक प्रकारका शरीरको निर्माण हुन्छ । शब्द, स्पर्श, रूप, रस, गन्ध तथा मूर्त द्रव्य गरी छ गुण इन्द्रियजन्य ज्ञानका साधक हुन्छन् । जब इन्द्रियहरू आफ्नो विषयजन्य ज्ञानको त्याग गर्दछन् अर्थात् विषयजन्य आकर्षणबाट मुक्त हुन्छन् भने निश्चय नै मोक्षको प्राप्ति हुन्छ ।

राजा जनकले आत्मचिन्तन एवम् विभिन्न विद्वान् विदुषीहरूसँगको निरन्तरको संवादबाट ब्रह्मज्ञान प्राप्त गरी वैराग्यको स्थितिमा पुगेका थिए । उनको वैराग्यज्ञताको पुष्टि गर्ने अर्को एउटा कथा महाभारतको शान्तिपर्व अन्तर्गत मोक्षधर्ममा दिइएको छ । उक्त कथा अनुसार महाप्राज्ञ जनक अध्यात्मतत्त्वको ज्ञान भएका कारण निष्कामभावले यज्ञ, दान, होम तथा पृथ्वीलाई पालनपोषण गर्दै अध्यात्मज्ञानमै तन्मय रहन्थे। यसै क्रममा एक पटक साक्षात् भगवान् नारायणलाई राजा जनकको मनोभावको परीक्षा लिने मनसुवा भई ब्राह्मण रूप धारणा गरी मिथिला आएर केही अभद्र व्यवहार गरे। मानिसहरूले उनलाई पक्डिएर राजालाई सुम्पिए । यसपश्चात् राजाले उनलाई "हे ब्राह्मण म तिमीलाई कुनै दण्ड दिन्न तर तिमी मेरो राज्यको सीमा बाहिर जाउ भनी निर्देश गरे। यसपश्चात् ब्राह्मण भेषधारी नारायण भगवान् त्यहाँबाट हिंडे । फर्कंदै गर्दा राजाको परीक्षा लिनका लागि उनले मिथिलानगरमा

आगो लगाइदिए । मिथिला जलिरहेको देखेर राजा रत्तिभर विचलित भएनन् । यसबारेमा मानिसहरूले सोध्दा उनले भने, मसँग आत्मज्ञानरुपी अनन्त धन छ, अतः मेरो लागि केही प्राप्त गर्नु नै बाँकी छैन । यसैले मिथिला नगर जल्दा पनि मेरो केही जल्दैन । राजा जनकको यो कुरा ब्राह्मणभेषधारी नारायणले पनि सुने र उनको मनोभाव बुझे । यसपश्चात् अग्निदग्ध नगरलाई उनले पूर्ववत् अवस्थामा सजीव एवम् दाहरहित बनाइदिए । यसपश्चात् राजालाई उनले आफ्नो वास्तविक स्वरूपको दर्शन दिए र भने- नरेश्वर, तिम्रो मन सद्भावपूर्वक धर्ममा लागिरहोस् तथा बुद्धि तत्त्वज्ञानमा परिनिष्ठित होओस् । सदा सर्वदा विषयबाट विरक्त रही तिमी सदा सत्यको मार्गमा डटी रहु । तिम्रो कल्याण होस् ।

राजा जनकले विभिन्न विद्वान् तथा विदुषीहरूसँग गरेका अनेकन संवादहरूमध्ये अष्टावक्रसँग गरेको संवाद पनि निकै चर्चित छ र दर्शनशास्त्रीय दृष्टकोणले पनि उत्कृष्ट छ । यो संवाद एक गुरु-शिष्य सम्बन्धको रूपमा प्रस्तुत गरिएको छ, जसमा अष्टावक्र गुरुको भूमिकामा छन् र राजा जनक शिष्यको भूमिकामा छन् । यो संवादले पौरस्त्य वैदिक साहित्यमा अष्टावक्र गीताका रूपमा उच्च र सम्मानित स्थान प्राप्त गरेको छ । अष्टावक्र गीतामा जीवनको अर्थ, आत्मा, ब्रह्माण्ड, ईश्वर, मोक्ष, निर्वाण, कर्म, वैराग्य, कैवल्य, जीवन्मुक्ति, अकिंचनभाव जस्ता विषयवस्तु समावेश छन् । संवादको मुख्य विषय भनेको आत्मज्ञान प्राप्त गर्ने मार्ग हो ।

अष्टावक्र एक प्रसिद्ध वेदान्तविज्ञ बालक थिए भने राजा जनक मिथिलाका राजा र एक धार्मिक व्यक्ति । सामाजिक स्थिति र जीवनशैली फरक भए पनि उनीहरूको आध्यात्मिक खोज र मुमुक्षा समान थियो । यसैले, राजा जनकले अष्टावक्रलाई आफ्नो गुरु मान्दै उनबाट ज्ञान प्राप्त गर्न चाहे । जनक र अष्टावक्रबीच भएको उक्त संवाद देहायअनुसार रहेको छ-

वैदिककालका एक चर्चित ऋषि उद्दालकका धेरै चेलाहरूमध्ये एक चेलाको नाम कहोड थियो। वेद वाचन र वेद अध्ययनमा विशेष चाख भएकाले कहोड हरेक दिन बिहान बेलुका नै वेद पाठ गर्ने गर्दथे। ऋषि उद्दालकले पनि वेदमा चाख भएका आफ्ना चेला कहोडलाई वेदान्तको सम्पूर्ण ज्ञान दिए । साथै, उनले आफ्नी छोरी सुजाताको कन्यादान पनि कहोडसँग नै गरिदिए ।

गुरुपुत्रीको कन्यादान प्राप्ति पश्चात् कहोड पनि घरजम गरी बसे । समय क्रममा सुजाता गर्भवती भइन् । सुजाताको पेटमा हुर्कंदै गएको गर्भे बच्चाले आफ्नो पिता कहोडले गरेको वेद पाठ नियमित सुन्ने बुझ्ने गर्न थाल्यो । एक दिन सधैं जस्तै कहोड वेद पाठ गरिरहेको बेला सुजाताको पेटबाट गर्भे बच्चा बोल्यो, "पिताजी, तपाईंले वेदवाचन गरिरहँदा शब्दोच्चारणमा गल्ती गरिरहनुभएको छ ।"

गर्भेबालकले आफ्नो पठन-उच्चारणमा गल्ती भएको आरोप सुनेर रिसाउँदै कहोडले भने, "तँ जन्मँदा अष्टवक्र भएर जन्म लिनेछस् ।" पिताजीले नजन्मँदै पुत्रलाई श्राप दिए । त्यसपछि उनको नाम नै अष्टावक्र रहन गयो । पिताजीले गर्भमै श्राप दिए तापनि ज्ञान प्राप्त गरिसकेकाले अष्टावक्र पिताजीसँग रिसाएनन् । कहोडले दैनिक पढ्ने वेद भने उनले दैनिक रूपमै सुनिरहे ।

त्यसबेला राजा जनकको समयकाल थियो । उनको दरबारमा खुब शास्त्रार्थ हुन्थ्यो । यस्तो धेरैजसो शास्त्रार्थ राजा जनककै अगुवाइमा हुन्थ्यो । यस्ता शास्त्रार्थमा भाग लिन देश-विदेशबाट अनेक विद्वान्, विदुषी, शास्त्री, आचार्यलगायत वेदज्ञहरू मिथिलामा भेला हुन्थे । एउटा शास्त्रार्थमा जसले अब्बल शास्त्रार्थ गरी सबैलाई परास्त गर्दछ, उसलाई दुवै सिङमा दश-दश वटा सुनका सिक्का बाँधेका एक हजार गाईहरू उपहार उपलब्ध गराउने घोषणा गरिएको थियो ।

कहोडलाई परिवार पाल्न केही धनको आवश्यकता थियो । अझ उनमा ऋषि उद्दालकको शिष्य एवम् वेदज्ञ भएको अहङ्कार पनि थियो । त्यसैले, उनी शास्त्रार्थ गर्न भनी मिथिलामा राजा जनकको दरबार गए । त्यस शास्त्रार्थ भेलामा उनले उपस्थित सम्पूर्ण महिला, सज्जन, विद्वान्, विदुषी राजा, शास्त्री, आचार्य आदिसँग शास्त्र चर्चा गरी सबैलाई परास्त गरे । यसै समयमा ऋषि कहोडका सामुन्ने बन्दी नाम गरेका एक आचार्य उपस्थित भए र कहोडलाई शास्त्रार्थ गर्न चुनौती दिए । कहोडले उनको चुनौती स्वीकार गरे। आचार्य बन्दीको शर्त थियो, जो शास्त्रार्थमा पराजित हुन्छ, उसले जल-समाधि लिनुपर्छ । शर्त कडा भए पनि कहोडले शर्त मञ्जुर गरे । कहोड र बन्दीको बीचमा कडा शास्त्रार्थ भयो । अन्तमा, कहोड पराजित भए। शर्तअनुसार उनले जलसमाधि लिए । अन्ततोगत्वा उक्त तलाउमै उनको देहान्त भयो ।

उताबाट कहोडको जलसमाधि तथा मृत्युको खबर आएसँगै यता कहोडकी पत्नीले अष्टावक्रलाई जन्म दिइन् । अष्टावक्र बाबुको श्राप अनुकूल जन्मँदै आठ ठाउँमा बाङ्गिएका र कुरूप थिए । पिता नभएकाले अष्टावक्रले मावलीपट्टिका हजुरबुबा उद्दालकलाई पिता मानेका थिए। उनले मामा श्वेतकेतुलाई दाजु सरह मानेका थिए तर अष्टावक्रलाई श्वेतकेतु घृणा गर्थे र उनको विद्वताको ईर्ष्या पनि गर्थे । एक दिन अष्टावक्र हजुरबुबा उद्दालकको काखमा बसेका बेला श्वेतकेतुले उनलाई पिताको काखबाट ठेलेर निकाले । उनले अष्टावक्रलाई भने, "यो तिम्रो बुबाको काख होइन, मेरो बुबाको काख हो ।" दाइ ठानेका मामाले यसरी आफ्नो अपमान गरेपछि पिताको काखमा बस्न आफ्नै पिता चाहिँदो रहेछ भन्ने बुझे । यसपश्चात् अष्टावक्रलाई आफ्नै पिताको खोज गर्ने विचार आयो र गएर आमालाई आफ्ना पिताको यथार्थ बताउन अनुरोध गरे । सुजाताले अष्टावक्रलाई उसका पिताको इतिवृत्तान्त प्रकाश पारिदिइन् ।

त्यस समयमा अष्टावक्र १२ वर्षका भइसकेका थिए । उनले मिथिला नगरका शास्त्रार्थी आचार्य बन्दीका कारण आफ्ना पिताको मृत्यु भएको बुझेर अष्टावक्रले बन्दीसँग गएर शास्त्रार्थ गर्ने अठोट गरे । अष्टावक्र शास्त्रार्थमा आचार्य बन्दीलाई परास्त गरी पिताको मृत्युको बदला लिन चाहन्थे । यसका लागि अष्टावक्रले मामा श्वेतकेतु र आफ्नी आमालाई लिएर राजा जनकको दरबार गए ।

शास्त्रार्थ सभा हलको मूल ढोकामा पुगेपछि द्वारपालले अष्टावक्रलाई बच्चै देखेर रोके । अष्टावक्रले द्वारपाललाई भने- "हे द्वारपाल, कसैको कपाल फुलेको छ वा उमेरले वृद्ध देखिन्छ भने त्यो मात्र विद्वान् हुन्छ भन्ने तथ्य सही हुँदैन । जसको बुद्धि तीव्र छ र जो वेदज्ञ छ, ऊ मात्र विद्वान् हुनसक्छ।" अष्टावक्रका कुरा सुनेपछि द्वारपालले ढोका खोलिदिए ।

अष्टावक्र राजाको सभा हलभित्र पस्ने बित्तिकै आचार्य बन्दीलाई शास्त्रार्थका लागि चुनौती दिए । एउटा कुरूप बालकले शास्त्रार्थमा बन्दीलाई हाँक दिएको देखेर राजा जनकले पत्याएनन् । सभाहलमा भएका सबै विद्वान्हरू उनको कुरूप शरीर देखेर हाँस्न थाले । राजा पनि हाँस्न थाले। राजालगायत उपस्थित सबै व्यक्तिहरू हाँसेको देखेर अष्टावक्र पनि खित्का छोडेर हाँस्न थाले । अष्टावक्र हाँसेको देखेर राजालाई आश्चर्य लाग्यो । उनले अष्टावक्रलाई सोधे, "सबै किन हाँसिरहेका छन्, म बुझ्छु तर तिमी स्वयम्

चाहिँ किन हाँसिरहेका छौं ?" अष्टावक्रले भने, "महाराज ! मैले सुनेको थिएँ जनकको दरबारमा संसारभरका ठूल-ठूला विद्वान् विदुषीबीच शास्त्रार्थ हुन्छ भनेर । यो सबै झूठ रहेछ। विद्वान्हरू भनेर चर्मकारहरूलाई पो भेला गराउनु भएको रहेछ भनेर हाँसेको हुँ ।" अष्टावक्रको जवाफ सुनेर सभाहल निस्तब्ध भयो । "कसरी चर्मकार ?" राजाले सोधे ।

अष्टावक्रले जवाफ दिए, "हो, चर्मकारको भेला रहेछ, यहाँ । किनभने चर्मकारको ध्यान चर्ममै हुन्छ । ज्ञानीहरूको ध्यान ज्ञान, मोक्ष तथा ईश्वरमा हुन्छ । यहाँ भएका सबै मेरो बाह्य चर्म देखेर हाँसिरहेका छन् । मेरो रूप र टेढो शरीर देखेर हाँसिरहेका छन् । के शरीर बाङ्गो छ भन्दैमा आत्मा पनि बाङ्गो हुन्छ ? के शरीर टेढो छ भन्दैमा उसको ज्ञान पनि टेढो नै हुन्छ ? हे राजन, जसरी माटाको गाग्रो फुट्दा आकाश फुट्दैन; घरको दलिन बाङ्गो हुँदा आकाश बाङ्गो हुँदैन; त्यसैगरी मेरो शरीर टेढो हुँदा आकाश समान मेरो आत्मा टेढो हुँदैन, मेरो बुद्धि टेढो छैन । यो सत्य नबुझ्ने अनि चर्म र रूपमा ध्यान भएका तपाईंहरू अज्ञानी र चर्मकार नभएर को हो त ?"

राजा जनक ब्रह्मज्ञानी भए पनि उनमा केही मात्रामा अहङ्कार कायमै थियो । उनमा आफ्नो शास्त्रार्थ क्षमता, आर्थिक वैभव, ख्याती र चर्चाको नजानिंदो घमण्ड थियो । तर अष्टावक्रको एकै प्रहारले उनको अदृश्य अहंकारमा चोट पुग्यो । त्यसदिन उनलाई म अज्ञानी रहेछु भन्ने भान भयो र ठूलो पश्चात्ताप पनि भयो । उनले अष्टावक्रसँग भोलि सभामा भेट्ने गरी विदा भए । राजा जनकलाई रातभर निद्रा लागेन । उनको चेतनामा बारम्बार अष्टावक्रको छाया झुल्किरह्यो ।

विहान अष्टावक्र राजप्राङ्गण बाहिर खेलिरहेका थिए । उनलाई देखेर झुक्दै जनकले भने, "हे महात्मा, म अज्ञानी रहेछु । मलाई ज्ञान दिनुहोस् ।" राजाको कुरा सुनेर अष्टावक्रले भने, "हे महाराज, अज्ञानी छु भन्ने कुराको ज्ञान हुनु नै ज्ञानको सुरुआत हो ।" यसपछि राजा र अष्टावक्रका बीचमा जीवन र जगत्सँग सम्बन्धित लामो संवाद भयो ।

दिउँसो राजसभामा तोकिएको समयमा सबैजना उपस्थित भइसकेका थिए । अष्टावक्र पनि सभाहलमा प्रवेश गरे । आचार्य बन्दीसँग सवाल-जवाफ गर्नुभन्दा पहिले राजाका प्रश्नहरूको उत्तर दिनुपर्ने नियम थियो । अष्टावक्रको क्षमताप्रति राजा विहानकै संवादबाट विश्वस्त भइसकेका थिए तथापि राजसभाको नियमअनुसार उनले प्रश्नहरू सोधे । औपचारिक प्रावधानअनुरूप आचार्य बन्दीसँग प्रश्नोत्तरका लागि सभाहलमा राजाले

अष्टावक्रसँग प्रवेश परीक्षा लिए । यहाँ पनि अष्टावक्र र राजाका बीचमा विविध विषयमा प्रश्नोत्तर चल्यो ।

राजाले सोधे, "हे अष्टावक्र ! ३० अवयव, १२ अंश, २४ पर्व, ६ ऋतु र ३६० अक्षरका वस्तुको ज्ञान हुने व्यक्ति को हो ?" राजाको प्रश्न सुनेर अष्टावक्रले तत्काल जवाफ फर्काए, "हे महाराज! ३० अवयव, १२ महिना, २४ पर्व, ६ ऋतु र ३६० दिन भएका संवत्सरले तपाईंको कल्याण गरून् ।" राजाको पहिलो प्रश्नमै परास्त हुन्छन् भन्ने ठानिएका बालक अष्टावक्रको सहज उत्तर सुनेर सभाहलका विद्वत् वर्ग आश्चर्यचकित भए ।

राजाले फेरि प्रश्न सोधे, "निद्रामा पनि आँखा नचिम्लने को हो ?" अष्टावक्रले जवाफ दिए, "निद्रामा पनि आँखा खुला राख्ने जीव माछा हो ।"

राजाले तेस्रो प्रश्न सोधे, "जन्म लिएर पनि चल्न नसक्ने को हो ?" अष्टावक्रले जवाफ दिए, "जन्म लिएर पनि चल्न नसक्ने अण्डा हो ।"

चौथो प्रश्न राजा जनकले राखे, "हृदयहीन रहने को हो ?" "हृदयविहीन रहने चट्टान हो ।" अष्टावक्रले जवाफ दिए । अब राजाले पाँचौं प्रश्न सोधे, "सबैभन्दा छिटो बग्ने के हो ?" राजाले प्रश्न सोधी नभ्याउँदै अष्टावक्रले जवाफ दिए, "सबैभन्दा छिटो बग्ने नदी हो ।"

यसरी, राजाद्वारा सोधिएका सबै प्रश्नहरूको सही उत्तर दिएपछि राजा जनकले आचार्य बन्दीसँग शास्त्रार्थ गर्न अष्टावक्रलाई अनुमति दिए ।

अष्टावक्रलाई एक आसनमा राखियो भने त्यसको सम्मुखको आसनमा आचार्य बन्दीलाई राखियो। यी दुईको शास्त्रार्थको पहिलो नियम थियो- पहिलो प्रश्न सोध्नेले व्यक्त गरेको एक सङ्ख्यात्मक श्लोकको जवाफमा दोस्रोले दुई सङ्ख्यात्मक श्लोक भन्नुपर्ने र फेरि त्यसपछि तेस्रो, चौथो, पाँचौं हुँदै बढ्दो सङ्ख्यात्मक श्लोक हुँदै जानुपर्ने थियो । दोस्रो नियम थियो- शास्त्रार्थमा जसले हार्छ, उसले जलसमाधि लिनुपर्ने पुरानै नियम।

पहिलो प्रश्न कसले गर्ने भनेर एक मुद्राको दुई पाटा दुवैलाई रोज्न लगाएर हावामा घुमाई भुईंमा झारियो । यसका आधारमा पहिलो प्रश्न सोध्ने पालो आचार्य बन्दीले पाए । उनले पहिलो सङ्ख्यात्मक श्लोकमा भने, "एक सूर्यले संसारलाई उज्यालो दिन्छ, देवराज इन्द्र पनि एक वीर र यमराज पनि एक हुन् ।"

अष्टावक्रले द्वि-सङ्ख्यात्मक श्लोक भने, "इन्द्र र अग्निदेवता दुई देवता हुन् । नारद र पर्वत पनि दुई देवर्षि हुन् । अश्विनी कुमार पनि दुई हुन् । रथमा दुई पाङ्ग्रा हुन्छन् र श्रीमान्-श्रीमती पनि एक जीवनका दुई गति हुन् ।"

बन्दीले भने, "संसार तीन प्रकारले जन्मन्छ । कर्म तीन वेदद्वारा प्रतिपादन गरिएको छ। यज्ञ तीनै कालमा गरिन्छ र त्यहाँ तीन लोक र तीन ज्योति हुन्छन् ।" अष्टावक्रले थपे, "चार आश्रम, चार वर्ण, चार दिशा र ओंकार, आकार, उकार र मकर चार वाणी रहेको छ ।"

बन्दीले अगाडि भने, "पाँच यज्ञ, पाँच अग्नि, पाँच इन्द्रिय, पाँच दिशाका पाँच अप्सरा, पाँच पवित्र नदी र पङ्क्ति श्लोकमा पाँच श्लोक हुन्छन् ।" अष्टावक्रले भने, "छ वटा गाईलाई दक्षिणा दिनु राम्रो, छ वटा ऋतु छन्, मनसहित छ इन्द्रिय छन्, छ कर्म छन् र छ वटा साधक छन् ।"

बन्दीले सात सङ्ख्याको श्लोक भने, "सात वटा उत्तम घरेलु जनावर छन्, सात जङ्गली जनावर पनि उत्तम छन्, सात सिद्ध पदहरू छन्, सात ऋषिहरू छन् र वीणामा सात वटा तारहरू हुन्छन् ।" अष्टावक्र बोले, "आठ वसु छन् । यज्ञमा स्तम्भ कोणको सङ्ख्या पनि आठ नै हुन्छ ।

बन्दीले प्रश्न थपे, "पितृयज्ञमा नौ समिधा रहेका, प्रकृति नौ प्रकारका रहेका, ठूलो श्लोकमा नौ अक्षर मात्र रहेका हुन्छन् ।" अष्टावक्र जवाफिए, "दश दिशाहरू छन्, दश दिक्पाल छन्, दश दार्शनिक छन्, दश महिनामा एउटा बच्चा जन्मन्छ र दशमा दश मात्र हुन्छ ।

बन्दीले भने, "यज्ञमा एघार रुद्र, एघार स्तम्भ र पशुमा एघार इन्द्रिय हुन्छन् ।" अष्टवक्रले तत्कालै जवाफ दिए, "१२ आदित्य छन्, १२ दिनको प्रकृति यज्ञ हुन्छ, १२ अक्षरको जगती छन्द हुन्छ र १२ महिनाको १ वर्ष हुन्छ ।

बन्दीले अगाडि भने, "त्रयोदशी सिद्ध छन्, पृथ्वीमा तेह्रवटा टापु छन्, ...।" यति भन्दैमा बन्दीले अगाडिको श्लोक बिर्सिए र निःशब्द भई चुप लागे । चुप लागेका बन्दीलाई अष्टावक्रले 'भन्नुहोस् भन्नुहोस् भनी समय दिए तर बन्दी पूर्ण रूपमा रोकिए ।

श्लोक बिर्सिएर अवरुद्ध भएका बन्दीको श्लोक अष्टावक्रले पूरा गरिदिए, "त्रयोदशी सिद्ध छन्, पृथ्वीमा तेह्रवटा टापु छन्, वेदमा तेह्र अक्षर भएको श्लोकलाई अति श्लोक भनिएको छ; तेह्रौं दिनको यज्ञमा अग्नि, वायु र सूर्य तीनवटै समाहित हुन्छन् ।"

समय दिँदा पनि बन्दी बोल्न नसकेपछि बन्दीको पराजय भयो । यसरी शास्त्रार्थमा बन्दीको पराजय भएपछि अष्टावक्रले राजातर्फ हेर्दै भने, "महाराज ! शास्त्रार्थमा मेरो विजय भएको छ । मैले बन्दीलाई पराजय गरेको छु ।"

राजाले आचार्य बन्दीलाई सोधे, "हे आचार्य, तपाईं आफ्नो पराजय स्वीकार गर्नुहुन्छ ?" आचार्य बन्दीले स्वीकृतिमा टाउको हल्लाए । बन्दीले हार स्वीकार गरेपछि अष्टावक्रले अगाडि भने, "पराजय स्वीकार गरिसकेपछि पनि यदि बन्दी मसँग अरू थप विषयमा शास्त्रार्थ गर्न चाहन्छन् भने मौका दिनेछु ।" आचार्य बन्दीले प्राप्त मौका स्वीकार गरे । यसपश्चात् अष्टावक्रसँग आचार्य बन्दीको दोस्रो शास्त्रार्थ सुरु भयो ।

पहिलो प्रश्न बन्दीले नै सोधे, "प्रपञ्च भनेको के हो ?" अष्टावक्रले उत्तर दिए, "यो जो छ र जो देखिन्छ यो सबै प्रपञ्च हो ।"

अष्टावक्रले सोधे, "जो देखिन्छ, यसको अभिप्राय के हो ?" बन्दीले भने "जो देखिन्छ, यो मन र इन्द्रियको विषय हो । म जो स्वयम् जान्दछु त्यही नै दृश्य हो ।"

बन्दीले सोधे, "जो दृश्य हो उसलाई को जान्दछ ? र स्वयम्लाई कसले देख्छ ?" अष्टावक्र जवाफिए, "स्वयम्लाई अथवा आत्मालाई देख्न कसैको सहयोग आवश्यकता हुँदैन । जस्तो कि सूर्यको प्रकाशलाई दियोको जरुरी हुँदैन किनभने सूर्य आफै प्रकाशमय छ ।"

बन्दीले सोधे, "यो संसार कहाँबाट कसरी आयो ?" अष्टावक्रले जवाफ दिए, "यो सृष्टि केवल उसैबाट आयो ।" यसपछि बन्दीले फेरि सोधे, "उसैबाट भन्नुको अर्थ के हो ?" अष्टावक्रले जवाफ दिए, "त्यो ब्रह्म हो । त्यो ईश्वर हो । उनैले आफ्नो मायाबाट संसारको रचना गरे । त्यस रचनाको पालन गरेका छन् र संहार पनि गर्नेछन् ।"

अष्टावक्रले सोधे, "ब्रह्माले यस संसारको सृष्टि, पालन र संहार कसरी गर्छन् ?" बन्दीले भने, "जसरी माकुराले जाल बनेर सृष्टि गर्दछ, उसैमा विचरण गरेर पालन गर्दछ र त्यसैलाई नष्ट गर्दछ, त्यसरी नै ईश्वरले सृष्टि, पालन र संहार पनि गर्दछन् ।"

बन्दीले अर्को प्रश्न गरे, "जीव के हो ?" अष्टावक्रले उत्तर दिए, "जीव आत्मा हो । यो निर्विकार स्वयम् हो तर अविद्या र अज्ञानको प्रभावमा आएर स्वयम्लाई शरीर र मन ठानेर बस्दछ । यसरी नै, यसले संसारको अनुभव पनि गरिरहेको हुन्छ ।"

अष्टावक्रले सोधे, "अविद्या के हो ?" बन्दीले जवाफ दिए, "अनात्माको आत्मा सम्झनु, निर्विकारको विकारयुक्त सम्झनु र यसै संसारको सत्य सम्झनु नै अविद्या हो ।

बन्दीले सोधे, विद्या के हो ?" अष्टावक्रले प्रकाश पारे, "आत्माको ज्ञान नै विद्या हो । यस्तो ज्ञान जसले हामीलाई सारा दुःख, पीडा, बन्धन, अज्ञान, भ्रमात्मक कल्पना आदिबाट मुक्ति दिन्छ, त्यो नै विद्या हो। विद्याले मानिसलाई त्यस्तो दृष्टि दिन्छ जसले स्वयंभित्रको ब्रह्मरूपलाई चिन्न सक्दछ । जसले तेरो र मेरोको भेदबाट मनुष्यलाई छुट्याउँछ ।"

अष्टावक्रले फेरि सोधे, "ब्रह्मालाई कसरी चिनिन्छ ?" बन्दीले भने "ब्रह्माको सही सामाजिक व्यवहार, आध्यात्मिक चिन्तन ध्यानपूर्वक सुन्ने, नित्य अनुभवमाथि विचार गर्ने तथा निष्कर्षमाथि विचार गर्ने तथा समाधिमा पुगेर चिन्न सकिन्छ ।"

बन्दी प्रश्न गरे, "ब्रह्मज्ञानीका लक्षण के हुन् ?" अष्टावक्रले उत्तर दिए, "यदि कसैले ब्रह्मलाई जानेको छु भन्ने दाबी गर्छ भने उसले ब्रह्मलाई जानेको हुँदैन किनभने जसले ब्रह्मलाई जानेको छ, उसमा ब्रह्म जानेको छु भन्ने अहङ्कार नै मेटिएर जान्छ ।"

बन्दीले सोधे, "के ब्रह्मलाई तर्कले जानिन्छ ?" अष्टावक्रले जवाफ फर्काए, "ब्रह्मलाई तर्कले जानिँदैन तर तर्क ब्रह्मलाई जान्न सहायक हुन्छ ।"

अष्टावक्रले त्यसैमा अर्को प्रश्न गरे, "के ब्रह्मलाई प्रार्थना र भक्तिले जानिन्छ ?" बन्दीले भने, "ब्रह्मलाई प्रार्थना र भक्तिले जानिँदैन तर प्रार्थना र भक्ति ब्रह्मलाई जान्न सहायक हुन सक्छन् ।"

बन्दीले पुनः प्रश्न गरे, "के ब्रह्मलाई योग र मननले जानिन्छ ?" अष्टावक्रले भने, "ब्रह्मलाई योग र मननले जानिँदैन तर ब्रह्मलाई जान्न योग र मन सहायक हुन सक्छन् ।"

अष्टावक्रले सोधे, "के ब्रह्मलाई धर्मले जानिन्छ ?" बन्दीले भने, "ब्रह्मलाई धर्मले जानिँदैन तर ब्रह्मलाई जान्न धर्म सहायक हुन सक्छ ।"

बन्दीले अष्टावक्रको प्रश्नको उत्तर दिएपछि प्रश्न सोध्ने पालो बन्दीको थियो तर प्रश्नोत्तरको यो सिलसिला चलिरहेको बेला "प्रश्न के सोध्ने" भनेर आचार्य बन्दी अल्झिए ।

उनको मस्तिष्कमा प्रश्नको पोको नै सकियो उनी मौन भए । बन्दी मौन भएको देखेर अष्टावक्र बोले, "आचार्य बन्दी, सोध्नुहोस् प्रश्न सोध्नुहोस्।" आचार्य बन्दी प्रश्नहीन र निरुत्तर भइरहे । अष्टावक्रले राजातर्फ हेर्दै बोले, "महाराज, मैले फेरि पनि आचार्य बन्दीलाई शास्त्रार्थमा परास्त गरेँ ।"

राजाले आचार्य बन्दीतर्फ हेर्दै सोधे, "हे आचार्य बन्दी, तपाईं आफ्नो पराजय स्वीकार गर्नुहुन्छ ?" बन्दीले सबैका अगाडि अष्टावक्रसँग शास्त्रार्थमा आफ्नो पराजय भएको स्वीकार गरे ।

आफूसँगै रहेकी माता सुजाताले छोराको ज्ञान क्षमताको साक्षी बन्ने सौभाग्य पाइन् । उनले अष्टावक्रको शिरमा हात राखिन् । अष्टावक्रले आमालाई प्रणाम गरे । मामा श्वेतकेतुले बल्ल अष्टावक्रलाई चिने र उनलाई प्रणाम गरे । दोस्रो चरणको शास्त्रार्थमा पनि पराजय भएपछि सभाहलमा विजयी अष्टावक्रको जयजयकार भयो। उनलाई राजा जनक र उपस्थित विद्वत् वर्गले प्रणाम गर्दै फूलमालाले सुशोभित गरे ।

पराजित आचार्य बन्दीले सभाहलमै आफ्नो पराजय भएकोले शर्तअनुसार जलसमाधि लिने घोषणा गरे ।" आचार्य बन्दीको कुरा सुनेर अष्टावक्रले भने, "आचार्य बन्दी, म तपाईंलाई जलसमाधि दिन आएको होइन । तपाईंको अहङ्कार र शास्त्रार्थमा पराजित हुनेले जलसमाधि लिनुपर्ने तपाईंले चलाएको कुप्रथाले कति जना निर्दोष व्यक्तिहरूले जीवन गुमाउनुपरेको छ, त्यसको सम्झना दिलाउन आएको हुँ । तपाईंलाई सम्झना हुनुपर्छ ऋषि कहोड जसलाई तपाईंले जलसमाधि दिनुभयो; म उनै ऋषि कहोडको पुत्र हुँ । हो, यदि मैले चाहेँ भने तपाईंलाई जलसमाधि दिन सक्छु तर म यस्तो प्रतिशोधपूर्ण कार्य गर्नेछैन । म तपाईंलाई क्षमा गर्दछु । क्षमा नै मेरो प्रतिशोध हो।"

अष्टावक्रको कुरा सुनेर आचार्य बन्दीले भने, "हे बालज्ञानी अष्टावक्र ! तपाईंले मलाई क्षमा दिएर जलसमाधिभन्दा ठूलो दण्ड दिनुभयो । म ऋषि कहोडलाई जान्दछु । मेरो कर्मप्रति म लज्जित छु। म पापी हुँ । मैले धेरै पाप गरेको छु ।"

अष्टावक्रले भने, "पश्चाताप नै सबैभन्दा ठूलो आगो हो । केही कालसम्म पश्चातापको आगोमा जलेर तपाईं पवित्र बन्नुहुनेछ । तपाईंको प्रायश्चित पनि त्यही हो । शास्त्रलाई शस्त्र नबनाउनुहोस् । शास्त्रले जीवनको विकास गर्दछ भने शस्त्रले विनाश गर्दछ । हिंसाले सहिष्णुता ल्याउँदैन, केवल प्रतिशोध र घृणा फैलाउँछ । यी जून, तारा,

हिमाल, नदीहरू जति पुराना छन्, हिंसाले कहिल्यै जितेको छैन भन्ने सत्य पनि त्यति नै पुरानो छ ।"

अष्टावक्रको कुरा सुनेर दरबारको सभाहल गड्ङडाहट तालीले गुञ्जियो । अष्टावक्रले सम्पूर्ण सभासँग बिदा मागे । अष्टावक्र हिँड्न लागेको देखेर उनलाई रोक्दै आचार्य बन्दी आफ्नो असली स्वरूपमा आएर आफ्नो सही परिचय दिए । "हे अष्टावक्र ! हे महाराज जनक ! हे विद्वत् वर्ग ! म वरुणको पुत्र हुँ । मेरा पिताले यज्ञका लागि धरतीबाट अब्बल ब्राह्मण तथा सन्तहरूलाई स्वर्ग पठाउनका लागि मलाई खटाउनुभएको थियो । त्यसैले, मैले हारेका सबै ब्राह्मणहरूलाई मेरा पिताकोमा पठाएको हुँ । उहाँको यज्ञ अब पूरा भइसकेको छ । यसर्थ, जति पनि ब्राह्मण विद्वान्हरू जलमा डुबाइएका थिए, उनीहरू सबै अब नदीको दहबाट बाहिर आउनेछन् ।"

आचार्य बन्दी नदीको किनारमा गए । त्यहाँ सबै ब्राह्मणहरू प्रकट भइसकेका थिए । अष्टावक्रका पिता ऋषि कहोड पनि त्यहीं थिए । अष्टावक्रले आफ्ना पितालाई चिने र जमिनमा परी साष्टाङ्ग दण्डवत् गरे । आफूलाई पराजित गर्ने बन्दीलाई हराउन सकेकोमा कहोडलाई पुत्रप्रति गर्व महसुस भयो। उनले छोराको शिरमा आशीर्वादको हात राख्दै पुत्रलाई सामङ्गा नदीमा गएर नुहाउने आज्ञा दिए र भने, "त्यसपछि तिमी मेरो श्रापबाट मुक्त हुनेछौ ।"

अष्टावक्रसँगै रहेकी सुजाताले कहोडलाई पुनः जीवित देख्न पाएकोमा खुसी हुँदै प्रणाम गरिन् । आफ्नी पत्नी सुजातालाई आफ्नै अगाडि देख्न पाएकोमा कहोडले अङ्कमाल गरे । यसरी उनीहरूको १२ वर्षपछि पुनर्मिलन भयो । दुवै अत्यन्तै हर्षित भए ।

पिताको आज्ञापालन गर्दै अष्टावक्रले नदीमा गएर नुहाए । अष्टावक्र तत्कालै पिताको श्रापबाट मुक्त भए । नदीमा स्नानपश्चात् अष्टावक्रका बाङ्गिएका सबै अङ्गहरू प्राकृतिक स्वरूपमा देखिए। उनी सुन्दर शरीर र अझ धेरै शास्त्राज्ञ भएर फर्किए । त्यसपछि राजा जनकले अष्टावक्रलाई आफ्ना गुरु माने। राजा जनकले महर्षि अष्टावक्रसँग शास्त्र र जीवन जगत्सम्बन्धी धेरै ज्ञान लिएर दीक्षित भए ।

स्रोत : https://sahityapost.com/top-news/११९२६१/

# चतुर्थ अध्याय : मिथिलाको उद्‌भव र विकास

## ४.१ मिथिला स्थापना

राजा मिथिले स्थापना गरेको राज्य भएकाले मिथिला भनिएको हो भन्ने प्राचीन दस्तावेजहरूमा उल्लेख भएको पाइन्छ । विष्णुपुराण तथा श्रीमद्भगवतका अनुसार इक्ष्वाकुका पुत्र निमिलाई ऋषि वशिष्ठले शरीर पतनको श्राप दिएका थिए । बाबुको शरीरबाट मन्त्रहरूको मन्थनबाट उत्पत्ति भएकाले उनको नाम मिथि रहन गयो भन्ने लिखित इतिहास छ । यस प्रसङ्गलाई मिथिला महात्म्यमा यसरी वर्णन गरिएको छ-

वशिष्ठे नरुषाशसो बरिष्ठद्‌चापि सोऽशपत् ।१७२।
विदेहत्वंद्वयोरासीत् - पुराणेपुकथाम्फुटा
पुनर्न्निमि शरीरस्य मन्थनं मुनिभिःकतम्
।१७३।
मिथिस्तत्रसमुत्पन्नो मिथिलातेन

प्राचीन कालका प्रतापी राजा निमिले मोक्षको चाहनाले एकपटक यज्ञ गर्न खोजे । त्यसबेला निमिका राजगुरु वशिष्ठ यज्ञ गर्न इन्द्रकहाँ गएका थिए। कालगतिलाई बुझेर समयाभावका कारण राजाले अन्य विद्वान् ब्राह्मणहरूलाई बोलाएर यज्ञ गराए । यज्ञको अन्तिम चरणमा वशिष्ठमुनि यज्ञमण्डपमा पुगे । यो देखेर वशिष्ठ एकदमै क्रोधित हुँदै निमिलाई श्राप दिए, "राजा, तपाईंले राजगुरुका रूपमा मेरो अपमान गर्नुभएको छ, तपाईंले मलाई जानकारी पनि नदिई यज्ञ गराउनुभयो, त्यसैले तपाईंको शरीर नाश होस् भनी म तपाईंलाई श्राप दिन्छु।" तब राजा निमिले भने, 'मुनिवर, तपाईंले नै लोभले मेरो अवस्थाको बारेमा नबुझी मलाई श्राप दिनुभयो। त्यसैले तपाईंको शरीर पनि नाश होस् भनेर म तपाईंलाई पनि श्राप दिन्छु। यसरी यज्ञमण्डपमै राजा निमि र ऋषि वशिष्ठ दुवै देहमुक्त भई स्वर्ग गए ।

राजा निमिले देह त्यागेपछि यज्ञमण्डपमा रहेका ब्राह्मणहरूले आफूलाई दोषी र सांसारिक हिसाबले सबै ब्राह्मण वा ब्रह्म शक्तिको अपमान भएको सम्झी राजा निमिको शवलाई यज्ञकुण्डमा राखेर आफ्नो ज्ञान र मन्त्र शक्तिले मन्थन गरे । यस कार्यको प्रभाव स्वरुप त्यस यज्ञकुण्डबाट दिव्य बालकको उत्पत्ति भयो। ब्राह्मणहरूले बच्चाको नाम तीन पटक राखे- १. यज्ञमा जन्मेको कारणले- जनक २. कसैको देहमा नआईकन जन्मेको कारणले- विदेह ३. मन्थनबाट जन्मिएकोले- मिथि। मिथि हुर्किएपछि एक प्रतापी राजा बने, आफ्नो नाममा शहर बसाए, जहाँ उनले आफ्नो दरबार बनाए। पश्चात् यहाँका राजाहरूले या त विदेह वा जनक उपाधि ग्रहण गरे।

साभवत्

तदाप्रभृति तद्वंश्यै राजधानी निरूपिता ।१७४।

अर्थात्, वशिष्ठले निमिलाई श्राप दिए र निमिले पनि वशिष्ठलाई श्राप दिए। यसपश्चात् दुवैले विदेहत्व प्राप्त गरेपछि निमिको शरीरलाई उपस्थित मुनिहरूले मन्त्रहरूले मन्थन गरे । यसबाट मिथि महाराज उत्पन्न भए । उनै मिथिको नामबाट मिथिला नाम रहन गयो ।

श्रीमद्वाल्मिकी रामायण, बालकाण्डमा राजर्षि जनकले आफ्नो वंशका बारेमा यसरी जानकारी दिएका छन्-

राजाभूत् त्रिषु लोकेषु विश्रुत¨स्वेत कर्मणा

निमिः परमधर्मात्मा सर्वंसत्त्ववतां वरः ।

तस्यपुत्रो मिथिर्नाम जनको मिथिपुत्रकः

प्रथमो जनको राजा जनकादप्युदावसुः ।

अर्थात्, प्राचीनकालमा निमि नामका एक परम धर्मात्मा राजा थिए । उनी सम्पूर्ण धैर्यशाली, महापुरुषहरूमा श्रेष्ठ हुनुका साथै तीनै लोकमा विख्यात थिए । उनको मिथि नामका पुत्र भए। मिथिको पुत्रको नाम जनक रह्यो । उनै हाम्रो कुलका पहिलो जनक भए ।

मिथिलालाई विदेह नामले पनि चिनिन्छ । पहिलो पटक विदेह राज्यको उल्लेख यजुर्वेद संहितामा गरिएको पाइन्छ । शतपथ ब्राह्मण, बौद्ध जातक कथाहरू, पुराणहरू (मार्कण्डेय, विष्णु तथा अन्य) वाल्मिकी रामायण र महाभारत जस्ता विभिन्न महाकाव्यहरूमा विदेहको बारेमा उल्लेख गरिएको पाइन्छ । तर, शतपथ ब्राह्मणका अनुसार विदेघ माधव नामका एक प्रधानले वैदिक कालमा सरस्वती उपत्यकाबाट मिथिलामा आई विदेहराज्य स्थापना गरेका थिए र, यो नै मिथिला स्थापना सम्बन्धी प्राचीनतम प्रमाण हो । प्राचीन इतिहासमा मिथिला विदेहका अतिरिक्त तिरभुक्ति नामले पनि परिचित थियो। मिथिलाभन्दा अघि यस नगरको नाम वैजयन्त थियो भन्ने भनाइ छ ।[15]

[15] Janaka's Spiritual Evolution - From Jnana to Bhakti (vedadhara.com)

## ४.२ मिथिलाको सिमाना र अवस्थिति

शतपथ ब्राह्मणका अनुसार सरस्वती नदीको तटबाट विदेघ माधव आफ्ना पुरोहित गौतम रहुगणका साथमा अग्नि वैश्वानरको अनुसरण गर्दै पूर्वतिर आए । गण्डकी नदी पार गरेपछि यहाँ जङ्गलै जङ्गलले भरिएको आर्द्र एवम् दलदले जमिन भेटियो । अझ अघि बढ्दै जाँदा उनलाई यो भूमि मन पर्‍यो र उनले यज्ञ गरेर उक्त ओसिलो जमिनलाई सुखा बनाए तथा त्यहाँ भएको जङ्गललाई सफा गरेर आवासका लागि योग्य बनाए।अर्को एक अनुमान अनुसार उनै विदेघको नाम अपभ्रंस हुँदै विदेह भएको पनि हुनसक्छ । गौतम रहुगणको नाम मिथिला स्थापनाको क्रममा आएको र गौतम रहुगणकै नाम मानव जातिको सबैभन्दा प्राचीन ग्रन्थ ऋग्वेदमा पनि आएको हुँदा ऋग्वेदिक कालमै विदेह अर्थात् मिथिलामा बसोबास सुरु भएको पनि अनुमान गर्न सकिन्छ ।

कामेश्वरसिंह दरभंगा संस्कृत विश्वविद्यालय, दरभंगाले प्रकाशन गरेको *मिथिला का इतिहास* नामक पुस्तकमा डा. राम प्रकाश शर्माले मिथिलाका प्रख्यात विद्वान् कविवर पं. चन्दा झाले मिथिलाको सिमानालाई छन्दबद्ध रूपमा निम्नानुसार प्रस्तुत गरेको उल्लेख गर्नुभएको छ-

"गंगा बहथि जनकि दक्षिण दिशि पूर्व कौशिकी धारा।
पश्चिम बहथि गंडकी उत्तर हिमवत वन विस्तारा ॥
कमला, त्रियुगा, अमृता, धेमुरा, बागमती कृत सारा।
मध्य बहथि लक्ष्मणा प्रभृति से मिथिला विद्यागारा ॥"

मिथिलाको भूगोलको बारेमा सबैभन्दा विस्तृत विवरण चाहिँ बृहद् विष्णुपुराणको मिथिला माहात्म्य खण्डमा पाइन्छ । यसमा मिथिलाको सीमाबारे यसरी उल्लेख गरिएको छ-

गंगाहिमवतोर्मध्ये नदी पंचदशान्तरे।
तैरभुक्तिरिति ख्यातो देशः परमपावनः॥
कौशिकीन्तु समारभ्य गण्डकीमधिगम्य वै।
योजनानि चतुर्विशत् व्यायामः परिकीर्त्तितः॥
गंगाप्रवाहमारभ्य यावद्धैमवतं वनम्।
विस्तारः षोडश प्रोक्तो देशस्य कुलनन्दन॥

मिथिला नाम नगरी समस्ते लोकविश्रुताः।
पंचभिः कारणैः पुण्या विख्याता जगतीत्रये॥

उपर्युक्त वर्णन अनुसार मिथिलाको लम्बाइ २४ योजन (३०९ कि.मी.) र चौडाइ १६ योजन (२०६ कि.मी.) रहेको छ । भूगोलका हिसाबले यो क्षेत्र उत्तरमा हिमालयदेखि दक्षिणमा गंगा नदीसम्म र पूर्वमा कौशिकीदेखि पश्चिममा गण्डकी नदीसम्म विस्तारित छ । उल्लिखित सीमाहरूभित्र वर्तमान दरभंगा, मुजफ्फरपुर, तथा चम्पारण जिल्लाका सम्पूर्ण क्षेत्र तथा मुंगेर, भागलपुर तथा पूर्णिया जिल्लाका केही अंश र नेपालको कोशी तथा तराईको भूभाग पर्दछ ।[16] भौगोलिक अवस्थितिका हिसाबले यो क्षेत्र २५°३' उत्तरी अक्षांसदेखि २७°५०' उत्तरी अक्षांससम्म र ८३°८०' पूर्वी देशान्तरदेखि ८८.८० पूर्वी देशान्तरबीच अवस्थित छ । यसअनुसार मिथिलाको भूमि नेपाल र भारतका विभिन्न भागसम्म विस्तार भएको देखिन्छ ।

उपर्युक्त स्रोतहरूलाई हेर्दा मिथिलाको अवस्थिति दक्षिणमा गङ्गा नदीदेखि उत्तरमा हिमालयसम्म र पश्चिममा गण्डकी नदीदेखि पूर्वमा कोशी नदीसम्म विस्तार भएको देखिन्छ ।

## ४.३ मिथिलाको भूगोल

मिथिला पूर्वमा कौशिकी (कोशी) नदीदेखि पश्चिममा गण्डकी र दक्षिणमा गंगा नदीदेखि उत्तरमा हिमालय क्षेत्रसम्म फैलिएको थियो भन्ने पुराणहरूको व्याख्याका आधारमा मिथिलाको सीमा र अवस्थितिलाई दृष्टिगत गर्दा यसको क्षेत्र हिमाल तथा नदीहरूले घेरिएको स्पष्ट भूगोलका रूपमा देखिन्छ । यहाँको धेरैजसो भूभाग समथर र उर्वर रहिआएको छ । हिमालबाट उत्पत्ति भएका यहाँ धेरै नदी खोलाहरू रहिआएका छन्। शतपथ ब्राह्मणमा मिथिलाको भूमि प्राचीन समयमा वनजङ्गलले ढाकिएको दलदले ओसिले जमिन रहेको थियो भन्ने उल्लेख भएको पाइन्छ ।

मिथिलाको भूगोलका बारेमा पुरातात्विक अध्ययनहरूमा आधारित प्रमाण उपलब्ध नभएकाले यस अध्ययनको स्वीकृत विधि अनुरूप प्राचीन ग्रन्थहरूमा उल्लिखित विवरणलाई आधारित मानी यहाँ मिथिलाको भूगोलका बारेमा वर्णन गरिएको छ ।

[16] डा. राम प्रकाश शर्मा, मिथिला का इतिहास, कामेश्वरसिंह दरभंगा संस्कृत विश्वविद्यालय, दरभंगा

मिथिला माहात्म्यले मिथिलालाई अनेक जलाशय तथा धनधान्यले शोभित र परिपूर्ण रहेको बताएको छ । उक्त माहात्म्य अनुसार मिथिला उत्तरतर्फ कञ्चनवन तथा महर्षिगणहरूले शोभायमान थियो। फलफूलका बगैंचाहरूले युक्त मिथिला नगरी साँच्चै नै दोस्रो नन्दवन जस्तै थियो। खेलकुद तथा पारिलो घामका लागि चम्पक वन थियो भने कुमुदवन तथा वसन्त वन आनन्ददायी र मनोहर रहेका थिए । स्फटिक जस्तो सफा श्रृङ्गार वन थियो जसको तुलना अन्य वनसँग हुन सक्दैनथ्यो ।

**मिथिला माहात्म्यमा मिथिलाको वर्णन**

तत्पात बाटिकामिश्च विविधैश्च जलाशयैः
शोभतेतीरभुक्तिश्च धनधान्य समाकुला ।२४९।
उत्तरे काञ्चनारण्यं महर्षिगण शोभितम्
बहुपुष्प फलोपेतन्द्वितीयमिवनन्दनम् ।२५०।
सरोजवनमाख्यातं सन्तान वनमेव च
मन्दारवनमित्येव सव् र्वतः पुष्पितद्रुमम्
।२५१।
चम्पकारण्यमाख्यात केलिकौतुक काननम्
कुमुदं सुखदंप्रोक्तं वसन्तारण्यमेव च ।२५२।
स्फटिकं प्रतिमञ्चैव तथानन्दविवर्द्धनम्

उपर्युक्त वर्णनअनुसार मिथिला नगरी विभिन्न किसिमका सुन्दर एवम् आनन्दायी वनजङ्गल तथा पोखरी र तलाउहरूले भरिपूर्ण थियो । यसको अर्थ, विभिन्न चराचुरुङ्गी तथा जङ्गली जनावरहरू रहेको जैविक विविधतायुक्त र पर्यावरणीय सन्तुलनयुक्त थियो भन्ने अनुमान गर्न सकिन्छ ।

जनकपुरबारे आजकल पनि एउटा कहावत पाइन्छ- 'बावन कुटी, बहत्तर कुण्ड ! फिरही सन्तजन झुन्डही झुन्ड! अर्थात्, जनकपुरमा ५२ आश्रम र ७२ वटा पोखरी छन् । अनि यहाँ साधुसन्तहरू झुण्ड झुण्डमा घुम्दै गरेका भेटिन्छन् । यस कहावतले पनि जनकपुरको आध्यात्मिक महत्वलाई उजागर गर्नुका साथै यहाँ परापूर्वकालदेखि नै कुण्ड, तलाउ, पोखरीहरू रहेको सङ्केत गर्दछ ।

दुर्गञ्जनकारायस्य परिखा त्रितयान्विता
नेकशाल समुतसौधं दुर्गकुट्टिमसंयुतम् ।२३६।
वणिजामापणैर्युक्तं वीरावासविराजितम्
निमिवंश प्रसूतानां गृहरत्नं सुशोभितम् ।२३७।
तन्मध्ये राजराजस्य स्फाटिकं मन्दिरंवरम्
वामेत्वंशे ध्वजावासं गृहरत्नैः समन्वितम् ।२३८।
राजराज गृहोपान्ते गजाश्च भवनानि च
गोपुरं प्राम्भवद्वारं तदन्तर्वर्त्तिनीसभा ।२३९।
एशान्यां राजतेब्रह्मन् महारत्नौघसङ्कलम्
वायव्येतुगृहारामं नैऋत्येकोश सञ्चयम् ।२४०।
पूर्व्वे रङ्गावलीम्विद्यादितिवै मन्दरक्रमम्
मध्येराजालयंश्रेष्ठं तन्मध्ये स्वर्णमण्डपम् ।२४१।

## ४.४ मिथिलाको संरचना

मिथिलाको तीनतिर शत्रुहरूबाट सुरक्षाका लागि विभिन्न किल्ला एवम् दुर्गहरू रहेका थिए र यहाँ ठूला-ठूला अनेकौं भवनहरू थिए भन्ने प्राचीन वर्णन पाइन्छ । उक्त वर्णनहरू अनुसार व्यापारीहरूको पसलहरू भएको, नागरिकहरूको आवास भएको र निमि घरानाको सुन्दर भवनहरूले युक्त थियो, मिथिला । शहरको बीच-बीचमा स्फटिक पत्थरले बनेका तथा बायाँ भागमा ध्वजापताकाले शोभायमान भएका राजराजेश्वरका मन्दिरहरू थिए । राजभवनका आसपासमा हात्ती तथा घोडाका तबेलाहरू, पूर्वतर्फ गौशाला र नजिकै सभा भवन थिए । ईशान कोणमा बहुमूल्य रत्नका भण्डार थियो भने वायव्य कोणमा फूलबारी थियो । नैऋत्य कोणमा कोशागार थियो। पूर्वतर्फ श्रृङ्गार भवन थियो, बीचमा राजभवन र छेवैमा सुनको मण्डप थियो ।

उपर्युक्त वर्णनका आधारमा मिथिला नगर प्राकृतिक रूपमा सुन्दर, वास्तुमा आधारित र भौतिक रूपमा पनि सम्पन्न र सुन्दर शहर थियो । राजर्षि जनकले छिमेकी राज्य सांकाश्यलाई अधीन गरेर त्यहाँ आफ्ना भाइ कुशध्वजलाई राजा बनाएका थिए । कुशध्वजको राज्य कति सुन्दर र कस्तो थियो भन्ने झलक राजर्षि जनक आफैंले श्रीमद्वाल्मिकी रामायण, बालकाण्ड, सर्ग ७५० मा गरेको देहायअनुसारको वर्णनबाट अनुमान लगाउन सकिन्छ-

भ्राता मम महातेजा वीर्यवानतिधार्मिकः
कुशध्वज इति ख्यातः पुरीमध्यवसच्छुभाम् ।२।
वार्याफलकपर्यन्तां पिबन्स्क्षुमतीं नदीम्
सांकाश्यां पुण्यसकाशां विमानमिव पुष्पकम् ।३।

अर्थात्, मेरो भाइ महातेजस्वी एवम् पराक्रमी कुशध्वज अत्यन्त धर्मात्मा छ । इक्षुमती सिंचित भई सोही नदीको किनारमा रहेको सांकाश्य नगरमा उ रहन्छ । उक्त नगरको चारैतिर शत्रुहरूबाट रक्षाका लागि किल्लाहरू रहेका छन् र त्यहाँ ठूला-ठूला यन्त्रहरू पनि जडान गरिएको छ । उक्त नगर दिव्य पुष्पक विमानजस्तो सुन्दर र प्रभावशाली देखिन्छ ।

राजर्षिले अधीन गरी भाइलाई राज गराएको शहर यति सुन्दर छ भने राजर्षिको आफ्नै शहर मिथिला अझ राम्रो थियो भन्ने अनुमान गर्न सकिन्छ । विभिन्न प्राचीन

ग्रन्थहरूमा मिथिलाको सुन्दरताको बारेमा गरिएको व्याख्याले पनि यस कुराको पुष्टि गर्दछ ।

मिथिला सुन्दर शहरका रूपमा विकास भएको थियो । अन्यत्रबाट साधु सन्तहरू मिथिला आउँदा यहाँको सुन्दरताको मुक्त कण्ठले प्रशंसा गर्दथे। श्रीमद्वाल्मिकी रामायणको बालकाण्डमा भनिएको छ-

तां दृष्ट्वा मुनयः सर्वे जनकस्य पुरीं शुभाम् ।
साधु साध्विति शंसन्तो मिथिलां समपूजयन् ।१०।

## ४.५ मिथिलाको आध्यात्मिक विकास

मिथिलामा राजर्षि जनकका दरबारमा जीवन र जगत् सम्बन्धमा निरन्तर शास्त्रार्थ, बहस, संवादहरू भइरहन्थ्यो भन्ने कुरा धेरै वटा प्राचीन ग्रन्थहरूमा उल्लेख भएको पाइन्छ । गार्गी, याज्ञयवल्क्य, अष्टावक्र, सुलभा, शुकदेवलगायत अनेकौं विद्वान् विदुषीहरूसँग राजर्षि जनकका दरबारमा आध्यात्मिक विषयमा चिन्तन मनन बहस शास्त्रार्थ भएका कुराहरू रामायण, महाभारत, उपनिषद्हरू, पुराणहरू, अष्टावक्र गीता, त्रिपुरारहस्यलगायतका प्राचीन ग्रन्थहरूमा उल्लेख भएको पाइन्छ । राजर्षि जनकका दरबारमा भएका शास्त्रार्थ एवम् बहसहरू आध्यात्मिक विषयमै केन्द्रित भएका पाइएका छन् । यसरी निरन्तरको बहसले मिथिलामा आध्यात्मिक विकास उच्चस्तरमा पुगेको कुरा मिथिलालाई प्राचीन ग्रन्थहरूमा पवित्र र पुण्य भूमिका रूपमा पनि वर्णन गरिएको कुराबाट पनि अनुमान गर्न सकिन्छ । संस्कृत भाषाका निम्न श्लोकहरूले यसै कुराको पुष्टि गर्दछन् ।

नित्यस्थली नित्यलीले नित्यधाम नमोऽस्तु ते।
धन्या त्वं मिथिले देवि ज्ञानदे मुक्तिदायिनी॥
रामस्वरूपे वैदेहि सीताजन्मप्रदायिनी।
पापविध्वंसिके मातर्भवबन्धविमोचिनी॥
यज्ञदान-तपोध्यान-स्वाध्याय फलदे शुभे।
कामिनां कामदे तुभ्यं नमस्यामो वयं सदा॥

अर्थात्, हे मिथिला तिमी अनुपम र रमणीय छौ । तिमी नित्य पवित्र धाम ज्ञान र मुक्तिदायिनी हौ । वैदेही नगरी जानकीको जन्मभूमि, पापनाशक र मृत्युको बन्धनबाट मुक्तिदाता हौ । हे मिथिला! यज्ञ, दान, तपस्या, तप र आत्मअध्ययनको शुभ फल दिने र भक्तका सबै मनोकामना पूरा गर्ने तिमी हौ । यसकारण हामी सबै तिमीलाई नमन गर्दछौं।

मिथिलामा राजर्षि जनकका अतिरिक्त अन्य धेरै दार्शनिक, ऋषिमुनि एवम् पण्डितहरू जन्मिएका थिए । महामहोपाध्याय डा. उमेश मिश्रले त २०१४ मा प्रकाशित भारतीय दर्शन नामक आफ्नो पुस्तकमा मिथिलामा जति मिमांसक भए र ग्रन्थ प्रकाशन भए त्यति भारतवर्षभरि नै अन्त कतै नभएको उल्लेख गरेका छन् । यस्तैगरी, विदेहको समकालीन इतिहासमा जनक राजाहरूले ज्ञानको ज्योति छर्ने काम गरे[17], भनिएको छ । ऋषिहरू त्यस समयका विद्वत् वर्गहरू हुन्थे । उनीहरूलाई राजर्षि जनक आफैं उच्च सम्मान गर्दथे । श्रीमद्वाल्मिकी रामायण, बालकाण्ड, सर्ग ५०।६। मा विश्वमित्र ऋषि आउँदै गरेको थाहा पाउनासाथै राजर्षि आफैं पुरोहित शतानन्दलाई अगाडि लगाएर स्वागत गर्न गए भन्ने सन्दर्भलाई यसरी श्लोकबद्ध गरिएको छ-

विश्वामित्रमनुप्राप्तं श्रुत्वा नर्पवरस्तदा
शतानन्दं पुरस्कृत्य पुरोहितमनिन्दित ।६।
ऋत्विजोऽपि महात्मानस्त्वघ्र्यमादाय सत्वरम्
प्रत्युज्जगाम सहसा विनयेन समन्वितः ।७।
विश्वामित्राय धर्मेण ददौ धर्मपुरस्कृतम्

राजर्षि जनकलाई अनिन्द्य (उत्तम) आचार-विचारले युक्त राजाहरूमा श्रेष्ठ महाराज भनी व्याख्या गरिएको पाइन्छ ।

वृहद्विष्णुपुराणीय मिथिला माहात्म्य[18]मा मैत्रेयले पराशरलाई मिथिलामा रहेका वेदवर्णित लिङ्गहरूका बारेमा बताउन अनुरोध गरेपछि पराशरले निम्नअनुसार व्याख्या गरेको वर्णन गरिएको छ-

शिलानाथभिधंलिङ्गं तथा वै कपिलेश्वरम्

---

[17] *Cultural and political history of Bideha, page 22*

[18] वृहद्विष्णुपुराणीय मिथिला-माहात्म्यम्, पं श्री धर्म्मनाथशर्म्मर्णा, हिन्दीभाषायामनुवाद्य सम्पादितम्, पं.श्रीमहानन्दठक्करेण संशोधितम्, कामेश्वरसिंह दरभंगा संस्कृत-विश्वविद्यालयः, कामेश्वरनगरम्, दरभंगा, १९८०

सर्व्वसिद्धिप्रदं नृणां पूर्व्वद्वारे प्रतिष्ठितम् ।७४।

कूपेश्वरं तथाग्नेये लिङ्गं सर्व्वाघ नाशनम्

याम्यां सिद्धिप्रदंलिङ्गम् कल्याणेश्वर नामकम ।७५।

पूर्व्वसिद्धिप्रदंलिङ्गम् वारुण्याञ्च जलेश्वरम्

सौम्ये जलाधिनाथाख्यं तत्रक्षीरेश्वरंमतम् ।७६।

एशान्यां त्रिजगत्ख्यातमन्योवै मिथलेश्वरम्

भैरवाख्यो महादेवो नैऋत्यां ग्रामरक्षक ।७७।

अर्थात्, त्यहाँ शिलानाथ तथा कपिलेश्वर नामका लिङ्गहरू छन् । यिनीहरू पूर्वद्वारमा स्थित छन् र मनुष्यलाई सबैखाले सिद्धि प्रदान गर्नेवाला हुन् । आग्नेय कोणमा कूपेश्वर महादेव छन् । यिनले सबै पापीका पापहरू नाश गर्दछन् । दक्षिण दिशामा सिद्धि दिने कल्याणेश्वर महादेव विराजमान् छन् । पश्चिम दिशामा जलेश्वर महादेव छन्, यिनले सबैखाले सिद्धि दिन्छन् । यसैगरी उत्तरदिशामा क्षिरेश्वर नामले प्रसिद्ध जलाधिनाथ महादेव छन् । ईशान कोणमा त्रिजग महादेव तथा मिथिलेश्वर नामका महादेव पनि छन् । नैऋत्य कोणमा ग्राम रक्षकका रुपमा भैरव नामका महादेव आसिन छन् ।

मिथिला महात्म्यमा मिथिलामा रहेका विभिन्न ताल, तलैया, पोखरीहरूलाई पवित्र, पुण्य र मुक्तिदायी भनी व्याख्या गरिएको पाइन्छ । मिथिला महात्म्यमा मिथिलाका सरोवरहरूको वर्णन यसअनुसार गरिएको छ-

पुरन्दरसरः पुण्यं ततोदासरथः सरः

भार्गवं मण्डलंचाक्षं विडालं रुक्मिणीसरः ।८०।

जनकस्यसरः पुण्यं सुनेत्रायाः सरस्तथा

वलदेव सरस्तद्वत् गोपालश्च सरोवरम् ।८१।

धनुःक्षेत्रमिति ख्यातं पादप्रच्छालनंसरः

विचित्राऽधूतपापा च तथाचुञ्चुमती तथा ।८२।

पयस्विनी कुण्डमती विख्याता तिलदीर्घिका

लक्ष्मणाख्या गुणवती तथा विल्ववतीमता ।८३।

दीर्घिका महतीपुण्या इष्टदा विघ्नहारिणी

मत्यस्योदरी व्याघ्रहरी स्थितिदाच्छहारिणी ।८४।

गोव्रजा चित्रधाराख्या ख्या पूर्व्ववतातथा
दुर्गया चित्रधारीच तथाखण्डहरी शुभा ।८५।
पुण्या पाकवती ख्याता तथा नगरदेविका
सनकादिसरः पुण्यो तरणम्मन्मथः सरः ।८६।
मन्थानं कौशलं चक्रं लोमशं रामसागरम्
सप्तवेधाभिधं तीर्थं ध्रुवं गाडुरमेव च ।८७।
केदार वन्हिकुण्डञ्च मध्यमं जानकीसरः
कुम्भादिकं वारुणञ्च तथासारस्वतंसरः ।८८।
चतुर्द्दीर्घिकमाख्याता तथाकष्टहरंसरः
धात्री सरो विषहरः विख्यातं मुरलीसरः ।८९।
गङ्गासरसमित्युक्तं अङ्गरागाभिधं सरः
गौतमस्यसरः पुण्यं वशिष्ठस्यसरस्तथा ।९०।

अर्थात्, पुरन्दर सरोवर तथा दशरथ सरोवर पुण्यस्वरुप छन् । भार्गवसरोवर, मण्डल सरोवर, अक्षसरोवर, वडालसरोवर, रुक्मिणीसरोवर पुण्यदायी छन् । यस्तैगरी, जनक सरोवर तथा सुनेत्रा सरोवर पुण्यवान छन् तथा बलदेव सरोवर एवम् गोपाल सरोवर पनि पुण्यस्वरुप छन् । धनुःक्षेत्र पादप्रच्छालन नामको सरोवर एवम् विचित्रा, अधूतपापा, चुञ्चुमती नदीले पापहरूलाई नाश गर्दछन् । पयस्विनी, कुण्डमती, तिलदीर्घिका, लक्ष्मणा पनि विख्यात छन् । दीर्घिका तथा मत्स्योदरीले विघ्नलाई हर्दछन् । गोव्रजा तथा चित्रधारा विख्यात छन् र चित्रधारी तथा खण्डहरी शुभफल दिन्छन् । पाकवती नदीले पुण्य दिन्छिन् तथा यिनी नगरकी देवी पनि हुन् । सनकादि सरोवरले पुण्य दिन्छ भने मन्मथ सरोवरले उद्धार गर्दछ । केदार कुण्ड, वह्नि कुण्ड तथा मध्यभागमा जानकी सरोवर छन् । यहाँ कुम्भादि सरोवार, वारुण सरोवर तथा सारस्वत सरोवर पनि छन् । चारैतर्फका कष्ट हर्ने कष्टहर सरोवर विख्यात छ । धात्री सरोवरले विष हर्दछन् भने मुरली सरोवर पनि विख्यात छ । यहाँ भएका गंगा सरोवर, अङ्गराग सरोवर, गौतम सरोवर, वशिष्ठ सरोवर पनि पुण्यदायी छन् ।

मिथिला क्षेत्रका सरोवर तथा जलाशयमा कुन महिनामा स्नान गर्दा के कस्तो फल मिल्छ भन्ने कुरा पनि मिथिला माहात्म्यमा उल्लेख गरिएको छ । एउटा उदाहरण यस्तो छ-

कौशिकीं माधवे स्नायान्माघेवे कमलान्तथा ।
दुग्धां विल्ववतींमार्गे कात्तिके यमुनान्तथा ॥१२६॥

उल्लिखित जलाशय तथा सरोवरहरूलाई सर्वथा श्रेष्ठ बताइएको छ । साथै, उक्त जलाशयको स्नानले महापुण्य प्राप्त हुने कुरालाई मिथिला माहात्म्यमा यसरी वर्णन गरिएको छ-

महाभागवत श्रेष्ठ वर्णिता ये जलाश्रयाः
तेषां स्नानेनपानेन महापुण्यं फलम्भवेत् ।९३।

मिथिलाको पुण्य र पवित्रतालाई मिथिला माहात्म्यमा यसरी पनि वर्णन गरिएको छ-

मुक्तिक्षेत्र हरिद्वारे `ब्रह्मावर्ते `गयाशिरे।
आजन्म निवसेद्यस्तु परिक्रामे भुवन्तथा ॥२७४॥

अर्थात्, मुक्ति क्षेत्र, हरिद्वार, ब्रह्मवर्त, गयाशिरमा जन्मभर वास गर्दा जुन पुण्य प्राप्त हुन्छ त्यस बराबरको पुण्य मिथिलाको परिक्रमाले मात्र प्राप्त हुन्छ ।

मिथिला पुण्यभूमि भएकाले बढी पुण्यका कारणले मात्र यसको प्राप्त हुने अर्थात् यहाँ जन्म हुने बताइएको छ । यसैले यहाँ साधुहरू जन्मिन्छन् भन्ने कुरालाई मिथिला माहात्म्यलाई यसरी वर्णन गरिएको छ-

पुण्यातिरेकतोलभ्या मिंथिलाजायतेसताम्
नेषां यात्रामहाभाग तत्रकोणेपु सूरिभिः ।९४।

मिथिलालाई संस्कृतका अलावा बौद्ध र जैन साहित्यहरूमा पनि एक पवित्र स्थलका रूपमा व्याख्या गरिएको पाइन्छ । यसबाट मिथिला सर्वस्वीकार्य, सुन्दर, पवित्र र ज्ञानको केन्द्रका रूपमा रहेको एक प्राचीन आध्यात्मिक भूमि रहेको देखिन्छ ।

दर्शनिक परम्परा विकासको हिसाबले पनि मिथिला उर्वर भूमि हो । यहाँबाट षड्दर्शनको बीज अर्थात् ब्रह्म अथवा चेतनापुञ्जको अवधारणा जन्मेको हो । यद्यपि षड्दर्शनमध्ये चार उत्तरमीमांसा, सांख्य, न्याय र वैशेषिकको उद्भवस्थल मिथिला नै हो ।

वेदान्तको मुख्य विषय ब्रह्मको आविष्कार पनि मिथिलाकै ऋषि याज्ञवल्क्यले गरेका थिए (जनकपुरी, २०७९) ।

## ४.६ मिथिलाको आर्थिक अवस्था

शहरको आसपास काँठ क्षेत्रमा चारवटा उपशहरहरू थिए। यी उपशहरमा प्रवेश गर्ने ढोकाहरू थिए र तिनलाई निगम भनिन्थ्यो र दिशाअनुसार तिनलाई नामकरण गरिएको थियो । मिथिलामा दश हजार गाउँहरू थिए। मिथिलाको भूगोल समयलाई मध्यनजर गर्दा कृषि त्यस बेला मिथिलाको एउटा मुख्य पेशा थियो भन्ने अनुमान लगाउन सकिन्छ। एउटा शास्त्रार्थमा राजा जनकले जसले अब्बल शास्त्रार्थ गरी सबैलाई परास्त गर्दछ, उसलाई दुवै सिङमा दश-दश वटा सुनका सिक्का बाँधेका एक हजार गाईहरू उपहार उपलब्ध गराउने घोषणा गरिएको थियो । यसले त्यसबेला पशुपालन फस्टाएको र अर्थव्यवस्थाको एउटा मुख्य भाग रहेको अनुमान लगाउन सकिन्छ ।

कृषि र पशुपालनबाहेक व्यापार व्यवसाय पनि तत्कालिन मिथिलाको अर्थव्यवस्थाको एउटा मुख्य भाग थियो । विदेहमा विभिन्न ठाउँबाट व्यापारीहरू सामान बेच्न आउँथे । बुद्धका समयमा पनि सरावस्तीबाट वस्तु तथा सेवा बिक्रीका लागि विदेहमा ल्याइन्थ्यो । विदेह आफैं भने तरबार तथा चक्कुहरू बनाउनका लागि प्रसिद्ध थियो । मिथिलाका मानिसहरू व्यापारका लागि सुवर्णभूमि जाने गर्दथे ।

वृहद्विष्णुपुराणीय मिथिला-माहात्म्यम्मा मिथिलाको आर्थिक अवस्थालाई यसरी वर्णन गरिएको छ-

धनधान्य समायुक्तो वनागम समन्वितः<br>
प्रशस्त नरनारीक आधिव्याधि विवर्ज्जितः ।६२।<br>
सदाम्रवन सम्पन्ना नदीतीरेषु संस्थिताः<br>
तीरेषु भुक्ति योगेन तैरभुक्ति रितिस्मृता ।६३।

अर्थात्, यो देश (मिथिला) धनधान्य तथा वन-जङ्गल सबैले भरिपूर्ण, मानिस र नारीहरू रोगव्याधिबाट मुक्त, एकताबद्ध समाजका रुपमा रहेको छ । यस वर्णनअनुसार मिथिला एउटा आदर्श समाजको रुपमा रहेको थियो जहाँ सबै प्रकारका सम्पत्ति प्रशस्त

मात्रामा थिए, मानिसहरू रोगमुक्त थिए र सामाजिक एकता तथा सौहार्द्रता थियो । समग्रमा मिथिलामा समृद्धि, स्वास्थ्य र एकता रहेको थियो ।

यहाँ आँपका रुखहरूको बगैचा छ र नदीको किनारमा अवस्थित छ। नदीका किनारमा जीवनयापनको लागि सुविधा भएकोले यो नदी किनारको फाँट अवस्थित छ ।

कालान्तरमा मिथिला नन्दहरूको अधीनस्थ भयो । यसपश्चात् भने मिथिलाको इतिहास अस्पष्ट रहेको छ र यसबारेमा खास जानकारी उपलब्ध छैन ।

शासकका रूपमा जनक एकजना न्यायपूर्ण, दयालु तथा सक्षम प्रशासकका रूपमा रहेको उनका विभिन्न संवादहरूबाट अनुमान गर्न सकिन्छ । शासन र प्रशासन सञ्चालन गर्दा उनी धर्मको पनि ख्याल गर्दथे।

## ४.७ प्राचीन कालपछि मिथिलाको अवस्था

करिब ईशापूर्व ५०० सम्मको विदेहको वैभवको चर्चा वेद, उपनिषद्, शतपथ ब्राह्मण र बौद्ध ग्रन्थहरूमा गरिएको पाइन्छ । तत्पश्चात् बज्जी गणतन्त्रमा परिणत भयो । ईशापूर्व सातौं शताव्दीमा आर्यावर्तमा स्थापित १६ महाजनहरूको सूचीमा बज्जीको नाम पनि परेकाले मिथिला वा जनकपुर पनि त्यसैमा सम्मिलित रहेको मान्न सकिन्छ (मल्लिक, २०७९) ।

प्राचीन कालको प्रख्यात र वैभवपूर्ण मिथिलाको इतिहासले पछिल्लो समयमा निरन्तरता पाएको देखिँदैन, उल्टै हराएको देखिन्छ । प्राचीन ग्रन्थहरूमा स्पष्ट अवस्थिति, सिमाना, संरचनालगायतका विवरण र त्यसका राजाहरूको नामनामेसी समेत पाइने त्यो प्राचीन मिथिला राज्य कहिलेबाट के कारणले लुप्त भयो भन्ने विषयमा सर्वस्वीकार्य जानकारी उपलब्ध छैन । यसर्थ, यो विषय अझै खोज अन्वेषणकै विषयका रुपमा रहे पनि केही अध्ययनहरू भएको देखिन्छ ।

यद्यपि केही विद्वान्हरूले प्राचीन मिथिला महाभारतको युद्धका बखत विनाश भएपछि त्यसस्थानमा वनजङ्गलले ढाकिएर त्यसको पहिचान हराएको उल्लेख गरेका

छन् ।[19] मध्यकालमा कर्नाटक वंशको अभ्युदयसँगै मिथिला राज्यले पुनर्जीवन पायो (मल्लिक, १९७६) । अठारौं शताव्दीको प्रारम्भताका जनकपुरको पहिचान गरी ख्याति पुनःस्थापित गर्ने कार्य भारतको बद्रीनाथबाट आएका चतुर्भुज गिरि र लोहाडगढ, जयपुर, भारतबाट आएका सुरकिशोर दासको कृत्यबाट भएको मानिन्छ । वस्तुतः यी दुवै आधुनिक जनकपुरका निर्माता हुन्, जसले त्यससमयमा वन जङ्गलले ढाकिएको यस स्थानमा आई यस क्षेत्रको ऐतिहासिक धार्मिक महत्वको प्रचार प्रसारका साथै जनकपुरको प्राचीन एवम् ऐतिहासिक गौरवलाई उजागरी गरी प्राचीन मिथिलाको सम्झनालाई समेत जीवन्त तुल्याउने कार्य गरेका थिए (मल्लिक, १९७६)।

[19] बर्घट, रिचर्ड (सन् १९७८), द डिसएपियरेन्स एण्ड रिएपियरेन्स अफ जनकपुर, कैलास : ए जर्नल अफ हिमालयन स्टडिज, भाग ६, काठमाडौं, रत्न पुस्तक भण्डार ।

# पञ्चम अध्याय : राजर्षि जनक दर्शन

## ५.१ परिचय

राजर्षि जनकका जीवन, जगत्सम्बन्धी दृष्टिकोण, विचार तथा दर्शन नै राजर्षि जनक दर्शन हो । राजर्षि जनकका बारेमा उनको आफ्नै कुनै लेखन उपलब्ध नभएकाले राजर्षि जनक दर्शनलाई सही रूपमा प्रस्तुत गर्न राजर्षि जनकका बारेमा अझ विस्तृत अध्ययन हुनु आवश्यक छ । यस दस्तावेजमा विभिन्न ग्रन्थहरूको अध्ययन गरी जनकको जीवन र जगत्प्रतिको बुझाइ, ज्ञान, दृष्टिकोण, मूल्य, मान्यता र दार्शनिक सिद्धान्तहरूको प्रस्तुतिलाई एकीकृत रूपमा जनक दर्शनका रूपमा प्रस्तुत गरिएको छ ।

राजर्षि जनकका दृष्टिकोण, विचार तथा दर्शन महाभारत, अष्टावक्रगीता, रामायण, देवीभागवत, त्रिपुरारहस्य, बृहदारण्यकोपनिषद्, शतपथ ब्राह्मण, एतरेयआरण्यक, महोपनिषद् जस्ता विभिन्न ग्रन्थहरूमा रहेका राजर्षि जनकसँग सम्बद्ध विविध संवाद, कथा, श्लोक आदिबाट लिइएको छ । यस अध्यायमा राजर्षि जनक दर्शनका व्यावहारिक आधार तथा सैद्धान्तिक आधार प्रस्तुत गरी राजर्षि जनक दर्शन प्रस्तुत गरिएको छ ।

## ५.२ जनक दर्शनको व्यावहारिक आधार

जुन कारणबाट जनकले दर्शनका विषयवस्तुमा आफ्नो दृष्टिकोण निर्माण गरेका छन् वा जुन ग्रन्थहरूमा जनकले दर्शनका विषयवस्तुमा आफ्ना धारणा एवम् बुझाइहरू प्रस्तुत गरेका छन्, तिनै आधिकारिक ग्रन्थहरूलाई यहाँ जनक दर्शनका व्यावहारिक आधारका रुपमा लिइएको छ । विभिन्न प्राचीन ग्रन्थहरूमा जनकको सन्दर्भ उल्लेख गरिएको भए पनि अष्टावक्र गीता र त्रिपुरा रहस्यमा जनक आफैंले जीवन, जगत्का बारेमा आफ्नो दृष्टिकोण प्रस्तुत गरेको वर्णन रहेको हुँदा मूलतः यी ग्रन्थहरूलाई जनक दर्शनका प्रमुख व्यावहारिक आधारका रुपमा मानिएको छ ।

साथै, जनकले जीवन जगत्सम्बन्धी धेरै उपदेश याज्ञवल्क्यबाट ग्रहण गरेका र उक्त संवादहरू बृहदारण्यक उपनिषद्मा रहेकाले यसलाई पनि जनक दर्शनको व्यावहारिक

आधारका रुपमा लिइएको छ । यस बाहेक अर्को प्राचीन ग्रन्थ योगवाशिष्ठमा पनि पौरस्त्य दर्शनका विषयवस्तुको विशद चर्चा गरिएको र यहाँ राजर्षि जनकका सन्दर्भहरू समेत रहेकाले योगवाशिष्ठलाई पनि यस अध्ययनमा जनक दर्शनको व्यावहारिक आधार मानिएको छ । यद्यपि बृहदारण्यक उपनिषद् र योगवाशिष्ठमा प्रस्तुत सम्बद्ध तर्क तथा सन्दर्भहरूलाई अष्टावक्र गीता र त्रिपुरा रहस्यसँगै जनक दर्शनका सैद्धान्तिक आधार यकिन गर्न प्रयोग गरिएको छ ।

### ५.२.१. अष्टाबक्र गीता

पौरस्त्य दर्शनको वाङ्मयमा जीवन तथा जगत्लाई स्पष्ट रुपमा प्रस्तुत गर्ने ग्रन्थहरूमध्येमा अष्टावक्र गीताको नाम अग्रपङ्क्तिमा रहेको छ । अष्टावक्र गीता मूलतः मोक्ष प्राप्तिका उपायलगायत जीवन जगत्का सवालहरूमा जनकका जिज्ञासा र तिनमा अष्टावक्रका जवाफहरूको सङ्ग्रह हो । यहाँ जनकले ज्ञान कसरी प्राप्त हुन्छ, मुक्ति कसरी सम्भव हुन्छ, वैराग्य कसरी प्राप्त हुन्छ भन्नेजस्ता जिज्ञासाहरू अष्टावक्रसँग राखेका छन् । अष्टावक्रसँगका यस्तै जिज्ञासा तथा संवादपश्चात् जनकलाई आत्मसाक्षात्कार भएको छ । आत्मसाक्षात्कारले जनकको जीवन जगत्सम्बन्धी विश्वास यकिन भएको छ । यही आत्म साक्षात्कारबाट नै जनकले यस चराचर जगत्को स्वरुप वर्णन गर्न सकेका छन् । यहाँबाट नै उनको दर्शनले दृढ स्वरुप प्राप्त गरेको छ । यसैले यस ग्रन्थलाई जनक दर्शनको एक प्रमुख व्यावहारिक आधारका रूपमा प्रस्तुत गरिएको छ । यसमा आत्मज्ञान, आध्यात्मिकता र मोक्षको बारेमा गहिरो चर्चा गरिएको छ र यहाँ अष्टावक्र गीता[20]बाट जनकको आत्मसाक्षात्कारसँग सम्बन्धित केही मुख्य बुँदाहरू प्रस्तुत गरिएको छ ।

अष्टावक्र गीताको पहिलो अध्यायको सूत्र नं. १ मा राजा जनकले अष्टावक्रलाई ज्ञान, मुक्ति र वैराग्य प्राप्तिका उपायहरूबारे जिज्ञासा राखेका छन् भने सूत्र नं. २ मा अष्टावक्रले यसका लागि सांसारिक विषयहरूलाई विष समान त्याग गरेर क्षमा, सरलता, दया, सन्तोष तथा सत्यलाई अमृत समान ठानेर अवलम्बन गर्नुपर्ने सुझाएका छन् ।

[20] मिसन, श्रीराजचन्द्र, अष्टावक्र गीता

तेस्रो सूत्रमा अष्टावक्रले संसार दुःखमय हो र आत्मज्ञान नै मोक्षको मार्ग हो । यहाँ "अस्ति नास्ति नैषकार्यम्" भनेर संसारमा केही अस्तित्वमा छ कि छैन, त्यसको सारा जड नै निरर्थक बताउँदै यस सत्यलाई जान्नु नै अध्यात्मिक मुक्ति हो भनेका छन् । यस सूत्रमा अष्टावक्रले आत्मज्ञानले नै मुक्ति दिलाउँछ भन्ने आफ्नो मुख्य सन्देश दिएका छन् । चौथो सूत्रमा अष्टावक्रले वैराग्य उत्पन्न भएपछि मानवमा पात्रता उत्पन्न हुने र त्यसपश्चात् गुरुद्वारा तत्त्वज्ञान प्राप्त भएपछि आत्मज्ञान हुने बताएका छन् । एवम्रितले पहिलो अध्यायमा अष्टावक्रले जनकलाई आत्मसाक्षात्कारका लागि उपदेश दिएका छन् भने दोस्रो अध्यायमा जनकलाई आत्मसाक्षात्कार भई उनले आफ्नो अनुभव प्रस्तुत गरेका छन् ।

**अष्टावक्र गीतामा जनकमा आत्मसाक्षात्कार सम्बन्धी मुख्य अंश**

जनक उवाच ।
कथं ज्ञानमवाप्नोति कथं मुक्तिर्भविष्यति ।
वैराग्यं च कथं प्राप्तं एतद् ब्रूहि मम प्रभो ॥१।१॥

अष्टावक्र उवाच ।
मुक्तिमिच्छसि चेत्तात विषयान्विषवत्त्यज ।
क्षमार्ज्जर्वदयातोषसत्यं पीयूषवद्भज ॥१।२॥
न पृथ्वी न जलं नाग्निर्न वायुर्द्यौर्न वा भवान् ।
एषां साक्षिणमात्मामं चिद्रूपं विद्धि मुक्तये ॥१।३॥

जनक उवाच ।
अहो निरञ्जनः शान्तो बोधोऽहं प्रकृतेः परः ।
एतावन्तमहं कालं मोहेनैव विडंबितः ॥२।१॥
यथा प्रकाशयाम्येको देहमेतनं तथा जगत् ।
अतो मम जगत्सर्वमथवा न च किंचन ॥२।२॥
सशरीरमहो विश्वं परित्यज्य मयाऽधुना ।
कुतश्चित्कौशलादेव परमात्मा विलोक्यते ॥२।३॥
यथा न तोयतो भिन्नास्तरंगाः फेनबुद्‌बुदाः ।
आत्मनो न तथा भिन्नं विश्वमात्मविनिर्गतम् ॥२।४॥
तन्तुमात्रो भवेदेव पटो यद्वद्विचारतः ।
आत्मतन्मात्रमेवेदं तद्वद्विश्वं विचारितम् ॥२।५॥
यथैवक्षुरसे क्लृप्ता तेन व्याप्तैव शर्करा
तथा विश्वं मयि क्लृप्तं मया व्याप्तं निरन्तरम् ॥२।६॥

*स्रोत : अष्टावक्र गीता, श्रीमद् राजचन्द्र मिसन, दिल्ली*

अष्टावक्रको उपदेश सुनेपछि जनकलाई आत्मसाक्षात्कार भएको छ । दोस्रो अध्यायको पहिलो श्लोकमा उनी भन्छन्- "मेरो अज्ञानता समाप्त भएको छ ।" उनी थप्छन्- "अहो, म त निरञ्जन छु । शान्त छु । ज्ञानी छु । प्रकृतिभन्दा पर छु । आश्चर्य छ कि

यतिञ्जेल म मोहले ढाकिएको रहेछु ।" दोस्रो अध्यायको दोस्रो श्लोकमा उनी भन्छन्- "कस्तो आश्चर्य, शरीरसहित विश्वको परित्याग गर्नाले थोरै प्रयास गर्दा नै मैले परमात्मा देखें ।"[21] चौथो श्लोकमा जनकले आत्मा र संसारको सम्बन्धलाई समुन्द्र र तरङ्गको जस्तै महसुस गरेका छन् भने पाँचौं सूत्रमा धागो र कपडाको जस्तै । यस्तैगरि छैठौं सूत्रमा जसरी चिनी रसमा मिसिन्छ र रसले चिनीलाई व्याप्त गर्छ, त्यसरी नै यो ब्रह्माण्ड आत्माबाट उत्पन्न भएको छ र आत्माले नै यसलाई धारण गरिरहेको छ । आत्मा सबैमा र सबैतिर विद्यमान छ । सातौं सूत्रमा जनकलाई महत्वपूर्ण आत्मज्ञान भएको छ- यसमा उनी भन्छन्, "आत्मज्ञान नभएका कारणले नै डोरीलाई सर्प देखिएजस्तै यो विश्वको भ्रम भएको हो अन्यथा यो विश्वमा आत्मा मात्र देखिन्छ ।" यहाँ उनले सारा सृष्टिलाई आत्मा मात्र देखेका छन् । आफूलाई आत्माकै रुपमा महसुस गरेका छन् । सातौं श्लोकमा उनले प्रकाशलाई आफ्नो अर्थात् आत्माको निज स्वरुप हो भनी बताएका छन् ।

जनक र अष्टावक्रको यस संवादपछि जनकलाई आत्मसाक्षात्कार भएपछि भई उनलाई आत्मा, जगत्, ब्रह्म र जगत्को अद्वैतता, मायालगायतका विषयमा प्रष्ट ज्ञान भएको छ ।

## ५.२.२ त्रिपुरारहस्य

त्रिपुरा रहस्य, ज्ञान खण्ड, सोह्रौं अध्यायमा भगवान् दत्तात्रेयसँग परशुरामले जनक तथा अष्टावक्रबीचको संवादको क्रममा अष्टावक्रले जनकसँग के सोधे र जनकले के उत्तर दिए, त्यो विचित्र संवाद प्रस्तुत गर्न अनुरोध गरेका छन् र सोही क्रममा जनकले सुनाएका कुराहरू यहाँ दत्तात्रेयले जनकलाई सुनाएका छन् । यहाँ अष्टावक्रले जनकसँग अज्ञेय तत्त्वका बारेमा सम्झाउन अनुरोध गरेका छन् भने जनकले यो विषयलाई जान्न बाह्य विषयबाट बिमुख भई अन्तरमुखी भएकालाई सजिलो र बहिर्मुखी (सांसारिक विषय नै ध्येय भएका) नै रहेकालाई निकै कठिन भएको बताउँदै त्यसलाई अनिर्वचनीय बताएका छन् । यस सन्दर्भमा त्यस तत्त्वको ज्ञान आर्जनका लागि सम्बद्ध विभिन्न विषयहरूमा छलफल गरिएको छ । यहा जनक भन्छन्- "सम्पूर्ण जगत्को आधारभूत त्यो चेतन तत्त्व स्वभावबाट ज्ञेय छैन किनकि यो चेतन ज्ञाताको स्वरुप भएकाले ज्ञानको विषयय हुँदैन । हे

21

अष्टावक्र न तिमी न शरीर हौ, न मन हौ । शरीर त वात पित्त आदि धातुहरूको समूह मात्र हो भने यो कसरी तिम्रो स्वरुप हुन सक्छ? प्राण र मन पनि आत्मा होइन ।"

कुनै पनि वस्तुमा ध्यान नभएमा त्यसमा आँखा परे पनि उक्त वस्तु नदेखिने उदाहरण दिँदै जनकले अष्टावक्रलाई आत्मसाक्षात्कारका लागि आत्मामा नै ध्यान केन्द्रित गर्दै अन्य वस्तुबाट ध्यान विमुख गर्नुपर्ने बताएको उल्लेख गरिएको छ । यस क्रममा जनकले भनेका छन्- "यदि मनबाट सांसारिक विषय तथा कामना हटेको छैन भने त्यसले त्यो अविनाशी सर्वोच्च पुरुषलाई कसरी देख्न सक्छ र ?" यस बाहेक जाग्रत, सुषुप्त, समाधि र समाधिका विभिन्न स्वरुपका बारेमा अष्टावक्र र जनकबीच संवाद भएको छ । उक्त संवादका केही प्रमुख अंशहरू देहायअनुसार रहेका छन्-

अष्टावक्र-

विज्ञावृत्तसर्वस्वं दयया वद मे गुरो ।
इत्वेवमनुयुक्तोऽथ दत्तात्रेयो महामनुनिः ॥४॥
भार्गवाय समाचख्यौ कथां परमपावनीम् ।
श्रृणु भार्गव यत्र् प्रोक्तं जनकेन महात्मना ॥५॥
राजन् विदेहाधिपते तास्योक्तं तु यत्तया ।
तदहं नाऽविदं सम्यक् सङ्क्षेपोक्तत्वहेतुतः ॥८॥
कथं विद्यामवेद्यं तत् समाचक्ष्य दयानिधे ।
एवं जनक आपृष्ट ग्राह तं विस्मयन्निव ॥९॥
मुनिपुत्र श्रृणु वचो मया यत्र् प्रोच्यतेऽधुना ।
नाऽवेद्यं सर्वथा तद्ध वद्यञ्चापि न सर्वथा ॥१०॥
एतद्वेदनमत्यन्तं सुलभं दुःशकं च हि ।
यः रावृत्तदृष्टिः स्यात्तस्य त्रत्त सुलभं भवेत् ॥१२॥
यः परागदृष्टिरेवास्ते तस्य तच्चातिदुर्लभम् ।
अनिरुप्यं केवलं तदवेद्यमपि सर्वथा ॥१३॥
कथञ्चिदन्यरुपेण निरुप्यं वेद्यमप्युत ।
यद्यद् दृश्यं पश्यसीह तेस तद्वेद्यमुच्यते ॥१४॥
यत्तेऽवभासते किञ्चित् तद्विभावय सद्धिया ।

भानशक्तिर्भास्यहीना सर्वभानसमाश्रया ॥१५॥
सैव तत्तत्त्वमित्येव विजानीहि मुनेः सुत ।
वेद्यमेव न चित्तिः स्यात् स्वतो यन्न प्रकाशते ॥१६॥
आभातकल्पमेव स्यादप्रन्यावृत्तचक्षुषा ।
एवं श्रोत्तत्वगादीनां भूदेवाऽवेहि संस्थितिम् ॥३१॥

### ५.२.३ बृहदारण्यकोपनिषद्

बृहदारण्यकोपनिषद् वेदान्त दर्शनको एक आधारभूत ग्रन्थ मानिन्छ । यस उपनिषद्मा ब्रह्माण्ड, जीवन, आत्मा र परमात्माको सम्बन्धमा गहन चिन्तन र विश्लेषण गरिएको छ । यसमा राजा जनकलाई एक ज्ञानी राजाको रूपमा चित्रण गरिएको छ । उनी आफ्नो ज्ञान र तपस्याका कारण प्रसिद्ध थिए । उपनिषद्मा राजा जनक र विभिन्न ऋषिमुनिहरूबीच भएका संवादहरूलाई समावेश गरिएको छ । यी संवादहरूमा ब्रह्माण्डको रहस्य, आत्माको स्वरूप र मोक्ष प्राप्तिको मार्गबारे गहन चर्चा गरिएको छ ।

यस ग्रन्थमा भएका विभिन्न संवादहरूमध्ये जनक र याज्ञवल्क्यबीच भएको संवाद यस ग्रन्थको मुख्य संवाद हो । बृहदारण्यकोपनिषद् अध्याय ४ ब्राह्मण ३ खण्ड ७-८[22] मा जनकले याज्ञवल्क्यलाई त्यो आत्मा कुन हो भनी प्रश्न गरेका छन् । यसमा याज्ञवल्क्यले त्यो हृदयभित्र इन्द्रियहरूले घेरेर रहेको ज्योतियुक्त रहेको बताएका छन् । यस्तैगरी अन्य खण्डहरूमा ब्रह्म, मोक्षलगायतका विषयहरूमा जनकले याज्ञवल्क्यसँग उपदेश ग्रहण गरेका छन् । याज्ञवल्क्यसँग प्रभावित भई जनकले उनलाई मुल गुरुका रुपमा राखेकाले र विभिन्न समय सन्दर्भहरूमा जनकले याज्ञवल्क्यकसँग संवाद गरी सन्तुष्ट भएका उदाहरणहरू बृहदारण्यकोपनिषद्लगायत अन्य प्राचीन ग्रन्थहरूमा समेत भेटिने भएकाले जनकको दृष्टकोण निर्माणमा याज्ञवल्क्यको महत्वपूर्ण प्रभाव रहेको सहज अनुमान गर्न सकिन्छ ।

[22] प्रो. राजाराम, बृहदारण्यक उपनिषद्, डी.ए.वी. कलेज लाहौर, सं. १९७०

## ५.३ जनक दर्शनका सैद्धान्तिक आधार

दर्शन शास्त्रका सैद्धान्तिक आधारहरूका सन्दर्भमा जनक दर्शनको अवस्था विश्लेषण देहाय अनुसार रहेको छ-

**सत्य (Reality) :**

जनक दर्शन अनुसार ब्रह्म सबैभन्दा ठूलो वास्तविकता अर्थात् जगत्को अन्तिम सत्य हो । आत्मा ब्रह्मकै अंश हो । यस दर्शनले ब्रह्माण्डलाई ब्रह्मकै विस्तारित स्वरुपको रूपमा प्रस्तुत गर्छ, यसले ब्रह्म र जगत् एउटै हो भन्ने कुरामा जोड दिन्छ । राजर्षि जनकले आफ्नो जीवनभर अन्तिम सत्यको बारेमा अनेकन् विद्वान् विदुषीहरूसँग संवाद गरी अष्टावक्रसँगको संवादका क्रममा उनलाई आत्मसाक्षात्कार भएपछि ब्रह्म (आत्मा) नै जगत्को एकमात्र अन्तिम सत्य हो भन्ने स्पष्ट बोध भएको छ ।

वेदान्त दर्शनमा पनि आत्मा एक वास्तविकता मानिन्छ, तर यसमा ब्रह्माण्ड र आत्माको एकतालाई विशेष रूपमा जोड दिइन्छ । यसका विपरीत भौतिकवादमा ब्रह्माण्डलाई भौतिक वास्तविकता मान्दै केवल भौतिक तत्वहरूलाई नै सबैभन्दा महत्वपूर्ण मान्छ ।

क्वान्टम भौतिकशास्त्रमा ब्रह्माण्डको आधारभूत संरचनामा चेतनाको भूमिका स्वीकारोन्मुख छ । अर्थात्, कणहरू एकैसाथ धेरै स्थानमा हुन सक्छन्, दूरदराजका कणहरू एकअर्कासँग तत्काल अन्तरक्रिया गर्न सक्छन् (Quantum entanglement) भन्ने जस्ता खोजहरूले वैज्ञानिकहरूलाई चकित पारिरहेको सन्दर्भमा यी अस्पष्टताहरूलाई बुझ्नको लागि चेतनाको भूमिकालाई पनि खोजिएको छ । यो जनक दर्शनको आत्मावादी दृष्टिकोणसँग मेल खान्छ जहाँ ब्रह्मलाई नै सर्वनियन्त्रक अन्तिम सत्ता मानिन्छ र बाँकी सबैलाई ब्रह्मको विस्तार मात्र ठानिन्छ ।

**तर्कशीलता (Rationality) :**

जनक दर्शनका अनुसार तर्कशीलता केवल बौद्धिक क्षमता मात्र होइन, अपितु आत्मज्ञानको प्राप्तिमा एक महत्त्वपूर्ण साधन पनि हो । यहाँ तर्कको माध्यमबाट शंका समाधान गर्ने र आत्मसाक्षात्कार प्राप्त गर्ने प्रक्रिया देखिन्छ । अष्टावक्र गीतामा तर्कको उपयोग गरेर शंका समाधान र आत्मसाक्षात्कारको प्रक्रिया प्रस्तुत गरिएको छ । अष्टावक्र

गीतामा अक्सर प्रश्न-उत्तर शैलीमा तर्क प्रस्तुत गरिएको छ । उदाहरणका लागि, राजा जनकले कुनै प्रश्न सोध्छन् र अष्टावक्रले त्यसको तर्कसंगत जवाफ दिन्छन् । यसरी, पूरै ग्रन्थ नै एक किसिमको दार्शनिक वार्तालापका रुपमा प्रस्तुत छ । जनक र अष्टावक्र जस्ता ऋषिहरूले तर्कलाई आत्मज्ञानको साधनको रूपमा देखेका छन् । जनकसँगका संवादहरूमा तर्क केवल बाह्य संसारको वास्तविकता बुझ्नका लागि मात्र नभएर, आन्तरिक जागरूकता र आत्माप्रति सचेतता बढाउनका लागि पनि महत्त्वपूर्ण साधनका रुपमा प्रयोग गरिएको छ । साथै, सत्यलाई प्रस्तुत गर्न जनकले विपर्यय वृत्तिका उदाहरणहरू मार्फत् तर्कको उपयोग गरेका छन् ।

पाश्चात्य दर्शन र आधुनिक विज्ञानमा तर्क र प्रमाणको आधारमा विषयवस्तुको विश्लेषण गरिन्छ । पाश्चात्य दर्शनमा रेने देकार्ट (René Descartes) जस्ता चिन्तकहरूले तर्कको महत्त्वलाई बौद्धिक र वैज्ञानिक पद्धतिमा आधारित बनाए । यसले बाह्य संसारको अवलोकन र विश्लेषण गर्ने पद्धतिको विकासमा योगदान गरेको छ । आधुनिक विज्ञानमा तर्कलाई प्रयोग गरेर प्रमाणको माध्यमबाट सत्यको पहिचान गरिन्छ । वैज्ञानिक विधिहरू जस्तै प्रयोग, अवलोकन र तथ्यहरूको विश्लेषणलाई तर्कसंग जोडिन्छ । यस दृष्टिकोणमा, तर्कले बाह्य वास्तविकतासँग सिधा सम्बन्ध राख्छ र यसको प्रयोगले वास्तविक संसारको बोध गर्नमा सहायक हुन्छ ।

तर जनक दर्शनमा, तर्कसँगै अनुभव र अन्तर्दृष्टिलाई पनि प्रमुख स्थान दिइएको छ । यहाँ तर्क बाह्य अनुभवहरूको विश्लेषण गर्नमा प्रयोग हुन्छ, जबकि अनुभव र अन्तर्दृष्टि आन्तरिक दुनियाँको सत्यलाई बुझ्नका लागि आवश्यक छन् । जनक दर्शनमा तर्कशीलता, अनुभव र अन्तर्दृष्टि तीनैलाई महत्वपूर्ण मानिन्छ ।

**नैतिकता (Ethics) :**

जनक दर्शनमा नैतिकता आत्मसाक्षात्कारको मार्गमा एक महत्वपूर्ण कदमको रूपमा लिइन्छ । यसमा करुणा, सहानुभूति र सत्यनिष्ठा जस्ता गुणहरूलाई विशेष महत्त्व दिइन्छ । जनकले स्वर्ग जाने क्रममा पापीहरूको आर्तनाद सुनेपछि आफ्नो पुण्य उनीहरूलाई हस्तान्तरण गरेर भए पनि उनीहरूलाई मुक्त गरेका घटनाहरू देखिन्छन् । जन्म जन्मान्तरको सत्कार्यबाट ईश्वर प्रशन्न भएपछि मात्र वैराग्य र मुमुक्षा उत्पन्न भई

मोक्ष मार्ग प्रशस्त हुने जनकको ठम्याइ छ । यसले जनक दर्शनमा नैतिकताको स्थान उच्च रहेको देखाउँदछ ।

जैन दर्शन, बौद्ध दर्शन, कन्फ्युसियसजस्ता दर्शनहरूमा पनि नैतिकता एक अत्यन्त महत्त्वपूर्ण पक्ष हो, जहाँ व्यक्तिको आचार-व्यवहार र समाजसँगको सम्बन्धमा नैतिकताको भूमिका ठूलो हुन्छ ।

आजको समाजमा नैतिकता र मूल्यहरूको ह्रास भइरहेको हुँदा यस अवस्थामा यस दर्शनले यस समस्यामा समाधानको मार्ग प्रदान गर्दै मानिसहरूलाई उच्च नैतिक जीवन जिउन प्रेरित गर्न सक्छ ।

**नियतिवाद (Determinism) :**

जनक दर्शनमा नियतिवादलाई कर्म सिद्धान्तसँग जोडेर हेरिन्छ । यस अनुसार मानिसको जीवन उसका जन्मजन्मान्तरका कर्म तथा तिनको प्रतिफलमा आधारित हुन्छ । जनक दर्शनमा प्रस्तुत गरिने कर्म बन्धनको अवधारणा नियतिवादसँग सम्बन्धित छ । अर्थात्, जनक दर्शनको एउटा विशेषता नियतिवादमा आधारित हुनु हो ।

पौरस्त्य दर्शनहरूमा सामान्यतया नियतिवाद सामान्यरुपमा मान्यताप्राप्त छ, तर पाश्चात्य दर्शनमा स्वतन्त्र इच्छा, व्यक्तिगत अधिकार तथा स्वतन्त्रता विषयजस्ता विषयलाई बढी महत्व दिइन्छ । यद्यपि कतिपय रोग तथा व्यक्तिगत स्वभाव जस्ता कुराहरूमा वातावरणीय तथा आनुवंशिकी प्रभावलाई स्वीकार गरिएको छ ।

पौरस्त्य दर्शनमा मन, बुद्धि, चित्त, अहंकार जस्ता विषय र कर्मलाई एकापसमा सम्बन्धित मानिन्छ । जनक दर्शनमा निरन्तरको सत्प्रयास र ईश्वरको कृपाबाट मोक्ष प्राप्त हुने कुरा गरिन्छ जसले नियतिवाद प्रतिनिधित्व गर्दछ ।

## ५.४ पौरस्त्य दर्शनका मूल विषयवस्तुमा जनक दर्शन

जीवन र जगत्का मूल विषयवस्तुहरूमा जनक दर्शनको दृष्टिकोण एकदमै गहिरो र विश्लेषणात्मक छ । अष्टावक्र गीता र त्रिपुरा रहस्यमा उद्घाटित जनक दर्शनले आत्मज्ञानलाई जीवनको सर्वोत्कृष्ट लक्ष्य मान्दछ । जीवनको उद्देश्य आत्म-साक्षात्कार मार्फत् सत्यको खोज र मुक्ति प्राप्त गर्नु हो । जनक दर्शनले ब्रह्माण्डलाई आत्माको

विस्तारको रूपमा हेर्दछ, जहाँ सबै जीवात्माहरू एक-आपसमा जोडिएका छन् । यसले व्यक्ति, समाज र सम्पूर्ण ब्रह्माण्डको एकत्वमा विश्वास गर्दछ । यस दर्शनले तर्कशीलता, नैतिकता, र सत्यलाई विशेष महत्त्व दिन्छ । आत्मज्ञानको माध्यमबाट व्यक्ति आफ्नो वास्तविक स्वरूपलाई बुझ्न सक्छ र जीवनको वास्तविक सार्थकतामा पुग्न सक्छ । साथै, यो दर्शनले नैतिकता र सहानुभूतिको पालनलाई प्रोत्साहित गर्दै वैराग्य र तटस्थताको महत्वलाई जोड दिन्छ । संशयवाद र अनुभवलाई आत्मज्ञानको मार्गमा उपयोगी ठान्ने जनक दर्शनले व्यक्तिलाई जीवनमा शान्ति, आनन्द र मुक्ति प्राप्तिको मार्गदर्शन गर्दछ । समग्रमा, जनक दर्शन जीवन र जगत्का विषयवस्तुहरूसँग गहिरो सम्बन्ध राख्दै आत्मज्ञान र मोक्षलाई अन्तिम लक्ष्य ठान्दछ । जनक स्वयम्ले प्रस्तुत गरेका धारणाहरूका आधारमा जीवन जगत्का मूल विषयवस्तुमा जनक दर्शनकका दृष्टिकोणहरू देहायअनुसार रहेका छन्-

## ५.४.१ पदार्थ

जनक दर्शन अनुसार सृष्टिका सम्पूर्ण पदार्थहरू दृक् (ज्ञाता अर्थात् जान्ने थाहा पाउने) र दृश्य (ज्ञेय अर्थात् जान्न सकिने वा जान्नयोग्य) गरी दुई प्रकारका छन् । जनकका अनुसार दृक्का पनि तीन भेद छन् र यी अवनाशी तथा अन्तिम सत्य हुन् । उनका अनुसार दृश्य पदार्थहरू विनाशशील भएकाले अवास्तविक हुन् । जसरी लगाइको वस्त्र एकातर्फ अनित्य, क्षणभंगुर र केही समयपश्चात् नाशिएर जाने चिज हो र शरीरमा यसलाई खास समयका लागि मात्र धारण गरिन्छ, त्यसैगरी दृश्य जगत् पनि आत्मा अर्थात् ब्रह्मले धारण गरेको वस्तु हो र खास समयपछि नासिएर जान्छ । जनकको यो दृष्टिकोण उनले अष्टावक्रसँग गरेको संवादमा प्रष्ट झल्कन्छ । अष्टावक्रगीताको दोस्रो प्रकरणको पाँचौं श्लोकमा राजर्षि जनकले अष्टावक्रलाई आफ्नो अनुभव यसरी सुनाएका छन्-

तन्तुमात्रो भवेदेव पटो यद्वद्विचारतः
आत्मतन्मात्रमेवेदं द्वद्वद्विश्वं विचारितम् ॥२।५।॥

अर्थात्, जसरी विचार गर्दा वस्त्र एक आवरण मात्र हो, त्यसैगरी सम्पूर्ण विश्व आत्मसत्ता मात्र हो। यस वर्णन अनुसार उनको दृष्टिकोण, उनको दर्शनअनुसार आत्मा वा ब्रह्मा मात्र नित्य हो अन्य सबै मिथ्या हुन् । उनी ब्रह्म र आत्मालाई एक मान्दछन् ।

जसरी शरीरलाई आत्माले प्रकाशित गरिरहेको हुन्छ, अर्थात् जसरी आत्माका कारण शरीर जीवन्त देखिएको हुन्छ, त्यसैगरी यस ब्रह्माण्डलाई आत्माले प्रकाशित गरिरहेको हुन्छ अर्थात् ऊर्जा दिइरहेको हुन्छ । अष्टावक्र गीताकै दोस्रो प्रकरणको दोस्रो श्लोकमा जनकले आफू आत्माको रूपमा शरीरलाई प्रकाशित गरिरहेको आत्मानुभाव यसरी सुनाएका छन्-

यथा प्रकाशयाम्येको देहमेनं तथा जगत्
अतो मम जगत्सर्वमथवा न च किञ्चन ॥२।२॥

साथै, जनक दर्शनम्मा उल्लेख गरिएको त्रिपुरारहस्य, ज्ञानखण्डका निम्न श्लोकहरूले पनि यही कुराको सङ्केत गर्दछन्-

यद्यद् दृश्यं पश्यसीह तेन तद्वेद्यमुच्यते
भानशक्तिर्भास्यहीना सर्वभानसमाश्रया
सैव तत्तत्वमित्येव विजानीहि मुनेः सुत
वेद्यमेव न वित्तिः स्यात् सवतो यन्न प्रकाशते
वित्तिरन्या यया वेद्यं वेद्यते न स्वतः क्वचित् ।
वेद्यं विभिन्नरुपं वै वित्यैव वेद्यते खलु ॥

अर्थात्, जुनसुकै दृश्य वस्तुहरू वेद्य (जसको ज्ञान हुन सक्दछ) हुन्, र भानशक्ति (चेतना शक्ति) बिना कुनै पनि वस्तु प्रकाशित हुँदैन । वेद्य (वस्तुहरू) विभिन्न रूपमा हुन्छन्, र तिनीहरूलाई जान्न वित्ति (ज्ञान) को आवश्यकता पर्छ । यस विश्लेषणबाट जनक दर्शनको पदार्थलाई हेर्ने दृष्टिकोण अद्वैत वेदान्तको पदार्थलाई हेर्ने दृष्टिकोणमा समानता रहेको देखिन्छ । किनकि अद्वैत वेदान्तमा पनि *ब्रह्म सत्य जगन्मिथ्या जीवो ब्रह्मैवोनापरः, अनेन वेद्यम सच्छास्त्रमिति वेदान्त डिम्डिमः* भनेर ब्रह्मालाई एक मात्र अविनाशी अन्तिम सत्य र अन्य सबै पदार्थहरूलाई विनाशशील र मिथ्या मानिएको छ । जनक दर्शन अनुसार एक मात्र सत्य वस्तु द्रष्टा वा आत्मा हो र ब्रह्म, ईश्वर र आत्मारुपी भेद पनि मिथ्या हो । आत्मा ब्रह्मको अंश भएकाले ब्रह्म नै हो । जनक दर्शनअनुसार एक मात्र अन्तिम परमसत्य ब्रह्म नै हो । अन्य सम्पूर्ण पदार्थहरू विनाशशील, दृश्यमात्र र मिथ्या हुन् ।

यस दर्शनअनुसार पदार्थको प्रकृति भ्रमपूर्ण छ र यो स्वप्न जस्तो हो जुन देखुञ्जेल सत्यजस्तै भान भइरहेको हुन्छ, त्यस समयमा त्यो दृश्य काल्पनिक, विनाशशील हो भन्ने हुने अनुमान हुँदैन तर स्वप्न टुटेपछि मात्र त्यसलाई भ्रमपूर्ण रहेछ भन्ने जानिन्छ । यस

दर्शनले जीवन र जगत्लाई स्वप्न समान हो भनी प्रस्तुत गरेको छ जहाँ वास्तवमा द्रष्टा मात्र यथार्थ हुन्छ तर काल्पनिक भए पनि दृश्य वस्तुहरू पनि यथार्थ नै हुन् भने भान भइरहेको हुन्छ । यसरी जनक पूर्णतः ब्रह्मवादी रहेका देखिन्छन् ।

## ५.४.२ जगत्

जनक दर्शनको दृष्टिकोण अनुसार आत्मा अथवा ब्रह्म नित्य, अनन्त अविनाशी सागर हो भने जगत् त्यसको छाल वा सागरमा उठेका पानीका बुलबुला जस्तै हो । अर्थात्, जगत् आत्मा अथवा ब्रह्मको एक रूप मात्र हो । जगत्को सत्यतालाई जनकले पारमार्थिक र व्यावहारिक दृष्टिले व्याख्या गरेका छन् । उनका अनुसार जगत् पारमार्थिक दृष्टिले क्षणभंगुर र भ्रम हो भने व्यावहारिक दृष्टिले सत्य हो । उनको दृष्टिकोणमा आत्मा अथवा ब्रह्म भने अटल, अमर सत्य हो । जनकले आत्मसाक्षात्कारको क्रममा ऋषि अष्टावक्रलाई जगत्सम्बन्धी आफ्नो अनुभव अष्टावक्र गीताको सप्तमं प्रकरणमा यसरी व्याख्या गरेका छन्-

अहो चिन्मात्रमेवाहमिंद्रजालोपमं जगत् ।
अतो मम कथं कुत्र हेयोपादेयकल्पना ॥७।५॥

अर्थात्, अहो ! आत्मा इच्छारहित छ । म पनि आत्मा नै भएकाले अलौकिक र चैतन्य मात्र हुँ । जगत् भने इन्द्रजाल अथवा जादुगरले देखाएको दृश्यजस्तै छ, जुन सत्य नभए पनि सत्य जस्तै प्रतीत भएको मात्र हो । यसर्थ, कुनै पदार्थको ग्रहण गर्ने अथवा त्याग्ने परिकल्पना कसरी गर्न सकिन्छ र ? यसर्थ, जनकदर्शन अनुसार पारमार्थिक दृष्टिकोणले जगत् मिथ्या हो, भ्रम हो र अन्तिम सत्य होइन ।

जगत् मिथ्या हो भन्ने तर्कलाई अझ प्रष्ट्याउन जनकले विपर्यय वृत्तिको उदाहरण प्रस्तुत गरेका छन् । उनको यो उदाहरण अनुसार जसरी यथार्थ ज्ञान नहुनाले झिसमिसेमा डोरी वा लौरो देख्दा सर्पको भान हुन्छ, त्यसरी नै यथार्थ ज्ञान नहुँदा अथवा आत्माको वास्तविक स्वरूप नजान्दा जगत्को भान हुन्छ । विषर्यय वृत्तिको यो उदाहरणलाई जनकले यसरी प्रस्तुत गरेका छन्- अहं स शुक्तिसङ्काशो रूप्यवद्विश्वकल्पना[23]।

---

[23] अष्टावक्रगीता, अष्टमोध्याय

आफ्नो तर्कलाई प्रमाणित गर्न जनकले अन्य विभिन्न उदाहरणहरू पनि प्रस्तुत गरेका छन्। त्रिपुरा रहस्यको सप्तदशोध्यायमा जनकले जगत्लाई सपनाको संसारजस्तै मिथ्या हो भनेका छन्। उनी भन्छन्-

देहेन्द्रियान्तः करणान्यपि स्वप्न समानी वै ॥१७।९६॥

अर्थात्, सम्पूर्ण जगत् सपनाजस्तै हो, जुन सपना देखुञ्जेल सही नै हो भन्ने लाग्दछ भने सपना भङ्ग भएपश्चात् मात्र त्यो भ्रम हो भन्ने ज्ञान हुन्छ । उनका अनुसार यो विश्व जगत् पनि अज्ञानका कारण सत्य हो भन्ने लागेको हो र आत्मज्ञान वा ब्रह्मज्ञान भएपछि यो जगत् पनि भ्रम नै रहेछ भन्ने ज्ञान हुन्छ ।

जनक दर्शनअनुसार यो जगत् फरक रूपमा दृश्यमान भएको आत्माको अनन्त रूप मात्र हो। अष्टावक्रको उपदेशपछि राजप्राङ्गणमा जब राजा जनकलाई आत्मसाक्षात्कार भयो, त्यसबखत जनकले यस जगत्लाई यसरी बोध गरेका छन्-

तन्तुमात्रोभवेदेवपटोयद्विचारितः ।

आत्मतन्मात्रमेवेदंतद्विश्वविचारितम् ॥२।५॥

अर्थात्, यो सम्पूर्ण जगत् आत्मस्वरूप हो । जसरी वस्त्रहरू धागोभन्दा फरक प्रतीत भए पनि वास्तवमा ती सबै धागोकै विविध स्वरूप हुन्, त्यसैगरी यो जगत् पनि विभिन्न रूपमा प्रतीत भए पनि आत्माकै विविध स्वरूप हो । अज्ञानता रहेसम्म मात्र यो जगत् जगत्का रूपमा दृष्टिगोचर भएको हुन्छ, ज्ञान प्राप्त भएपछि यो जगत् आत्मा वा बह्मकै एक रूप हो भन्ने प्रष्ट हुन्छ भन्ने जनक दर्शनको ठहर छ ।

जनक दर्शनअनुसार यो जगत् ब्रह्मको मायाबाट सिर्जना भएको हो र मायामा नै विलीन हुन्छ । जनकले यस कुरालाई अष्टावक्र गीतामा आत्मसाक्षात्कारका क्रममा अष्टावक्रलाई यसरी बताएका छन्-

मत्तो विनिर्गतं विश्वं मय्येव लयमेष्यति।

मृदि कुम्भोजले बीचिकनकेकटकं यथा ॥ २।१०॥

अर्थात्, मायालगायत यस जगत्का सम्पूर्ण विषयवस्तुहरू ब्रह्मबाट नै उत्पन्न भएका हुन् र अन्ततः ब्रह्ममा नै विलीन हुन्छन् । जसरी भाँडा माटोबाट बनाइन्छ र अन्ततः माटोमा मिल्दछ, त्यसरी नै पानीबाट छालहरू उत्पन्न हुन्छन् र अन्ततः पानीमै विलीन हुन्छन्, र जसरी सुनका गहनाहरू सुनबाट बनाइन्छ र अन्ततः फेरि सुनमा विलीन हुन्छन्;

त्यसैगरी, मायासहितको संसार आत्माको प्रतिबिम्बबाट जन्मिन्छ र अन्ततः मायामा विलीन हुन्छ । जनक दर्शनअनुसार आत्मा यस्तो वस्तु हो जसबाट सबै प्राणीहरूको सिर्जना भएको छ, उसकै कारण बाँच्दछन् र अन्ततोगत्वा त्यसैमा विलीन हुन्छन् ।

जनक दर्शनअनुसार जब जगत् र आत्मामा वास्तवमा केही फरक छैन, यो सबै आत्माकै विविध रूप हो भन्ने महसुस हुन्छ, तब यो जगत् हुनु र नहुनुले केही फरक पार्दैन । तर, यस्तो महुसस हुन आत्मज्ञानको आवश्यकता पर्दछ । जब आत्मज्ञान हुन्छ, यस अवस्थामा इन्द्रिय र कुनै पनि सांसारिक विषयवस्तुले जीवलाई कुनै पनि रूपले आकर्षित गर्न सक्दैन ।

## ५.४.३ जीव

जनकका अनुसार शरीरधारी आत्मा नै जीव हो । उनका अनुसार शरीर, इन्द्रिय, मन, बुद्धिले घेरिएको आत्माको दृश्यमान स्वरूप जीव हो । जनकले वृहदाण्यकोपनिषद्को चौथो अध्याय, तृतीय ब्राह्मणमा पुरुषको स्वरूपका बारेमा ऋषि याज्ञवल्क्यसँग प्रश्नहरू गरेका छन् । यस क्रममा सातौं श्लोकमा जनकले आत्मा के हो भन्ने प्रश्न गरेपछि आठौं श्लोकमा याज्ञवल्क्यले जनकलाई पुरुष अर्थात् आत्माले जन्म लिने समयमा शरीर धारण गर्दा गरेका पापका कारण शरीर तथा इन्द्रियसँग जोडिन जान्छ र मर्ने समयमा उक्त पापलाई त्याग गरी बाहिर निस्कन्छ भनेका छन्[24]।

जनक आत्मालाई नै मूलतत्त्व मान्दछन् । उनको विचारमा जीवात्मा आत्माकै विस्तारित रूप हो। यसर्थ, उनी जीवलाई ब्रह्मरुपी समुन्द्रबाट उठेको छालजस्तो मान्दछन् । त्रिपुरा रहस्यको ज्ञान खण्ड अध्याय २ मा जनक जीवलाई यसरी व्याख्या गर्दछन्-

जीवोऽयं सागरस्येव तरङ्गोऽपि न भिन्नतः।
चिदानन्दमयो नित्यः परात्मा परमेश्वरः॥

[24] स वा अयं पुरुषो जायमानः शरीरमभिसम्पद्यमानः पाप्मभिः
सँसृज्यते । स उत्क्रामन्म्रियमाणः पाप्मनो विजहाति ।

जीव अज्ञानतामा बाँचेको हुन्छ । अज्ञानताकै कारण जीवले संसारको यथार्थतालाई बोध गर्न सकेको हुँदैन । अज्ञानताकै कारण उसले यस भ्रमपूर्ण संसारलाई यथार्थ मानिरहेको हुन्छ । जस उसलाई आत्मज्ञान हुन्छ, तब मात्र उसलाई यो संसार भ्रम रहेछ भन्ने ज्ञान हुन्छ । जीवमा रहेको आत्मा अज्ञानताले घेरिएको हुनाले यो सबै भइरहेको हुन्छ । अज्ञानताकै कारण उसमा म "जीव" हुँ भन्ने भावना हुन्छ । यो जीवको बन्धन हो, अज्ञानता हो ।

अज्ञानताको पर्दा उघ्रिएपछि जीवलाई उसको वास्तविक आत्मस्वरूपको बोध हुन्छ । जनकका अनुसार आत्मा र ब्रह्म एकै भएकाले आत्मज्ञानबाट उसलाई आफ्नो ब्रह्मस्वरूपको बोध भएपछि आफूलाई दृक् र बाँकी सारा संसारलाई दृश्यका रूपमा पाउँदछ । जनकका विचारमा वास्तवमा जीव र ब्रह्मका बीचमा कुनै भेद छैन । अज्ञानताका कारण मात्र फरक दृष्टिगोचर भएको हो ।

जनकका अनुसार जीव कर्ता हो र कर्मफलको भोक्ता पनि हो । उनका दृष्टिकोणमा जीवले जस्तो कर्म गर्दछ उसलाई ईश्वरले त्यही अनुसारको फल प्रदान गर्दछन् । जीव भोक्ता भएकाले पुण्य तथा पाप कर्मको फल भोग गर्दछ । पुण्य तथा पाप कर्मको फल भोग गर्ने भएकाले उसले सुख-दुःखको भोग पनि गर्दछ ।

### ५.४.४ मन

जनक मनलाई जीवको बन्धनको कारण तथा मुक्तिको साधन मान्दछन् । मन सम्बन्धी जनकको यो दृष्टिकोण उनको शुकदेवसँगको संवादमा स्पष्ट रूपमा झल्किन्छ । देवी भागवतको प्रथम स्कन्धमा वेदव्यास पुत्र शुकदेव राजा जनकसँग शिक्षा ग्रहण गर्न जाँदा शुकदेवलाई अर्थ्याउँदै भन्छन्-

भ्रमन्सर्वेषु तीर्थेषु स्नात्वा स्नात्वा पुनः पुनः
निर्मलं न मनो यावत्तावत्सर्वं निरर्थकम् ।३८।
न देहो न च जीवात्मा नेन्द्रियाणि परन्तप
मन एव मनुष्याणां कारणं बन्धमोक्षयोः ।३९।

अर्थात्, धर्तीका सम्पूर्ण तीर्थहरूमा तीर्थाटन गर्दै बारबार स्नान गरे पनि यदि उसको मन निर्मल छैन भने ती सबै प्रयास व्यर्थ हुन्छन्, तिनबाट कुनै फल मिल्दैन । हे परन्तप ! बन्धन तथा मोक्षको कारण न यो देह हो, न जीवात्मा हो, न यी इन्द्रिय नै हुन् । बरु मन नै मनुष्यको बन्धन तथा मुक्तिको कारण हो । मृत्युको बेला, आत्मा पापहरूलाई त्यागदै शरीरबाट बाहिर निस्कन्छ ।

लघु योगवशिष्ठमा जनकले आत्म-साक्षात्कार र मनको प्रकृतिको बारेमा आफ्नो अन्तर्दृष्टि प्रस्तुत गरेका छन् । यहाँ उनले संसारको भ्रमपूर्ण विशेषतालाई बुझ्नुपर्ने आवश्यकताका बारेमा चर्चा गर्दै यस्तो भ्रम सिर्जनामा मनको भूमिका उल्लेख गरेका छन् ।

जनक दर्शनअनुसार मनका चार अवस्थाहरू हुन्छन्[25]- क) जाग्रत ख) स्वप्न ग) सुषुप्ति घ) समाधि। यस दर्शनअनुसार जाग्रत अवस्थामा मन इन्द्रियहरूका माध्यमले बाह्य जगत्सँग प्रवृत्त भइरहन्छ। स्वप्नावस्था प्रायसः निद्रासँग सम्बद्ध हुन्छ । यस अवस्थामा आफ्नै पुराना विचार, भावना, अनुभव, भोगाइहरूसँग प्रवृत्त हुन्छ मन । आफ्नै पुराना विचार, भावना, अनुभव, भोगाइहरूसँग प्रवृत्त हुने भएकाले पूर्व स्मृति तथा मानसिक कल्पनालाई पनि स्वप्नावस्थाकै रूपमा लिइन्छ यहाँ।आन्तरिक वा बाह्य कुनै पनि अवस्थासँग सम्बद्ध नहुने मनको अवस्थालाई सुषुप्तावस्था भनिन्छ । गाढा निद्रा लागेको अवस्था जुनबेला सपना पनि देखिएको हुँदैन, त्यस बेला मन सुषुप्ति अवस्थामा नै हुन्छ । सुषुप्ति अवस्थामा मन कुनै पनि विषयमा प्रवृत्त नभए पनि चेतना भने रहिरहेको हुन्छ । समाधि भने मनको विशिष्ठ र उच्चावस्था हो । यस अवस्थामा मन न सुषुप्त र स्वप्न दुवै अवस्थामा हुँदैन । जाग्रत अवस्थामै हुन्छ तर बाह्य विषयहरूमा प्रवृत्त हुँदैन । जनकले मनलाई मुक्तिको साधन मानेका छन् र मनको यस अवस्थालाई मुक्तिको द्वार अथवा आत्मसाक्षात्कारको अवस्था मान्दछन् उनी ।

जनकका विचारमा मनलाई जीवको बन्धनको कारण र मुक्तिको द्वार पनि मानिएको छ भने मनलाई मुक्तिको द्वारका रूपमा परिणत गर्न यसलाई शुद्ध, निर्मल पार्नु आवश्यक हुन्छ भनिएको छ । उनका विचारमा अन्य सबै सांसारिक वस्तुहरूबाट विमुख

[25] जनक दर्शनम्, स्वामी डा. रामानन्द गिरि, अनुवाद रामहरि तिमल्सिना, जनक शिक्षा सामग्री केन्द्र, सानो ठिमी भक्तपुर, २०५५

मन नै शुद्ध मन हो र यो नै तत्त्वज्ञानको सबैभन्दा प्रमुख साधन हो । त्रिपुरा रहस्यको षोडशोध्यायःमा जनक अष्टावक्रलाई यही कुरा बताउँदै भन्छन्-

केवलाऽपेक्षिता नैवाभिमुख्यं नूतनं क्वचित्
आमिमुख्याभावहेतोरेवाऽवेद्यत्वमिप्यते ।४७।
अतएव शुद्धमनोवेद्यं तत्तत्त्वमुच्यते
अन्येम्यस्तु परावृत्तिरेव शुद्धिर्हि मानसी ।४८।
एतदेव परं तत्त्वज्ञाने साधनमुच्यते
यावन्न ही मनः शुद्धं तावज्ज्ञानं कथं भवेत् ।४९।

जनकका विचारमा मन शुद्ध नभएसम्म ज्ञान हासिल हुन सक्दैन र मन शुद्ध भएमा ज्ञान पनि अवश्यै हासिल हुन सक्छ । उनका विचारमा मनको शुद्धि तत्त्वज्ञानको सबैभन्दा प्रधान साधन हो ।

जनक दर्शन अनुसार कर्म, उपासना तथा वैराग्य आदिको उपयोग पनि मनलाई शुद्ध गर्नु नै हो। उनी भन्छन्-

कर्म वोपासनं वाऽपि वैराग्यादिकमवेव वा
मनसः शोधने एव विनियुक्तं न चाऽन्याथा ।५१।

मनमा कुनै पनि वस्तुको छाया नपरेको अवस्थामा मन शुद्ध हुन्छ भन्ने प्रष्टयाउन जनकले ऐना, बिम्ब, प्रतिबिम्बको उदाहरण प्रस्तुत गरेका छन् । उनको यो व्याख्या अनुसार जसरी कुनै वस्तुको प्रतिबिम्ब हेर्न ऐनालाई त्यसैतर्फ फर्काउनुपर्छ, त्यसैगरी मनले कुनै पनि वस्तु हेर्न पनि मनलाई त्यसै वस्तुतर्फ फर्काउनुपर्छ । यसरी नै आत्मसाक्षात्कारका लागि पनि जगत्का विषयवस्तुहरूतर्फ फर्किएको मनलाई जगत्का विषयवस्तुहरूतर्फबाट आत्मातर्फ नै फर्काउनुपर्ने आवश्यकता हुन्छ ।

## ५.४.५ बन्धन

जनक दर्शन अनुसार जीवको सांसारिक चाहना नै उसको बन्धनको कारण हो र बन्धन मोक्षको अवरोध हो । जनक दर्शन अनुसार जीवलाई आत्मज्ञान प्राप्त नभएसम्म उसका सारा चाहनाहरू यथावत रहन्छन् । चाहनाहरू रहेसम्म मन शुद्ध एवम् निर्मल हुँदैन

र यस्तो अवस्था रहेसम्म उ बन्धनमा रहिरहन्छ । जनकको बन्धनसम्बन्धी दृष्टिकोण अष्टावक्र गीताको अष्टमं प्रकरणमा पाइन्छ, जहाँ भनिएको छ-

व तदाबन्धो यदा चित्तं किञ्चिद्वाञ्छति शोचति ।
किञ्चिन्मुञ्चति गृह्णाति कि-काश्चिद्धृष्यतिकुप्यति ॥ १॥
तदा मुक्तिर्यदा चित्तं न वाञ्छति न शोचति।
नमुञ्चतिन गृह्णाति नहष्यति नकुप्यति॥ २ ॥

अर्थात्, म(आत्मा)लाई कुनै कुरा ग्रहण गर्नु वा त्याग गर्नु नै छैन । जब चित्तले कुनै वस्तुको इच्छा गर्दछ, शोक गर्दछ, कुनै वस्तुको त्याग गर्दछ, कुनै वस्तुको ग्रहण गर्दछ वा कुनै वस्तुबाट प्रशन्न हुन्छ अथवा कुनै विषयवस्तुप्रति रिसराग गर्दछ भने मात्र जीव बन्धनमा पर्दछ ।

जब चित्तमा कुनै इच्छा हुँदैन, यसले कुनै पनि विषयवस्तुप्रति शोक गर्दैन, न त कुनै विषयवस्तु ग्रहण गर्दछ न त कुनै विषयवस्तुको प्राप्तिबाट प्रशन्न नै हुन्छ अथवा कारण हुँदा पनि कुनै पनि विषयमा क्रोध गर्दैन भने जीव बन्धनमा पर्दैन र मुक्त हुन्छ ।

जनकको यो दृष्टिकोण श्रीमद्भागवत गीतामा श्रीकृष्णले अर्जुनलाई भन्नु भएको कुरासँग पुरापुर मेल खान्छ, जहाँ श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ-

यो न हृष्यति न द्वेष्टि न शोचति न काङ्क्षति
शुभाशुभ-परित्यागी भक्ति-मान्य स मे प्रियः ।१२।१७।

अर्थात्, हे अर्जुन ! जो कुनै कुरा पाएर पनि हर्षित हुन्छ वा कुनै कुरा पाएर रिस, राग, द्वेष नै गर्दछ अथवा कुनै कुरामा शोकसुर्ता गर्दैन र कुनै पनि कुरा प्राप्तिको आकाङ्क्षा पनि राख्दैन। शुभ अशुभ सबैखालका कुराहरूको त्याग गरेको भक्त नै मलाई सबैभन्दा मन पर्छ अर्थात् प्रिय हुन्छ । भगवान्‌को प्रिय व्यक्ति मोक्षाधिकारी पनि हुन्छ भन्ने मान्न सकिने भएकाले जनक दर्शनले मोक्षका लागि सही मार्गदर्शन गरेको देखिन्छ ।

## ५.४.६ आत्मा

आत्माको चिन्तन मनन र अन्वेषण गरी ब्रह्मरुपी आफ्नो वास्तविक स्वरूपलाई अनुभव गर्नु जनक दर्शनको एउटा मुख्य लक्ष्य र मार्गदर्शन हो । यस दर्शनअनुसार आत्मा

ब्रह्मकै हिस्सा भएकाले आत्मा र ब्रह्मा एकै पदार्थ हुन् भने जीव र आत्मा भने फरक फरक कुरा हुन् । जनक दर्शनले विश्व जगत्का पदार्थहरूलाई दृक र दृश्य गरी दुई भागमा विभक्त गरेकोमा आत्मा दृक् अन्तर्गत पर्दछ । यो नित्य, शुद्ध, एक मात्र भइकन पनि अनन्त छ । यस दर्शनमा आत्मालाई विभु अर्थात् व्यापक छ भनिएको छ । यहाँ आत्मालाई बुझाउन आकाशको उदाहरण दिइएको छ । जसरी गाग्रीभित्रको खाली स्थान र बाह्य आकाश एउटै भए पनि गाग्रीको स्थूल स्वरूपका कारण गाग्रीभित्रको आकास फरक हो भन्ने भान हुन्छ, त्यसरी नै आत्मा र ब्रह्म एउटै भए पनि जीवको स्थूल रूप देहका कारण आत्मा र ब्रह्ममा भेद देखिएको हो । जसरी गाग्री फुटेपछि गाग्रीभित्रको आकाश र बाह्य आकाश एउटै हुन्छ, त्यसैगरी जीवको देह नाश भएपछि आत्मा र ब्रह्म एकै हुन्छ। जनकका अनुसार जसरी आकाश सर्वव्यापी छ, त्यसैगरी आत्मा पनि हरेक समय मनमै छ। यसको साक्षात्कारका लागि केवल मनलाई अन्य पदार्थबाट अलग्याउनु मात्र आवश्यक छ । यसर्थ, चेतन आत्माको अनुभव गर्नका लागि कुनै नयाँ वस्तुको आवश्यकता पर्दैन, मात्र अन्य अनात्म पदार्थलाई निषेध गरे पुग्छ । त्रिपुरा रहस्य, ज्ञान खण्ड, षोडशोध्यायमा अष्टावक्रलाई सम्झाउँदै जनकले यस कुराको यसरी व्याख्या गरेका छन् -

यदा यत्र च सा नास्ति न यदा नापि यत्र च<br>
तस्माच्चित्मावभासे मनसोऽन्यपरावृत्तिः ।४६।<br>
केवलाऽपेक्षिता नैवाभिमुख्यं नूतनं क्वचित्<br>
आभिमुख्याभावहेतोरेवाऽवेद्यत्वमिष्यते ।४७।

जनक दर्शन अनुसार आत्माले जीवलाई चेतनशील बनाउँदछ र आत्माका अभावमा देह मृत हुन्छ। स्वभावले आत्मा कर्ता र भोक्ता दुवै होइन तर स्थूल देहमा लपेटिएको कारण आत्मा कर्ता र भोक्ताजस्तो मात्र प्रतीत भएको हो । आत्मा सर्वोच्च कुरा भएकाले यो कर्ता, भोक्ता, कालको सीमाभन्दा उच्च रहेको छ ।

उनका अनुसार जीवमा "म" भन्ने भावना आत्माकै कारणले जागृत भएको हो । तर जीवात्माले शरीरलाई "म" सम्झनुको कारण चाहिँ अज्ञानता हो । उनका अनुसार जीवले आत्माको वास्तविक स्वरूप नजानेसम्म अर्थात् आत्मा र ब्रह्म एकै हुन् भन्ने बोध नहुँदासम्म जीव बन्धनमा फँसिरहन्छ । जीवलाई बन्धनबाट मुक्तिका लागि ब्रह्मज्ञानको

आवश्यकता पर्दछ । ब्रह्मज्ञान मुक्तिको साधन पनि भएकाले ब्रह्मज्ञान प्राप्त भएपछि जीवात्माको मुक्ति मार्ग पनि खुल्दछ ।

जनकले आत्मा र ब्रह्मलाई एउटै मान्ने भएकाले जनक दर्शनमा ब्रह्मज्ञान र आत्मज्ञान भन्नु एउटै कुरा हो । ब्रह्म र आत्मा एकै कुरा भएकाले ब्रह्मजस्तो आत्मा पनि सत् चित् आनन्दस्वरूप छ । जीवले ज्ञानबाट आफ्नो आत्म स्वरूपको बोध गरेपछि मात्र उसलाई "म" देह होइन आत्मा हुँ, देहस्वरूप होइन आत्मस्वरूप हुँ भन्ने महसुस हुनजान्छ । यसपश्चात् उसलाई आफ्नो सच्चिदानन्द स्वरूपको बोध हुनजान्छ । जनकको यो दर्शन उनका समकालीन उपनिषद्हरू वृहदारण्यकोपनिषद्, छान्दोग्यपनिषद्, माण्डूकोपनिषद्मा पनि प्रतिपादित छ । उक्त उपनिषद्हरूमा उल्लेख गरिएको "अहं ब्रह्मास्मि" अर्थात् म नै ब्रह्म हुँ, "तत्त्वमसि" अर्थात् त्यो ब्रह्म तिमी नै हौ र "अयमात्मा ब्रह्म" अर्थात् यो आत्मा नै ब्रह्म हो जस्ता दार्शनिक वाक्यहरू[26]ले पनि जनकको जीव र आत्माको एकत्वको दृष्टिकोणसँग एकत्व भाव प्रस्तुत गरेका छन् ।

जनकका धेरै गुरुहरूमध्येमा याज्ञवल्क्य एक प्रमुख गुरु हुन् । उनले ईश्वर, जीव, आत्मालगायतका ज्ञानका विषयहरूमा याज्ञवल्क्यबाट धेरै ज्ञान हासिल गरे । वृहदारण्यकोपनिषद्को ब्राह्मण ३ मा पनि राजा जनकका याज्ञवल्क्य ऋषिसँगका संवादहरू उल्लेख गरिएको छ । आत्माको स्वरूप सम्बन्धमा छलफल गर्ने क्रममा आत्मा शरीरभन्दा भिन्न हो भन्ने तथ्य सिद्ध भएको भए पनि उस्तै पदार्थहरू एकै देखिने भएकाले आत्मा इन्द्रियहरूजस्तै कतै देहकै एक भाग हो कि भिन्न हो भन्ने जिज्ञासा राख्दै याज्ञवल्क्यलाई सोधेका छन्[27] । यस जिज्ञासामा याज्ञवल्क्य जनकलाई भन्छन्-

कतम आत्मेति योऽयं विज्ञानमयः प्राणेषु हृद्यन्तर्ज्योतिः.
स समानः सन्नुभौ लोकावनुसञ्चरति ध्यायतीव
लेलायतीव स हि स्वप्नो भूत्वेमं लोकमतिक्रामति मृत्यो रुपाणि ।७।

---

[26] अहं ब्रह्मास्मि वाक्य बृहदारण्यक उपनिषद् 1.4.10 बाट लिइएको हो। तत्त्वमसि छान्दोग्य उपनिषद्बाट लिइएको हो भने अयमात्मा ब्रह्म माण्डुक्य उपनिषद्बाट लिइएको हो।

[27] यद्यपि व्यतिरिक्तत्वादि सिद्धम् तथापि समाजानीयतानुग्राहकत्वदर्शननिमित्तभ्रान्त्या करणानामेवान्यतमो व्यतिरिक्तो वा इत्यविवेकतः पृच्छति

अर्थात्, आत्मा ज्ञानको स्रोत हो । यो प्राणमा बुद्धि तथा चित्तवृत्तिभन्दाभित्र विज्ञानमय ज्योतिस्वरूपमा रहन्छ । त्यो ज्योतिस्वरूप पुरुषका रूपमा रहेको हुन्छ । आत्मा कुनै भेदभाव वा विभेद नगरी सबै प्राणीहरूमा उपस्थित रहन्छ र यो लोक तथा परलोकमा समानताका साथ सञ्चार गर्दछ । जीवको मृत्युको समयमा यो रूप परिवर्तन गरेर अर्को शरीर ग्रहण गर्दछ ।

जनकको दरबारको प्राङ्गणमा अष्टावक्रसँग राजा जनकले "हे प्रभु, ज्ञान कसरी प्राप्त हुन्छ ? मुक्ति कसरी मिल्छ ? वैराग्य कसरी मिल्छ भन्ने जिज्ञासापछि अष्टावक्रले यसबारेमा जनकलाई विस्तृत ज्ञान प्रदान गरेका छन्। उक्त ज्ञान प्राप्त गर्ने सिलसिलामा राजा जनकलाई अचानक आत्मज्ञान प्राप्त भएको थियो । यही घटनाक्रमको फेहरिस्तका रूपमा अष्टावक्रगीताको दोस्रो अध्यायमा जनकले आत्मासम्बन्धी आफ्नो अनुभव अष्टावक्रलाई सुनाउँदै गरेका भेटिन्छन् । यहाँ जनकले आत्मालाई यसरी अनुभूत गरेका छन्-

अहोभुवनकल्लोलैविचित्र क्समुत्थितम् ।
मय्यनन्तमहाम्भोधौचित्तवातेसमुद्यते॥ २३ ॥

अर्थात्, अहो, कस्तो आश्चर्य जुन प्रकारले जलभन्दा त्यसका तरङ्ग, गाज तथा बुलबुलाहरू फरक छैनन्, त्यसै प्रकार यो संसार आत्माभन्दा अलग छैन । जसरी तरङ्ग, गाज तथा बुलबुलाहरू जलको विस्तारित रूप हुन्, त्यसरी नै यस संसारका विविध विषयवस्तु पनि आत्माकै विस्तारित रूप हुन् । जसरी उखुबाट बनेको सख्खर उखुको रसमा व्याप्त हुन्छ, त्यसरी नै आत्माको विस्तारबाट बनेको संसार आत्मामा नै व्याप्त छ । यसै क्रममा जनकले यो संसारलाई पानीको तरङ्ग जस्तै आत्माको तरङ्ग हो भनी व्याख्या गरेका छन् ।

मय्यनंतमहाम्भोधी चित्तवातेप्रशाम्यति ।
अभाग्याज्जीववणिजोजगत्पोतोषिनश्वरः ॥ २४ ॥

- अष्टावक्रगीता, सप्तमोध्याय

उपर्युक्त प्रस्तुति अनुसार जनकको अनुभूति, विश्वास र दृष्टिकोणमा आत्मा समुद्रजस्तो हो भने जगत् त्यही समुद्रको तरङ्ग जस्तै हो । यसैले उनका दृष्टिकोणमा सांसारिक व्यवहारहरूबाट आत्मालाई कुनै हानी नोक्सानी हुँदैन । साथै संसारको उत्पत्ति तथा प्रलयमा पनि आत्मा यथावत् रहन्छ, यसलाई कुनै हानी नोक्सानी हुदैन । यसरी

जनकले आत्मालाई सर्वव्यापी, नित्य, अविनाशी मानेका छन् भने जगत्लाई अवास्तविक र भ्रमको रूपमा प्रस्तुत गरेका छन् । जनक दर्शनअनुसार जगत् पारमार्थिक दृष्टिकोणले मिथ्या र भ्रम हो, यो अनित्य अनन्त ब्रह्मरुपी समुद्रमा निस्किएका बुलबुला जस्तै हो ।

## ५.४.७ माया

जनक दर्शनमा मायाको अस्तित्वलाई स्वीकार गरिएको छ । यस दर्शनअनुसार माया ईश्वरीय शक्ति हो । मायाकै कारण दृश्य जगत् वास्तविक हो भन्ने भान उत्पन्न हुन्छ र ब्रह्मको वास्तविक स्वरूपलाई अदृश्य बनाउँदछ । जनक दर्शनमा माया र अविद्यालाई परिपूरक स्थान दिइएको छ । अर्थात्, अविद्या अथवा अज्ञानता रहेसम्म मायाको प्रभाव रहिरहन्छ, जब अविद्या हट्छ तब मायाको पर्दा स्वतः हटी वास्तविकताको जानकारी हुन्छ, ब्रह्मको जानकारी हुन्छ । यस्तै, ईश्वरीय मायाले गर्दा ब्रह्म जगत्का रूपमा दृश्यमान भइरहेको हुन्छ । मायाले ब्रह्म र मानवको बीचमा पर्दाको जस्तो काम गर्ने हुनाले उनीहरू ब्रह्मलाई चिन्न सक्दैनन् । मायाको प्रभावले गर्दा मानिसले आफ्नै अगाडि भएको परम तत्त्वलाई पनि चिन्न सक्दैन । त्रिपुरा रहस्यको ज्ञान खण्ड सप्तदशोध्यायमा राजा जनकले अष्टावक्रको जिज्ञासाको क्रममा निम्नानुसार शिक्षा दिइरहेका हुन्छन्-

अहो भगवती माया पश्यन्तोऽपि महत्पदम्
चिन्तामणि हस्तगतं त्यजन्ति हि कुकल्पनैः ।६०।

अर्थात्, अहो भगवान्को माया कस्तो प्रवल छ । मोक्षरुपी यस महान् पदलाई देखेर पनि तरह तरहका कल्पना गरेर हामी आफ्नै अगाडि आएको चिन्तामणीलाई त्याग्दछौं । उच्च स्थानमा रहेको चिन्तामणि जस्तो गरिमा र महिमा हुँदाहुँदै पनि हामी मोक्षरुपी परम पदलाई छाडेर मायाको बन्धनमा रुमल्लिन्छौं ।

जनक दर्शन अनुसार मायारुपी अज्ञान जीमात्माको बन्धनको कारण हो । मायाको प्रभाव रहिरहेसम्म उसले आफ्नो वास्तविक स्वरूपलाई चिन्न सक्दैन । जबसम्म मायाको छाया रहिरहन्छ तबसम्म जीवले आत्मारुपी ब्रह्मलाई चिन्न सक्दैन । विश्व जगत्को वास्तविक सत्य के हो असत्य् भ्रमको कुरा के हो भन्ने बोध गर्न सक्दैन र फलतः सांसारिक दुःखपूर्ण क्षणभंगुरता जन्मजन्मान्तरसम्म रुमल्लिइरहन्छ ।

जनकले जीवमा हुने अज्ञानतालाई माया सरह मानेका छन् र उक्त अज्ञानताको पर्दा हटेपछि ब्रह्मज्ञान हुने विश्वास उनमा रहेको देखिन्छ । अज्ञानताका अतिरिक्त ब्रह्ममा निहित ईश्वरीय शक्तिलाई पनि जनकले माया नै मानेका छन् । उनको विचारमा ब्रह्ममा रहेको मायाशक्तिको कारण जीव मायाको पर्दाभित्र रहेकाले ब्रह्ममा रहेको माया शक्ति र जीवमा रहेको मायाको पर्दा एउटै हो । उनका अनुसार आत्मा ब्रह्मकै हिस्सा भएकाले आत्मा र ब्रह्म एकै पदार्थ हुन् । माया ब्रह्ममा नै निहित हुने भए पनि ब्रह्म भने मायाबाट प्रभावित हुँदैन तर जीवात्मालाई मायाले ढाक्ने भएकाले उसले ब्रह्मको विस्तारित स्वरूप अर्थात् जगत्लाई देख्दछ, ब्रह्मलाई देख्न सक्दैन । जीवले ब्रह्मको साक्षात्कार पाउनका लागि उसमा मायाको पर्दा हट्नुपर्छ। ज्ञानले मायाको यो पर्दा उघार्न सघाउँदछ । ज्ञानरुपी औजारले मायारुपी पर्दा उघारिए पछि जीवले आफ्नो वास्तविक स्वरूप अर्थात् ब्रह्मस्वरूपको अनुभव गर्न सक्दछ ।

जनकलाई अष्टावक्रसँगको संवादको क्रममा आफ्नो ब्रह्मस्वरूपको अनुभव भएको थियो । अष्टावक्रले ब्रह्मको व्याख्या गरिसकेपश्चात् जनक आफ्नो अनुभव अष्टावक्रलाई यसरी सुनाउँदछन्-

अहो निरञ्जनः शान्तो बोधोऽहं प्रकृते परः
एतावन्तमहं कालं मोहेनैव विडिम्बितः

स्रोत : अष्टावक्रगीता

अर्थात्, "अहो, म त निरञ्जन, शान्त, स्वयं ज्ञानस्वरूप र प्रकृतिभन्दा पर पो रहेछु । तर माया मोहकै कारणले गर्दा पो यति लामो समयदेखि मैले आफ्नो वास्तविक स्वरूपलाई जान्न नसकी दुःखमा रुमल्लिइरहेको रहेछु ।" यसले आत्मानुभूतिको यस प्रस्तुतिले जनक दर्शनको लक्ष्य मायाको प्रभावबाट मुक्त भई ब्रह्मरुपी आफ्नो वास्तविक स्वरूपलाई अनुभव गर्नु हो भन्ने देखिन्छ । जनकका दृष्टिकोण अनुसार अनन्त जन्मका पुण्य कर्महरूपश्चात् ईश्वरकृपाबाट वैराग्यमार्फत् ज्ञान प्राप्त गरेपछि मात्र मायारुपी पर्दा हट्न सक्दछ ।

## ५.४.८ ईश्वर

राजा जनक ईश्वरलाई आत्मज्ञानको सर्वोच्च स्रोत मान्दथे र उनको दृष्टिकोण प्रायः उपनिषद्हरूमा पाइन्छ । जनकको दृष्टिकोण अनुसार ब्रह्मको सगुण साकार रूप ईश्वर हो । उनले ईश्वरलाई सर्वज्ञ, सर्वव्यापी र कर्मको फल दिनेवाला मानेका छन् । त्रिपुरा रहस्य, ज्ञान खण्ड, सप्तदशोध्यायमा अष्टावक्रको जिज्ञासा संवोधन गर्ने क्रममा राजा जनकले अनेक पूर्वजन्ममा गरेका सत्कार्यपश्चात् आत्मदेव प्रसन्न भएपछि मात्र मानिसलाई मोक्षको इच्छा हुने र यस्तो नभएसम्म करोडौं कल्पसम्म पनि यस्तो सुअवसर प्राप्त नहुने बताएका छन् । अर्थात्, यहाँ सत्कार्य कर्म हो र मोक्षको प्राप्त हुनु ईश्वर प्रशन्न हुनाको कारणले हो । त्रिपुरा रहस्यको उक्त श्लोक देहायअनुसार रहेको छ-

तदेव संसारमूलमज्ञानं विनिवर्त्तयेत्<br>
अनेकजन्मसुकृतैः सन्तुष्टा स्वात्मदेवता ।५०।<br>
यदा तदा मुमुक्षत्वं नान्यदा कल्पकोटिभिः<br>
चेतनत्वं जन्मवत्सु परमं दुर्लभं भवेत् । ५१।

जनक दर्शनअनुसार ब्रह्मजस्तै ईश्वर पनि दृक् हो । ईश्वरलाई जनक दर्शनमा उपासनाको विषय र मोक्षदाता मानिन्छ । ईश्वरकै कृपाबाट सांसारिक विषयवस्तुमा अरुची हुँदै उक्त मोक्ष पद प्राप्त गर्ने उत्कट इच्छा जागृत हुन्छ । ईश्वर जगत्को निमित्त र उपादान दुवै कारण हो । अर्थात् ईश्वर कुनै बाह्य सामग्री उपयोगमा नल्याइकनै आफैं आफूमा नै जगत्को सृष्टि गर्दछ ।[28] पारमार्थिक दृष्टिकोणबाट जगत्जस्तै ईश्वर पनि अन्तिम सत्य होइन, ब्रह्म मात्र अन्तिम सत्य हो ।

जनकले दृक र दृश्य गरी पदार्थलाई दुई प्रकारमा वर्गीकरण गरेपनि दृश्यलाई विनाशशील र क्षणभंगुर मानेका छन् । उनका अनुसार ब्रह्मज्ञानले ईश्वरप्रतिको भक्ति जगाउँदछ ।

याज्ञवल्क्य राजा जनकका प्रमुख गुरु थिए । याज्ञवल्क्यले उपनिषद्को माध्यमबाट ज्ञान र ईश्वरप्रति राजा जनकको गहन आस्था र धारणा प्रस्तुत गरेका छन् । आत्माको

[28] स्वामी रामानन्दगिरि प्रणीत जनकदर्शन, अनुवादक रामहरि तिमल्सिना, जनक शिक्षा सामग्री केन्द्र, सानो ठिमी, भक्तपुर, २०५५, श्रावण

स्वरूप र यसको गुणहरूको वर्णन गर्दा राजा जनकले आफ्नो जीवनमा पालना गरेका मूल्य र विश्वासहरूको प्रकट गरेका छन् । वृहदारण्यक उपनिषद्, ४.३.२३ मा याज्ञवल्क्य जनकलाई भन्छन्-

स वै एष महाजनो योऽयं विज्ञानमयः प्राणेष्वन्तःपुरुषः संचारते ।

स चराचरं लोकम्नुसञ्चरन् चिन्तामणिं हृद्यन्तर्ज्योति प्रकासयन् सन्दृश्यते ।

अर्थात्, यो ईश्वर ज्ञानमय हो, आत्माको रूपमा प्राणमा बस्छ । चलायमान र अचल संसारमा यात्रा गर्दा आत्मा चिन्तामणि र हृदयमा विद्यमान ज्योति प्रकट गर्छ ।

## ५.४.९ ब्रह्म

जनक दर्शनअनुसार विश्वजगत्मा ब्रह्ममा मात्र एक त्यस्तो तागत छ, जो अजर, अमर, अविनाशी र नित्य छ । उनको दर्शनअनुसार ब्रह्मका विशेषताहरू देहायअनुसार रहेका छन्-

**अस्तित्वको आधारः** जनकले ब्रह्मलाई सर्वव्यापी, अपरिवर्तनीय र यो जगत्को अस्तित्वको एक मात्र आधारको रूपमा देखे । ब्रह्माण्डमा भएका सबै चीजहरू ब्रह्ममामा नै निहित छन् र आत्मा त ब्रह्म नै हो भन्ने उनको मान्यता हो ।

**ब्रह्मको रूपमा आत्माः** जनकको विश्वास थियो कि व्यक्तिको आत्मा अनिवार्य रूपमा ब्रह्मसँग समान छ । आध्यात्मिक जीवनको लक्ष्य यो पहिचानलाई महसुस गर्नु र व्यक्तित्वको भ्रमलाई पार गरी ब्रह्म र आत्मा एउटै हो भन्ने बोध गर्नु हो ।

**अद्वैतः** जनकले ब्रह्मको अद्वैत प्रकृतिलाई जोड दिएका छन् । अर्थात्, समग्रमा भन्नुपर्दा दृश्य काल्पनिक कुरा मात्र भएकाले विश्व जगत् एउटै र ब्रह्ममय छ । दृश्यमा अनेकता र विविधता गोचर भए पनि जगत् स्वप्नमय र भ्रमपूर्ण छ । यसर्थ, विश्वजगत् अद्वैत छ । अटल, अविनाशी शाश्वत शक्तिका रूपमा यहाँ ब्रह्मको एक मात्र सत्य छ ।

**मुक्तिको रूपमा ज्ञानः** जनकको विश्वास थियो कि ब्रह्मको वास्तविक ज्ञानले मुक्ति (मोक्ष) तर्फ लैजान्छ । ब्रह्मसँग आत्मालाई एकाकार रहेको अनुभूति गरेर, व्यक्तिले भौतिक संसारको सीमितताहरू पार गरी शाश्वत आनन्द प्राप्त गर्न सक्छ।

**ब्रह्मको स्वरूप** : जनकले ब्रह्मलाई सगुण अर्थात् सत्व, रज र तमगुणयुक्त तथा निर्गुण अर्थात् यी तीनै गुण नभएको मानेका छन् । उनले ब्रह्मलाई सत् अर्थात् यस विश्व जगत्को एक मात्र सार, सत्ता र अस्तित्वको कारण मानेका छन् । उनले ब्रह्मलाई जड, अचेतन, दुःख स्वरूप होइन कि चेतनस्वरूप, आनन्दरूप मानेका छन् । ब्रह्ममा सजातीय, विजातीय कुनै भेद हुँदैन ।

जनकको दृष्टिकोण अद्वैतवाद छ । जनकले दृक् र दृश्य गरी पदार्थलाई दुई प्रकारमा वर्गीकरण गरेपनि दृश्यलाई विनाशशील र दृककै विस्तारित स्वरूप अर्थात् ब्रह्मकै प्रतिबिम्बका रूपमा मात्र लिएका छन् । अष्टावक्र गीतामा उनले दिएको विपर्यय वृत्तिको यस उदाहरणले यसै कुराको सङ्केत गर्दछ- रज्जवज्ञानादहिर्भाति तज्ज्ञानाद् भासते न हि । अर्थात्, जसरी मधुरो प्रकाश भएको ठाउँमा डोरी देख्दा डोरी सर्पजस्तो प्रतीत हुन्छ, त्यसैगरी अज्ञानको कारण ब्रह्ममा जगत्को भान भएको हो । यस उदाहरण अनुसार जसरी त्यहाँ सर्प नभए पनि सर्प भएको भान भएको कारण सर्प भएकै जस्तो प्रतिक्रिया देखाउँदछौं, त्यसैगरी, ब्रह्मको विस्तारित स्वरूपलाई हामीले भ्रमवश सर्पका रूपमा देखेका हौं । ब्रह्मज्ञान भएपछि सिंगो ब्रह्मको मात्र महसुस हुन्छ अन्य सांसारिक कुनै पनि वस्तको महसुस हुँदैन । विपर्यय वृत्तिका कारण हामी भ्रममा बाँचिरहेका छौं । विपर्यय वृत्तिले अज्ञानताको मलजल गरेको छ । अज्ञानकै कारण रिस, राग, द्वेष, सुख, दुःख जस्ता सांसारिक विषयहरू उत्पन्न भएको छ । ब्रह्मज्ञान तथा आत्मज्ञानबाट नै सांसारिक अनुभवहरूभन्दा माथि उठी सत् चित् आनन्दको महसुस गराउन सक्छ । जनकले आत्मज्ञानलाई नै सम्पूर्ण दुःख, मोह, अज्ञानताबाट एक मात्र साधनका रूपमा लिएका छन् र ब्रह्मलाई नै एक मात्र अन्तिम सत्य र सृष्टिको एक मात्र कारण मानेको हुँदा अद्वैतवाद जनक दर्शनको अर्को महत्वपूर्ण विशेषता हो ।

## ५.४.१० ब्रह्मज्ञान

जनकका अनुसार ब्रह्म भेदरहित छ । ब्रह्म शुद्ध, अखण्ड र अविभाज्य छ, जो सबै समय, स्थान, र परिस्तिथिहरूमा एक समान छ । यसको अर्थ, सम्पूर्ण अस्तित्व ब्रह्मको एक मात्र स्वरूप हो र सबै भिन्नताहरू मिथ्या हुन् । ब्रह्म नै सम्पूर्ण सृष्टिको आधार हो, र यसमा

कुनै भिन्नता वा द्वैत छैन । जनकको यो दृष्टिकोण अद्वैत वेदान्तसँग मेल खान्छ, जसले आत्मा र ब्रह्मको एकरूपतालाई मान्यता दिन्छ ।

देश र कालको सीमाभन्दा माथि भएकाले यसलाई तर्क वितर्क तथा शब्दज्ञानबाट जान्न सकिँदैन, अनुभवबाट मात्र जान्न सकिन्छ । आत्मा नै ब्रह्मको अंश हो र आत्माको यस वास्तविकतालाई नबुझीकन ब्रह्मलाई बुझ्न सकिँदैन । जनकका अनुसार ब्रह्मज्ञान भन्नाले आफ्नो वास्तविक स्वरूपलाई बुझ्नु हो र यो ब्रह्मको एक अंश हो अर्थात् यो नै ब्रह्म हो । ब्रह्मज्ञान पूर्ण ज्ञानको अवस्था हो, यस अवस्थामा व्यक्तिगत धारणा तथा विचारहरू नामेट भई सम्पूर्ण आफू नै विश्वजगत् र विश्वजगत् नै आफ्नो हो भन्ने धारणा विकास हुने भएकाले यस अवस्थामा सम्पूर्ण लोभ, मोह, मात्सर्यजस्ता भावनाहरू हराएर जान्छन् र व्यक्ति सांसारिक क्रियाकलापबाट मुक्त भई नितान्त आफ्नो निज स्वरूपमा रहन सक्छ ।

जनकका अनुसार आत्माको पूर्णताको ज्ञान नभएसम्म अज्ञानको निवृत्ति हुँदैन, ब्रह्मज्ञान अर्थात् आत्मज्ञान नै अज्ञानताबाट निवृत्तिको कारण हुनसक्छ । अज्ञानताबाट निवृत्ति नभएसम्म संसारको अन्त हुँदैन । त्रिपुरा रहस्यको सप्तदशोध्याय (श्लोक ३४)मा जनक र अष्टावक्रबीचको संवादबाट जनकको ब्रह्मज्ञानसम्बन्धी यो दृष्टिकोणको पुष्टि हुन्छ, जहाँ जनक अष्टावक्रलाई भन्छन्-

पूर्णात्मविज्ञानमृतं संसारो न निवर्त्तते
तच्च पूर्णात्मविज्ञानं द्विविधं सुव्यवस्थितम् ।

जनकका अनुसार आत्माको पूर्णताको ज्ञान परोक्ष र अपरोक्ष गरी दुई प्रकारको हुन्छ । परोक्ष ज्ञान गुरु अथवा शास्त्रबाट प्राप्त हुन्छ तर शास्त्र वा श्रुतिबाट प्राप्त हुने ज्ञानले मोक्षरुपी फल प्रदान गर्दैन । यसका लागि ज्ञानपूर्वक प्राप्त भएको समाधि नै आवश्यक हुन्छ । ज्ञानपूर्वक प्राप्त भएको समाधिले समस्त अज्ञानको नाश गरी मोक्ष रुपी शुभ फल प्रदान गर्न सक्छ । जनकको यो धारणा त्रिपुरा रहस्यको सप्तदशोध्याय (श्लोक ३७-३८)मा जनक र अष्टावक्रबीचको निम्नअनुसारको संवादबाट झल्कन्छ-

श्रद्धामात्राभ्युपगतं फलदं न प्रचक्षते
अपरोक्षं हि विज्ञानं समाधिपरिपाकनम् ।३७।
सप्रपञ्चाज्ञाननाशक्षमं शुभफलावहम्
समाधिर्ज्ञानपूर्वस्तु विज्ञानं जनयेत् खलु ।३८।

जनकका अनुसार जसरी मणिको बारेमा जानकार नभएको व्यक्तिले मणि प्राप्त गरेपनि लाभ प्राप्त गर्न सक्दैन, त्यसैगरी ज्ञानविना समाधि प्राप्त गरे पनि मोक्षरुपी पुरुषार्थ प्राप्त गर्न सक्दैन । अर्थात्, ज्ञान नभएको व्यक्तिलाई व्यवहारमा समाधि प्राप्त भए पनि तत्त्वज्ञानबाट मिल्नसक्ने फल मिल्दैन ।

तस्मादज्ञानिनां नार्थः समाधौ सम्भवत्यपि
यथाऽविदितमाणिक्यः पश्यन् कोशगृहे मणिम् ।३९।
न जानाति यथान्यस्तु श्रुतज्ञातमणिः क्वचित्
दृष्ट्वा प्रत्यभिजानाति तत्परो मणिमञ्जसा ।४०।

स्रोतः त्रिपुरा रहस्य, ज्ञान खण्ड, सप्तदशोध्याय

जनकका अनुसार श्रवणजनित ज्ञान भए पनि त्यस तत्त्वको खोजमा नलागेको वा त्यसलाई जान्नेबुझ्ने उत्कण्ठा नभएमा समाधि प्राप्त भए पनि मोक्षरुपी फल प्राप्त गर्न सक्दैन । यस सन्दर्भमा जनक भन्छन्-

अतत्परत्वहेतोस्तु न विजानन्ति सर्वथा
यथा हि तारकां पश्यन्नपि जानाति न क्वचित् ।४३।
मूढः श्रुतज्ञानहीनः श्रुतज्ञनयुतोऽपि वै
पश्यन्नपि च नो वेत्ति तत्परत्ववर्जनात् ।४४।

स्रोतः त्रिपुरा रहस्य, ज्ञान खण्ड, सप्तदशोध्याय

जनक उदाहरण दिन्छन्- कुनै व्यक्तिले शुक्र तारा यो दिशामा उदाउँछ, यसको आकार यस्तो हुन्छ आदि लक्षण सुनेको छ र उसमा त्यसलाई हेर्ने बुझ्ने उत्कण्ठा पनि छ भने मात्र उक्त बुद्धिमान पुरुषले एकाग्रचित्तले हेरेर उक्त तारालाई स्पष्ट रूपमा बुझ्न सक्दछ ।

यस्तु श्रुत्वा शुक्रतारां दिगाकारादिलक्षणैः
मया ज्ञेयं सर्वथेति तत्परो बुद्धिमान् नरः ।४५।
एकाग्रमानसपश्यन् प्रत्यभिज्ञास्यति स्फुटम् ।
एवमज्ञानतो मूढश्चान्ये तात्पर्यवर्जनात् ।४६।

स्रोतः त्रिपुरा रहस्य, ज्ञान खण्ड, सप्तदशोध्याय

मोक्ष प्राप्तिका लागि जनक ज्ञानलाई अपरिहार्य ठान्छन् । ज्ञानविना प्राप्त भएको समाधिले मोक्ष प्राप्त हुन नसक्ने भन्दै उनले विविध उदाहरणहरू दिएका छन् । यस क्रममा उनी थप्छन्-

तस्मादेता दशाः सर्वाः समाधीनां निरर्थकाः
अत एव शिशूनां हि सर्वदा निर्विकल्पकम् ।४८।
न फलं साधयेद् ब्रह्मन्नज्ञानस्यानिवृत्तितः
प्रत्यभिज्ञात्मकं यत्तु ज्ञानं स्यात् सविकल्पकम् ।४९।

अर्थात्, शिशुहरू सदासर्वदा निर्विकल्प अवस्थामै रहने भए पनि तिनमा अज्ञानता रहने भएका कारण उनीहरू मोक्षरुपी फल प्राप्त गर्न सक्दैनन् । सारांशमा जुन ज्ञान प्रत्यभिज्ञात्मक तथा सविकल्प हुन्छ त्यसले नै अज्ञानबाट निवृत्ति गराउन सक्छ ।

जनक ज्ञानलाई मुक्तिको कारण मान्दछन् भन्ने कुरा विभिन्न प्राचीन ग्रन्थहरूबाट पुष्टि हुन्छ। देवी भागवतको प्रथमक स्कन्धमा शुकदेवलाई शिक्षा दिने बेलामा जनक भन्दछन्-

अवद्येयं महाभाग विद्या चेतन्निवर्तनम्
विद्याविद्ये च विज्ञेये सर्वदैव विचक्षणैः ।४३।

अर्थात्, हे महाभाग ! बन्धनको मुख्य कारण अविद्या नै हो । अविद्यालाई विद्याले हटाउँछ। यसैले ज्ञानी व्यक्तिले सदैव विद्या र अविद्याको अन्वेषण र अनुशीलन गर्नु पर्दछ ।

सारांशमा भन्नुपर्दा जनक ज्ञानादेव तु कैवल्यम् अर्थात् केवल ज्ञानले नै मुक्ति हुन्छ भन्ने मान्यतामा स्पष्ट रहेका देखिन्छन् । नान्य पन्था विद्यतेऽयनाय अर्थात्, मोक्षका लागि ज्ञानविना अरू कुनै मार्ग नै छैन भन्ने दृष्टिकोण जनक दर्शनको एक प्रमुख विशेषता र मान्यता हो ।

जनक दर्शन अनुसार ज्ञान मुक्तिको साधन हो, ज्ञानविना मुक्ति सम्भव छैन । जनकको दृष्टिकोणमा जगत्, आत्मा र ब्रह्म एउटै वस्तु हो, यिनमा भेद छैन भन्ने जान्नु ज्ञान हो । उनका अनुसार अज्ञानका कारणले मात्र व्यक्तिले जगत्, आत्मा र ब्रह्मलाई फरक फरक ठानेको हो । उनका अनुसार यही अज्ञान नै बन्धनको कारण हो र यी सबै एउटै हुन् भन्ने अभेद ज्ञान नै मोक्षको कारण हो । जनक दर्शन अनुसार जसरी ज्ञान-विज्ञानविना

मोक्ष प्राप्त हुँदैन, उसैप्रकार ज्ञानप्राप्तिका लागि गुरुको आवश्यकता पनि पर्दछ । जनक भन्छन्-

न विना ज्ञानविज्ञाने मोक्षस्याधिगमो भवेत्
न विना गुरुसम्बन्धं ज्ञानसयाधिगमः स्मृतः ।२२।
गुरुः प्लावियिता तस्य ज्ञानं प्लव इहोच्यते
विज्ञान कृतकृत्यस्तु तीर्णस्तदुभयं त्यजेत ।२३।

स्रोत : महाभारत, शान्ति पर्व

जनकका अनुसार गुरुले दिएको ज्ञानले यो संसाररुपी भवसागर तार्न मद्दत गर्दछ । उनी नदी तार्ने नौकाजस्तै भवसागर तार्ने गुरु ज्ञान हो भनी शुकदेवलाई शिक्षा दिन्छन् । जनकदर्शनअनुसार जसरी नदी पार तरेपछि मनुष्यले नौका र नाविक दुवैलाई छोड्दछ, त्यसैगरी संसाररुपी भवसागर तरेर मुक्त भएको जीवले गुरु र ज्ञान दुवैलाई छोड्दछ किनकि यस अवस्थामा उसलाई ब्रह्मज्ञान भइसकेको हुनाले उसलाई यिनीहरूको आवश्यकता पर्दैन ।

जनकका अनुसार ज्ञान मुक्तिको साधन हो, जबसम्म जीवलाई आत्माको पूर्णताको ज्ञान हुँदैन तबसम्म उसका लागि संसारको अन्त्य पनि हुँदैन । यसैले उनी ज्ञान प्राप्तिका लागि निरन्तर प्रयत्नशील रहन्थे । उनका अनुसार आत्माको पूर्णताको ज्ञान परोक्ष र अपरोक्ष गरी दुइ प्रकारको हुन्छ । यसमध्ये परोक्ष ज्ञान गुरु वा शास्त्रबाट उपलब्ध हुन्छ तर यस्तो परोक्ष ज्ञानले मोक्षरुपी पुरुषार्थ हासिल हुन सक्दैन । शास्त्र वा श्रुतिबाट प्राप्त यस्तो ज्ञानले मोक्षफल दिन सक्दैन । यसका लागि अपरोक्ष ज्ञान आवश्यक हुन्छ र यस्तो अपरोक्ष ज्ञान पूर्ण समाधि हासिल भएपछि मात्र प्राप्त हुन्छ । अपरोक्ष ज्ञानले नै अज्ञानताको समूल नाश गरी मोक्षरुपी शुभफल प्रदान गर्न सक्दछ। ज्ञानपूर्वक भएको समाधिले नै अपरोक्ष ज्ञान हासिल हुन सक्दछ। यसरी जनक दर्शनअनुसार ज्ञान मोक्ष प्राप्तिको अपरिहार्य साधन हो । जनक दर्शन अनुसार व्यावहारिक रूपमा अज्ञानीहरूले समाधि हासिल गरे पनि मोक्षरुपी पुरुषार्थ प्राप्त गर्न सक्दैनन् । जनकको ज्ञानसम्बन्धी यो दृष्टिकोण र दर्शन निम्न संस्कृत श्लोकहरूमा सूत्रवद्ध छ-

अज्ञानस्य निवृश्यन्तं संसारो न निवर्त्तते
पूर्णात्मविज्ञानमृते त्वज्ञानं नातिवर्त्तते ।३४।

तच्च पूर्णात्मविज्ञानं द्विविधं सुव्यवस्थितम्
परोक्षमपरोक्षञ्च परोक्षं गुरुशास्त्रतः ।३५।
तत् साक्षात् पुरुषार्थस्य न कारणमिति स्थितम्
यादृशं ते भवेज्ज्ञानं शास्त्रश्रुतिसमुद्भवम् ।३६।
श्रद्धामात्राभ्युपतं पलदं न प्रचक्षते
अपरोक्षं हि विज्ञानं समाधिपरिपाकयम् ।३७।

जनकका अनुसार अपरोक्ष ज्ञानले नै अज्ञानताको नाश गरी मोक्षरुपी शुभफल प्रदान गर्न सक्दछ । ज्ञानपूर्वक हासिल भएको समाधिले निश्चय नै अपरोक्ष ज्ञान उत्पन्न गर्न सक्दछ भन्ने जनकको मत रहेको छ । उनका अनुसार व्यावहारिक रूपमा अज्ञानी व्यक्तिले समाधि हासिल गरेपनि मोक्ष रुपी फल भने प्राप्त गर्न सक्दैन । यस विषयलाई थप प्रष्ट्याउन उनले मणिको कुनै जानकारी नभएको व्यक्तिले मणि प्राप्त गर्दाको उदाहरण दिएका छन् । उनका अनुसार यदि कसैले मणिलाई खोजेको छैन भने मणिकोबारेमा सुनेकै भए पनि र आफैंमा चलाख व्यक्ति भए पनि उसले मणिलाई पहिचान गर्न सक्दैन । यसै प्रकार अज्ञानी पुरुषलाई व्यावहारिक रूपमा समाधि प्राप्त भइहाले पनि तत्त्वज्ञानबाट हुने फल प्राप्त हुँदैन ।

जनकका अनुसार जीवलाई ज्ञान प्राप्तिका लागि जन्मजन्मान्तरको समय लाग्न सक्दछ । त्रिपुरा रहस्य ज्ञान खण्डमा उनले बताए अनुसार जन्मजन्मान्तरको पुण्य कर्मपश्चात् इष्टदेव प्रशन्न भएपछि मात्र ज्ञानप्राप्ति र मुमुक्षाको अभिलाषा जागृत हुन्छ ।

## ५.४.११ वैराग्य

कुनै पनि सांसारिक विषयवस्तुलाई विनाशशील र क्षणभंगुर मानी त्यस्ता कुनै पनि विषयवस्तुप्रति आसक्ति वा अनुराग नहुनु वैराग्य हो । जनकका अनुसार मोक्षका लागि ज्ञान र वैराग्ञ दुई पूर्वशर्तहरू हुन् । वैराग्यले कर्मयोग अर्थात् निष्काम कर्म गर्न सघाउँदछ ।

वैराग्यले मानिसलाई जीवनको चरम लक्ष्य अर्थात् मोक्ष प्राप्तिमा सघाउँदछ । जनकले सुलभासँगको संवादका क्रममा सुलभाको उत्तरपछि जनकले भने- "म राजा हुँ । म

राज्यको लागि काम गर्छु, तर मलाई राज्य र वैभवसँग कुनै लगाव छैन । मेरो अगाडि अग्नि र चन्दन बराबर छन् । मेरो अपमान होस् वा मेरो इज्जत होस्, म तिनीहरूलाई समान मान्छु । राजा जनक भन्छन्, न त अकिंचनता (दरिद्रता) मा मोक्ष छ र न त किंचनतामा (आवश्यक वस्तुहरूले सम्पन्न हुनु) । धन र निर्धनता दुबै अवस्थामा ज्ञानबाटै जीवले मोक्ष प्राप्ति गर्छ । त्यसैले धर्म, अर्थ, काम तथा राज्यपरिग्रह, यी बन्धनहरूको स्थानमा हुँदाहुँदै पनि मलाई बन्धनरहित ठान्नुस् ।"

जनक आफैं वैराग्यको परम नमुना थिए । उनी भन्थे, यदि कसैले उनको दाहिने हातमा चन्दन लगाइदिन्छ र देब्रे हात चाहिँ अर्कोले बसिलाले काट्छ भने पनि उनका लागि ती दुवै व्यक्तिप्रति सम भाव हुन्छ । उनले यो कुरा महाभारतको शान्ति पर्वमा यसरी बताएको छन्-

यश्च मे दक्षिणं बाहुं चन्दनेन समुक्षयेत्
सव्यं वास्यापि यस्तक्षेत् समावेताबुभौ मम ।३६।

महाभारतको शान्ति पर्वमा पनि जनकको वैराग्यता तथा मोक्षको वर्णन गरिएको छ । उक्त वर्णनमा राजा जनकले बताएअनुसार उनी सुखपूर्वक जीवन व्यतीत गर्दछन् किनभने यस जगत्का कुनै पनि वस्तु उनका हैनन् र कुनैप्रति पनि उनको ममत्व तथा लालसा छैन । साक्षात् नारायणले उनको मनोभावको परीक्षा लिएको घटनाले होस् वा सुलभासँगका संवादमा उनले दिएको परिचयले होस् उनको वैराग्यताको पुष्टि गर्दछ ।

अष्टावक्र गीताको दोस्रो प्रकरणमा शरीरसम्बन्धी निम्न व्याख्याले पनि शरीसम्बन्धी उनको धारणा र वैराग्यतालाई प्रस्तुत गर्दछ-

शरीरं स्वर्गनरकौ बन्धमोक्षौ भयं तथा
कल्पनामात्रमेवैतत्किमे कार्यं चिदात्मनः ।२०।

अर्थात्, यो शरीर, स्वर्ग, नरक, बन्धन, मोक्ष र भय कल्पना मात्र हो । म चैतन्य आत्माका लागि यी सबै के काम ? अष्टावक्र गीताकै अष्टम प्रकरणमा राजर्षि जनक र ऋषि अष्टावक्रबीच ज्ञानी पुरुषमा सम्पूर्ण विषयमा आसक्ति नष्ट हुनुको कारण के हो भनी छलफल भएको पाइन्छ । यहाँ भनिएको छ-

अनित्यं सर्वमेवेदं तापत्रितयदूषितम् ।
असारंनिन्दितंहेयमितिनिश्चित्यशाम्यति ।३।

अर्थात् ज्ञानी व्यक्तिका लागि यो सारा जगत् अनित्य, अस्थायी हो र चैतन्यस्वरूप आत्मा मात्र नित्य, स्थायी र अन्तिम सत्य हो भन्ने भाव उत्पन्न हुन्छ । यो संसार आध्यात्मिक, आधिदैविक र आधिभौतिक दुःखहरूले आच्छादित छ, यो संसार तुच्छ र झूठ भन्ने ज्ञान भएपछि ज्ञानी व्यक्तिमा वैराग्य प्राप्त हुन्छ । जनक दर्शनअनुसार ज्ञानमा आधारित वैराग्य मोक्षको एउटा कारण हो ।

उपर्युक्त सबै व्याख्या, सन्दर्भ र उदाहरणहरूबाट जनकको विचारमा आत्मा मात्र ध्येय, ज्ञेय वस्तु हो र अन्य कुनै पनि विषय वस्तु आसक्तिका विषय होइनन् ।

## ५.४.१२ कर्मयोग

कर्मयोग जनक दर्शनको प्रमुख सिद्धान्त र शिक्षा पनि हो । कर्मयोग जनक दर्शनको अर्को विशेषता पनि हो । उनले राजगद्दी नत्यागीकन, राजाले गर्नुपर्ने कर्महरू र ब्रह्मज्ञान प्राप्त गर्ने ऋषि कार्य पनि समानान्तर रूपमा गरी कर्मयोगलाई समग्र जीवनमा रुपान्तर गरेका छन् । निष्काम कर्म जनक दर्शनको एक प्रमुख शिक्षा हो ।

निष्काम कर्म गर्नका लागि मनमा संसारका कुनै पनि विषयवस्तुप्रति आसक्ति हुनुहुँदैन, यसबाट नै मुक्तिको द्वार खुल्दछ । जनकले निष्काम कर्मलाई ब्रह्म प्राप्तिका लागि एक आवश्यकताका रूपमा औंल्याएका छन् । जनकले महाभारत शान्ति पर्व (३२६।३७, ३८) मा ब्रह्म प्राप्तिको व्याख्या गरेको निम्न श्लोकले यस कुरालाई प्रष्ट्याउँछ-

यदा स्तुतिं च निन्दां च समत्वेनैव पश्यति
काञ्चनं चायसं चैव सुखं दुःखं तथैव च ।
शीतमुष्णं तथैवार्थमनर्थ पियमप्रियम्
जीवितं मरणं चैव ब्रह्म सम्पद्यते तदा ॥

अर्थात्, जब व्यक्तिलाई प्रशंशा र निन्दाले कुनै असर गर्दैन, सुन होस् वा फलाम, जाडो होस् वा गर्मी, सम्पन्नता हो वा गरिबी, वस्तु वा परिस्थति जे जस्तो भए पनि उसलाई प्रिय र अप्रिय वस्तु उस्तै लाग्छ । प्रिय र अप्रिय भन्ने वस्तु नै हुँदैन, यति मात्र नभई जीवन र मरण पनि एकैनास लाग्दछ ।

जनकका अनुसार मन, वचन तथा कर्मद्वारा कुनै पनि प्राणिप्रति पापभाग नराखी कर्म गर्नुपर्दछ । ईर्ष्या, काम, क्रोध एवम् मोहलाई त्याग गरेर साधकले मनलाई आत्मामा लगाउनुपर्दछ । जनकले यी दृष्टिकोणहरू महाभारत शान्ति पर्वमा शुकदेवलाई शिक्षा दिने क्रममा निम्नअनुसार उल्लेख गरेका छन्-

यदा भावं न कुरुते सर्वभूतेषु पापकम्
कर्मणा मनसा वाचा ब्रह्म सम्पद्यते तदा ।३४।
संयोज्य मनसाऽऽत्मानमीर्ष्यामुत्सृज्य मोहनीम्
त्यक्त्वा कामं च मोहं च तदा ब्रह्मत्वमश्नुते ।३५।

ब्रह्मज्ञान सम्बन्धमा जनकको यो दृष्टिकोण श्रीमद्भागवत गीता, अध्याय बाह्रको भक्तियोगको श्लोक नं. १७ मा भगवान् श्रीकृष्णले कस्तो पुरुष उनलाई मन पर्छ भनी उल्लेख गरेको निम्न श्लोकको भावसँग मेल खान्छ-

यो न हृष्यति न द्वेष्टि न शोचति न कांक्षति
शुभाशुभ परित्यागी भक्तिमान्य स मे प्रिय ।

अर्थात्, जो न कहिल्यै हर्षित हुन्छ, न ईर्ष्याग्रस्त हुन्छ । न शोकशूर्ता गर्छ न चिन्ता गर्छ । न केही कुरा प्राप्तिको इच्छा नै गर्दछ । जसको कर्मफलप्रति रत्तिभर आशक्ति छैन, त्यस्तो भक्तिमान पुरुष मलाई मन पर्छ ।

जनक दर्शनअनुसार सम्पूर्ण सामाजिक व्यावहारिक कार्यहरूलाई निष्काम कर्मभावले सम्पादन गर्दै मोक्षका लागि मुमुक्षा राख्दै ज्ञानार्जनका कार्यलाई पनि समानान्तर रूपमा अघि बढाउनुपर्दछ । श्रीमद्भभागवत गीताको तृतीयोध्यायमा जनकजस्ता ज्ञानीजनले आसक्तिरहित कर्म गरेर नै परमसिद्धि प्राप्त गरेको भन्दै श्रीकृष्णले अर्जुनलाई आसक्तिरहित भावले कर्म गर्न यसरी सम्झाउनु भएको छ-

कर्मणैव हि संसिद्धिमास्थिता जनकादयः
लोकसंग्रहमेवापि संपश्यन्कर्तुमर्हसि ।२०।

उपर्युक्त श्लोकहरूमा समान भाव भनेको सम्पूर्ण दृश्यमान जगत् आत्मा/ब्रह्मभन्दा फरक कुरा होइन भन्ने ब्रह्मज्ञान प्राप्त भइसकेपछि यस संसारमा प्राप्त गर्ने वस्तु केही रहँदैन भन्ने हो । समग्र भगवत गीताले मूल रूपमा कर्मयोगमा लाग्न निर्देश गर्दछ । जनकले पनि राजगद्दी नत्यागीकन, राजाले गर्नुपर्ने कर्महरू र ब्रह्मज्ञान प्राप्त गर्ने ऋषि कार्य पनि

समानान्तर रूपमा गरेकाले नै उनलाई राजर्षि भनिएको हो । यसर्थ, जनक दर्शनको एउटा सिद्धान्त कर्मयोग हो भन्ने देखिन्छ ।

जनक जस्ता राजाले कर्म गरेर नै सिद्धि प्राप्त गरेका थिए, यसैले सर्वसाधारणलाई शिक्षित गर्न कर्म गर्नुपर्दछ भनिएको छ-

कर्मणैव हि संसिद्धिमास्थाता जनकादयः
लोकसग्रहमेवापि सम्पश्यन्कर्तुमर्हसि ।२०।

स्रोत : श्रीमद् भागवतगीता यथारूप, सम्पूर्ण एवम् अखण्ड संस्करण, कृष्णकृपामूर्ति, श्री श्रीमद् ए.सी. भक्तिवेदान्त स्वामी प्रभुपाद, भक्तिवेदान्त बुक ट्रष्ट

## ५.४.१३ मुमुक्षा

जनक दर्शन अनुसार जीवलाई मुक्तिका लागि ज्ञानका साथै मोक्ष प्राप्तिको मुमुक्षा अर्थात् अभिलाषाको पनि उत्तिकै जरुरी हुन्छ । जनकका अनुसार ज्ञान प्राप्त व्यक्ति भए पनि मुमुक्षा नभएमा श्रवणजनित ज्ञान भए पनि उसले मोक्षलाई सही रूपमा बुझ्न सक्दैन । जनकको यो दृष्टिकोण अष्टावक्र गीतामा उनले अष्टावक्रको जिज्ञासा संवोधन गर्ने क्रममा स्पष्ट रूपमा राखेका छन्, जहाँ उनी भन्छन्-

अतत्परत्वहेतोस्तु न विजानन्ति सर्वथा
यथा हि तारकां पश्यन्नपि जानाति न क्वचित् ।४३।
मूढः श्रुतज्ञानहीनः श्रुतज्ञानयुतोऽपि वै
पश्यन्पि न चो वेत्ति तत्परत्वविवर्जनात् ।४४।
यस्तु श्रुत्वा शुक्रतारां दिगाकारादिलक्षणैः
मया ज्ञेयं सर्वथेति तत्परो बुद्धिमान् नरः ।४५।
एकाग्रमानसः पश्यन् प्रत्यभिज्ञास्यति स्फुटम
एवमज्ञानतो मूढाश्चान्ये तात्पर्यवर्जनात् ।४६।

जनक भन्छन्- मुमुक्षा तथा अभिलाषा नभएमा कुनै वस्तुलाई देखेर पनि उसले पहिचान गर्न सक्दैन । उनी उदाहरण दिन्छन्- कुनै व्यक्तिले शुक्रतारा यो दिशामा रहन्छ र यसको आकार, प्रकाश यस्तो हुन्छ भन्ने लक्षण सुनेको भए पनि यदि उसमा उक्त

तारालाई थप चिन्ने बुझ्ने उत्कण्ठा, अभिलाषा छैन भने आकासमा उक्त तारालाई देखिहाले पनि चिन्न सक्दैन । यसको विपरीत यदि उसमा उक्त तारालाई थप चिन्ने बुझ्ने उत्कण्ठा छ भने उसको पूर्वज्ञानका कारण एकाग्रचित्त हेरी उसले उक्त तारालाई स्पष्ट रूपमा चिन्न सक्दछ । यसकारण जनकका अनुसार आत्मा अर्थात् ब्रह्मलाई जान्नका लागि ज्ञानका साथै मुमुक्षा तथा अभिलाषाको पनि उत्तिकै जरुरी हुन्छ ।

जनकका अनुसार अनेक जन्ममा गरेका शुभकर्महरूबाट इष्टदेव प्रशन्न भएपछि मात्र मनुष्यलाई मोक्षको मुमुक्षा जागृत हुन्छ, अन्यथा करोडौं कल्पमा पनि यस्तो सुअवसर प्राप्त हुँदैन। जनकले अष्टावक्रलाई बताएको यो रहस्य त्रिपुरा रहस्यको निम्न संस्कृत श्लोकहरू उल्लिखित छ-

तदेव संसारमूलमज्ञानं विनवर्त्तयेत्
अनेकजन्मसुकृतैः सन्तुष्टा स्वात्मदेवता ।५०।
यदा तदा मुमुक्षत्वं नान्यदा कल्पकोटिभिः
चेतनत्वं जन्मवत्सु परमं दुर्लभं भवेत् ।५१।

जनकको सिङ्गो जीवनले नै मोक्षका लागि निरन्तर ज्ञानको खोजी र मुमुक्षालाई जारी राख्नुपर्ने सन्देश दिएको छ । उनले आफ्नो दरबारमा नियमित रूपमा जीवन, जगत्को वास्तविक स्वरूप र अर्थका बारेमा शास्त्रार्थ गरिरहनु, यस्ता शास्त्रार्थमा उनी नियमित तथा सक्रिय रूपमा सहभागी भई यस्ता शास्त्रार्थको नेतृत्व गर्नुले उनको ज्ञानप्राप्तिको मुमुक्षालाई नै पुष्टि गर्दछ । समय परिवेश अनुसार एकै व्यक्तिका लागि उनी कहिले गुरु तथा कहिले शिष्य बनेका देखिन्छन् । अष्टावक्र गीतामा उनी अष्टावक्रका शिष्यका रूपमा प्रस्तुत भएका छन् भने त्रिपुरा रहस्यमा उनी उनै अष्टावक्र उनै जनकसँग ज्ञान हासिल गरिरहेका भेटिन्छन्। कर्मत्याग तथा गृह त्याग गरी सन्यास ग्रहण गर्नुभन्दा मुमुक्षा बढी महत्वपूर्ण रहेको कुरा अन्य शास्त्रहरूमा पनि बताइएको छ । भगवत गीताको तेस्रो अध्यायको छैठौं श्लोकमा श्रीकृष्णले अर्जुनलाई भन्नुभएको छ-

कर्मेन्द्रियाणि संयम्म य आस्ते मनसा स्मरन
इन्द्रियार्थान विमूढात्मा मिथ्याचारः स उच्यते ।३।६।
यस-त्विन्द्रियाणि मनसा, नियम्या-रभतेऽर्जुन
कर्मेन्द्रियैः कर्म-योग, - मसक्त स विशिष्यते ।३।७।

अर्थात्, बाह्यरुपमा कर्मत्याग तथा गृहत्याग गरे पनि मन उनै इन्द्रियका विषयहरूमा केन्द्रित रहन्छ भने त्यस्तालाई मिथ्याचारी भनिन्छ । मूढ बुद्धि भएको व्यक्तिले नै यस्तो गर्दछन्। तर हे अर्जुन जो पुरुष मनलाई इन्द्रियजन्य विषयहरूलाई मुक्त राखी अनासक्तपूर्वक निष्काम कर्म गर्दछ, त्यो नै श्रेष्ठ पुरुष हो । यी श्लोकहरूको अन्तर्य हेर्दा पनि मुमुक्षा मोक्षका लागि महत्वपूर्ण विषय हो ।

## ५.४.१४ मोक्ष

जनकका दृष्टिकोणमा यो संसार दुःखमय छ र मोक्ष प्राप्ति नभएसम्म जीवले जन्म जन्मान्तर दुःख व्यहोरिरहनु पर्दछ । मोक्ष प्राप्तिपश्चात् जीव ब्रह्ममा समाहित हुने हुँदा नित्य, अविनाशी चैतन्यरूप धारण गर्दछ र सम्पूर्ण दुःखहरूबाट मुक्त हुन्छ । यसकारण, जनक दर्शन अनुसार जीवनको चरम लक्ष्य मुक्ति अर्थात् मोक्ष हो । धेरै जन्मको सत्कार्य र ज्ञानपश्चात् जीवमा मोक्षको चाहना ईश्वरद्वारा निसृत हुन्छ । अष्टावक्रको जिज्ञासा संवोधन गर्ने क्रममा राजा जनकले त्रिपुरा रहस्यको सप्तदशोध्यायमा मोक्ष पद प्राप्त गर्ने क्रम बताएका छन् । उनको भनाइअनुसार अनन्त जन्मसम्म पुण्यकार्य गरेपछि ईष्टदेवको भक्ति प्राप्त हुन्छ, त्यसपश्चात् चिरकालसम्म आराधना गरेपछि फेरि उनकै कृपाबाट सांसारिक विषयवस्तुमा अरुची हुँदै उक्त मोक्ष पद प्राप्त गर्ने उत्कट इच्छा जागृत हुन्छ । यसपश्चात् भक्त धेरै जन्मको सत्कार्य र ज्ञानपश्चात् जीवमा मोक्षको चाहना ईश्वरद्वारा निसृत हुन्छ । पश्चात्, एकाग्र चित्तले अद्वैत आत्मदेवको निरन्तर प्रयत्नपूर्वक चिन्तन गरी संशयहरूबाट मुक्त हुनु पर्दछ । यसपश्चात् म उक्त परमपदमै स्थित छु भन्ने भावसहित ध्यान गर्नाले निःसन्देह अज्ञानताको नाश हुन्छ । निर्विकल्प समाधिको रूपबाट ध्यान परिपक्व भएपछि उक्त परम पदको प्राप्त हुन्छ । जनकको यो दृष्टिकोण निम्न श्लोकहरूमा प्रतिबिम्बित छ-

पराद्वये समाश्वस्ताः प्राप्नुवन्ति परं पदम्
तत्क्रमं वेऽभिधास्यामि ब्रह्मन् संश्रृणु संयतः ।६२।
अनन्तजन्मसुकृतैर्देवताभक्तिराप्यते
तथा संराध्य सुचिरं तत्प्रसादात्ततः परम् ।६३।
वैरस्यं भोगवृन्देपु तत्परत्वच्च प्राप्नुयात्

वैराग्यतत्परात्वाभ्यां श्रद्धया चापि सङ्तः ।६४।
सद्गुरुं प्राप्य तत्प्रोक्त्या वेत्त्यद्वैतं परं पदम्
एतज्ज्ञानं परोक्षं वै ह्यस्त्यद्वैतमितीह यत् ।६५।
ततो विचारयेत् सम्यगद्वैतं स्वात्मदैवतम्
उपपाद्य सुतर्कैस्तु संशयांस्तेन नाशयेत् ।६६।
अथ निश्चितमात्मख्यातत्त्वमद्वयमादरात्
अनुध्यायेदारोक्षं हठवृत्त्यापि यत्नतः ।६७।
ततो विकल्पविपयीकृत्य ध्यातं परं पदम्
संसारमूलमज्ञानं नाशयेश्रात्त संशयः ।६८।

स्रोतः त्रिपुरा रहस्य, ज्ञान खण्ड, सप्तदशोध्याय

जनक दर्शनको मोक्षसम्बन्धी अवधारणा अष्टावक्र गीताको अष्टमध्यायमा अष्टावक्र र जनकबीचको संवादमा पनि झल्कन्छ । यहाँ भनिएको छ-

तदा बन्धो यदा चित्तं सक्तं कास्वपि दृष्टिषु
तदा मोक्षो यदा चित्तमसक्तं सर्वदृष्टिषु ।३।
यदा नाहं तदा मोक्षो यदाह बन्धनं तदा
मत्वेतिहेलयाकिञ्चिन्मागृहाणविमुञ्चमा ।४।

अर्थात्, जसको चित्त आत्माबाट भिन्न कुनै जड पदार्थ वा विषयवस्तुमा आसक्त हुन्छ भने जीवन बन्धनमा पर्दछ तर जब चित्त आत्माबाट भिन्न कुनै जड पदार्थ वा विषयवस्तुमा आसक्तिरहित हुन्छ भने जीव मोक्ष हुन्छ । जब जीव आफू शरीर हुँ भन्ने भानबाट मुक्त हुन्छ र आफू आत्मा हुँ भन्ने महसुस भएपछि जीव मोक्ष हुन्छ । यस अवस्थामा जीवले यस संसारलाई क्षणभंगुर मानी कुनै पनि विषयवस्तुप्रति रिस, राग, द्वेष, अहंकार र आसक्ति गर्दैन ।

# षष्ठ अध्याय : जनक दर्शनको उपादेयता

जनक दर्शन प्राचीन पौरस्त्य दर्शन साहित्यको एक महत्वपूर्ण हिस्सा हो । मिथिला क्षेत्रका राजर्षि जनकले प्रतिपादन गरेको यो दर्शनले आत्मज्ञान, मोक्ष र जीवनको अर्थ खोज्ने विषयमा गहन चिन्तन प्रस्तुत गर्दछ । प्राचीन कालको हो दर्शन भए पनि आजको २१ औँ शताब्दीमा पनि यसको सान्दर्भिकता र उपादेयता उत्तिकै छ ।

आजको भौतिकवादी युगमा मानिसहरूलाई जीवनको अर्थ र जगत्को अन्तिम सत्यतर्फ सोच्ने फुर्सद नभएको देखिन्छ, यस अवस्थामा जनक दर्शनले मानिसहरूलाई जीवनको अन्तिम सत्यबारे घोत्लिन र त्यसलाई आत्मसात् गर्न प्रेरित गर्दछ । जनक दर्शनले सत्य, अहिंसा, दया, करुणा जस्ता नैतिक मूल्यहरूलाई महत्व दिने भएकाले यी मूल्यहरू आजको समाजमा हराउँदै गएको अवस्थामा जनक दर्शनले नैतिकताको पुनर्जागरण गर्न सक्छ ।

आजको जटिल र प्रतिस्पर्धी युगमा मानिसहरू विभिन्न प्रकारका समस्या र चुनौतीहरूसँग जुझिरहेका छन् । यस्तो अवस्थामा जनक दर्शनले मानिसलाई जीवनको सार्थकता खोज्न, आन्तरिक शान्ति प्राप्त गर्न र समस्या समाधान गर्नका लागि महत्वपूर्ण मार्गदर्शन प्रदान गर्दछ । वर्तमान समयमा जनक दर्शनको उपादेयता शीर्षकगत रूपमा निम्न अनुसार प्रस्तुत गरिएको छ-

## ६.१ ईश्वरीय चिन्तन

सारा जीव जगत्मा मानवबाट मात्र ईश्वरको अस्तित्वप्रति चिन्तन मनन हुने अपेक्षा गर्न सकिन्छ । जनक कार्य-कारण सिद्धान्तमा विश्वास गर्छन् र यो जगत्को सृष्टि पनि एउटा कार्य भएकाले यसको कारण पनि हुनुपर्छ भन्ने विश्वास गर्छन् । उनको विचारमा ब्रह्म नै जगत्को कारण हो र आत्मा त्यसैको अंश भएकाले आत्मा पनि ब्रह्म नै हो । जनकले ब्रह्मको अस्तित्वलाई विभिन्न तर्कहरू र आफ्नो अनुभवका आधारमा सत्य रूपमा प्रस्तुत गरेका छन् । वैज्ञानिक जगत्लाई यस सत्यको खोजी गर्न र युवालगायत अन्य जनमानसलाई यस दर्शनले ईश्वरीय चिन्तन गर्न घचघच्याउँछ ।

## ६.२ ज्ञानको खोजी

जनकले जीवनभर ज्ञानको खोजी गरिरहे । उनको दरबारमा निरन्तर रूपमा भइरहने शास्त्रार्थ र उनले विभिन्न विद्वान् एवम् ऋषिहरूबाट ज्ञान प्राप्तिका लागि निरन्तर गरेको प्रयासले यसै कुराको पुष्टि गर्दछ । उनले जीवनभर ब्रह्ममक, नधन्ब, क्षोमामरुहयषवातिर्स्जमक, नधन्ब, क्षोम, विभिन्न विद्वान्हरूसँग सम्वाद गरे । यस दर्शनले ज्ञान प्राप्त गरेर मात्र मानिसले जीवनको वास्तविक अर्थ बुझ्न सक्छ भन्ने मान्यता राख्छ । उनको जीवन र दर्शनले वर्तमान मानवलाई ज्ञानको खोजीमा निरन्तर लागिरहन प्रेरित गर्दछ । यसले मानिसलाई जगत्का सर्वोत्तम प्रश्नहरूको सम्बोधन गर्नेतर्फ अभिप्रेरित गर्दछ ।

## ६.३ निष्काम कर्म

जनक दर्शनको एउटा महत्वपूर्ण सन्देश निष्काम कर्मतर्फ अभिप्रेरित गर्नु हो । उनको सन्देश सामाजिक तथा व्यावहारिक कार्यहरूरहितको वैराग्यताभन्दा निष्काम भावले सामाजिक तथा व्यावहारिक कार्यहरू गर्दैदग रुर्हयाकत्स जोखो मोक्षको लागि प्रयत्न गर्नुपर्दछ भन्ने छ । उनको यस दर्शनले समाज र सामाजिक व्यवस्थालाई अक्षुण्ण राख्ने- व्यक्तयिलाई सामाजिक शान्ति प्रवर्द्धन व्यक्तिलाई मोक्षमार्गतर्फ उन्मुख गर्ने कार्य पनि एकै साथ गर्ने भएकाले आधुनिक समयमा पनि यस दर्शनको उच्च महत्व रहेको छ।

## ६.४ शान्ति, सहिष्णुता र अहिंसाको प्रवर्द्धन

जनक दर्शनले जनमानसलाई निष्काम कर्मतर्फ प्रेरित गर्दछ । जनक दर्शनले सबै मानिसहरूलाई समान रूपमा हेर्ने र सबैसँग सद्भाव कायम राख्ने सन्देश दिन्छ । यो सन्देश आजको बहुसांस्कृतिक समाजका लागि अत्यन्तै प्रासंगिक छ। जनक दर्शन अनुसार निष्काम भावले कर्म गर्दा हरेक व्यक्तिलाई आध्यात्मिक उन्नतिका हुनुका साथै मानिसहरूमा बढ्दो चिन्ता, तनाव र निराशालाई व्यवस्थापन गरी आत्मसन्तुष्टि बढाउन पनि निकै उपयोगी हुने भएकाले यसले सामाजिक सद्भाव वृद्धि गर्नुका साथै उत्पादकत्व वृद्धिमा पनि टेवा पुऱ्याउँदछ ।

## ६.५ मोक्षका उपायहरूको प्रस्तुति

जनक दर्शनले मोक्षका लागि स्पष्ट देष्टिकोण सिहत विभिन्न उपायहरु प्रस्तुत गरेको छ । यस दर्शनले सत्कार्या जस्ता मुमुक्ष रात गैरवी खोजो ज्ञानक कर्म माकष्नरिहया पउनू प्रस्तुत गर्दै मोक्ष मार्गको स्पष्ट पहिचान गरेको छ । यसले मोक्षका लागि चिन्तन गर्न प्रेरित गर्दछ । जनक दर्शनको मोक्षलाई कुनै स्वर्ग वा नर्कसँग जोड्दैन । बरु, यो एक आन्तरिक अनुभव हो जसले मानिसलाई शान्ति र मुक्ति प्रदान गर्छ । यो कुनै पनि धर्म होत्तपम्सिाभ्कास कैताजि वनमा दर्शन जनक नरहेको हुदाँ आधरित समदुयाम वर्ग ।

जनक दर्शनले मोक्षका लागि स्पष्ट देष्टिकोण सहित विभिन्न उवायहरु प्रस्तुत गरेको छ । यस जनक दर्शनले सत्कार्या जास्ता मुमुक्षा र गैरव खोखी ज्ञनको कर्म नीष्कमा उपयाहर प्रस्तुत गर्दै मोक्ष मार्गको स्पष्ट पहिचान छ । यसले मोक्षका लागि चिन्तन गर्न प्रेरित गर्दछ । जनक दर्शनको मोक्षलाई कुनै स्वर्ग वा नर्कसँग जोड्दैन । बरु, यो एक आन्तरिक अनुभव हो जसले मानिसलाई शान्ति र मुक्ति प्रदान गर्छ । यो कुनै पनि धर्म हो त्तपिम्साभ्कास कैताजि वनमा दर्शन जनक हुदाँ नरहेको आधिरात समुदायमा वर्ग ।

## ६.६ नेपालको आध्यात्मिक पहिचान वृद्धि

पौरस्त्य सभ्यताका धेरै दर्शनका प्रणेताहरू नेपाली भूमिमै जन्मेका भए पनि विश्वको दर्शन साहित्यमा नेपालको नाम गौण रहेको देखिन्छ । यस परिवेशमा जनकपुरधाम जस्तो पवित्र धार्मिक स्थलको साथमा जनक दर्शनले नेपाललाई विश्वमा एक आध्यात्मिक केन्द्रको रूपमा स्थापित गर्न मद्दत गर्दछ। जनक दर्शन नेपालको प्राचीन र समृद्ध दर्शन परम्पराको प्रतीक भएकाले यसले सिङ्गो मिथिला क्षेत्र र नेपालीहरूलाई आफ्नो मौलिक पहिचान र गौरवको अनुभूति दिलाउँछ।

## ६.७ नैतिक मूल्य मान्यतामा वृद्धि

जनक दर्शनले ज्ञानको खोजी गरी आत्मज्ञान बढाउन जोड दिने हुनाले जनक दर्शनले राजनीतिक क्षेत्रमा नेतृत्व वर्गमा, प्रशासनिक क्षेत्रमा कर्मचारीहरूमा तथा शैक्षिक क्षेत्रमा विद्यार्थी-शिक्षकलगायत समाजका सबै क्षेत्रमा नैतिक मूल्य-मान्यताहरूलाई प्रवर्द्धन

गर्न सघाउ पुऱ्याउँदछ । जनक दर्शनका शिक्षाहरूलाई पाठ्यक्रममा समावेश गरी विद्यार्थीहरूमा जीवन जगत्प्रतिको चिन्तन बढाई जिम्मेवार नागरिकहरू उत्पादन गर्न सघाउ पुऱ्याउँदछ ।

जनक दर्शन प्राचीन भए पनि यसको सन्देश आज पनि उत्तिकै प्रासंगिक छ। आत्मज्ञान, मोक्ष र नैतिक मूल्यहरू जस्ता विषयहरू आजको समयमा पनि मानिसहरूका लागि उत्तिकै महत्त्वपूर्ण छन्। जनक दर्शनले आधुनिक जीवनका जटिल समस्याहरूको समाधान खोज्न र एक सार्थक जीवन जिउनका लागि मार्गदर्शन प्रदान गर्दछ।

## ६.८ अन्य महत्व

जीवन र जगत्का सम्बन्धमा उनको दृष्टिकोणबाहेक वैदिक कालको उनको शासन व्यवस्थाका कतिपय पक्षहरू आजको आधुनिक युगमा पनि अझ बढी सान्दर्भिक हुँदै गएको देखिन्छ। जलवायु परिवर्तनका कारण विगत केही शताव्दीयता विश्वभर सिर्जित विविध किसिमका विपद्को बढ्दो आवृत्ति र गहनताका परिवेशमा मिथिलामा त्यस समयमा संरक्षित कञ्चन वन, चम्पक वन, कुमुद वन, वसन्त वन, फलफूलका बगैंचाहरू, अनेकन् पोखरी तथा तलाउहरूलाई पर्यावरणीय सन्तुलनमा जनक एवम् मिथिलाको अनुपम उदाहरणका रूपमा लिन सकिन्छ ।

गणतान्त्रिक शासन व्यवस्थालाई आजको समयमा एक लोकतान्त्रिक शासन व्यवस्थाका रुपमा चिनिन्छ । आधुनिक समयमा सन् १७८७ मा स्थापित संयुक्त राज्य अमेरिकालाई पहिलो आधुनिक गणराज्य मानिन्छ । तर मिथिलाका अन्तिम राजा कृति/करालपछि मिथिलामा गणतान्त्रिक व्यवस्था सुरु भएको थियो । यसले नेपालमा सामाजिक समानता, लोकतन्त्र र शासनमा जनताको सहभागिता जस्ता मूल्यमान्यताहरूलाई प्राचीन कालदेखि नै प्रवर्द्धन गरेको अनुमान गर्न सकिन्छ ।

समग्रमा, जनक दर्शनले आजको युगमा मानिसलाई जीवनको अर्थ खोज्न, आत्मसाक्षात्कारमा पुग्न र नैतिक जीवन जिउन प्रेरित गर्दछ। यस दर्शनले मानसिक स्वास्थ्य, पर्यावरण संरक्षण, र विश्व शान्तिको मुद्दामा पनि महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ। यसले समाजलाई ध्यान केन्द्रित गर्दै जीवनका गहिरा प्रश्नहरूको उत्तर दिन मार्गदर्शन गर्दछ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, कृष्णराज, एवं प्रभात, विष्णु. (सम्पादन). (२०८१). *दर्शनावली-११,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

आचार्य, श्रीराम शर्मा (सम्पादक). (१९६४). *न्याय दर्शन.* संस्कृति संस्थान, बरेली ।

आचार्य, नारायणप्रसाद. (२०७६). *द्वन्द्ववाद र पौरस्त्य दर्शन.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

आरण्य, स्वामी हरिहरानन्द (व्याख्याकार), एवं भट्टाचार्य, डा. रामशंकर, (सम्पादक). (१९९०). *पातञ्जल योग दर्शन.* मोतीलाल बनारसीदास प्रकाशन ।

आत्रेय, भीखनलाल. (१९५७). *योगवासिष्ठ और उसके सिद्धान्त,* पृ.१००. तारा प्रिन्टङ वर्क्स ।

कुमार, जितेन्द्र, प्रकाश, सद्गुरु, एवं मिश्र, सुनील कुमार (२०२३-२४). *वैदिक दर्शन में पदार्थ की अवधारणा.* वेदविज्ञान भास्वती, अंक ६-७, ८७-९४. वैदिक विज्ञान केन्द्र, काशी हिन्दु विश्वविद्यालय ।

कौशिक, अशोक. (सम्पादक). (१९९४). *श्रीमद्भगवत गीता (संस्कृत मूल पाठ, हिन्दी अनुवाद, अङ्ग्रेजी अनुवाद).* स्टार पब्लिकेशन्स प्रा.लि.।

गिरि, रामानन्द. (२०५०). *राजर्षेर्जनकस्य विदेहसिद्धान्तस्य समीक्षात्मकमध्ययनम्.* (रामहरि तिमल्सिना : अनुवाद). (२०५५). जनक शिक्षा सामग्री केन्द्र ।

*गीता सङ्ग्रह.* (२०७४). राधेश्याम खेमका (सम्पादक). गीता प्रेस. छैठौं पुनर्मुद्रण ।

गुप्त, मुनिलाल. (अनुवाद). (२०७६). *श्रीविष्णु पुराण.* गोरखपुरः गीता प्रेस ।

गुरुङ, जगमान. (२०७०). सर्वधर्मसमभाव र विश्वअभ्युदय. *दर्शनावली* २. विष्णु प्रभात, (सम्पादक). नेपाल प्रज्ञा प्रतिष्ठान ।

गोयन्दका, जयदयाल. (सम्पादक). (२०५८). *संक्षिप्त पद्मपुराण,* गोबिन्द भवन कार्यालय, गीताप्रेस ।

गौतम, डिल्लीराम. (२०८०). *पूर्वीय चिन्तन र दर्शन.* ओरिएन्टल पब्लिकेशन्स हाउस प्रा.लि.।

घिमिरे, घनश्याम, (सेप्टेम्बर, २०२१). *पूर्वीय दर्शनमा तत्त्वमीमांसा र ज्ञानमीमांसा,* इन्टरन्याशनल रिसर्च जर्नल अफ एमएमसी (आइआरजेएमएमसी), भोलुम २, अङ्क ३ ।

जालान, घनश्यामदास. (२०१३). *छान्दोग्योपनिषद् (सानुवाद शाङ्करभाष्यसहित).* गीताप्रेस ।

जालान, घनश्यामदास. (सं. १९९५). *श्वेताश्वतरोपनिषद् (सानुवाद शाङ्करभाष्यसहित).* गीताप्रेस।

झा, आचार्य आनन्द. *चार्वाक दर्शन* (ISBN 978-93-82475-49-3). उत्तर प्रदेश हिन्दी संस्थान. सुधाकर अदिव प्रकाशन ।

झा, डा. हरिमोहन (१९६४), *भारतीय दर्शन परिचय, द्वितीय खण्ड, वैशेषिक दर्शन.* पुस्तक भण्डार।

ठक्करेण, श्रीमहानन्द एवं शर्मणा, श्रीधम्मनाथ. (१९८०). *वृहद्विष्णुपुराणीय मिथिला-महात्म्यम्.* कामेश्वरसिंह दरभंगा संस्कृत विश्वविद्यालय।

दत्त, डा. विजय. *विदेह सभ्यता : प्राचीनदेखि अर्वाचीनसम्म.* कामेश्वरी वासुदेव स्मृति प्रतिष्ठान।

दासगुप्त, एस.एन. (१९७८). *भारतीय दर्शन का इतिहास, भाग-१.* कलानाथ शास्त्री, एवं सुधीरकुमार (अनुवाद). राजस्थान हिन्दी ग्रन्थ अकादमी ।

नेपाल, गङ्गाप्रसाद (प्रधान सम्पादक). (२०७९). *प्रज्ञा नेपाली बृहत् शब्दकोश (प्रथम संस्करण).* नेपाल प्रज्ञा प्रतिष्ठान ।

पतञ्जलि, महर्षि. (अज्ञात वर्ष). *योग दर्शन.* पं श्रीराम शर्मा आचार्य (सम्पादक), एवं डा. चमनलाल गौतम (प्रकाशक). संस्कृति संस्थान. बरेली ।

"पथिक", लक्ष्मण. (अज्ञात वर्ष). *सांख्य दर्शन, भाषाटीका.* पथिक एण्ड कम्पनी ।

पन्त, दिनेशराज, एवं विष्णु प्रभात (सम्पादक). (२०७३). *दर्शनावली-४.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

पोद्दार, हनुमानप्रसाद. (अज्ञात वर्ष). *महाभारत : शान्तिपर्व.* गीताप्रेस ।

प्रभात, विष्णु (सम्पादक). (२०७०). *दर्शनावली-२.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

"प्रेक्षित", जगत् उपाध्याय (सम्पादक). (२०७९क). *दर्शनावली-९.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

"प्रेक्षित", जगत् उपाध्याय. (सम्पादक). (२०७९ख). *चूडानाथ भट्टरायका पौरस्त्य दार्शनिक कृतिहरू.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

"प्रेक्षित", जगत् उपाध्याय. (सम्पादक). (२०७९ग). *नेपाली दर्शन.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

मल्ल, शिवराज श्रेष्ठ (सन् २००४), *मिथिलाका कर्नाटकवंशीहरू र नेपालमण्डलमा उनीहरूको प्रभाव, भाग-१.* ।

मल्लिक, शैलेन्द्र नारायण. (२०७९), पावन भूमि मिथिला जनकपुरको सङ्क्षिप्त सर्वेक्षण, जगत् उपाध्याय "प्रेक्षित". (सम्पादक) (पृ पृ. ११०-१२०). दर्शनावली-९. नेपाल प्रज्ञा प्रतिष्ठान ।

महाराज, सनातनदेवजी. (१९६७). *त्रिपुरा रहस्य : ज्ञान खण्ड,* चौखम्बा संस्कृत सेरिज अफिस ।

माधव, बद्री नारायण. (२०१७). जैन धर्म का उद्भव एवम् विकास : प्रतिमाओं की लाक्षणिक कलाएँ, *इन्टरनेशनल जर्नल अफ अप्लाइड रिसर्च* ।

मानिक, आचार्य. (२००४). *श्रीअष्टावक्र महागीता.* (२००४), साधना पब्लिकेशन्स ।

मिश्र, उमेश. (२०१४). *भारतीय दर्शन.* उत्तर प्रदेश हिन्दी संस्थान ।

मिश्र, केशव. (१९६८). *तर्कभाषा.* श्रीबदरीनाथ शुल्क (व्याख्याकार). वाराणसी संस्कृत विश्वविद्यालय, न्याय वैशेषिक विभाग ।

*बृहदारण्यकोपनिषद् (सानुवाद शाङ्करभाष्यसहित).* (सं. २०५८), गोविन्दभवन कार्यालय, गीताप्रेस ।

राजाराम. (१९७०) *बृहदारण्यक उपनिषद्.* प्रोफेसर डि.ए.बी. कलेज ।

वेदव्यास. (२००९). *वेदान्त दर्शन (ब्रह्मसूत्र).* हरिकृष्णदास गोयन्द (व्याख्याकार), एवं घनश्यामदास जालान (प्रकाशक). गीताप्रेस ।

वेदव्यास, महर्षि. (२०६७). *श्रीमद्देवीभागवतमहापुराण (प्रथम खण्ड).* गोरखपुर. गीता प्रेस ।

वेदव्यास. श्रीमन्महर्षि. (२०५३) *महाभारत (पञ्चम खण्ड, शान्तिपर्व).* रामनारायणदत्त शास्त्री पाण्डेय "राम". (अनुवाद). गोविन्द भवन कार्यालय, गीता प्रेस ।

वेदव्यास, श्रीमन्महर्षि. (२००९). *वेदान्त दर्शन (ब्रह्मसूत्र).* हरिकृष्णदास गोयन्दका, एवं मोतीलाल बनारसीदास, गीता प्रेस ।

षेणाचार्य, रवि (वि.स.२००७), *पद्मपुराण (श्रीराम-चरित).* दौलतरामजी (भाषाकार), एवं हिरालाल सिद्धान्तशास्त्री (संम्पादक). वीर सेवामन्दिर ।

शर्मा, राम प्रकाश. *मिथिला का इतिहास.* कामेश्वरसिंह दरभंगा संस्कृत विश्वविद्यालय ।

शास्त्री, धर्मेन्द्रनाथ (१९५३), *भारतीय दर्शन-शास्त्र : न्याय वैशेषिक,* मोतीलाल बनारसीदास पब्लिशर्स।

शास्त्री, मण्डन मिश्र. (१९५५). *मीमांशा दर्शन,* रमेश बुक डिपो।

प्रभु, रत्न. (२०१४). *श्री अष्टावक्र गीता : राजा जनक और अष्टावक्र संवाद.* श्रीमद् राजचन्द्र मिसन ।

श्रद्धा, शुक्ला. (सम्पादक), (१९९८). *श्रीविष्णु महापुराण, भाग दुई (मूल तथा हिन्दी अनुवाद सहित).* संस्कृत विभाग ।

शर्मा, चतुर्वेदी द्वारकाप्रसाद. (अनुवाद). (१९२७). *श्रीमद्वाल्मीकि रामायण : बालकाण्ड.* रामनारायणलाल प्रकाशन ।

श्रीईश्वरकृष्ण. (१९९८). *सांख्यकारिका.* राकेश शास्त्री (व्याख्याकार). संस्कृत ग्रन्थागार ।

सिंह, श्रीकृष्णकुमार. (१९६०). *दर्शन विज्ञान,* हिन्दी विश्वविद्यालय. विश्व साहित्य प्रचारक, सामाजिक तथा सांस्कृतिक शिक्षा केन्द्र।

Burghart, Richard. (1978). The Disappearance and reappearance of Janakpur. *Kailash : A Journal of Himalayan Studies*. Volume 6, Number 4.

https://nagariknews.nagariknetwork.com/arts/923871-1661567027.html

https://sahityapost.com/top-news/119261/

https://www.britannica.com/topic/philosophy

Jagtap, Sangeeta (2018). Bauddha Darshan. *Kaav international journal of economics, commerce & business management*, KIJECBM/ JAN-MAR (2018)/VOL-5/ISS-1/A101 5(1), 609-616.

Janaka's Spiritual Evolution - From Jnana to Bhakti (vedadhara.com)

Lacey, A. R. (1996). A dictionary of philosophy (3rd ed.). Department of Philosophy, King's College, University of London ।

Pargiter, F.E. (1922) . Ancient Indian Historical Tradition, Oxford University Press, Humphrey Milford, London.

Śrī Sanatanadevaji Mahārāja (Ed.). (1967). Tripura Rahasya (Jnāna-Khanda). The Kashi Sanskrit Series 176. With The Jnanaprabha Hindi Commentary. The Ghowkhamba Sanskrit Series Office, Varanasi-1, India.